# दश वर्षे शिक्षा क्षेत्र योजना

(२०८०-२०८९)

परिमार्जनः २०८३



## खप्तडछान्ना गाउँपालिका

## पसलबगर, बझाङ्ग

**प्रकाशकः** खप्तडछान्ना गाउँपालिका( शिक्षा, युवा तथा खेलकुद शाखा)

**समन्वय तथा सहकार्यः** ग्रामिण शिक्षा तथा वातावरण विकास केन्द्र (REED Nepal)

# हाम्रो भनाइ

दिगो विकासका लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले प्रतिवद्धता जाहेर गरेको छ । पन्ध्रौं आवधिक योजना (२०१९/२०२०-२०२३/२४)विद्यालय शिक्षा क्षेत्र योजना (२०२१-२०३०) दिगो विकास लक्ष्य सन् २०३० ले परिलक्षित गरेका शिक्षाका उद्देश्यहरू हासिल गर्ने गरी सवै विकासका कार्यक्रमहरू सञ्चालन हुँदै आएको सन्दर्भ विद्यमान रहेको छ । यसरी गरिएका प्रतिवद्धता पूरा गर्ने दायित्व सबै तहका सरकारहरूमा रहने गर्छ । यसै सन्दर्भमा संघीय एवम् प्रदेश तहबाट मार्गदर्शन एवम् योजनाका खाकाहरू उपलब्ध गराइँदै आएको छ । संघीय गणतन्त्रात्मक शासन प्रणाली स्थापना भए पश्चात स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन गर्ने जिम्मेवारी संविधानले प्रदान गरेको छ । शिक्षाको सञ्चालन तथा व्यवस्थापन तीनवटै तहको साझा अधिकारमा परेको हुँदा उचित समन्वय तथा सहकार्यमा शैक्षिक योजना विकास तथा कार्यान्वयन गर्नु पर्ने अवस्था विद्यमान छ ।

स्थानीय तहको सरकार गठन भए पश्चात क्षेत्रगत रूपमा आवधिक एवम् दिर्घकालिन योजनाहरू निर्माण एवम् कार्यान्वयन गरी शैक्षिक पहुँच गुणस्तर तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउने अभ्यास प्रारम्भ भएका छन् । यसै सन्दर्भमा खप्तडछान्ना गाउँपालिकाको आर्थिक, सामाजिक, भौगोलिक तथा पर्यावरणीय परिवेश समेतलाई आधार बनाइ यो शिक्षा योजनाको निर्माण गरिएको छ । साथै योजना विकासमा विद्यमान शिक्षा क्षेत्रका सूचकहरूको अवस्थालाई पूर्णरूपमा ध्यानमा राखिएको छ ।

यो योजना निर्माणमा स्थानीय समुदायस्तरमा छलफल एवम् परामर्श गरिएको थियो । त्यसै गरी विगतमा कार्यान्वयन गरिएका कार्यक्रमहरूको नतिजा एवम् प्राप्तिहरूलाई विश्लेषण गरिएको थियो । विगतका कार्यक्रमहरूको प्रभावकारिता तथा त्यस्ता कार्यक्रमबाट हासिल भएका सिकाइहरूको समीक्षा गरी योजना तयार गर्ने कार्य सम्पन्न गरिएको हो । यो योजनाको सफल कार्यान्वयनबाट गाउँपालिकालाई शिक्षा क्षेत्रको वार्षिक योजना तथा बजेट तर्जुमा गर्ने मुख्य आधारका रूपमा रहने छ । यसबाट नतिजामुखी अनुगमन तथा मूल्याङ्कनकार्यलाई संस्थागत गर्न र प्रभावकारी बनाइ निर्धारित लक्ष्यमा पुग्न योजना एक अचुक साधनका रूपमा रहने अपेक्षा गरिएको छ ।

यस योजनाको मस्यौदा तयार गर्ने क्रममा आफ्ना अमूल्य सुझाव तथा निर्देशन प्रदान गर्नु हुने खप्तडछान्ना गाउँपालिकाका अध्यक्ष श्री उत्तम बहादुर रोकाया, उपाध्यक्ष श्री विष्णु कुमार थापा लगायतका जनप्रतिनिधिज्यूहरू,प्रमुख प्रशासकीय अधिकृत श्री बीर बहादुर नेपाली, शिक्षा अधिकृत श्री हरि प्रसाद सोती सहित गाउँपापालिकाका सम्पूर्ण कर्मचारीहरू प्रति हामी हार्दिक आभार प्रकट गर्दछौ । साथै यो योजना दस्तावेज तयार गर्न सहयोग गर्ने रिड नेपाल र संस्थाको तर्फबाट प्राविधिक सहयोग गर्नु हुने शिक्षा विद डा. आनन्द पौडेल प्रति हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु ।

# मन्तब्य

शिक्षा प्राप्त गर्नु व्यक्तीको आधारभूत आवश्यकताका साथै मौलिक हकको रुपमा रहेको छ। लोकतान्त्रिक मुल्यमान्यतामा आधारित रहेर समाजवाद उन्मुख राष्ट्र निर्माणमा शिक्षाको महत्वपूर्ण भुमिका रहेको छ साथै राष्ट्र निर्माणमा यसको महत्वपुर्ण भूमिका रहेको हुन्छ। सबैका लागि शिक्षा, सहज पहुँच र निरन्तरताको शुनिश्चितता गर्दै शिक्षालाई सर्वसुलभ, सर्वब्यापी, जिवनोपयोगी, प्रतिस्पर्धि र गुणस्तरिय बनाउन आवश्यक हुन आउछ।

नेपालको संविधान २०७२ ले शिक्षालाई व्यक्तीको मौलिक हकको रुममा स्थापित गर्दै आधारभुत तह सम्मको शिक्षा अनिवार्य तथा निःशुल्क रुममा पाउने व्यवस्था गरेको छ। माध्यमिक तह सम्मको शिक्षाको संचालन, व्यवस्थापन, रेखदेख एवं नियमन गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ। माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको र जनताको सबै भन्दा नजिकको सरकार स्थानीय सरकार भएकोले जनतालाई परिवर्तन गराउनु र सर्वसुलभ, गुणस्तरिय, जीवन उपयोगी शिक्षा उपलब्ध गराउनु आफ्नो कर्तब्य हुन आउँछ। खप्तडछान्ना गाउँपालिकामा जननिर्वाचित सरकार आईसकेपछि, पहिलो प्राथमिकता शिक्षालाई राखिसकेपछि पहुँच, भर्ना, टिकाउ, सिकाई सुनिश्चितता, गुणस्तर, सुशासन र व्यवस्थापनमा विशेष ध्यान दिएको छ। यिनै कुराहरुलाई ध्यान दिई शिक्षामा प्रत्यक आ.व.मा स्थानीय तहवाट लगानी वृद्धि गर्दै अनौपचारिक शिक्षा एवं विद्यालय शिक्षामा विशेष ध्यान दिईएको छ। विशेषतः सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरि गुणस्तरको शुनिश्चितता गर्दै विद्यालयमा समुदायको सहभागिता बढाउनु आवश्यक हुन आउछ भने अल्पसंख्यक विशेष आवश्यकता भएका बालबालिकाहरुलाई भित्र्याउने र टिकाउने समस्या एकातिर छ भने, पोषण, जिवन पर्यन्त सिकाई, प्रविधिसँग अभिभावक विद्यार्थी र शिक्षकलाई जोड्नु, समाजमा देखिने विकृति एवं विसंगतीलाई शिक्षाको माध्यमबाट विद्यालय व्यवस्थापनका पक्षमा सुधार गर्नु पर्ने चुनौतीपुर्ण पक्ष रहेको छ। गाउँपालिकाको वर्तमान शैक्षिक अवस्थालाई मध्यनजर गरि आगामी वर्ष भित्र विद्यालय शिक्षामा व्यापक सुधार गरि शैक्षिक गन्तब्यको थलोको रुपमा विकास गर्नुपर्ने अवस्था रहेको छ। यस कुरालाई मध्यनजर गरि खप्तडछान्ना गाउँपालिकाले आधुनिक समाजको निर्माण साथै विद्यालय विकास र गुणस्तरिय शिक्षा प्रदान गर्न यो दश बर्षे शैक्षिक योजनाको निर्माण गरेको छ। यस योजनाले शिक्षाका मुद्दाहरुलाई संम्बोधन गर्ने आशा लिएको छु।

...................................

उत्तम बहादुर रोकाया

गाउँपालिका अध्यक्ष

परिच्छेद १: परिचय ........ 1
१.१ वर्तमान अवस्था ........ 1
१.१.१ भौगोलिक अवस्थिती ........ 2
१.१.२ भू बनोट ........ 2
१.१.३ माटोको वनावट र उर्वराशक्ति ........ 2
१.१. ४ जलवायु ........ 3
१.१. ५ जलभण्डार ........ 3
१.१. ६ वनजंगल ........ 4
१.१. ७ वन्यजन्तु ........ 4
१.१. ८ जातजाति ........ 4
१.१.९ धार्मिक तथा ऐतिहासिक स्थानहरू ........ 5
१.१.१० साँस्कृतिक पक्षहरू ........ 5
१.१.११ राजनैतिक तथा प्रशासनिक विभाजन ........ 6
१.१.१२ जनसाङ्ख्यिकी ........ 6
१.१.१३ आर्थिक तथा सामाजिक पक्ष ........ 8
१.१.१४ वर्तमान शैक्षिक अवस्था ........ 9
१.१.१४.१ शैक्षिक सस्थाहरूको विवरण ........ 9
१.१.१४.२ विद्यालयमा अध्ययनरत विद्यार्थीको विवरण ........ 9
१.१.१४.३ शिक्षक विवरण ........ 10
१.१.१४.४ शिक्षक-विद्यार्थी अनुपात (तह अनुसार) पालिका तह ........ 10
१.१.१४.५ शैक्षिक पहुँच ........ 11
१.१.१४.६ लैङ्गिक समता सूचकाङ्क (खुद भर्ना दरमा) ........ 12
१.१.१४.७ साक्षरता ........ 12
१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ........ 13
१.३ शिक्षा क्षेत्रका चुनौतीहरूको SWOT विश्लेषण ........ 15
१.३.१ प्रारम्भिक बाल विकास र शिक्षा (ECED) ........ 15
१.३.२ आधारभूत शिक्षा (Basic Education) ........ 16
१.३.३ माध्यमिक शिक्षा (Secondary Education) ........ 18
१.३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास (TVET) ........ 19
१.४ विगतका योजनाको प्रगति समीक्षा र अवसर ........ 20

परिच्छेद दुईः दूर दृष्टी, उद्देश्य, रणनिति र लक्ष्य निर्धारण ........ 22
२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधार ........ 22
२.१.१ सन्दर्भ र औचित्य ........ 22
२.१.२ योजना विकास प्रक्रिया ........ 23
२.२ दूरदृष्टि ........ 24
२.३ लक्ष्य ........ 24
२.४ उद्देश्य ........ 25
२.५ रणनीति ........ 25
२.६ रणनीति र रणनीतिगत कार्यनीतिहरू ........ 26
२.७ अपेक्षित उपलब्धि ........ 34
२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ 35
परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र ........ 43
३.१ प्रारम्भिक बाल विकास र शिक्षा ........ 43
३.१.१ परिचय ........ 43
३.१.२ विद्यमान अवस्था ........ 45
३.१.३ समस्या ........ 46
३.१.४ चुनौती ........ 47
३.१.५ अवसर ........ 47
३.१.६ सोच ........ 47
३.१.७ लक्ष्य ........ 48
३.१.८ उद्देश्य ........ 48
३.१.९ रणनीति ........ 48
३.१.१० कार्यनीति ........ 48
३.१. ११ प्रमुख कार्यक्रम र भौतिक लक्ष्य ........ 49
३.१.१२ अपेक्षित उपलब्धि ........ 52
३.२ आधारभूत शिक्षा ........ 52
३.२.१ परिचय ........ 52
३.२.२ विद्यमान अवस्था ........ 54
३.२.३ समस्या ........ 54
३.२.४ चुनौती ........ 56

३.२.५ अवसर......57
३.२.६ लक्ष्य......57
३.२.७ उद्देश्य......57
३.२.८ रणनीति......57
३.२.९ कार्यनीति......58
३.२.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य......60
३.२.११ अपेक्षित उपलब्धिहरू......62
३.३ माध्यमिक शिक्षा......63
३.३.१ परिचय......63
३.३.२ विद्यमान अवस्था......64
३.३.३ समस्या......65
३.३.४ चुनौती......65
३.३.५ अवसर......66
३.३.६ लक्ष्य......66
३.३.७ उद्देश्य......67
३.३.८ रणनीति......67
३.३.९ कार्यनीति......67
३.३.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य......68
३.३.११ अपेक्षित उपलब्धिहरू......70
३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास......71
३.४.१ परिचय......71
३.४.२ विद्यमान अवस्था......72
३.४.३ समस्या......74
३.४.४ चुनौती......74
३.४.५ अवसर......75
३.४.६ लक्ष्य......75
३.४.९ कार्यनीति......76
३.४.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य......77
३.४.११ अपेक्षित उपलब्धि......78
३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाई......79

३.५.१ परिचय....79
३.५.२ विद्यमान अवस्था....79
३.५.३ समस्या....80
३.५.४ चुनौती....80
३.५.५ अवसर....81
३.५.६ लक्ष्य....81
३.५.७ उद्देश्य....81
३.५.८ रणनीति....81
३.५.९ कार्यनीति....82
३.५.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य....82
३.५.११ अपेक्षित उपलब्धि....83
परिच्छेद चारः शिक्षाका अन्तरसम्बन्धित विषय....85
४.१ पाठ्यक्रम / पाठ्यसामग्री....85
४.१.१ परिचय....85
४.१.२ विद्यमान अवस्था....86
४.१.३ समस्या....86
४.१.४ चुनौती....87
४.१.५ अवसर....87
४.१.६ लक्ष्य....87
४.१.७ उद्देश्य....87
४.१.८ रणनीति....88
४.१.९ कार्यनीति....88
४.१.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य....88
४.१.११ अपेक्षित उपलब्धिहरू....89
४.२ शिक्षक व्यवस्थापन र विकास....90
४.२.१ परिचय....90
४.२.२ विद्यमान अवस्था....91
४.२.३ समस्या....92
४.२.४ चुनौती....92
४.२.५ अवसर....93

४.२.६ लक्ष्य ........ 93
४.२.७ उद्देश्य ........ 93
४.२.८ रणनीति ........ 93
४.२.९ कार्यनीति ........ 94
४.२.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ........ 95
४.२.११ अपेक्षित उपलब्धि ........ 96
४.३ शिक्षामा समता र समावेशीकरण ........ 97
४.३.१ परिचय ........ 97
४.३.२ विद्यमान अवस्था ........ 98
४.३.३ समस्या ........ 99
४.३.४ चुनौती ........ 99
४.३.५ अवसर ........ 100
४.३.६ लक्ष्य ........ 100
४.३.७ उद्देश्य ........ 100
४.३.८ रणनीति ........ 100
४.३.९ कार्यनीति ........ 101
४.३.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ........ 102
४.३.११अपेक्षित उपलब्धि ........ 104
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 104
४.४.१ परिचय ........ 104
४.२.२ विद्यमान अवस्था ........ 106
४.२.३ समस्या ........ 106
४.२.४ चुनौती ........ 107
४.२.५ अवसर ........ 107
४.२.६ लक्ष्य ........ 108
४.२.७ उद्देश्य ........ 108
४.२.८ रणनीति ........ 108
४.२.९ कार्यनीति ........ 108
४.२.९ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ........ 109
४.५.११ अपेक्षित उपलब्धि ........ 111

४.५ विद्यालय सुरक्षा, विपद् न्यूनिकरण तथा उत्थानशिलता ........ 111
४.५.१ परिचय ........ 111
४.५.२ विद्यमान अवस्था ........ 113
४.५.३ समस्या ........ 114
४.५.४ चुनौती ........ 114
४.५.५ अवसर ........ 114
४.५.६ लक्ष्य ........ 115
४.५.७ उद्देश्य ........ 115
४.५.८ रणनीति ........ 115
४.५.९ कार्यनीति ........ 115
४.५.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ........ 116
४.५.११ अपेक्षित उपलब्धि ........ 119
४.६ शिक्षामा सूचना सञ्चार र प्रविधिको प्रयोग ........ 119
४.६.१ परिचय ........ 119
४.६.२ विद्यमान अवस्था ........ 121
४.६.३ समस्या ........ 122
४.६.४ चुनौती ........ 122
४.६.५ अवसर ........ 122
४.६.६ लक्ष्य ........ 123
४.६.७ उद्देश्य ........ 123
४.६.८ रणनीति ........ 123
४.६.९ कार्यनीति ........ 123
४.६.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ........ 124
४.६.११ अपेक्षित उपलब्धि ........ 124
परिच्छेद ५ अन्य उपक्षेत्र ........ 125
५.१ विद्यालय व्यवस्थापन ........ 125
५.१.१ परिचय ........ 125
५.१.२ विद्यमान अवस्था ........ 126
५.१.३ समस्या ........ 127
५.१.४ चुनौती ........ 127

५.१.५ अवसर....127
५.१.६ लक्ष्य....128
५.१.७ उद्देश्य....128
५.१.८ रणनीति....128
५.१.९ कार्यनीति....128
५.१.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य....129
५.१.११ अपेक्षित उपलब्धि....130
५.२ शैक्षिक गुणस्तर....131
५.२.१ परिचय....131
५.२.२ विद्यमान अवस्था....132
५.२.३ समस्या....133
५.२.४ चुनौती....133
५.२.५ अवसरहरू....134
५.२.६ लक्ष्य....134
५.२.७ उद्देश्य....134
५.२.८ रणनीति....134
५.२.९ कार्यनीति....135
५.२.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य....136
५.२.११ अपेक्षित उपलब्धि....137
परिच्छेद ६: सुशासन तथा व्यवस्थापन....139
६.१ संस्थागत संरचना र क्षमता विकास....139
६.१.१ परिचय....139
६.१.२ समस्याहरू....141
६.१.३ लक्ष्य....142
६.१.४ उद्देश्य....142
६.१.५ रणनीति....142
६.१.६ कार्यनीतिहरू....143
६.१.७ संस्थागत संरचना....144
६.१.८ संस्थागत क्षमता विकास....145
६.१.९ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य....146

६.१.१० अपेक्षित उपलब्धि ..... 148
परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन ..... 150
परिच्छेद ८: योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन र समन्वय ..... 154
८.१ योजना तर्जुमा ..... 154
८.१.१ समस्या ..... 154
८.१.२ चुनौती ..... 155
८.१.३ अवसर ..... 155
८.१.४ सोच ..... 155
८.१.५ लक्ष्य ..... 155
८.१.६ उद्देश्य ..... 156
८.१.७ रणनीति ..... 156
८.१.८ कार्यनीति ..... 156
८.१.९ अपेक्षित उपलब्धि ..... 157
८.२ अनुगमन तथा मूल्याङ्कन ..... 158
८.२.१ समस्या ..... 158
८.२.२ चुनौती ..... 159
८.२.३ अवसर ..... 159
८.२.४ सोच ..... 159
८.२.५ लक्ष्य ..... 159
८.२.६ उद्देश्य ..... 160
८.२.७ रणनीति ..... 160
८.२.८ कार्यनीति ..... 160
८.२.९ अपेक्षित उपलब्धि ..... 161
८.३ समन्वय र सहकार्य ..... 161
८.३.१ समस्या ..... 162
८.३.२ चुनौती ..... 162
८.३.३ अवसर ..... 162
८.३.४ सोच ..... 162
८.३.५ लक्ष्य ..... 162
८.३.६ उद्देश्य ..... 163

८.३.७ रणनीति ..... 163
८.३.८ कार्यनीति ..... 163
८.३.९ अपेक्षित उपलब्धि ..... 163
दश बर्षे शैक्षिक योजना निर्माण समिति ..... 165

# परिच्छेद १ः परिचय

## १.१ वर्तमान अवस्था

प्रत्येक व्यक्तिले मर्यादित एवं सम्मानजनक जीवन जिउनका लागि शिक्षा अत्यावश्यक हुन्छ । व्यक्ति, राष्ट्र विकास, समृद्धि र सुशासनको मूल आधार शिक्षा हो । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गर्छ । व्यक्तिमा उचित ज्ञान सीप तथा दक्षता विकास गर्छ । विकसित ज्ञान सीपका आधारमा श्रम बजारमा उपलव्ध रोजगारीका अवसरमा पहुँच अभिवृद्धि गर्दछ । शिक्षाले प्रत्येक व्यक्तिलाई मर्यादित एवं सम्मानजनक जीवन जिउन अत्यावश्षक दक्षता विकास गर्छ । त्यसैगरी समाजमा रहेको आर्थिक एवं सामाजिक असमानताको अवस्थामा सुधार गर्छ । समाजलाई समतामूलक सामाजिक व्यवस्थाका रूपमा रूपान्तरण गर्ने कार्यमा शिक्षाको भूमिका अहम् रहन्छ । नेपालको संविधानले पनि शिक्षालाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूले शिक्षालाई उच्च प्राथमिकता प्रदान गरेका छन् । प्रत्येक नेपाली नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने संवैधानिक हक रहेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने संवैधानिक हक रहेको छ । यी व्यवस्थाहरूको सही कार्यान्वयनमा शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । मातृभाषामा शिक्षा पाउने र विद्यालय खोल्ने हक समेत संविधानले प्रत्याभूत गरेकोहुँदा शिक्षा देशको प्रमुख प्राथमिकता क्षेत्र भित्र रहदै आएको छ ।

समृद्ध नेपाल सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माण गर्ने प्रतिवद्धता नेपाल सरकारले गरेको अवस्था छ । मानव संसाधनको विकास नभई यो लक्ष्य हासिल हुन सक्दैन । शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु पर्छ । गुणस्तरीय एवम् सक्षम नागरिक तयार गर्न शैक्षिक व्यवस्थापन पद्दति गुणस्तरीय हुनु पर्छ । यसका लागि शिक्षा सम्बन्धी दीर्घकालीन तथा अल्पकालिन योजना विकास तथा कार्यान्वयन अनिबार्य हुन्छ ।

खसडछान्ना गाउँ पालिकाले शिक्षालाई व्यवस्थित गर्ने योजना बनाएको छ । यसका लागि शिक्षालाई व्यक्तिगत सामाजिक तथा राष्ट्रिय र अन्तराष्ट्रिय परिवेश अनुकूलन बनाउने लक्ष्य लिएको छ । यस क्रममा शिक्षाको दीर्घकालीन योजना तयार गरी यसैका आधारमा शिक्षाको योजना तथा कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गर्ने लक्षका साथ योजनावद्ध विकासको थालनी गरेको छ । यही योजनाका आधारमा वार्षिक कार्यक्रम तथा अनुमानित बजेट समेत प्रस्ताव गरी योजनालाई व्यवस्थित गर्ने अभिप्रायबाट यो दश वर्षे शिक्षा क्षेत्र योजना तयार गर्ने कार्य सम्पन्न भएको छ ।

### १.१.१ भौगोलिक अवस्थिती

सुदूर पश्चिमको वझाङ्ग जिल्ला अन्तर्गत पर्ने छान्ना क्षेत्रलाई आधार बनाइ यस गाउँपालिकाको नामाकरण खप्तडछान्ना गाउँपालिका गरिएको छ । यस क्षेत्रको उत्तरतिर गुरेल, लिंगा जस्ता अग्ला पहाड रहेका छन् । यसको दक्षिणतिर प्रकृतिको अमूल्य उपहार खप्तड राष्ट्रिय निकुञ्ज अवस्थित छ । पूर्वमा वाजुरा जिल्ला रहेकोछ । पश्चिममा थलारा गाउँपालिका (विप्रा लेक) अवस्थित छ । यस क्षेत्रको बीचभागमा नागवेली झैं सयौं स–साना खोलानालावाट वग्ने जडारी गाड रहेको छ भने दायाँ वायाँ वस्तीमा खेतका फाँट, साना अग्ला-होचा डाँडाहरु समेत रहेका छन् । उकाली ओराली, हरियाली तथा रमाइलो फाँटहरूका साथै निकै मनोहर दृश्यहरूले खप्तडछान्ना गाउँपालिकाको शोभा बढाइ रहेका छन् ।

२०७३ सालको राज्य पुनःसंरचना अनुसार सुदूरपश्चिम प्रदेशमा बझाङ्ग जिल्ला रहेको छ । बझाङ्ग जिल्लाको दक्षिण पूर्वी भागमा खप्तडछान्ना गाउँपालिका अवस्थित छ । साविकका ६ वटा गा.वि.स.हरू मिलेर यो पालिका बनेको छ । साविकका गडराय, पाटादेवल, कालुखेती, माझीगाऊँ, लामातोला र पौवागढी गाउँविकास समितिहरू समेटिएर खप्तडछान्ना गाउँपालिका बनेको छ । यस पालिकामा ७ वटा वडाहरू रहेका छन् । यो गाउँपालिका समुन्द्री सतहवाट ४५०० फिट गोठखोला, खैराडा देखि १४०००फि.(गुरेल विनायक). को उचाईसम्म फैलिएको छ । गाउँपालिकाको पूर्वमा बाजुरा जिल्लाको खप्तड छेडेदह गाउँपालिका, पश्चिममा बझाङ्गकै थलारा गाउँपालिका उत्तरमा जयपृथ्वी गाउँपालिका र दक्षिणमा खप्तड राष्ट्रिय निकुञ्जको रमणीय क्षेत्रहरुले घेरेको छ । हाल यस गाउँपालिकाको केन्द्र पसलवगर घाँटखोलामा रहेको छ ।

### १.१.२ भू बनोट

यो गाउँपालिकामा जडारी गाड मुख्य नदि हो । जस अन्तर्गत(विढीगाड,गोर्खाली गाड) ,सिउँडी गाड(पाटादेवल) , धौली गाड(माझीगाउँ), नानी गाड(छात्रवस्टी),कुचे खोला,(पोवागढी)देहली गाड(लामातोला),दुगडी गाड(गडराय) आदि खोलाहरू रहेका छन् । यी यो गाउँपालिकाका प्रमुख जलाधार क्षेत्रका रूपमा रहेका छन् ।

यस गाउँपालिकाको कुल क्षेत्रफलको ३४.४८ व.कि.मि.कृषियोग्य जमिन रहेको छ । त्यसै गरी ४५.०१ व.कि.मि.वन क्षेत्र रहेको छ । २०.०५ वर्ग कि.मि.क्षेत्र चरन क्षेत्र रहेको छ ।

### १.१.३ माटोको वनावट र उर्वराशक्ति

यो गाउँपालिकामा पाइने माटोको वनावट वलौटे, दोमट, चिम्ट्याइलो,रातोमाटो, कालोमाटो, प्रमुखरुपमा रहेका छन । यस गाउँपालिकाको मुख्य खोला जडारी गाडको दुवैतिरका फाँटहरु कृषिका लागि उर्वराशक्तियुक्त छन । विशेषगरी दक्षिणी भेग वढी नै उर्वर रहको छ । यसका साथै उत्तरी भेगका उच्च समथर भूभाग जस्तै लिंगापाटन, रुवानीगाउँ,वाँगापाटा, दहडाँडी, दरवला, वयाना, गोर्खाली, लामागडा आदि क्षेत्रहरु फलफूलखेती, मास्र्या, आलुखेती, जौ आदिका लागि उर्वर रहेका छन।यसै गरी दक्षिण भेगमा स्याउली ,माटीखान,भडारसैन,तुना,मायापाटा,घँगारे,लोखडागडौन,तिखोट,बामिली,रिल्ल,भलाना, बगुडे, रुलेखाँद, खाल्दुरा, गुदिवन, कुडौन,खालीगडा, काँडातोला, बाबयो, जस्ता माथिल्लो भूभागमा वेमौसमी तथा मौसमी फलफूल ,तरकारी, अलैंची तथा खाद्य वालीका लागि महत्वपूर्ण मानिन्छ । यो क्षेत्र जिल्लाकै उर्वर भूमिकारुपमा परिचित छ । यस क्षेत्रको जमिन एकैनासको नभएता पनि प्रशस्त मात्रामा धानखेतीयुक्त समथर जमिनदेखि भीरपाखायुक्त जमिन रहेको छ । सामान्यतया जडारी गाड, धौली गाड, नानीगाड, सिउडीगाड,कुचेखोला, देहलीगाड,विडीगाडका आसपासका समथर जमिन र जिउलाहरु सिंचाईयोग्य खेती क्षेत्रकारुपमा उपभोग भइरहेका छन । तथापि यो गाउँपालिकामा अधिकाँश भाग पहाड, हिमाल तथा भिरालो जमिनकारुपमा रहेको छ ।खप्तडछान्ना गाउँपालिकाको सवभन्दा वढी उव्जनी हुने जिउला मध्ये कालुखेतीको वालु, माझीगाउँको दियामट्टी र विल्कु, लामातोलाको लामातोला जिउलो र गडरायको विंडा जिउलो उब्जनीका हिसावले प्रशिद्ध भएको हुंदा पूर्वजहरुको एउटा भनाई छ ,"दुध्या छान्नु भाते छान्नु छान्नु त छान्नु हो" ।

### १.१.४ जलवायु

**हावापानीः** विविध भौगोलिक वनावट, असमान उचाई तथा अलग अलग धरातलीय स्वरुप भएको कारण यस गाउँपालिकाको हावापानीमा निकै विविधता पाईन्छ । यस गाउँपालिकामा उपोष्ण, समशीतोष्ण र शीतोष्ण हावापानी पाईन्छ । यो गाउँपालिकाका गडरायका क्षेत्रहरु हिमाली र लामातोला, माझीगाउँ, कालुखेती, पाटादेवल र पौवागढीका क्षेत्रहरु पहाडी क्षेत्रमा अवस्थित रहेको पाइन्छ । यस क्षेत्रमा जलवायु रेकर्डको व्यवस्था नभएकोले भोपुर स्थित जलवायु स्टेशनमा रेकर्ड भएको तथ्यांक अनुसार यस क्षेत्रको सरदर दैनिक ग्रिष्ममा अधिकतम तापक्रम २०°-३५° सेल्सियस छ भने हिँउदमा सरदर दैनिक न्यूनतम २° र अधिकतम १८° छ । यहाँ जेष्ठको अन्तदेखि असौजको मध्यमसम्म ग्रीष्मकालीन मनसुनले प्रभाव पार्दछ भने यहाँ वर्षभरीमा करिव ५० मि.मि. देखि १५० मि.मि. पानी पर्ने गर्दछ ।

### १.१.५ जलभण्डार

यस गाउँपालिकामा उच्च पहाडवाट उत्पन्न खोला गोर्खाली(गडराय), रवाखोला(माझीगाउँ), नानीगाड(पाटादेवल), र दक्षिण भेगमा खसडको काखवाट उत्पन्न हुने नानीगाड(गडराय), सिउडीगाड(पाटादेवल) , धौलीगाड(माझीगाउँ) ,देहलीगाड(लामातोला), कुचेखोला(पौवागढी) प्रमुख जलस्रोत हुनभने गोर्खाली झरना(गुरेल झरना) खापरदह महत्वपुर्ण स्रोतहरु हुन ।

### १.१.६ वनजंगल

कोणधारी, चौडापाते, पतझर तथा मिश्रित वन पाइने यस गाउँपालिकामा भोजपत्र, धुपी, लौंठसल्ला, गुराँस, ठिंगेसल्ला, पाँगर, उतिस, गोब्रेसल्ला, खोटेसल्ला, काफल, डिम्मर, टुनी, ओखर, आदि विरुवाहरु पाइन्छन् । वन पैदावरमा अमला, रीठा, सतुवा, कटुकी, झ्याऊ, विषजरा, भिरंगीराज, लालीगुराँस, ओखर, झुलो, पाखनवेद, खिरौंला, टुना(लिस्सी), लोक्ता, च्याउ प्रचुर मात्रामा पाइन्छन । यस गाउँपालिकामा गैह्रकाष्ट वनपैदावर पनि रहेका छन । जस्तै,अतिस, अफिम, अल्लो, आरु, ओखर, आँप, अमला, असुरो, अरिण्डो, अपमार्गी, आकाशवेली, अयार, ऐसेडो, इसमगोल, उन्यू, ऐंसेलु, ऐंजेरु, कपास, कचुर, काफल, काप्रो, कालो कचुर, केतुकी, कोइरालो, कुकुरदाइनो, कुरीलो, कण्ठकारी, कटुकी, करवीरे फुल, काकडी, काँश, कुश, काली निउरो, खिरो, खैर, सरिक, खोटे सल्लो, गुर्जो, गुच्छी च्याउ, गोब्रे सल्लो, गुराँस, गिठा, घण्टी फूल, गलिकाँक्रो, ब्राम्हणी, घिउकुमारी, चरिमरी, चिराइतो, चुत्रो, चमेली फूल, जटामसी, किर्मुडो, टुनी, टिम्मुर, तितेपाती, तुलसी, टुकीफूल, झुलो, ताराचुक, तेजपात, देवदार, वाघवेली,दाडीम, धुपजडी, सिमल, नागवेली, पिपल, भिडाइती, प्याउली, हत्ताजडी, पदमचारो, पैंयु, पाँगर, वाँस, वकाइनो, वोझो, वायोजडी, कोला, वैंस, भाकामिलो, वाँको, मछाइनो, मलायो, भोजपत्र, भुतकेश, मेल, मजेठो, पुदिना,मसला, रिठा, रुइनो, मर्सि, वाँजखोटो, लाटेवाँझ, लेकलौंठ,भाँगामिलो लाटेटिमुर, लालचन्दन, सिमल, सयपत्री, हजारी, सतुवा, सिँउडी, च्याउ, हरडो, मरडो, हलले, आदि पाइन्छन ।

### १.१.७ वन्यजन्तु

यस क्षेत्रमा चितुवा, स्याल, वाँदर, लंगुर, घोरल, मृग, मलीसाप्रो, न्यारीमुसो, कस्तुरीमृग, भालु, हिमचितुवा, वँदेल, फ्याउरो आदि स्तनधारी जन्तुहरु पाइन्छन ।त्यसैगरी पानीहाँस, डाँफे, मुनाल, चिल, कालो गिद्ध, सेतो गिद्ध, भ्याकुर, ढुकुर, कालिज, आदि चराहरु पाइन्छन ।

### १.१.८ जातजाति

नेपाल वहुजाती वहुभाषिक तथा वहुसाँस्कृतिक विशेषता वोकेको राज्य हो ,जस भित्र १२५ जातजाति र १२३ भाषा भाषी वोलिने गरेको पाईन्छ ,पुर्वको मेची देखी पश्चिमको महाँकाली सम्म विभिन्न

जातजातिहरु ,आफनै रितिरिवाज चालचलन भेषभुषा तथा सँस्कृतिमा रमाइरहेका पाईन्छ । हरेक जातिले आ-आफ्नै प्रकार को संस्कार र संस्कृतिलाई संरक्षण र सम्वर्धन गर्दै आइरहेको पाईन्छ ।

यसरी सुदूरपश्चिमा अञ्चलको विकट जिल्ला बझाङ्गको छान्ना क्षेत्र पनि भिन्न जातजाती रीतिरिवाज तथा संस्कृति वोकेको रमणीय क्षेत्र हो। यस क्षेत्रमा पनि वहुजाति तथा वहुसांस्कृति विशेषता विद्यमान रहेका छन् । जसमा हरेक जातिले मनाउने संस्कार ,मेला ,पर्वहरुले छान्ना क्षेत्र शोभायमान भएको देखिन्छ। जनसंख्याको जातिगत विवरणलाई अध्ययन गर्दा छान्ना क्षेत्रमा क्षेत्री व्राह्मण,ठकुरी दमाई कामी नेवार सार्की वादी आदी जातीहरु को वसोवास रहेता पनि यि जाती एक आपसमा मिलेर वसिरहेको अवस्था रहेको छ ।

### १.१.९ धार्मिक तथा ऐतिहासिक स्थानहरू

यस गाउँपालिकामा ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा प्राकृतिक सौन्दर्यले भरिपूर्ण महत्वपूर्ण आकर्षक र मनोरञ्जनात्मक क्षेत्र हरु छन्।

| | | | | | |
|---|---|---|---|---|---|
| १ | खप्तड क्षेत्र | खप्तड रा.नि. | १३ | टिकाफेरा | खत्रीबाडा |
| २ | गुरेल झरना | गडराय | १४ | बागदुला | लामातोला |
| ३ | कैलास गुफा | गडराय | १५ | तुनालेक | पौवागढी |
| ४ | थामलेक | गडराय | १६ | भँडारसैन | पौवागढी |
| ५ | लिंगापाटन | माझिगाउँ | १७ | थलाचौर | लामातोला |
| ६ | विप्रा क्षेत्र | पौवागढी | १८ | ठूलाचौर | कालुखेती |
| ७ | वामिली क्षेत्र | माझिगाउँ | १९ | सुगरखाल | कालुखेती |
| ८ | विनायक क्षेत्र | पाटादेवल | २० | ग्वानी दरवला | कालुखेती |
| ९ | वगुडा भलाना | कालुखेती | २१ | वासुधारा तिर्थस्थल | पाटादेवल |
| १० | खाँलिगडा | पाटादेवल | २२ | खालदुरा | कालुखेती |
| ११ | कुँडौन | पाटादेवल | २३ | काँडाकोट | कालुखेती |
| १२ | रौलेखाद | पाटादेवल | २४ | ओखरपानी | कालुखेती |

### १.१.१० साँस्कृतिक पक्षहरू

सँस्कृतीले भरिपूर्ण खप्तडछान्ना गाउँपालिका मा बैशाख १ गतेको दिन बिसु पर्व मनाउने चलन छ। जेष्ठ अथवा असार महिनामा खप्तडमा गंगा दसहरा मेला लाग्ने गर्दछ। धर्म आस्थावान व्यक्तिहरुले गंगा दसहरामा स्नान गर्ने गर्छन। देउडा यस गाउँपालिकाको मुख्य सँस्कृती हो। श्रावणको

पुर्णिमाको दिन सम्पुर्ण गाउँपालिकाको सक्तीपिठहरुमा परम्परागत पुजा गर्ने चलन छ। भाद्र शुक्ल पुर्णिमाको दिन खप्तडदह बाट खापरको डोली ल्याई पाटादेवलमा सैन्डाडा मेला लाग्ने गर्दछ। पुष महिनामा मनाइने भुवो पर्व पनि यस गाउँपालिकाको सँस्कृती हो।

### १.१.११ राजनैतिक तथा प्रशासनिक विभाजन

सूदुर पश्चिम प्रदेश अन्तर्गत रेको बझाङ्ग जिल्लामा अवस्थित खप्तडछान्ना गाउँपालिका साविकका ६ गा.वि.स हरु समावेश गरी बनेको हो र यो गाउँपालिका ७ वडा हरुमा विभाजित छ। ४५०० फिट देखी १४००० फिट सम्मको उचाईमा रहेको खप्तडछान्ना गाउँपालिका भौगोलिक अवस्थितीका हिसावले पूर्वमा वाजुरा जिल्लाको खप्तड छेडेदह गाउँपालिका, पश्चिममा बझाङ्गको थलारा गाउँपालिका उत्तरमा जयपृथ्वी नगरपालिका र दक्षिणमा खप्तड राष्ट्रिय निकुञ्जको रमणीय क्षेत्रहरुले घेरेको छ।यो गाउँपालिकामा ११ वटा मतदान स्थल छन् भने यस गाउँपालिकाको केन्द्र वडा नं. ४ पसलबगरमा रहेको छ।

गाउँपालिकाको गाउँसभा अन्तर्गत लेखा, विधायन तथा अन्य समितिहरु रहेका छन् भने गाउँकार्यपालिका अन्तर्गत आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन समितिहरु रहेका छन। यसैगरी उपाध्यक्षको संयोजकत्वमा ३ सदस्यीय न्यायीक समिति पनि रहेको छ।

यस गाउँपालिकामा प्रशासन योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, सामाजिक विकास साखा, शिक्षा युवा तथा खेलकुद शाखा, स्वास्थ्य कृषि तथा पशु शाखाका ईकाईहरु, आर्थिक प्रशासन शाखा र आन्तरिक तथा परिक्षण ईकाई गरि विभिन्न शाखा तथा इकाइहरु रहेका छन्।

### १.१.१२ जनसाङ्ख्यकी

जनसाङ्ख्यकीः  तालिका नं १

| जनसङ्ख्याको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | उमेर समूह | महिला | पुरुष | जम्मा | प्रतिशत |
| १ | ५ वर्ष भन्दा मुनि | ५२० | ५४९ | १०६९ | 7.97 |
| २ | ५-९ वर्षसम्म | ६८२ | ७०६ | १३८८ | 10.34 |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | १०-१४ वर्षसम्म | १०२३ | १०१२ | २०३५ | 15.17 |
| ४ | १५-१९ वर्षसम्म | ९२१ | ७२८ | १६४९ | 12.29 |
| ५ | २०-२४ वर्षसम्म | ५७० | ३९९ | ९६९ | 7.22 |
| ६ | २५-२९ वर्षसम्म | ३५३ | २८४ | ६३७ | 4.75 |
| ७ | ३०-३४ वर्षसम्म | ३७६ | २४९ | ६२५ | 4.66 |
| ८ | ३५-३९ वर्षसम्म | ४३९ | २७१ | ७१० | 5.29 |
| ९ | ४०-४४ वर्षसम्म | ४४८ | २८४ | ७३२ | 5.45 |
| १० | ४५-४९ वर्षसम्म | ३५० | २५४ | ६०४ | 4.50 |
| ११ | ५०- ५४ वर्षसम्म | ३८१ | ३४४ | ७२५ | 5.40 |
| १२ | ५५-५९ वर्षसम्म | २६६ | २४७ | ५१३ | 3.82 |
| १३ | ६०-६४ वर्षसम्म | २७६ | २४२ | ५१८ | 3.86 |
| १४ | ६५-६९ वर्षसम्म | २१० | १७५ | ३८५ | 2.87 |
| १५ | ७०-७४ वर्षसम्म | २९५ | १५८ | ४५३ | 3.38 |
| १६ | ७५-७९ वर्षसम्म | १५६ | ७४ | २३० | 1.71 |
| १७ | ८०-८४ वर्षसम्म | ७३ | ३५ | १०८ | 0.80 |
| १८ | ८५-८९ वर्षसम्म | २१ | ११ | ३२ | 0.24 |
| १९ | ९०-९४ वर्षसम्म | २० | ५ | २५ | 0.19 |
| २० | ९५ वर्ष भन्दा माथी | १० | २ | १२ | 0.09 |
| जम्मा | | ७३९० | ६०२९ | १३४१९ | १०० |

पालिकाको कूल जनसङ्ख्या १३४१९ रहेको छ । जसमध्ये महिला (५५.१%) र पुरूष (४४.९%) रहेका छन् । यसबाट महिलाको जनसङ्ख्या पुरुषको तुलनामा बढी रहेको छ । त्यसै गरी ५ बर्षको

उमेर समुहको अन्तरले हेर्दा सबै भन्दा बढी जनसङ्ख्याको उमेर समूह १०-१४  वर्ष रहेको छ । यो समूहले कूल जनसङ्ख्याको १५.१७ प्रतिशत प्रतिनिधित्व गरेको छ । सबैभन्दा कम जनसङ्ख्या हुने उमेर समूह ९५ भन्दा माथिको उमेर समुह हो ।विद्यालय उमेर समूहका पक्षबाट सबै भन्दा बढी बालबालिकाहरू भएको समूह १०-१४ वर्षसम्म पर्छ र यिनिहरुको जनसङ्ख्या २०३५ (१५.१७%) रहेको छ ।

### १.१.१३ आर्थिक तथा सामाजिक पक्ष

यस गाउँपालिकाका बासिन्दाको प्रमुख आम्दानीको स्रोतका रूपमा कृषि रहेको छ । समग्रमा यस गाउँपालिका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ ।गाउँपालिकामा खेती योग्य जमिनमाहरू रहेका छन् र यी खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको प्रयोग गरी कृषि उत्पादकत्व वृद्धि गर्ने प्रशस्त सम्भाबनाहरू रहेका छन् । तर आधुनिक प्रविधिमा आधारित कृषिका लागि आवश्यक सक्षमता अधिकांश किसानहरूमा विकसित भएको अवस्था छैन । जनचेतना, सीप तथा व्यावसायीकरण, आधुनीकिकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गर्न सकेमा  कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गर्न सकिन्छ । यसबाट गाउँबासीको आर्थिक स्थितिमा सुधार ल्याउन सकिने अवस्था छ ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकिने अवस्था छ । यसो हुन  सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कृषि उत्पादनको संकलन केन्द्र कोल्ड स्टोर, मासुजन्य उद्योग आदि विकास गर्न सकिनेछ ।त्यसै गरी जडिबुटी, पर्यटन, पशुपालन तथा साना तथा मझौला उद्योगहरूको विकासका सम्भाव्यताका क्षेत्रहरू पनि रहेका छन् । साथै गाउँपालिकाको विभिन्न स्थानमा पार्क, उद्यान तथा गुम्बा एवं स्तुपाको निर्माण गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पर्याप्त अवसर रहेको छ । जसबाट रोजगारका अवसरहरू सिर्जना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिन्छ ।

यस गाउँपालिकाको मुख्य सडकको रुपमा बाजुरा र अछाम जोड्ने सेती लोकमार्ग रहेको छ । सेती लोकमार्गबाट स्थानीय मोटरेवल सडकहरुले सबै वडाहरुलाई जोडिसकेको अवस्था छ । यहाँको प्रमुख व्यवसाय कृषिमा आधारित रहेको छ  । मुख्य उत्पादन स्रोत धान, गहुँ, आलु, प्याज, अदवा रहेको छ

। फलफुलमा स्याउ, नासपाती, केरा खेती रहेका छन् । प्राकृतिक सुन्दरताले भरिएको खसड क्षेत्र प्रमुख पर्यटकीय आकर्षण केन्द्रको रूपमा रहेको छ । गोर्खाली झरना, गुरैल झरना, खापरदह, छान्नागढी, ठानाकोट, लिंगापाटन जस्ता प्रकृतिका मनमोहक स्थानहरू यस क्षेत्रमा रहेका छन् ।

## १.१.१४ वर्तमान शैक्षिक अवस्था

शैक्षिक अवस्था अन्तर्गत विभिन्न पक्षहरूको हालको अवस्थालाई विष्लेषण गरिएको छ । यसमा मूलत शैक्षिक सूचकहरूलाई प्राथमिकता दिई विद्यमान अवस्थाको समीक्षा गरिएको छ । यस अन्तर्गतका विभिन्न सूचकहरूको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### *१.१.१४.१ शैक्षिक सस्थाहरूको विवरण*

| प्रकार | सामुदायिक तर्फ | सस्थागत तर्फ | कूल |
|---|---|---|---|
| प्रारम्भिक बाल विकास केन्द्र | ३८ | ० | ३८ |
| आधारभूत विद्यालय | ३० | ० | ३० |
| माध्यमिक विद्यालय | ८ | ० | ८ |
| सामुदायिक सिकाइ केन्द्र | ४ | ० | ४ |

*Source 1 EMIS*

गाउँपालिकामा कूल ३८ विद्यालयहरू सञ्चालनमा रहेका छन् । प्रारम्भिक बाल विकास केन्द्र ३८ ओटा सञ्चालनमा रहेका छन् । त्यसैगरी आधारभूत तहमा सबैभन्दा बढी ३० ओटा विद्यालय रहेका छन् । यो कूल विद्यालयको ७८.९५ प्रतिशत हुन आउँछ । प्रारम्भिक बालविकासको सङ्ख्या सबैभन्दा बढी रहेको छ। माध्यमिक विद्यालय कूल ८ ओटा सञ्चालनमा रहेका छन् जसमा १ वटा विद्यालयमा कृषि तर्फ प्राविधिक धार सञ्चालनमा रहेको छ।

### *१.१.१४.२ विद्यालयमा अध्ययनरत विद्यार्थीको विवरण*

| विद्यार्थी विवरण | | | | | |
|---|---|---|---|---|---|
| कक्षा | छात्रा | छात्र | अन्य | जम्मा | % |
| ECD | २१९ | २६२ | ० | ४८१ | ९.७ |
| कक्षा १-५ सम्म | १०२२ | ९३३ | ० | १९५५ | ३९.५ |
| कक्षा ६-८ सम्म | ६५१ | ५८७ | ० | १२३८ | २५.० |
| कक्षा ९-१० सम्म | ३६७ | ३६१ | ० | ७२८ | १४.७ |
| कक्षा ११-१२ सम्म | २७९ | २६४ | ० | ५४३ | ११.० |
| जम्मा | २५३८ | २४०७ | ० | ४९४५ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| % | ५१.३ | ४८.७ | ० | १०० | |

गाउँपालिकामा कूल ४९.४५ विद्यार्थीहरू अध्ययन गरिरहेका छन् । सबैभन्दा कम विद्यार्थी पूर्व प्रारम्भिक कक्षामा ४८१(९.७%) जना रहेका छन्। एवम् कक्षा ११-१२ मा ५४३(११%) जना रहेका छन् । सबै भन्दा बालबालिका आधारभूत तह कक्षा १-५ मा विद्यार्थी संख्या १९५५ रहेको छ । विद्यालयमा अध्ययनरत बालबालिकाहरूमा लैङ्गिक समदर करीव करीव पुगेको अवस्था छ । २४०७ छात्र र २५३८ छात्राहरू अध्ययन गरिरहेका छन् । छात्राको प्रतिशत ५१.३ रहेको छ ।

### *१.१.१४.३ शिक्षक विवरण*

| | महिला | पुरुष | अन्य | जम्मा |
|---|---|---|---|---|
| ECD | ३५ | ३ | ० | ३८ |
| आधारभूत तह (१-५) | २२ | ७० | ० | ९२ |
| आधारभूत तह (६-८) | १ | २५ | ० | २६ |
| माध्यमिक तह (९-१०) | २ | १७ | ० | १९ |
| माध्यमिक तह (११-१२) | २ | १९ | ० | २१ |
| गाउँपालिका अनुदान | २ | ८ | ० | १० |
| जम्मा | ६४ | १४२ | ० | २०६ |
| % | ३१.०६ | ६८.९४ | ० | १०० |

गाउँपालिकामा कूल २०६ जना शिक्षक कार्यरत रहेका छन् । जसमध्ये कूल ६४ जना महिला रहेका छन् । यो कूल शिक्षकको ३१.०६ प्रतिशत हुन आउँछ । त्यसै गरी कूल पुरुष शिक्षकको सङ्ख्या १४२ (६८.९४ %) रहेको छ । तहगत रूपमा हेर्दा बैभन्दा बढी शिक्षक प्राथमिक तहका रहेका छन् । सबैभन्दा कम शिक्षक माध्यमिक तह कक्षा १९-१० मा रहेका छन्।

### *१.१.१४.४ शिक्षक-विद्यार्थी अनुपात (तह अनुसार) पालिका तह*

विद्यालय विद्यार्थी अनुपातले शिक्षक व्यवस्थापनको अवस्था र गुणस्तरीय शिक्षाको वस्तुस्थितिको अवस्थालाई हेर्ने गरिन्छ । यसलाई पालिका तहमा हेरिएको छ ।गुणस्तरीय सिकाइ वातावरण सिर्जना गर्नमा शिक्षक-विद्यार्थी अनुपातले महत्वपूर्ण भूमिका निर्वाह गर्छ । यसले विद्यालयमा विद्यार्थीको चापसमेतलाई इङ्गित गर्छ । यसका आधारमा विद्यालयको पर्याप्तता भए नभएको र थप विद्यालयको

आवश्यकता भए नभएको पक्षलाई विश्लेषण गर्न सहज हुन्छ । खसडछान्ना गाउँपालिकाको विद्यालय विद्यार्थी अनुपातलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**शिक्षक-विद्यार्थी अनुपात (तह अनुसार) पालिका तहः तालिका ६**

| तह | अनुपात प्रति विद्यालय सामुदायिक विद्यालय | अनुपात प्रति विद्यालय संस्थागत विद्यालय |
|---|---|---|
| प्रारम्भिक बाल विकास | १२.७ | ० |
| आधारभूत (१-८) | २७.०६ | ० |
| माध्यमिक तह (९-१२) | ३१.८ | ० |

माथि प्रस्तुत विद्यालय-विद्यार्थी अनुपातले खसडछान्ना गाउँपालिकामा प्रति शिक्षक २४ जना विद्यार्थी चापलाई देखाएको छ । माथिको तालिकालाई अध्ययन गर्दा वालविकास देखी कक्षा १२ सम्म क्रमसः प्रति शिक्षक १२.७, २७.०६ र ३१.८ विद्यार्थीको अनुपात रहेको छ।

### *१.१.१४.५ शैक्षिक पहुँच*

प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर ७३.३ प्रतिशत रहेको छ ।कक्षा १ मा खुद भर्नादर ९७ प्रतिशत रहेको छ। यसबाट अझै पनि बाल विकास शिक्षाको अनुभव विना नै बालबालिकाहरू कक्षा १ मा भर्ना हुने अवस्था विद्यमान रहेको देखिन्छ । सबै विद्यालयमा बाल विकास शिक्षाको अवसर प्राप्त हुन नसकेको अवस्था तर्फ यसले सङ्केत गरेको छ । कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर ९७ प्रतिशत छ । यो राष्ट्रिय अवस्था अनुसार धेरै रहेको छ । आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर ९४ प्रतिशत रहेको छ । अझै विद्यालय उमेर समूह अनुसारका करीव ६ प्रतिशत बालबालिका विद्यालयमा भर्ना हुन सकिरहेका छैनन् । त्यसै गरी आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर ९३.९ प्रतिशत रहेको छ । यो तहमा पनि ६.१ प्रतिशत बालबालिका विद्यालय शिक्षाको निरन्तरता दिन सकिरहेका छैनन् । माध्यमिक तह कक्षा ९-१२ मा खुद विद्यार्थी भर्ना दर ६१.४ प्रतिशत रहेको छ । यो तहमा अझै करीव ३८.६ प्रतिशत विद्यालय उमेर समूहका बालबालिकाहरूले शैक्षिक निरन्तरता दिन सकेका छैनन् । यी सबै सूचकका आधारमा गाउँपालिकाले शिक्षाको पहुँचको अवसर वृद्धिका लागि विशेष कार्यक्रम तय गरी कार्यान्वनमा ल्याउन जरुरी छ ।

### १.१.१४.६ लैङ्गिक समता सूचकाङ्क (खुद भर्ना दरमा)

विद्यालयमा विभिन्न तहमा रहेको छात्राहरूको सहभागिताको पक्षबाट विद्यमान लैङ्गिक सन्तुलनको अवस्थालाई मापन गर्ने गरिन्छ । छात्राहरूको सहभागितालाई गुणस्तरीय शिक्षा तथा पहुँचको एक सूचकका रूपमा व्याख्या गर्ने गरिएको छ । खसडछान्ना गाउँपालिकामा शिक्षामा लैङ्गिक सूचकाङ्कको अवस्था देहाय बमोजिम रहेको छ ।

क) ECD मा ४५.५३

ख) कक्षा १-५ मा ५२.२८

ग) कक्षा ६-८ मा ५०.४१

घ) कक्षा ९-१० मा ५१.३८


ङ) कक्षा ११-१२ मा ५१.३३

लैङ्गिक सूचकाङ्कको उपर्युक्त अवस्थाले छात्र र छात्राहरूको तहगत शैक्षिक समानता हासिल हुन सकेको अवस्था भएको तथ्यलाई उजागर गरेको छ । लैङ्गिक सहभागिताको अवस्था आधारभुत तह ६-८ तुलनात्मक रूपमा राम्रो देखिन्छ । तर ECD तहकोको अवस्था अन्य तहको भन्दा कमजोर देखिन्छ। । यसबाट ECD तहमा लैङ्गिक समताका लागि थप शैक्षिक कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु पर्ने अवस्थालाई देखाएको छ । लैङ्गिक सन्तुलनको पक्षसँग गासिएका सामाजिक तथा सांस्कृतिक कारणहरू पनि हुन्छन । यसका लागि समुदायमा आधारित तथा अभिभावक केन्द्रित शैक्षिक कार्यक्रमहरूको पनि योजना गर्नु पर्ने अवस्थालाई यो वास्तविक तथ्याङ्कले संकेत गरेको छ ।

### १.१.१४.७ साक्षरता

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाको कुल साक्षरता प्रतिशत ६९.७% रहेको छ । जसमध्ये पुरुष साक्षरता ८५.४ प्रतिशत र महिला साक्षरता ५७.१ प्रतिशत रहेको छ। पुरुषको तुलनामा महितला साक्षरताको अवस्था निकै कमजोर रहेको छ । त्यसै गरी उमेर समूह ५ वर्ष भन्दा माथिको साक्षरता प्रतिशत को हकमा पढ्न र लेख्न दुवैजान्नेको प्रतिशत कूल ६९.७ रहेको छ । पढ्न र लेख्न दुवै नजान्नेको जनसङ्ख्या कूल ३०.९ प्रतिशत रहेको छ । जसमा पुरुषको प्रतिशत १४.४ र महिलाको प्रतिशत ४२.५ रहेको छ । समग्रमा महिलाको शैक्षिक अवस्था कमजोर देखिएको छ । यसबाट पनि महिला सशक्तीकरण तथा समुदायमा आधारित साक्षरता सिप विकास कार्यक्रमको औचित्य थप पुष्टि हुन आएको छ ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण



**समस्या वृक्ष चित्र**ले खसडछाप्ना गाउँपालिकाको शिक्षा क्षेत्रको विद्यमान चुनौतीहरूको गहिरो विश्लेषण गरेको छ।

- **मूल समस्या (Core Problem):** यस चित्रको केन्द्रमा **"गुणस्तरीय तथा समावेशी शिक्षा सुनिश्चित हुन नसक्नु"** लाई मुख्य समस्याको रूपमा पहिचान गरिएको छ ।
- **समस्याका कारणहरू (Causes):** मुख्य समस्या उब्जनुका पछाडि तीनवटा प्रमुख पक्षहरूलाई कारक मानिएको छः
    - **स्रोत साधनगत कारणहरूः** बजेटको अभाव र पर्याप्त शैक्षिक सामग्रीहरूको कमी ।
    - **संरचनागत कारणहरूः** प्राविधिक शिक्षाका पूर्वाधारको अभाव, जीर्ण भौतिक संरचना, अपाङ्गता र बालमैत्री संरचनाको कमी, र कमजोर प्रविधि पूर्वाधार । साथै, जलवायु तथा प्रकोप उत्थानशील पूर्वाधार र प्रणालीको अभावलाई पनि मुख्य कारण मानिएको छ ।
    - **व्यवस्थापनगत कारणहरूः** निरीक्षण तथा सुपरीवेक्षण प्रणाली कमजोर हुनु, अभिभावकको सहभागिता न्यून रहनु, लैङ्गिक एवं समावेशी शैक्षिक वातावरणको अभाव हुनु र गुनासो सुनुवाइ संयन्त्र प्रभावकारी नहुनु ।
- **समस्याका असरहरू (Effects):** यी कारणहरूले गर्दा समग्र शिक्षा क्षेत्रमा देहायका नकारात्मक असरहरू देखिएका छन्ः
    - **पहुँच र निरन्तरतामा असरः** सीमान्तकृत, अपाङ्गता भएका र लैङ्गिक रूपमा पछि परेका बालबालिकाको पहुँच सुनिश्चित हुन नसक्नु र विपत्का कारण शिक्षाको निरन्तरतामा अवरोध आउनु।
    - **सिकाइको गुणस्तरः** आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुन नसक्नु, विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनु र माध्यमिक तहमा रोजगारमूलक जनशक्ति उत्पादन हुन नसक्नु।
    - **टिकाउ दर र आकर्षणः** विद्यार्थीले बीचैमा विद्यालय छाड्ने (Dropout) दर उच्च हुनु र सामुदायिक विद्यालयको कमजोर अवस्थाका कारण अभिभावकहरू संस्थागत (निजी) विद्यालयतर्फ आकर्षित हुनु।

अन्त्यमा, यो चित्रले स्रोत, पूर्वाधार र व्यवस्थापनमा रहेका कमजोरीहरूले गर्दा नै गाउँपालिकामा गुणस्तरीय र समावेशी शिक्षाको लक्ष्य हासिल हुन नसकेको देखाउँछ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीहरूको SWOT विश्लेषण

### १.३.१ प्रारम्भिक बाल विकास र शिक्षा (ECED)

उद्देश्यः सबै ECED कक्षा र बालबालिकाले तोकिएका प्रारम्भिक सिकाइ र विकासका मापदण्ड पूरा गर्ने छन् ।

| सवल पक्ष (Strengths) | सुधारापेक्षी पक्ष (Weaknesses) |
|---|---|
| – लगभग सबै विद्यालयमा कम्तीमा १ ECED कक्षाको उपलब्धता रहेको<br>– ECED मा अध्यापन गर्ने शिक्षकलाई तालिमको व्यवस्था भएको<br>– सामुदायिक विद्यालयको व्यवस्थापन र सञ्चालनमा तीनैतहका सरकारको आर्थिक र प्राविधिक सहयोग प्राप्त हुने<br>– सबै ECED कक्षाहरूमा तोकिएका प्रारम्भिक सिकाइ र विकासात्मक मापदण्ड, पाठ्यक्रम, शैक्षिक सामग्री उपलब्ध<br>– ८०% भन्दा बढी ECED हरू तोकिएको समय (दैनिक ४.५ घण्टा) वा सोभन्दा बढी समयसम्म सञ्चालन हुने<br>– ECED कक्षामा ९०% भन्दा बढी बालबालिका तोकिएको उमेर समूहका रहेका<br>– गाउँपालिकाले शिक्षाको पहुँच तथा गुणस्तरमा प्राथमिकता दिएको | – ECED को व्यवस्थापन र अनुगमन (लगभग ९०% ECED मा छैन) पक्षमा SMC र अभिभावकको सहभागिता न्यून<br>– तोकिएको उमेर समूहका ३०% बालबालिका ECED बाहिर रहेका<br>– ECED कक्षाहरूमा लगभग २०% बालबालिका तोकिएको उमेर समूहभन्दा फरक उमेरका<br>– ECED शिक्षकको २५% भन्दा बढीले सेवाकालीन तालिम लिन बाँकी रहेका<br>– प्रारम्भिक बाल विकास र शिक्षाका कक्षाकोठा अपाङ्गमैत्री नहुनु र शौचालय तथा खानेपानीको अवस्था कमजोर<br>– बालबालिकाको शैक्षिक उपलब्धि तथा सिकाइसम्बन्धी अभिलेख व्यवस्थापन हुन नसक्नु<br>– सहजकर्ताहरूलाई कम पारिश्रमिकमा काममा लगाउनु र ECED शिक्षकको कार्यसम्पादन मूल्याङ्कन नहुनु<br>– अभिभावकमा ECED प्रतिको चासो कम हुनु र बाल नियमित स्वास्थ्य परीक्षणको व्यवस्था नहुनु |
| **अवसर (Opportunities)** | **चुनौती (Threats)** |
| – संविधान, ऐन कानुन र नीतिगत रूपमा स्पष्ट कानुनी आधार तय भएको | – सबै ECED लाई बालमैत्री बनाउन समय र आर्थिक स्रोत बढी लाग्ने |

| | |
|---|---|
| – सबै तहका सरकारले ECED को विकास र सुधारका लागि आवधिक र वार्षिक योजना विकास र कार्यान्वयन गर्न सक्ने<br>– ECED कक्षाका लागि बालमैत्री विकासमा प्रोत्साहनमा आधारित अनुगमन गर्न सकिने अवसर<br>– स्थानीय तहमा समस्यामा आधारित सिकाइ विधि प्रभावकारी बनाउन शिक्षक तालिमका कार्यक्रम सञ्चालन हुन सक्ने<br>– अन्य गैरसरकारी निकायहरूबाट प्रारम्भिक बाल विकास र शिक्षाको विकास गर्ने पर्याप्त अवसर रहेको<br>– सामुदायिक ECED व्यवस्थापनमा तीनैतहका सरकार र अन्य निकायको सहयोगलाई एकीकृत गर्न सकिने<br>– EMIS मा ECED को Reporting व्यवस्था गरी डेटा व्यवस्थापन सुदृढ गर्न सकिने | – विद्यालय बाहिर रहने बालबालिकाको सङ्ख्यामा वृद्धि हुने सम्भावना<br>– ECED मा Over-aged बालबालिकाको भर्ना प्रवृत्ति कम गर्न नसके कक्षा १-३ मा कक्षा दोहोर्याउने दरमा सुधार नहुने<br>– बहुभाषिक समुदायमा नेपाली भाषा दोस्रो भाषाका रूपमा बोल्ने बालबालिकाका लागि उपयुक्त शिक्षण क्रियाकलाप विकास गर्न कठिन<br>– ECED शिक्षकको तालिम र कार्यसम्पादन मूल्याङ्कन प्रणालीको अभावले शिक्षण सिकाइमा नकारात्मक असर पर्ने<br>– आधारभूत तहका विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आउन नसक्ने<br>– पर्याप्त आर्थिक स्रोत र दक्ष जनशक्तिको अभावमा मापदण्डको पालना हुन नसक्ने |

## १.३.२ आधारभूत शिक्षा (Basic Education)

उद्देश्यः आधारभूत शिक्षालाई समावेशी, अनिवार्य, निःशुल्क तथा गुणस्तरीय बनाई सबैको पहुँच सुनिश्चित गर्ने ।

| सवल पक्ष (Strengths) | सुधारापेक्षी पक्ष (Weaknesses) |
|---|---|
| – आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर ९४% र कक्षा १-८ मा ९३.९% रहेको<br>– स्थानीय सरकारलाई आधारभूत तहको शिक्षाको सञ्चालन र व्यवस्थापनको पूर्ण कानुनी अधिकार प्राप्त भएको<br>– लैङ्गिक सहभागिता सूचकाङ्क आधारभूत तहमा सन्तोषजनक रहेको (छात्रा ५१.३%)<br>– गाउँपालिकामा ३० ओटा आधारभूत विद्यालयहरू सञ्चालनमा रहेका<br>– सरकारको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नीतिगत व्यवस्था सुदृढ रहेको | – विद्यालय उमेर समूहका करीव ६% बालबालिका अझै विद्यालयमा भर्ना हुन सकिरहेका छैनन्<br>– विद्यार्थी सङ्ख्या र विषयको आधारमा शिक्षक दरबन्दी मिलान हुन नसक्नु र दक्ष विषयगत शिक्षकको अभाव<br>– विद्यालयको भौतिक पूर्वाधारलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री र प्रविधिमैत्री बनाउन नसकिनु<br>– प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास तथा प्रयोगको अवस्था कमजोर |

| | |
|---|---|
| – गाउँपालिकाले शिक्षामा प्रत्येक वर्ष लगानी वृद्धि गर्दै आएको<br>– दिगो विकास लक्ष्य र राष्ट्रिय शिक्षा नीति अनुसार कार्यक्रम सञ्चालन भइरहेको | – सिकाइ अवस्था कमजोर भएका बालबालिकाका लागि उपचारात्मक सिकाइको प्रबन्ध नहुनु<br>– विद्यालयमा पुस्तकालयको उचित प्रबन्ध र कक्षाकोठामा आधारित सिकाइ कुना व्यवस्थापन नहुनु<br>– दिवा खाजा व्यवस्थापनका लागि भान्सा/स्टोर कोठाको अभाव र स्थानीय उत्पादनमा आधारित खाजा नहुनु<br>– अभिभावकमा सामुदायिक विद्यालयको गुणस्तरप्रति आकर्षण घट्दै जानु |
| **अवसर (Opportunities)** | **चुनौती (Threats)** |
| – स्थानीय सरकारले आधारभूत तहको शिक्षाको सर्वसुलभतालाई उच्च प्राथमिकतामा राखेको<br>– तीनवटै तहका सरकार तथा अन्य सङ्घसंस्थाबाट शिक्षामा लगानी गर्न सकिने वातावरण रहेको<br>– सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुँदै गएको र शिक्षामा ICT एकीकरणको अवसर<br>– साझेदार संस्था (रीड नेपाल लगायत) बाट प्राविधिक सहयोग र क्षमता विकासको अवसर<br>– दीर्घकालीन सोच र योजनाका आधारमा शिक्षा विकासमा अगाडी बढ्ने संस्थागत प्रतिबद्धता<br>– स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण र जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गर्ने अवसर<br>– विद्यालय सुधार योजना र अन्य सरकारी तथा गैरसरकारी संस्थाका कार्यक्रमसँग समन्वयको अवसर | – जनसाङ्ख्यिक प्रवृत्ति (बसाइँसराइ) र भौगोलिक विकटताका कारण व्यावहारिक विद्यालय नक्साङ्कन र समायोजन गर्न कठिन<br>– विद्यालयमा थप आर्थिक व्यवस्थापन हुन नसक्दा निःशुल्क तथा अनिवार्य शिक्षाको पूर्ण कार्यान्वयनमा कठिनाइ<br>– दक्ष जनशक्तिको अभाव र ICT पूर्वाधारको कमीले प्रविधिमैत्री शिक्षण सिकाइ सुनिश्चित गर्न कठिन<br>– विपद्को अवस्थामा वैकल्पिक माध्यमबाट सिकाइ अवसर प्रदान गर्न आपतकालीन स्रोतसाधनको कमी<br>– अभिभावकको संस्थागत विद्यालयप्रतिको बढ्दो आकर्षणले सामुदायिक विद्यालयमा विद्यार्थी भर्नामा गिरावट आउने<br>– आधारभूत तहको सिकाइ उपलब्धि राष्ट्रिय मापदण्डभन्दा कम रहने सम्भावना<br>– लैङ्गिक, भाषिक र सामाजिक विविधताका कारण समतामूलक र समावेशी शिक्षा प्रदान गर्न कठिन |

## १.३.३ माध्यमिक शिक्षा (Secondary Education)

उद्देश्यः प्रत्येक व्यक्तिको सर्वाङ्गीण विकास गरी व्यक्ति, समाज तथा राष्ट्र विकास प्रति प्रतिबद्ध, प्रतिस्पर्धी, सिपयुक्त र रोजगार उन्मुख असल नागरिक तयार गरिने छ ।

| सवल पक्ष (Strengths) | सुधारापेक्षी पक्ष (Weaknesses) |
|---|---|
| – गाउँपालिकामा ८ ओटा माध्यमिक विद्यालय सञ्चालनमा रहेका र एउटामा प्राविधिक धार सञ्चालित<br>– माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर ६१.४% रहेको<br>– स्थानीय सरकारलाई माध्यमिक शिक्षा व्यवस्थापनको संवैधानिक अधिकार प्राप्त<br>– विद्यमान ऐन कानुन र नीतिगत व्यवस्थाले माध्यमिक शिक्षाको विकासका लागि पर्याप्त कानुनी आधार भएको<br>– गाउँपालिकाको शिक्षामा लगानी वृद्धिको प्रतिबद्धता<br>– शिक्षक तथा विद्यार्थीमा ICT आधारित शैक्षिक क्रियाकलापको आवश्यकताप्रति सचेतना बढ्दै गएको | – माध्यमिक तहमा करीव ३८.६% विद्यालय उमेर समूहका बालबालिकाले शैक्षिक निरन्तरता दिन नसकेको<br>– विद्यालय भवन तथा कक्षाकोठा जीर्ण अवस्थामा रहनु र भूकम्प प्रतिरोधी नहुनु<br>– विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब र पुस्तकालयको अभाव<br>– नियमित विद्युत आपूर्ति तथा इन्टरनेट कनेक्टिभिटि कमजोर<br>– माध्यमिक तहमा विषयगत शिक्षकहरूको सङ्ख्या अपर्याप्त<br>– विद्यालय वातावरण तथा भौतिक संरचना अपाङ्गतामैत्री, बालमैत्री र लैङ्गिकमैत्री नहुनु<br>– विद्यालय सुपरिवेक्षण तथा अनुगमन गर्ने संस्थागत पद्धति विकास नहुनु<br>– माध्यमिक शिक्षाले स्थानीय तहमा रोजगारमूलक जनशक्ति तयार गर्न नसक्नु |
| **अवसर (Opportunities)** | **चुनौती (Threats)** |
| – पालिकालाई कानुन बनाई शिक्षा विकास योजना तथा कार्यक्रम सञ्चालन गर्ने अधिकार रहेको<br>– स्थानीय सरकारले शिक्षा क्षेत्रको विकासका लागि वृहत योजना तयार गरी कार्यान्वयनमा जाने प्रतिबद्धता<br>– श्रम बजारमा प्राविधिक र सीपयुक्त जनशक्तिको माग बढ्दै जानु<br>– सूचना तथा सञ्चार प्रविधिको प्रसारले माध्यमिक शिक्षामा डिजिटल सिकाइको अवसर सिर्जना | – विद्यालय छोड्ने र कक्षा दोहोर्याउने दर घटाउन नसके उत्पादनशील जनशक्ति निर्माणमा बाधा<br>– जनसाङ्ख्यिक बसाईंसराइका कारण विद्यार्थी सङ्ख्या घट्ने र विद्यालय सञ्चालनमा कठिनाइ<br>– विषयगत दक्ष शिक्षकको अभाव र उनीहरूको टिकाउपनमा चुनौती<br>– सामाजिक तथा आर्थिक कारणले पिछडिएका बालबालिकाको माध्यमिक शिक्षामा सहभागिता सुनिश्चित गर्न कठिन |

| | |
|---|---|
| – राष्ट्रिय शिक्षा नीति र दिगो विकास लक्ष्यको अन्तरसम्बन्धले शिक्षामा संघीय लगानी वृद्धिको अवसर<br>– रैथाने ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रममा एकीकृत गरी स्थानीयकृत शिक्षाको अवसर | – प्रयोगशाला र ICT पूर्वाधारको अभावले विज्ञान तथा प्रविधि शिक्षामा गुणस्तर कायम राख्न चुनौती<br>– निजी/संस्थागत विद्यालयप्रतिको अभिभावकको बढ्दो झुकावले सामुदायिक विद्यालयमा दबाब पर्ने<br>– जलवायु परिवर्तन र विपद्को असरले शिक्षण सिकाइमा अवरोध आउने सम्भावना |

## १.३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास (TVET)

उद्देश्यः गुणस्तरीय तथा समावेशी प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच विस्तार गरी दक्ष जनशक्ति उत्पादन गर्ने ।

| सवल पक्ष (Strengths) | सुधारापेक्षी पक्ष (Weaknesses) |
|---|---|
| – एउटा माध्यमिक विद्यालयमा कृषि तर्फ प्राविधिक धार सञ्चालनमा रहेको<br>– विद्यालयमा आधारित प्राविधिक तथा व्यावसायिक धारको शिक्षा पाउन सक्ने नीतिगत व्यवस्था रहेको<br>– स्थानीय सरकारको नीति तथा कार्यक्रममा प्राविधिक शिक्षा र सिप विकासलाई प्राथमिकता दिइएको<br>– गाउँपालिकाको ग्रामीण क्षेत्रमा कृषि, पशुपालन, जडिबुटी र पर्यटन क्षेत्रमा प्रशस्त सम्भावना रहेको<br>– दिगो विकास लक्ष्य र विद्यालय शिक्षा क्षेत्र योजनाले TVET लाई उच्च प्राथमिकता दिएको | – प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि पालिका तहमा नक्साङ्कन तथा सम्भाव्यता अध्ययन नहुनु<br>– प्राविधिक शिक्षा हासिल गरेपश्चात् रोजगारीको सुनिश्चितता नहुनु<br>– अभिभावक तथा विद्यार्थीको प्राविधिक शिक्षाप्रति रूचि र आकर्षण कम हुनु<br>– प्राविधिक शिक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार, उपकरण र प्रयोगशालाको अभाव<br>– दक्ष प्रशिक्षकको उपलब्धता नहुनु र उनीहरूको निरन्तरता कायम हुन नसक्नु<br>– ICT आधारित सिकाइका लागि उपयुक्त प्रयोगशालाको व्यवस्थापन नहुनु<br>– प्राविधिक शिक्षाका लागि आवश्यक आर्थिक स्रोत परिचालन गर्न नसकिनु |
| **अवसर (Opportunities)** | **चुनौती (Threats)** |

| | |
|---|---|
| – श्रम बजारमा प्राविधिक जनशक्तिको माग तीव्र रूपमा बढ्दै जानु<br>– प्राविधिक जनशक्ति उत्पादन र रोजगारमुखी शिक्षा संघीय बजेट र कार्यक्रममा प्राथमिकतामा रहेको<br>– गाउँपालिकाको भूगोल र स्थानीय स्रोतका आधारमा कृषि, पशुपालन, जडिबुटी र पर्यटन क्षेत्रमा TVET विकासको विशेष अवसर<br>– गैरसरकारी संस्था र विकास साझेदारहरूसँगको सहकार्यमा TVET कार्यक्रम विस्तार गर्न सकिने<br>– स्थानीयस्तरमा रैथाने ज्ञान र सिपलाई औपचारिक प्रशिक्षणमा एकीकृत गर्न सकिने<br>– विद्यालयमा आधारित सिपमूलक उद्यमशीलता कार्यक्रम सञ्चालनको नीतिगत अवसर | – गरीब, विपन्न र सीमान्तकृत समुदायका बालबालिकाको TVET मा पहुँच सुनिश्चित गर्न आर्थिक र सामाजिक बाधा<br>– प्राविधिक शिक्षाप्रति सामाजिक मनोवृत्ति परम्परागत रहेकाले विद्यार्थीको नामाङ्कन कम हुने जोखिम<br>– TVET कार्यक्रमका लागि आवश्यक दक्ष जनशक्ति र आर्थिक लगानी जुटाउन कठिनाइ<br>– बजार माग र पाठ्यक्रमबिचको बेमेल हुँदा उत्पादित जनशक्तिको रोजगारी सुनिश्चित नहुने<br>– प्राविधिक शिक्षाका लागि विभिन्न निकायसँग समन्वय र साझेदारी गर्न संस्थागत क्षमताको कमी<br>– विद्यालयमा आधारित TVET का लागि भौतिक पूर्वाधार र प्रयोगशाला निर्माण र मर्मत गर्न स्रोतको अपर्याप्तता |

## १.४ अवसर

शिक्षालाई देशको आर्थिक सामाजिक साँस्कृतिक विकासको प्रमुख पूर्वाधारका रूपमा लिने गरिन्छ । दक्ष जनशक्ति उत्पादन तथा तिनको श्रम बजारमा आपूर्ति गर्ने काम शिक्षाले गर्छ । अतः शिक्षाको योजनाबद्ध रूपमा विकास र सविस्तार गर्नु नितान्त जरुरी हुन्छ । यसका लागि नेपाल सरकारले विभिन्न योजनाहरू तयार गरी कार्यान्वयन गर्दै आएको छ । राष्ट्रियस्तरमा राष्ट्रिय शिक्षा योजना २०११, सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको योजना २०१८, राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेद २०५५, सबैका लागि शिक्षा, माध्यमिक शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार कार्यक्रम र विद्यालय क्षेत्र विकास योजना लगायतका योजना तथा कार्यक्रमहरू कार्यान्वयन गरी सकेको अवस्था छ । यी शैक्षिक योजना तथा कार्यक्रहरूले शिक्षा क्षेत्रमा उल्लेख्य सुधार गरेको अवस्था छ । पहुँचमा उल्लेख्य सुधार भएको छ । विद्यालयको भौतिक संरचानमा सुधार भएको छ । शिक्षकहरू तालिम प्राप्त भएका छन् । शिक्षामा सूचना सञ्चार र प्रविधिको प्रयोग गर्न वातावरण निर्माण भएको छ ।

नेपालले सबैका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने अभिप्रायबाट विश्व शैक्षिक मञ्च धेरै प्रतिवद्धता गरेको छ । सबैका लागि शिक्षा सन् २०१५, विश्व सहश्राब्दी लक्ष सन २०१५ लगायतका शैक्षिक लक्ष्य

तथा घोषणा पत्रमा प्रतिवद्धता जाहेर गरेको थियो । हाल दिगो विकास लक्ष्य सन् २०३० को प्राप्तिका लागि प्रतिवद्धता गरेको छ । यही प्रतिवद्धता स्वारूप दिगो विकास लक्ष्य ४ प्राप्तिका लागि लक्षित शैक्षिक कार्यक्रमहरू कार्यान्वयनमा ल्याउँदै आएको सन्दर्भ विद्यमान छ ।

क्रमबद्ध रूपमा शैक्षिक योजनाहरूको कार्यान्वयनबाट शिक्षाको विकास हुँदै आएको छ । यसैगरी सरकारका प्रथम पञ्चवर्षीय योजना देखि हाल कार्यान्वयनमा रहेको पन्ध्रौं पञ्चवर्षीय योजना २०७६ देखि २०८१ ले समेत शिक्षा क्षेत्रको विकासमा योगदान पुर्याएको छ । विद्यालय क्षेत्र विकास योजना सन् २०१६ देखि २०२१ हालै मात्र् सम्पन्न गरेको छ । हाल नयाँ विद्यालय क्षेत्र सुधार कार्यक्रम सन २०२१ देखि २०३० जारी गरी कार्यान्वयनमा ल्याएको छ । यसरी विगतमा कार्यान्वयन गरिएका शैक्षिक योजनाले पहुँचमा उल्लेख्य सुधार भएको छ । शिक्षामा लैङ्गिक सहभागितामा सुधार भएको छ । विद्यार्थीहरूको टिकाउ दर तथा सिकाइ उपलब्धिमा पनि क्रमिक सुधार भएको अवस्था रहेको छ । नेपाल सरकारको साक्षर नेपाल कार्यक्रम अन्तर्गत शैक्षिक सत्र २०६५ देखि साक्षरता कार्यक्रम सञ्चालन गरी रहेको सन्दर्भ छ । यस क्रममा हाल संम्म ६३ जिल्लाहरू साक्षर भई केको तथ्याङ्क शिक्षा विकास तथा मावस्रोत विकास केन्द्रले प्रस्तुत गरी सकेको छ ।

# परिच्छेद दुईः दूर दृष्टी, उद्देश्य, रणनिति र लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधार

### २.१.१ सन्दर्भ र औचित्य

नेपालको संविधान २०७२ अनुसार हाल नेपालमा संघीय गणतान्त्रिक शासन व्यवस्था कार्यान्वयनमा रहेको छ । समग्र राज्य व्यवस्थालाई गरी तीन तहमा विभक्त गरी संघ प्रदेश तथा स्थानीय सरकार निर्वाचित सरकार मार्फत राज्य सञ्चालन हुँदै आएको छ ।संविधानले माध्यमिक तह सम्मको शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसो भएता पनि शिक्षालाई संविधानले तीन ओटै सरकारको साझा कार्य सूचीमा राखेको छ । संवैधानिक व्यवस्था अनुसार स्थानीय तहहरूले शिक्षा विकासका कार्यहरू गर्दै आएका छन् ।विद्यालय शिक्षाको मूल जिम्मेवारी स्थानीय तहमा रहेकोले स्थानीय सरकारले शिक्षाको छुट्टै योजना तयार गरी कार्यान्वयनमा ल्याउनु अपरिहार्य भएको छ ।

स्थानीय तहले योजनावद्ध रूपमा शिक्षा विकासका कार्यक्रमहरू सञ्चालन गर्न सकेको अवस्था छैन । पालिकाको सन्तुलित विकास तथा समान शैक्षिक अवसरको सुनिश्चित गर्न पर्ने अवस्था विद्यमान रहेको छ । सिकाइ वातावरण, सिकाइ उपलब्धि, शिक्षक व्यवस्थापन लगायतका पक्षहरूमा समान अवस्था सिर्जना गर्न अत्यावश्यक देखिन आएको छ । यसका लागि विद्यालय शिक्षाको विकासको योजना निर्माण तथा यसको प्रभावकारी कार्यान्वयनको दायित्व स्थानीय तहमा निहीत रहेकाले शिक्षाको वृहत योजना निर्माण गर्न जरुरी हुन आको छ ।

स्थानीय सरकार सञ्चालन ऐनले पनि क्षेत्रगत आवधिक योजना निर्माण र कार्यान्वयनका लागि स्थानीय तहलाई मार्गनिर्देश गरेको छ । स्थानीय सरकारलाई शिक्षा विकासका कार्यहरू सञ्चालन गर्ने अधिकार प्रत्यायोजन गरेको छ । त्यसै गरी दिगो विकास लक्ष्य (SDG) अनुरूप सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चिता गर्नु सबै तहका सरकारको समान दायित्व हुन आएको छ । नेपाल सरकारले यसको प्राप्तिका लागि अन्तरर्राष्ट्रिय तहमा प्रतिवद्धता जनाइ सकेको अवस्था छ । संघीयता लागु हुनुपूर्व देखि नै नेपाल सरकार, शिक्षा मन्त्रालयले विद्यालय क्षेत्र विकास कार्यक्रम सञ्चालनमा ल्याएको र

यसका लागि स्थानीय सरकारको पनि समान दायित्व हुने भएकाले पनि शिक्षाको योजना तथा कार्यक्रमलाई थप व्यवस्थित गर्न जरुरी छ ।

हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले परिवर्तित सन्दर्भ अनुसार नयाँ शिक्षा क्षेत्र योजना सन् २०२१-२०३० तर्जुमा गरी शैक्षिक सत्र २०७९ देखि कार्यान्वयनमा ल्याएको छ । यसले विद्यालय शिक्षको दूर दृष्टि लक्ष्य उद्देश्य तथा रणनीति र कार्यनीतिहरू तय गरी सकेको सन्दर्भ विद्यमान रहेको छ । साथै सबै प्रदेश सरकार र स्थानीय सरकारलाई शिक्षा क्षेत्रको आवधिक योजना निर्माणका लागि संघले मार्गनिर्देश गरेको अवस्था छ ।

खप्तडछान्ना गाउँपालिका संविधान प्रदत्त अधिकार र जिम्मेवारी अनुरूप शिक्षालाई समय सापेक्ष बनाउन अग्रसर हुँदै आएको छ । शिक्षाको पहुँच, गुणस्तर, समता र सक्षमता अभिवृद्धिका लागि नीतिगत व्यवस्थाका साथै पालिकाको गुरुयोजना तयार भएको छ । त्यसैगरी शिक्षामा समता रणनीति तय गरी कार्यान्वयनमा ल्याएको छ । यसका आधारमा शिक्षाका कार्यक्रमहरू विकास गरी कार्यान्वयन गर्दै आएको छ । यसो भएता पनि शिक्षाको सन्दर्भमा शिक्षाको वृहत योजना तयार गरी दीर्घकालीन सोच, लक्ष्य, रणनीति, कार्यनीति तथा प्राथमिकताका क्षेत्रहरू पहिचान सहितको शिक्षा क्षेत्रको योजना निर्माण भइ शिक्षालाइ सर्वसुलभ गुणस्तरीय तथा प्रभावकारी बनाउन र सबै समुदायको सन्तुलित विकासको अवस्था सुनिश्चत गर्न अत्यावश्यक भएकाले यो दश वर्षे योजना निर्माण गरिएको छ।

## २.१.२ योजना विकास प्रक्रिया

**योजना विकास गर्दा देहायका प्रक्रिया अवलम्बन गरिएको थियो ।**

(क) **कार्यदल गठनः** गाउँपालिका शिक्षा समितिले शैक्षिक योजना निर्माणको लागि पालिका स्तरीय शैक्षिक योजना निर्माण कार्यदल गठन गरी प्रकृकया अगाडी वढाएको थियो । शैक्षिक योजना निर्माणको लागि पालिका स्तरीय सरोकारवालाहरुको कार्यशाला गोष्ठी सञ्चालन गरेको जसमा साझेदार संस्था रीड नेपालको समन्वयमा शिक्षा क्षेत्रका विज्ञ द्धारा सहजिकरण गरी आवश्यक सूचाना संकलन गरेको थियो ।

**(ख) दस्तावेज अध्ययनः** विगतका अभ्यास, संघीय योजना तथा कार्यक्रम, गाउँपालिकाले अवलम्बन गरेका शिक्षा नीति तथा कार्यक्रम आदिको पुनरालोकन गरी शैक्षिक अवस्था, समस्या तथा चुनौती आवश्यकता र सम्भावना आदिको अध्ययन गरीएको थियो ।

(ग) **वडागत समिति विकास र छलफलः** पालिकाले सम्बन्धित वडा तहमा योजना विकास गर्ने प्रयोजनका लागि वडागत छलफल गरी आवश्यक सूचना सङ्कलन गरेको थियो । हालको अवस्था विश्लेषण गरी आगामी १० वर्षका लागि आवश्यक पर्ने शिक्षा नीति तथा कार्यक्रमका बारेमा विस्तृत छलफल गरिएको थियो ।

(घ) **आधारभूत सूचना सङ्कलनः** योजना विकासका लागि आवश्यक सूचना संकलन फाराम तयार गरी सबै विद्यालयका र स्थानीय सरोकारवाला र प्रधानाध्यापक सँग छलफल तथा अन्तरक्रिया संपन्न गरिएको थियो ।

(ङ) **योजना निर्माण कार्यशालाः** योजना विकासका लागि वृहत छलफल तथा अन्तर्रिया गर्न सरोकारवालको सहभागितामा योजना निर्माण कार्यशालन सम्पन्न गरिएको थियो । कार्यशालामा विद्यालयलक प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक, प्रारम्भिक बाल विकास शिक्षाका शिक्षक, वडाध्यक्ष, शिक्षक अभिभावक संघका पदाधिकारी, गैरसरकारीघसंस्थाका प्रतिनिति, शिक्षा तथा खेलकुद शाखाका अधिकृत, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा समितिका पदाधिकारी तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षसहितको सहभागितामा कार्यशाल सञ्चालन गरी आवश्यक सूचना संकलन गरिएको थियो ।

(च) **प्रारम्भिक खाका माथि छलफल तथा पृष्ठपोषण सङ्कलनः** योजनाको प्रारम्भिक खाकामा पालिकाका सदस्य तथा अन्य प्राविधिक कर्मचारी समेतको सहभागितामा छलफल गरी आवश्यक पृष्ठपोषण लिने कार्य गरिएको थियो । पृष्ठपोषणका आधारमा योजनामा आवश्यक सुधार गरिएको थियो ।

(छ) **गाउँपालिका सभाबाट अनुमोदनः** योजनालाई कार्यदलले शिक्षा समितिमा पेश गरी शिक्षा समितिले अनुमोदनका लागि कार्यपालिकामा पेश गरेको थियो भने गाँउ सभाबाट अनुमोदन तथा पारित गरी कार्यन्वनमा ल्याएको छ ।

## २.२ दूरदृष्टि

“समृद्ध एवम् समतामूलक खसडछान्नाको लागी गुणस्तरीय शिक्षा” ।

## २.३ लक्ष्य

राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा प्रतिस्पर्धि, सक्षम, स्वस्थ, सभ्य, संस्कारयुक्त नेपाल र नेपाली प्रति गौरव गर्ने जनशक्ति तयार गर्ने ।

## २.४ उद्देश्य

१. बाल विकास शिक्षाको अनुभव सहित निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको समावेशी पहुँच र सहभागिता वृद्धि गर्नु,
२. आधारभूत न्यूनतम पूर्वाधार विकास गरी गुणस्तरीय सिकाइ वातावरणमा सबै तहको शिक्षाको गुणस्तरमा सुधार गर्नु,
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू सिर्जना गर्नु,
४. निरन्तर सिकाइ तथा सीप विकासका लागि वैकल्पिक तथा आजीवन सिकाइको अवसर प्रदान गर्नु र अनौपचारिक शिक्षालाई सीप विकास तथा आय आर्जनसँग आवद्ध गर्नु,
५. शैक्षिक सुशासनमा आधारित जवाफदेही शैक्षिक व्यवस्थापन सुनिश्चित गर्नु,
६. विपद् तथा महामारीका समयमा समेत सिकाइ निरन्तरता प्रदान गर्न सक्षम र उत्थानशील शिक्षा प्रणाली (Resilient System) को विकास गर्नु,
७. अपाङ्गता भएका तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरूको सबै तहको शिक्षामा पहुँच अभिवृद्धि गर्नु

## २.५ रणनीति

१. सबै विद्यालयहरूमा बालबालिकालाई विद्यालयमा आधारित एक वर्षको बाल शिक्षा अनिवार्य गर्ने (१)।
२. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने (१)।
३. लोपोन्मुख, अति सिमान्तकृत, अति विपन्न, अपाङ्गता भएका, र जोखिममा रहेका बालबालिकालाई सबै तहको शिक्षामा समान पहुँचको अवस्था सुनिश्चित गर्ने (१)।
४. सबै विद्यालयलाई न्यूनतम मापदण्ड सहित आधारभूत भौतिक पूर्वाधार सहितको सहजकारी तथा प्रविधि मैत्री सिकाइ वातावरण निर्माण गर्ने (२,८) ।
५. नक्शाङ्कन तथा सम्भाव्यताका आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक व्यावसायिक सीप विकासका अवसरहरू वृद्धि गरी सीपयुक्त र उत्पादनमुखी जनशक्ति उत्पादन गर्न गर्ने (३)।
६. अनौपचारिक शिक्षा, साक्षरता तथा साक्षरोत्तर शिक्षा सहितको निरन्तर एवम् जीवन पर्यन्त सीप विकासको अवसर प्रदान गर्ने (४)।

७. विपद तथा महामारीमा शैक्षिक निरन्तरता प्रदान गर्न प्रत्येक विद्यालयलको उत्थानशीलता अभिवृद्धि गरी वैकल्पिक तथा आपतकालीन शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्ने र सिकाइ निरन्तरता प्रदान गर्ने (६)।

८. न्यूनतम गुणस्तर मापदण्ड विकास गरी सिकाइको गुणस्तरमा सुधार गर्ने (५, ६, ७, ८) ।

९. शिक्षामा लैङ्गिक समानता, सशक्तीकरण, शैक्षिक सुशासन तथा जवाफदेहीता कायम गर्ने (५)।

## २.६ रणनीति र रणनीतिगत कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. चार वर्ष उमेर समूहका सबै बालबालिकालाई सबै विद्यालयमा एक वर्षको बाल शिक्षा अनिवार्य गर्ने | १. नक्शाङ्कनका आधारमा बालबिकास केन्द्रहरूको व्यवस्थापन गरी चार वर्ष उमेर समूहका सबै बालबालिकाको बाल विकास शिक्षामा पहुँच सुनिश्चित गरिनेछ ।<br>२. प्रारम्भिक बालबिकासको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइनेछ ।<br>३. वाल विकास केन्द्रका बालबालिकाका लागि अत्यावश्यक सिकाइ सामग्रीहरूको विकास गरी तिनको सर्वसुलभता कायम गरिने छ ।<br>४. आधारभूत तथा पुनरर्ताजगी तालिम प्रदान गरी प्रारम्भिक बाल विकास शिक्षाका शिक्षकको सक्षमता विकास गरिनेछ ।<br>५. न्यूनतम शैक्षिक योग्यताका आधारमा सहजकर्ताको चयन गर्ने नीतिगत व्यवस्था गरिने छ ।<br>६. प्रविधिमा आधारित सिकाइ सामग्री विकास तथा प्रयोग गरी बालबालिकालाई सिकाइ प्रतिको उत्प्रेरणा विकासका गरिनेछ ।<br>७. न्यूनतम भौतिक वातावरण तयार गरी दिवा खाजाको प्रवन्ध गरिने छ ।<br>८. वार्षिक रूपमा बालबालिकाहरूको स्वास्थ्य परीक्षण गरिने छ ।<br>९. उचित स्वास्थ्य सरसफाइ स्याहार पोषणयुक्त खानाका बारेमा अभिभावक सचेतना कार्यक्रम कार्यान्वयन गरिने छ । |

| | |
|---|---|
| २. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने । | १. मापदण्डमा आधारित अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।<br>२. अपाङ्गता भएका, विपन्न तथा सीमान्तकृत र जोखिममा रहेका बालबालिकाहरूको अनिवार्य तथा निःशुल्क शिक्षा पाउने सवैधानिक हकको सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।<br>३. सबै विद्यालयमा अपाङ्गता भएका वा सिकाइ सिमितता भएका बालबालिकाको पहिचान (Screening) गर्ने पद्दति विकास गरिने छ ।<br>४. सिकारुको सिकाइ उपलब्धिमा सुधार ल्याउन विद्यालयमा आधारित शिक्षक सहयोग पद्दति विकास गरी कार्यान्वयनमा ल्याइने छ ।<br>५. कमजोर सिकाइ क्षमता भएका बालबालिकाको सिकाइमा सुधार गर्न र गुणस्तरीय सिकाइ उपलब्धि सुनिश्चित गर्न विद्यार्थी सहयोग पद्धति विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>६. निरन्तर सिकाइको मूल्याङ्कन तथा उपचारात्मक सिकाइको अवसर वृद्धि गरी सिकाइको गुणस्तरमा सुधार गरिने छ ।<br>७. एक विद्यालय एक पुस्तकालयको अवधारणा अनुसार पुस्तकालयको प्रवन्ध गरी पठन संस्कृति विकास गरिने छ ।<br>८. स्थानीय पाठ्यक्रम विकास तथा कार्यावियन्वयन गरी मूल्य मान्यता संस्कृति पर्यटन जडीवुटी तथा स्थानीय प्रविधिको संरक्षण तथा संवर्धन गरिने छ ।<br>९. शिक्षकको पेसागत विकास गरी एकीकृत पाठ्यक्रम, प्रविधिमा आधारित शिक्षण सिकाइ तथा कार्यमूलक अनुसन्धानमा आधारित शिक्षण सिकाइको वातावरण तयार गर्न प्रदेश शिक्षक तालिम केन्द्र तथा गैर सरकारी निकायहरूसँग समन्वय गरिनेछ ।<br>१०. विद्यालयको भौतिक तथा शैक्षिक वातावरणलाई समावेशी बनाइने छ ।<br>११. विद्यालयमा समावेशी, लैङ्गिक मैत्री तथा वालमैत्री शिक्षण सिकाइको वातावरण सिर्जना गर्न गैर सरकारी निकायहरूसँग समन्वय गरिने छ । |

| | |
|---|---|
| | १२. अपाङ्गता भएका बालबालिकाको सिकाइ अवसरहरू वृद्धि गर्न विभिन्न प्रकारका सिकाइ सामग्रीहरूको विकास तथा तिनको सर्वसुलभता गरिने छ ।<br>१३. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको तथ्याङ्क अद्यावधिक गरी विद्यालयको पहुँचमा ल्याउन थप कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>१४. विद्यालयमा मापदण्ड बमोजिम सङ्घीय सरकार र प्रदेश सरकारसँग सहयोगमा विषयगत शिक्षकको व्यवस्था गरिने छ ।<br>१५. भौगोलिक अवस्था र जनसङ्ख्या बनोटका आधारमा विद्यालय नक्शाङ्कनका गरी विद्यालय एकीकरण गरिने छ।<br>१६. प्रदेश तथा संघ सरकारसँगको समन्वय र सहकार्यमा आवाशीय विद्यालय सञ्चालनका लागि सहजीकरण गरिने छ ।<br>१७. विद्यार्थीको सर्वाङ्गीण विकासको लागि खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालनलाई संस्थागत गरिने छ ।<br>१८. विद्यालयमा उपयुक्त भौतिक वातावरण तयार गरी दिवाखाजाको व्यवस्थालाई निरन्तरता प्रदान गरिने छ ।<br>१९. आधारभूत तहका बालबालिकाहरूको वार्षिक रूपमा स्वास्थ्य परीक्षण गरी आवश्यकता अनुसार रिफरल गरिने छ ।<br>२०. अभिभावकहरूलाई पोषण युक्त खाना उचित स्याहार उपयुक्त सिकाइ वातावरण विकास सम्बन्धमा सचेतीकरण गरिने छ ।<br>२१. स्वास्थ्य, सरसफाइ, यौन तथा प्रजनन् स्वास्थ्य, सेनिटरी प्याडको प्रयोग लगायतका विषयहरूमा स्वास्थ्यकर्मीबाट आवश्यक ज्ञान तथा सीप विकास गरिनेछ ।<br>२२. विद्यालयमा प्राथमिक उपचारसम्बन्धी किट तथा यसको प्रयोगका बारेमा शिक्षहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३. लोपोन्मुख,अति सिमान्तकृत, अति विपन्न, अपाङ्गता भएका, र जोखिममा रहेका बालबालिकालाई सवै तहको शिक्षामा समान पहुँचको अवस्था सुनिश्चित गर्ने | १. सबै विद्यालयहरूलाई अपाङ्गता मैत्री सिकाइ वातावरण बनाउन अत्यावश्यक भौतिक संरचनामा सुधार गरिनेछ ।<br>२. अपाङ्गता भएका लोपोन्मुख अति विपन्न तथा जोखिममा रहेका बालबालिकाहरूको उच्च शिक्षा सम्मको अध्ययनका लागि विशेष छात्रवृत्ति कार्यक्रम कार्यान्वयनमा ल्याइने छ । |

| | |
|---|---|
| | ३. अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच बढाउन ब्रेल तथा साङ्केतिक भाषाका सिकाइ सामग्री विकास गरिनेछ ।<br>४. अपाङ्गता भएका, लोपोन्मुख, अति सिमान्तकृत, अति विपन्न र जोखिममा रहेका बालबालिकालाई सवै तहको शिक्षामा समान पहुँचको अवस्था सुनिश्चित गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. विशेष कक्षा सञ्चालित विद्यालय तथा कक्षाहरूलाई व्यवस्थित गरिने छ ।<br>६. सीमान्तकृत समूहका बालबालिको शैक्षिक निरन्तरताका लागि विभिन्न गैर सरकारी निकायहरूसँगको सहकार्यमा अभिभावकको आय आर्जन क्षमता विकास गरिनेछ ।<br>७. विशेष शैक्षिक आवश्यकता भएका बालबालिका लागि सिकाइ सहयोग कार्यक्रम सञ्चालन गरी सिकाइ उपलब्धिमा सुधार गरिने छ । |
| ४. सबै विद्यालयलाई न्यूनतम मापदण्ड सहित आधारभूत भौतिक पूर्वाधार सहितको सहजकारी तथा प्रविधि मैत्री सिकाइ वातावरण निर्माण गर्ने | १. सम्भाव्यताका आधारमा प्रत्येक विद्यालयमा एक सूचना सञ्चार तथा प्रविधि ल्याव स्थापना गरी सञ्चालनमा ल्याइने छ ।<br>२. प्रविधिमा आधारित शैक्षिक क्रियाकलाप सञ्चालन गर्न अत्यावश्यक पेसागत विकासका लागि प्रदेश तालिम केन्द्रसँग समन्वय गरी शिक्षक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. सूचना संचार तथा प्रविधिका लागि अत्यावश्यक विद्युतीय पावर सप्लाइ तथा इन्टरनेटको पहुँचमा सुधार गरिने छ ।<br>४. सूचना सञ्चार तथा प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास तथा भइ रहेका सामग्रीको प्रयोगलाई बढावा गरिनेछ ।<br>५. प्रविधि मैत्री सिकाइका लागि विद्यालयको भौतिक पूर्वाधार विकास गरिने छ ।<br>६. प्रत्येक विद्यालयका कक्षाकोठामा सिकाइ कुनाको प्रवबन्ध गरी सिकाइ वातावरणमा सुधार गरिनेछ ।<br>७. प्रत्येक विद्यालयमा उचित खानेपानी स्वास्थ्य तथा सरसफाइको प्रबन्ध गरिनेछ । |
| ५. नक्शाङ्कन तथा सम्भाव्यताका आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक व्यावसायिक सीप विकासका अवसरहरू वृद्धि गरी सीपयुक्त | १. पालिका भित्र प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका अवसर तथा सम्भावना यकिन गर्न नक्शाङ्कन गरिनेछ।<br>२. नक्शाङ्कनका आधारमा प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयहरूको विकास तथा विस्तार गरिनेछ । |

| | |
|---|---|
| र उत्पादनमुखी जनशक्ति उत्पादन गर्ने | ३. स्थानीय उद्योग तथा यस सँग सम्बन्धित कार्य गर्ने निकायहरूसँग समन्वय र सहकार्य गरी प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका अवसर वृद्धि गर्न गरिनेछ ।<br>४. पालिका भित्र कम्तिमा पनि एक प्राविधिक शिक्षा तर्फको विद्यालय सञ्चालन गरिने छ ।<br>५. प्राविधिक शिक्षामा दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति उपलब्ध गराइने छ ।<br>६. विद्यालयमा आधारित छोटो र लामा अवधिका सिपमूलक एवं उद्यमशील तालिम सञ्चालन गरी स्वरोजगारमुखी जनशक्ति विकासका लागि अभिप्रित गरिने छ । |
| ६. अनौपचारिक शिक्षा, साक्षरता तथा साक्षरोत्तर शिक्षा सहितको निरन्तर एवम् जीवन पर्यन्त सीप विकासको अवसर प्रदान गर्ने | १. निरक्षरता सम्बन्धी घरधुरी सर्वेक्षण गरी त्यसको सूचना तथा तथ्याङ्कलाई अद्यावधिक गरिनेछ ।<br>२. निरक्षरता सर्भेको नतिजाका आधारमा साक्षरता सिप विकास, निरन्तर शिक्षा, अनौपचारिक तथा वैकल्पिक खुला शिक्षा जस्ता कार्यक्रमहरू विकास गरी कार्यान्वयन गरिनेछ ।<br>३. सामुदायिक सिकाइ केन्द्रको संस्थागत सुदृढीकरण गरिने छ<br>४. सामुदायिक सिकाइ केन्द्रलाई साक्षरता तथा वैकल्पिक सिकाइ, समुदाय सदस्यहरूलाई सशक्तीकरण, वित्तीय तथा डिजिटल साक्षरता र आयआर्जन सीप विकास जस्ता कार्हरूका लागि सक्षम बनाइने छ ।<br>५. गैर सरकारी निकायहरूसँगको समन्वय र सहकार्यमा द्रुत शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी विद्यालय बाहिर रहेका वा विद्यालयबाट कक्षा पूरा नगरी बिचैमा विद्यालय छाडेका बालबालिकालाई शैक्षिक निरन्तरताको अवसर वृद्धि गरिनेछ ।<br>६. पालिकालाई साक्षर पालिकाका रूपमा घोषणा गर्न अत्यावश्यक साक्षरता शिक्षाका कार्यक्रमहरू विकास गरी कार्यान्वयन गरिने छ ।<br>७. साक्षरता सिप विकास कार्यक्रमलाई आयमूलक कार्यक्रमसँग आवद्ध गरी स्वरोजगारका अवसर वृद्धि गरिने छ ।<br>८. विभिन्न गैरसरकारी निकायहरूसँग समन्वय गरी जीवनपर्यन्त सिकाइका अवसरहरूमा वृद्धिका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>९. अनौपचारिक रूपमा हासिल भएको ज्ञान तथा सीपलाई प्रमाणीकरण गरी शैक्षिक निरन्तरता तथा व्यावसायिक दक्षता |

| | |
|---|---|
| | अभिवबृद्धिको अवसर वृद्धिका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ । |
| ७. विपद् तथा महामारीमा शैक्षिक निरन्तरता प्रदान गर्न प्रत्येक विद्यालयलको उत्थानशीलता अभिवृद्धि गरी वैकल्पिक तथा आपतकालीन शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्ने र सिकाइ निरन्तरता प्रदान गर्ने | १. सबै विद्यालयहरूमा आपत्कालीन अवस्थामा सिकाइ सुनिश्चितताका लागि विपद् प्रतिकार्य योजना तयार गरी कार्यानवयनमा ल्याइने छ ।<br>२. आपतकालमा शैक्षिक निरन्तरता दिन अत्यावश्यक सिकाइ सामग्री विकास गरिनेछ<br>३. पालिका तहमा आपतकालिन सिकाइको व्यवस्थालाई सहजीकरण गर्न सिकाइ पोर्टलको व्यवस्था गरी विकसित सामग्रीकहो सूचि तथा वेव पेज, इ-लाइब्रेरीको व्यवस्था गरिने छ ।<br>४. आपत्कालिन शिक्षण सिकाइका बारेमा शिक्षकको पेसागत विकास गरिनेछ ।<br>५. आपतकालिन सिकाइ वातावरण तयार गर्न विद्यार्थी समुदायमा आधारित अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६. विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ तथा अन्य सरोकारवालाहरूलाई आपतकालिन शैक्षिक व्यवस्थापनका बारेमा अभिमूखीकरण गरी प्रभावकारी रूपमा परिचालन गरिने छ ।<br>७. संघले तयार गरेको मापदण्डलाई पूर्णतः पालना गरी विद्यालयको भौतिक संरचना विकास गरिने छ ।<br>८. विभिन्न गैरसरकारी निकायहरूसँग उचित एवम् प्रभावकारी समन्वय गरी आपतकालिन वैकल्पिक शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>९. विपत वा आपतकालिन समयमा बालबालिका तथा तिनका अभिभावकलाई मानसिक तथा स्वास्थ्य सम्बन्धि परामर्श प्रदान गरिनेछ ।<br>१०. विपद् व्यवस्थापन तथा आपत्कालिन सिकाइ निरन्तरताका लागि समुदायमा रहेका युवा परिचालन गर्ने नीति कार्यान्वयन गरिनेछ ।<br>११. पालिकाको Vulnerability Capacity Assessment गरी यसका आधारमा विपद् व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| ८. न्यूनतम गुणस्तर मापदण्ड विकास गरी सिकाइको गुणस्तरमा सुधार गर्ने | १. न्यूनतम गुणस्तर मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ ।<br>२. गुणस्तर मापदण्डका आधारमा शिक्षकको पेसागत विकासका लागि प्रदेश तालिम केन्द्र तथा अन्य तालिम प्रदायक निकायहरु सँग समन्वय र सहकार्य गरिनेछ ।<br>३. विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग गर्ने पद्दति विकास गरी कार्यान्वयन गरिनेछ ।<br>४. शैक्षिक व्यवस्थापन तथा सुशासन कायम गर्न र सिकाइको गुणस्तरमा सुधार गर्न प्रत्येक विद्यालयमा प्रधानाध्यापकको पद सिर्जना गरी व्यवस्थापन गरिने छ ।<br>५. विद्यालय व्यवस्थापनलाई गुणस्तर सुधारका कार्यका लागि जिम्मेवार बनाउन प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको सक्षमता विकास गरिनेछ ।<br>६. शिक्षक विद्यार्थी अनुपात कायम गरी शिक्षकहरूको दरबन्दी मिलान गरिने छ ।<br>७. विषयगत शिक्षकको अवस्था सुनिश्चित गर्न प्रदेश तथा सघसँग प्रभावकारी समन्वयन गरिनेछ र पालिकाले व्यवस्थापन गर्ने शिक्षकलाई विषयगत शिक्षकको अवधारणा अनुसार व्यवस्थित गरिने छ ।<br>८. शिक्षाको गुणस्तर अभिवृद्धि गर्न, र अतिरिक्त सिकाइ सहजीकरणका लागि थप शिक्षकको व्यवस्था गर्न गाउँपालिकाको आन्तरिक स्रोत परिचालन गरिने छ ।<br>९. सिकाइ क्षमता कमजोर भएका सिकारुका लागि सिकाइ सहयोग कार्यक्रम सञ्चालन गरि सिकाइमा सुधार गरिनेछ ।<br>१०. सूचना तथा सञ्चार प्रविधि, विज्ञान प्रयोगशाला र पुस्ताकालयको व्यवस्था गरी गुणस्तरीय सिकाइ वातावरण निर्माण गरिने छ ।<br>११. विद्यालयको नियमित नियमन कार्यलाई व्यवस्थित गरिनेछ।<br>१२. सिकाइको मूल्याङ्कन तथा मूल्याङ्कन नतिजाको विश्लेषणका आधारमा अतिरिक्त शैक्षणिक सहयोग कार्यक्रम तय गरी कार्यान्वयन गर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।<br>१३. गैर सरकारी निकायहरूसँगको समन्वय र सहकार्यमा समुदायमा रहेका विभिन्न सामुदायिक सञ्जाल, युथ क्लव, बालक्लव, महिला समूह, लगायतका सञ्जालहरू परिचालन गरी सम्बन्धित |

| | |
|---|---|
| | शिक्षा सरोकारवालाहरूको शैक्षिक सहभागित बढाइने छ र गुणस्तरमा सुधार गरिनेछ ।<br>१४. समाजमा रहेका अन्धविश्वास, लैङ्गक विभेद, कुरीति, परम्परागत रूपमा चलिआएका गलत मूल्य मान्यता जस्तै बालबिवाह, दाइजो प्रथा, घरेलु हिंसा जस्ता अभ्यासहरूलाई निरुत्साहित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१५.प्रत्येक विद्यालयलाई अपाङ्गता मैत्री लैङ्गिक मैत्री बनाइने छ , र यसका लागि आवश्यक शौचालय खानेपानी तथा<br>१६. असल अभ्यासहरूको अवलोकन गर्न सिकेका ज्ञान तथा सीप एकापसमा आदान प्रदान गर्न शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१७. शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गरी गुणस्तरीय सिकाइका लागि शैक्षिणिक सुधारमा आधारित प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने छ ।<br>१८. विद्यालयलाई गुणस्तर सुधार अनुदान प्रदान गरी गुणस्तरीय शैक्षिक व्यवस्थापनका लागि प्रतिस्पर्धि हुने वातावरण सिर्जना गरिने छ । |
| ९. शिक्षामा लैङ्गिक समानता, सशक्तीकरण, शैक्षिक सुशासन तथा जवाफदेहीता कायम गर्ने | १. सवै तहको शिक्षामा लैङ्गिक समानताको अवस्था सिर्जना गर्न लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।<br>२. प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्तीका रूपमा एक जना शिक्षकलाई तोकि जिम्मेवार बनाइने छ ।<br>३. छात्राहरूका स्वास्थ्य सम्बन्धी समस्याहरू समाधान गर्न आवश्यक परामर्श सेवा प्रदान गर्ने व्यवस्था गरिने छ ।<br>४. नेतृत्व विकास तालिम सञ्चालन गरी महिला शिक्षकलाई विद्यालय व्यवस्थापन तथा शैक्षिक नेतृत्वका लागि प्रोत्साहित गरिनेछ ।<br>५. रिक्त हुन आएका प्रधानाध्यापकको नियुक्तिमा महिला शिक्षकलाई प्राथमिकता दिइने छ ।<br>६. विद्यालय तथा पालिकाको योजना तथा बजेट निर्माण कार्यमा लैङ्गिक उत्तरदायी बजेटको अवधारणा अवलम्बन गरिने छ ।<br>७. अनलाइन पद्धति विकास गरी विद्यालयमा आधारित कार्यक्रम बजेट तथा अन्य सेवाहरूको पारदर्शिता र सूचनाको पहुँच बढाइने छ |

| | |
|---|---|
| | ८. विद्यालय तथा गाउँपालिका र अन्तर्गतका वडाहरूबाट सम्पादित कार्यहरूको सामाजिक परीक्षण गरी सुशासनमा आधारित शैक्षिक तथा व्यवस्थापकीय कार्यहरू सम्पादन गरिने छ ।<br>९. विद्यालय तहबाट हुने कार्यहरूको सही कार्यान्वयन तथा शैक्षिक क्रियाकलापहरूमा सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समितिलाई थप जिम्मेवार बनाइने छ ।<br>१०. विद्यालय तथा शिक्षकहरूलाई सिकारुको सिकाइ उपलब्धिप्रति जिम्मेवार तथा जबाफदेही बनाउन कार्यसम्पादनमा आधारित विद्यालय अनुदान तथा कार्यसम्पादनमा आधारित सेवा सुविधाको व्यवस्थालाई कार्यान्वयनमा ल्याइने छ ।<br>११. विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकहरूको दरबन्दी मिलान तथा न्युन विद्यार्थी संख्या भएका विद्यालयलाई मापदण्ड तयार गरी कक्षा घटाउने तथा नजिकको विद्यालयमा विद्यालय समायोजन गर्ने कार्यलाई व्यवस्थित गरिने छ । |

## २.७ अपेक्षित उपलब्धि

१. बाल विकास शिक्षाको अनुभव सहित निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको समावेशी पहुँच र सहभागिता वृद्धि भएको हुने छ।

२. आधारभूत न्यूनतम पूर्वाधार विकास गरी गुणस्तरीय सिकाइ वातावरणमा सबै तहको शिक्षाको गुणस्तरमा सुधार हुनेछ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू सिर्जना भएको हुनेछ।,

४. निरन्तर सिकाइ तथा सीप विकासका लागि वैकल्पिक तथा आजीवन सिकाइको अवसर प्रदान गर्नु र अनौपचारिक शिक्षालाई सीप विकास तथा आय आर्जनसँग आवद्ध गरिनेछ।

५. शैक्षिक सुशासनमा आधारित जवाफदेही शैक्षिक व्यवस्थापन सुनिश्चित गरिनेछ।

६. विपद् तथा महामारीका समयमा समेत सिकाइ निरन्तरता प्रदान गर्न सक्षम र उत्थानशील शिक्षा प्रणाली (Resilient System) को विकास गरिनेछ।,

७. अपाङ्गता भएका तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरूको सबै तहको शिक्षामा पहुँच अभिवृद्धि गरिनेछ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

शैक्षिक योजना निर्माणको क्रममा तय गरिएका उद्देश्यलाई मात्रात्मक लक्ष्य किटान गरी निश्चित समयसारणीसहित तलको तालिकामा प्रस्तुत गरिएको छ । यस तालिकामा प्रस्तुत सूचकहरू दिगो विकास लक्ष्य ४ को National Indicator Framework (NIF) र विद्यालय शिक्षा क्षेत्र योजना (SESP २०२२— २०३२) बाट अनुशरण गरी खप्तडछान्ना गाउँपालिकाको स्थानीय शैक्षिक वास्तविकतामा आधारित छन् ।

| क्र.सं. | सूचक | स्थानीय तहको सूचक | आधार वर्ष २०७९ | २०८४ को लक्ष्य | २०८९ को लक्ष्य | सूचक को स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | स्थानीय | ९४ | ९७ | १०० | १ | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाकेन्द्र(सङ्ख्या) | स्थानीय | ३४ | ३८ | ३८ | | |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकाहरू मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका दर* (%) | स्थानीय | १०० | १०० | १०० | | |
| १.४ | प्रारम्भिक बालविकास र शिक्षामा बालबालिका र | स्थानीय | ५२२: १० | २५ | ३८ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तालिम प्राप्त शिक्षक तथा सहजकर्ताको अनुपात | | | | | | |
| १.५ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ता* (%) | स्थानीय | १०० | | | | |
| १.६ | प्रारम्भिक बालविकास र शिक्षामा दिवा खाजा, खेल तथा सिकाइ सामग्रीसहितको अनुदान प्राप्त गर्ने बालबालिकाको सङ्ख्या* प्रतिशत) | स्थानीय | ५२२ | १०० | १०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.० आधारभूत शिक्षा (कक्षा १-८) | | | | | | | |
| २.१ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक*(%) | स्थानीय | १०० | १०० | १०० | | |
| २.२ | आधारभूत तह(कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त | स्थानीय | २६४४ :४० | :७० | :९५ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिक्षकको अनुपात | | | | | | |
| २.३ | आधारभूत तह(कक्षा १-८) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात | स्थानीय | ४०६५ :६० | :६० | :६० | | |
| २.४ | आधारभूत तह (कक्षा १-८)मा भर्ना भएका ५-१२वर्ष उमेर समूहका भन्दा माथिका बालबालिका* (%) | स्थानीय | | | | | |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षकहरू* (%) | स्थानीय | १०० | १०० | १०० | | |
| ४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम | | | | | | | |
| ४.१ | हरेक स्थानीय तहमा कम्तिमा एक वटा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक | स्थानीय | १ | २ | २ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सामुदायिक विद्यालय(सङ्ख्या) | | | | | | |
| ४.२ | ईन्टरनेट उपयोग गर्न सक्ने आर्थिक रूपले सक्रिय जनशक्ति* (%) | स्थानीय | ५ | ५० | १०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ५. सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ५.१ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय (%) | स्थानीय | १० | २० | ३० | | |
| ५.२ | नर्सिङ् सेवा तथा सुविधा पुगेको विद्यालय (%) | स्थानीय | ० | ४ | ८ | | |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी* (%) | स्थानीय | १०० | १०० | १०० | | |
| ५.४ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम | स्थानीय | १० | ५० | १०० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्राप्त प्रधानाध्यापक (%) | | | | | | |
| ५.५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय (%) | स्थानीय | ३८ | ६० | १०० | | |
| ५.६ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने आधारभूत तहको विद्यालय (%) | स्थानीय | ४० | ६० | १०० | | |
| ५.७ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी | स्थानीय | ४० | ६० | १०० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक तहको विद्यालयमा (%) | | | | | | |
| ५.८ | विद्युतको पहुँच पुगेको विद्यालय* (%) | स्थानीय | ३० | ७० | १०० | | |
| ५.९ | ईन्टरनेट सुविधा पुगेको विद्यालय* (%) | स्थानीय | १०० | १०० | १०० | | |
| ५.१० | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेको विद्यालय* (%) | स्थानीय | ४० | ७० | १०० | | |
| ५.११ | अपाङ्गतामैत्री विद्यालय* (%) | स्थानीय | ० | ० | १ | | |
| ५.१२ | राष्ट्रिय तथा स्थानीय पाठ्यक्रममा मानव अधिकार, दिगो विकास, लैङ्गिक समानता जस्ता विषयवस्तुहरूको | स्थानीय | ३३ | ५० | १०० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | समावेशीकरणभए को सुनिश्चितता | | | | | | |
| ५.१३ | एक वर्षमा सेवावाट अवकास लिने शिक्षक (निवृत्त भएका समेत) दर* (%) | स्थानीय | २ | ५ | २० | | |
| ५.१४ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या (%) | स्थानीय | ५ | १० | १५ | | |
| ६. शिक्षामा लगानी | | | | | | | |
| ६.१ | सुत्रमा आधारित शिक्षामा लगानी (%) | स्थानीय | ३.६० | ५ | ७ | | |
| ६.२ | आधारभूत तह(कक्षा १-८) मा प्रति विद्यार्थी लागत (रू.) | स्थानीय | २४६० | ५००० | ७००० | | |

**नोटः** (१) * चिह्न भएका सूचकहरू SESP र SDG-४ NIF अन्तर्गतका अनिवार्य सूचकहरू हुन् । (२) "' चिह्नले खसडछान्ना गाउँपालिकाले स्थानीय सर्वेक्षण वा IEMIS अद्यावधिकबाट तथ्याङ्क पूर्ण गर्नुपर्ने सूचक हो । (३) आधार वर्षको तथ्याङ्क IEMIS/EMIS प्रतिवेदन, राष्ट्रिय जनगणना २०७८ र गाउँपालिकाको स्थानीय तथ्याङ्कमा आधारित छ । (४) राष्ट्रिय लक्ष्य मार्गदर्शन २०७९ (परिमार्जित संस्करण, २०८१) बाट लिइएका हुन् । (५) स्थानीय लक्ष्य वास्तविक आधार वर्षको तथ्याङ्क र स्थानीय सन्दर्भका आधारमा निर्धारण गरिएका हुन् ।

*स्रोतः खसडछान्ना गाउँपालिका शिक्षा तथ्याङ्क (IEMIS/EMIS), राष्ट्रिय जनगणना २०७८, गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम, स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१)*

# परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

देशको आर्थिक विकास तथा सामाजिक विकास, राजनैतिक परिर्वतन र स्थिरता तथा रूपान्तरणको सशक्त माध्यम शिक्षा हो । नेपालको संविधान २०७२ ले गुणस्तरीय शिक्षा प्राप्त गर्ने हक प्रत्येक नागरिकलाई प्रदान गरेको छ ।त्यसै गरी देशको विकास तथा सम्वृद्धिको लागि तीन तहको सरकार रहने गरी शासकीय स्वरूप निर्धारण गरेको छ । यसका लागि सबै तहका सरकारहरू बीच समन्वय, सहकार्य, सहयोग तथा लगानी गर्ने वातावरण निर्माण गर्न जरुरी छ । स्थानीय तहको शिक्षा क्षेत्रको कार्य जिम्मेवारी अन्तर्गत प्रारम्भिक बाल विकास देखि माध्यमिक शिक्षा कक्षा १२ सम्मको औपचारिक शिक्षा प्रदान गर्ने गरी शैक्षिक व्यवस्थापन गर्न पाउने अवस्था विद्यमान छ । साथै अनौपचारिक तथा जीवन पर्यन्त शिक्षा, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन र विकास, गुणस्तरीय शिक्षा, दूर तथा खुला शिक्षा, सूचना प्रविधि शिक्षा, पोषण तथा विद्यालय सरसफाइ र विपद् व्यवस्थापन लगायतका शैक्षिक क्रियाकलापहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी पनि स्थानीय सरकारलाई रहेको छ । यी क्षेत्रहरूमा यस खसडछान्रा गाउँपालिकाको विद्यमान शैक्षिक अवस्थाको विश्लेषण गरिनु अत्यावश्यक हुन्छ । त्यसैगरी शिक्षाको सञ्चालन तथा व्यवस्थापनमा देखिएका समस्या तथा चुनौतीहरूको सामना गर्न उपयुक्त रणनीति मार्फत सञ्चालन गर्न सकिने शैक्षिक कार्यक्रमहरूको यकिन हुन जरुरी छ । विद्यार्थीहरूको सिकाइ उपलब्धिमा बढोत्तरी गर्दै गुणस्तरीय शिक्षाको अभिवृद्धि गर्नुपर्ने आवश्यकता टड्कारो रुपमा रहेको छ । यिनै परिवेशमा यस गाउँपालिकाका शिक्षाका क्षेत्रगत विश्लेषण र भावी रणनीति तथा कार्यक्रमहरू तय गरी निम्नानुसार प्रस्तुत गरिएको छ।

## ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

### ३.१.१ परिचय

सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास सम्बन्धी सेवाहरू सहजताका साथ उपलब्ध गराउन अत्यावश्यक हुन्छ । बाल बालिकाको बाँच्न पाउने अधिकार हुन्छ । संरक्षणको अधिकार हुन्छ । त्यसै गरी विकास तथा सहभागीताको अधिकार हुन्छ । यी अधिकारको सुनिश्चित गर्ने दायित्व सरकारको हुन्छ । नेपाल सरकार यस प्रति प्रतिबद्ध रहँदै आएको छ । नेपाल सरकारले **"सुखी नेपाली, समृद्ध नेपालको"** दीर्घकालीन सोच तय गरेको छ । यो लक्ष्य हासिल गर्न बालबालिकामा लगानी गर्नु पर्ने आवश्यकता रहन्छ । दिगो विकास लक्ष्यले पनि बाल बालिकाको हक हित तथा विकास र संरक्षण केन्द्रित लक्ष्य लिएको

अवस्था विद्यमान रहेको छ । दिगो विकासका १७ ओटा लक्ष्यहरू मध्ये ११ ओटा लक्ष्यहरू प्रत्यक्ष रूपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेका छन्।

नेपाल सरकारले बाल विकास र शिक्षाको महत्वलाई आत्म साथ गर्दै बालविकास सम्बन्धी राष्ट्रिय रणनीति २०७७-२०८८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यसले गर्भावस्थादेखि ८ वर्ष सम्मका सम्पूर्ण बालबालिकाको सर्वाङ्गीण विकास गर्ने लक्ष्य लिएको छ । तीनै तहका सरकारका सम्बद्ध निकायहरूबीच स्पष्ट एवं समान धारणा बनाउन, बालिविकासका कार्यक्रमहरूमा स्पष्टता र एकरुपता कायम गर्न र गुणस्तरीय बाल विकास र शिक्षाको अवस्था सुनिश्चित गर्न यो रणनीति केन्द्रित रहेको छ ।

प्रारम्भिक बाल विकास र शिक्षाको क्षेत्र वृहद हुन्छ । उमेर अनुसारको विभिन्न प्रकारका सेवाको सुनिश्चितता गर्नु पर्ने हुन्छ । सबै बालबालिकाहरूलाई स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण, शिक्षा र खानेपानी तथा सरसफाई सम्बन्धी सबै सेवाहरू एकीकृत रुपमा प्रदान गर्नु पर्छ । सेवा प्रवाहमा परिवार तथा समुदायको सहभागिता सुनिश्चित गर्नु पर्छ । सबैको संलग्नता र जिम्मेवारी अभिवृद्धि गरी गुणस्तरीय बाल विकास र शिक्षाको अवस्था सुनिश्चित गर्नु पर्छ । यस्ता महत्वपूर्ण क्षेत्रहरुमा बाल विकास र शिक्षा केन्द्रित हुनु पर्ने भएकाले प्रत्येक शिक्षाका योजनाले यसलाई महत्वका साथ लिने गरेको अवस्था छ ।

बालबालिकाको सर्वाङ्गीण विकास र विद्यालय प्रवेशको तयारी गर्ने गरी प्रारम्भिक बाल विकास शिक्षा कार्यक्रम सञ्चालन गरिँदै आएको छ । प्राथमिक तह कक्षा एकमा भर्नाका लागि तयार गर्ने गरी सञ्चालित विद्यालय तथा समुदायमा आधारित शैक्षिक क्रियाकलाप प्रारम्भिक बाल विकास शिक्षा अन्तरगत पर्छन् । यसको प्रमुख उद्देश्य नै कक्षा १ मा भर्नाका लागि तयार गर्नु हो । हाल कार्यान्वयनमा रहेको शिक्षा ऐन तथा नियमावली अनुसार ३ वर्ष देखि ४ वर्षको उमेरलाई प्रारम्भिक बाल शिक्षाको उमेरको रूपमा व्याख्या गरिएको छ । शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासको दृष्टिले यो उमेर समुह महत्वपूर्ण हुन्छ । हाल विद्यालयमा र समुदायमा आधारित प्रारम्भिक बाल शिक्षाका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

संस्थागत विद्यालयमा प्रारम्भिक बाल विकास कक्षालाई नर्सरी, किन्डरगार्डेन वा केजी, मन्टेश्वरी जस्ता नाममा सञ्चालनमा रहेका छन् । विभिन्न प्रकारका मन्टेश्वरीमा आधारित कक्षा सञ्चालन पनि हुँदै आएको परिप्रेक्ष विद्यमान रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि स्थानीय तहलाई प्रारम्भिक बाल विकास केन्द्रहरूको स्थापना र सञ्चालनको अनुमति प्रदान गर्ने अधिकार प्रदान गरेको छ । यिनै कानुनी व्यवस्थाका

आधारमा स्थानीय तहले प्रारम्भिक बाल विकास र शिक्षाका कार्य्रकमहरू सञ्चालन गर्दै आएका छन् । तर पनि यसलाई थप व्यवस्थित गर्नु पर्ने अवस्था विद्यमान रहेको छ ।

### ३.१.२ विद्यमान अवस्था

चार वर्ष उमेर पूरा गरेका बालबालिकाहरूलाई एक वर्षको शिक्षा प्रदान गर्ने कानुनी प्रावधान रहेको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ ले भने चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने नीति तय गरेको छ । चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ । संविधान, ऐन तथा कानुनले पनि बालविकास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा ल्याउने प्रावधान राखेका छन् । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५ आदिमा प्रारम्भिक बालविकास सम्बन्धी प्रावधान रहेका छन्। पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७८), बहुक्षेत्रीय पोषण योजना, दोस्रो (२०७५/७६-२०७९/८०) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी प्रावधानहरू समेटिएका छन् । यसका साथै पाठ्यक्रम विकास केन्द्रले प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ लागु गरेको छ ।

राष्ट्रिय योजना आयोगले प्रारम्भिक वालविकास र शिक्षाको रणनीति २०७८-२०८८ जारी गरेको छ । यसले सबै बालबालिकाको सर्वाङगीण विकास सुनिश्चित गरी सक्षम तथा दक्ष मावन स्रोत विकास गर्ने दूर दृष्टि तय गरेको छ। त्यसैगरी गर्भावस्थादेखि ८ वर्ष सम्मका सबै बालबालिकाको शारीरिक सामाजिक वौद्धिक र भाषिक विकासका अवसर सुनिश्चित गरिने लक्ष्यका साथ विभिन्न उद्देश्यहरु समेत तय गरेकोले स्थानीय तहमा विकास हुने शिक्षाका योजना तथा नीतिले पनि यससँग तादम्यता कायम गर्न अत्यावश्यक देखिन्छ ।

शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित फ्यास प्रतिवेदन सन् २०२१- ०२२ अनुसार नेपालमा कूल ३६४९८ प्रारम्भिक बालविकास र शिक्षाका केन्द्रहरू सञ्चालनमा रहेका छन् । जसमध्ये ३०४५० (८३.४%) सामुदायिक विद्यालयमा आधारित छन् । त्यसैगरी ६०४८ संस्थागत विद्यालयमा सञ्चालन भएका छन् । प्रारम्भिक बालबिकास र शिक्षामा कूल १०१०१९५ जना बालबालिका अध्ययन रत छन् । जसमा ४६६३१४ जना छात्रा रहेका छन् जसको लैङ्गिक समविकास दर ०.८५ प्रतिशत हुन आउँछ । यसै गरी प्रति केन्द्र विद्यार्थी सङ्ख्याको दर २८:०१ रहेको छ ।

खसड छान्ना गाउँपालिकामा कूल ३८ वालविकास केन्द्र सञ्चालनमा रहेका छन् । कूल ४९१ जना बालबालिकाहरू प्रारम्भिक बालबिकास र शिक्षामा अध्ययनरत रहेका छन् । जसमा छात्राको सङ्ख्या २१९ रहेको छ भने छात्र संख्या २६२। सबै विद्यालयमा प्रारम्भिक बालबिकास र शिक्षाका केन्द्र सञ्चालनम रहेको अवस्था छ ।

### ३.१.३ समस्या

(क) प्रारम्भिक बाल विकास उमेर समूहको सबै बालबालिकाहरूको सही तथ्याङ्क अद्यावधिक नहुनु,

(ख) प्रारम्भिक बाल विकास उमेर समूहको सबै बालबालिकाहरू प्रारम्भिक बाल विकास शिक्षामा भर्ना नहुनु,

(ग) सबै विद्यालयहरूमा प्रारम्भिक बाल विकास र शिक्षाका कक्षाहरू सञ्चालनको अवस्था नहुनु,

(घ) विद्यालयमा सञ्चालिन बाल विकास र शिक्षाका कार्यक्रमहरूमा समावेशी तथा गुणस्तरीयताको पक्ष कमजोर हुनु,

(ङ) सबै बालविकास शिक्षामा सबै बालबालिकाको पहुँचको अवस्था सुनिश्चित गर्न नसकिनु,

(च) प्रारम्भिक बालशिक्षा सञ्चालनका लागि दक्ष तथा योग्य शिक्षकको व्यवस्थापन हुन नसक्नु,

(छ) हाल कार्यरत सहजकर्ताको सक्षमता विकासका पर्याप्त अवसर प्रदान गर्न नसक्नु,

(ज) प्रारम्भिक बाल विकास शिक्षामा कार्यरत सहजकर्ताहरूका लागि अन्य शिक्षक सरह पारिश्रमिकको व्यवस्थापन हुन नसक्नु,

(झ) पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरूको विकास गर्नु नसकिनु वा विकसित सामग्रीहरूको वाल विकास कक्षाहरूमा प्रबन्ध गर्न नसकिनु,

(ञ) प्रारम्भिक बाल विकास तथा शिक्षाका कक्षाहरू अपाङ्ग मैत्री हुन नसक्नु,

(ट) सानो उमेर समूहका बालबालिकाहरूको लागि अनुकूल शौचालय तथा खानेपानी को प्रबन्ध हुन नसक्नु,

(ठ) प्रारम्भिक बाल विकास शिक्षामा अभिभावकको चासो कम हुनु,

(ड) प्रारम्भिक बाल विकास र शिक्षाका कार्यक्रमहरूमा सरसफाइको अवस्था कमजोर हुनु,

(ढ) बाल मैत्री तथा अपाङ्ग मैत्री कक्षा कोठाको व्यवस्थापन नहुनु,

(ण) बाल बालिकाको शैक्षिक उपलब्धि तथा सिकाइ सम्बन्धी शैक्षिक अभिलेखको व्यवस्थापन हुन नसक्नु,
(त) बालबालिकाको नियमित स्वास्थ्य परीक्षण सम्बन्धी व्यवस्था नहुनु,
(थ) सहजकर्ताहरुलाई कम पारिश्रमिकमा पूरा समय विद्यालयमा कामकाजमा लगाउनु,
(द) विद्यालय व्यवस्थापनले प्रारम्भिक बाल विकास र शिक्षालाई प्राथमिकतामा नराख्नु।

### ३.१.४ चुनौती

प्रारम्भिक बाल विकास र शिक्षाका सम्बन्धमा देहायका चुनौतीहरू विद्यमान रहेका छन्

(क) पर्याप्त बजेटको व्यवस्था गरी न्यूनतम मापदण्डमा आधारित प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रम सञ्चालन गर्नु,
(ख) योग्य तथा शक्षम बालविकास शिक्षकको व्यवस्थापन गर्नु,
(ग) पर्याप्त शैक्षिक सामग्रीमा आधारित प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रम सञ्चालनको अवस्था सुनिश्चित गर्नु,
(घ) उचित स्वास्थ्य सरसफाइ तथा पोषणको व्यवस्था गरी शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक तथा सामाजिक विकासको अवस्था सुनिश्चित गर्नु र
(ङ) प्रारम्भिक बाल विकास र शिक्षाका कक्षाकोठा, शौचालय तथा कार्यक्रमलाई अपाङ्ग मैत्री बनाउनु।

### ३.१.५ अवसर

(क) संविधान,ऐन कानुन तथा नीतिगत रूपमा स्पष्ट कानुनी आधार तय हुनु,
(ख) गाउँपालिकालाई प्रारम्भिक बाल विकास र शिक्षाको विकास तथा सुधार गर्ने कानुनी आधार हुनु,
(ग) योजनावद्ध विकासको थालनी हुनु,
(घ) गाउँपालिकाले शिक्षाको पहुँच तथा गुणस्तरमा प्राथिमकता प्रदान गर्नु,
(ङ) अन्य गैरसरकारी निकायहरूबाट प्रारम्भिक बालबिकास र शिक्षाको विकास गर्ने पर्याप्त अवसर हुनु,

### ३.१.६ सोच

**उपयुक्त शारीरिक, बौद्धिक, संवेगात्मक विकास र उत्प्रेरणामा आधारित व्यवहार, बालबालिकाको सर्वाङ्गीण विकासको आधार ।**

### ३.१.७ लक्ष्य

समावेशी तथा गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर वृद्धि गरी आधारभूत तहको कक्षा १ को शिक्षाको निरन्तरताका लागि तयार गर्ने ।

### ३.१.८ उद्देश्य

(क) शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, क्षमताको विकास गर्नु ।

(ख) प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत शिक्षाको मुख्य आधारका रूपमा विकसित गर्नु,

(ग) गुणस्तरीय तथा समावेशी प्रारम्भिक बालविकास र शिक्षाको व्यवस्था गर्नु,

(घ) स्वास्थ्य सरसफाइ र पोषणको अवस्थामा सुधार गर्नु

### ३.१.९ रणनीति

(क) प्रारम्भिक बालविकास उमेर समुहका बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित गर्ने,

(ख) प्रारम्भिक बालविकास र शिक्षाका कक्षाहरूलाई बालमैत्री अपाङ्गमैत्री तथा शैक्षिक सामग्रीले युक्त गराउने,

(ग) प्रारम्भिक बालविकास र शिक्षामा तालिम प्राप्त तथा योग्य शिक्षकहरूको प्रबन्ध गर्ने,

(घ) प्रारम्भिक बालविकास र शिक्षाका बारेमा अभिभावकलाई अभिमुखीकण गरी उपयुक्त वाल स्यहार, स्वास्थ्य र सुरक्षित वातावरण सिर्जना गर्न सक्रिय बनाउने,

(ङ) प्रारम्भिक बालविकास र शिक्षाका कार्यक्रमहरूको गुणस्तरीयता कायम गर्ने,

(च) प्रारम्भिक बालविकास र शिक्षाको अनुभव प्राप्त सिकारुमात्र आधारभूत तह कक्षा एकमा भर्ना हुने अवस्था सुनिश्चित गर्ने।

### ३.१.१० कार्यनीति

(क) नक्शाङ्कनका आधारमा बालबिकास केन्द्रहरूको पुनर्व्यवस्थापन गरिने छ र एक विद्यालय एक प्रारम्भिक बाल विकास शिक्षा को अवस्था सुनिश्चित गरिने छ ।

(ख) प्रारम्भिक बालबिकासको न्यूनतम मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

(ग) स्थानीय स्रोत र साधनमा आधारित सिकाइ सामग्रीहरूको व्यवस्था गरी प्रारम्भिक बालबिकास सिकाइ सहजीकरण गरिने छ ।

(घ) मन्टेश्वरीमा आधारित तालिम प्रदान गरी प्रारम्भिक बालविकास र शिक्षाका सहजकर्ता वा शिक्षकको सक्षमता विकास गरिनेछ ।

(ङ) न्यूनतम शैक्षिक योग्यताका आधारमा सहजकर्ताको चयन तथा परिचालन गरिने छ ।

(च) सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ सामग्री विकास तथा तिनको सर्वसुलभताको अवस्था सुनिश्चित गरिने छ ।

(छ) बालविकास शिक्षाको सिकाइको गुणस्तरमा सुधार गरिनेछ ।

(ज) अभिभावक सचेतना विकास गरी प्रारम्भिक बालविकास र शिक्षाको सुधारमा सक्रिय सहभागी गराइने छ ।

(झ) प्रारम्भिक बालविकास सम्बन्धी सूचना तथा तथ्याङ्क निरन्तर रूपमा अद्यावधिक गरिनेछ।

(ञ) प्रदेश र गैरसरकारी संस्थाहरुको समन्वयमा प्रारम्भिक बालविकास र शिक्षाको कार्यक्रममा समुदायको संलग्नता बढाइ सिकाइको गुणस्तर सुधार गरिने छ ।

(ट) प्रत्येक बालविकास केन्द्रमा सिकाइ कुनाको व्यवस्था गरिने छ ।

(ठ) दिवा खाजा व्यवस्थापनका लागि अत्यावश्यक भान्सा कोठा तथा भाँडाकुँडाहरूको प्रबन्ध गरी व्यवस्थित गरिने छ ।

(ड) अभिभावकरूलाई स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा आधारित सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

(ढ) विद्यालयमा बालबालिकाहरूको वार्षिक रूपमा स्वास्थ्य परीक्षण गरी आवश्यकता अनुसार रिफरल सेवा प्रदान गरिने छ ।

## ३.१.११ प्रमुख कार्यक्रम र भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८४ | दोस्रो पाँच वर्ष २०८८ | |

| | | | | |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धी मापदण्ड निर्धारण र अद्यावधिक | पटक | १ | १ | संघ, प्रदेश सरकार र गैर सरकारी निकायहरू |
| प्रारम्भिक बालविकास र शिक्षाको नक्शाङ्कन | पटक | १ | १ | गाउँपालिका |
| भौतिक संरचनमा सुधार तथा कक्षाकोठा पुनरसंरचना | सङ्ख्या | १५ | ३८ | संघ, प्रदेश सरकार र गैर सरकारी निकायहरू |
| सहजकर्ताका लागि आधारभूत तथा पुनर्ताजगी तालिम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार गाउँपालिका र गैर सरकारी निकायहरू |
| प्रारम्भिक बाल विकास स्वास्थ्य र पोषणमा आधारित अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार गाउँपालिका र गैर सरकारी निकायहरू |
| प्रारम्भिक बाल विकास र शिक्षा सम्बन्धी स्वास्थ्य र सरसफाइ सुधार कार्यक्रम | पटक | १० | १० | संघ, प्रदेश सरकार गाउँपालिका र गैर सरकारी निकायहरू |
| बालबालिकाको वार्षिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | १० | १० | संघ, प्रदेश सरकार गाउँपालिका र गैर सरकारी निकायहरू |
| स्थानीय स्रोतमा आधारित प्रारम्भिक बाल विकास र शिक्षा सम्बन्धी सिकाइ सामग्री विकास र व्यवस्थापन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार गाउँपालिका र गैर |

| | | | | |
|---|---|---|---|---|
| | | | | सरकारी निकायहरू |
| कक्षामा सिकाइ कुनाको व्ययवस्थापन | सङ्ख्या | ३८ | ३८ | संघ, प्रदेश सरकार गाउँपालिका र गैर सरकारी निकायहरू |
| प्रारम्भिक बाल विकास र शिक्षाका बालबालिकालाई दिवा खाजा कार्यक्रम सञ्चालन | विद्यायलय सङ्ख्या | ३८ | ३८ | संघ, प्रदेश सरकार गाउँपालिका र गैर सरकारी निकायहरू |
| वालविकास केन्द्र अवलोकन भ्रमण | पटक | १ | १ | संघ, प्रदेश सरकार गाउँपालिका र गैर सरकारी निकायहरू |
| सहजकर्ताको पारिश्रमिक | मासिक | ३८ | ३८ | संघ, प्रदेश सरकार गाउँपालिका |
| प्रारम्भिक बाल विकास र शिक्षाका केन्द्रमा प्राथमिक उपचार किटको व्यवस्था | पटक | ५ | ५ | संघ, प्रदेश सरकार गाउँपालिका र गैर सरकारी निकायहरू |
| सहजकर्ताहरूका लागि प्राथमिक उपचार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार गाउँपालिका र गैर सरकारी निकायहरू |
| प्रारम्भिक बालविकास र शिक्षामा प्रविधमैत्री वातावरण विकास | सङ्ख्या | १५ | ३८ | संघ, प्रदेश सरकार गाउँपालिका र गैर |

| | | | | |
|---|---|---|---|---|
| | | | | सरकारी निकायहरू |

### ३.१.१२ अपेक्षित उपलब्धि

(क) प्रारम्भिक बालविकास र शिक्षाको न्युनतम मापदण्ड विकास भइ प्रयोगमा आएको हुने,
(ख) प्रारम्भिक बालविकास उमेर समूहका (३–४वर्ष) सबै बालबालिका विद्यालय शिक्षामा समावेश भएका हुने,
(ग) आधारभूत तह कक्षा एक मा भर्ना हुन आउने सबै बालबालिका आधारभूत शिक्षाको निरन्तरता प्रदान गरेको हुने,
(घ) प्रारम्भिक बालविकास कक्षाहरू सिकाइमैत्री वातावरणमा सञ्चालन भएका हुने,
(ङ) सबै प्रारम्भिक बालविकास सहजकर्ताहरू योग्य र तालिम प्राप्त हुने,
(च) प्रारम्भिक बालविकास कक्षामा सिकाइ कुनाको व्यवस्था भएको हुने,
(छ) प्रत्येक बालविकास शिक्षाका कक्षाहरू स्थानीय स्रोतमा आधारित सिकाइ सामग्रीले युक्त हुने,
(ज) प्रारम्भिक बालविकास र शिक्षाका बालबालिकाको वार्षिक रूपमा स्वास्थ्य परिक्षण भएको हुने,
(झ) प्रारम्भिक बालविकास र केन्द्र सञ्चालन भएका विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि अलगै भान्साको प्रबन्ध भएको हुने,
(ञ) प्रारम्भिक बालविकास र शिक्षामा प्राथमिक उपचार किटको प्रबन्ध तथा उपयोग भएको हुने,
(ट) प्रारम्भिक बालविकास र शिक्षामा समावेश बालबालिकाका अभिभावक उपयुक्त पोषण, स्वास्थ्य, उत्प्रेरित सिकाइ वातावरण सम्बन्धी सचेतना विकास तथा प्रयोग भएको हुने,

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालको शैक्षिक विकासको सुरवात वि.सं. १९९६ बाट भएको हो । वि.सं. १९९६ सालमा जारी भएको शिक्षाको इस्तिहारले शैक्षिक विकास क्रमलाई थप सहजीकरण गर्न

पुग्यो । प्राथमिक कक्षा १-३, मिडिल स्कुल कक्षा ४-७ र हाइस्कुल कक्षा ८-१० का रूपमा वर्गीकरण गरी शिक्षा प्रणालीलाई व्यवस्थित हुन थाल्यो ।

नेपालकै शिक्षामा अग्रणी भुमिका निर्वाह गर्ने बझाङ्ग जिल्लाका जयपृथ्वी बहादुर सिंह जस्ता मानवतावादी राजाको योगदान अतुलनीय रहेको छ । मानवतावादी राजा श्री जयपृथ्वी बहादुर सिंहले नेपाली भाषाको पहिलो पाठ्यपुस्तक अक्षराङ्क शिक्षा लेखेर नेपालकै शैक्षिक इतिहासमा ठुलो योगदान पुऱ्याएका थिए । त्यसै गरी नेपालको शैक्षिक इतिहासमा विभिन्न समयमा उच्चस्तरीय आयोगहरूको प्रबन्ध गरी पटक पटक संरचनामा फेरबदल हुदैं आएको छ । तहगत संरचनामा वेला वखत फेरवदल हुने क्रम जारी रहेको छ । हाल अन्तर्राष्ट्रिय स्तरमा शिक्षामा भइरहेको विकासलाई दृष्टिगत गरी आधारभूत तहलाई कक्षा ८ सम्म कायम गरिएको छ ।

नेपालको संविधानले आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क हुने व्यवस्था समेत गरी सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षा पाउने हक सुनिश्चित गरेक छ । संविधानको यो व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७५ जारी गरीसकेको अवस्था छ । यसको कार्यान्वयनका लागि तीन तहको सरकारको भूमिका किटान गरेको छ ।आधारभूत तहको शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ । समग्रमा शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधान प्रदत्त मौलिक हकलाई व्यहारमा कार्यान्वयन गर्न हाल भएका कानुनी व्यवस्थाहरू सकारात्मक छन् ।

आधारभूत तहको शैक्षिक सञ्चालन तथा व्यवस्थापनका विभिन्न समस्याहरू रहेका छन् ।अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले गरेको व्यवस्था अनुसारको अनिवार्य र निःशुल्क शिक्षाको सुनिश्चतता गर्ने कार्य थप चुनौतीपूर्ण रहेको छ । प्रत्येक स्थानीय तह यसका लागि पूर्णतः जिम्मेवार हुनु पर्ने अवस्था छ । यसका लागि अतिरक्त लगानी गर्नु पर्ने अवस्था रहेको छ । सङ्घीय तथा प्रदेश सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाका लागि कानुन बमोजिम निश्चित रकम अनुदानको रूपमा विनियोजन गर्दै आएको छ । सशर्त अनुदानमा आधारित शैक्षिक कार्यक्रमहरू सञ्चालन हुदै आएका छन् । यसप्रकारको लगानीले मात्र स्थानीय आवश्यकतामा आधारित शिक्षा सञ्चालन तथा व्यवस्थापन हुने अवस्था छैन । यसका लागि स्थानीय सरकारले पनि सबैको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको अवस्था सुनिश्चित गर्न योजनावद्ध विकासको अभ्यास जरुरी हुन्छ ।

### ३.२.२ विद्यमान अवस्था

नेपाल सरकारले विद्यमान अवस्थामा आधारभूत शिक्षालाई कक्षा ८ सम्म हुने गरी व्यवस्थित गरेको छ । पूर्व प्राथमिक शिक्षालाई पनि विद्यालय शिक्षाको अङ्गका रूपमा स्थापित गरी कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । आधारभूत शिक्षालाई संविधानले अनिवार्य तथा निःशुल्क गरेकोले यो कार्य नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको अवस्था छ । यसका लागि विभिन्न प्रकारका शैक्षिक कार्यक्रमहरू तय गरी कार्यान्वयनमा ल्याइसकेको छ ।

खप्तडछान्ना गाउँपालिकाले पनि नेपाल सरकारको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐनको व्यवस्था अनुसार शैक्षिक कार्यक्रम सञ्चालन गर्ने उद्देश्यका साथ कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । आधारभूत शिक्षाको अवस्थालाई हेर्दा स्थानीय स्रोतसाधन, स्थापित मूल्य मान्यता तथा मौलिक परम्परालाई आवश्यकताको आधारमा लागू गर्ने प्रयास गरेको अवस्था विद्यमान छ। तर अझै पनि आधारभूत तहको गुणस्तरीय शिक्षाको सुनिश्चितता भई सकेको छैन ।

स्थानीय पाठयक्रममा आधारित शिक्षालाई व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका प्रयासहरूको थालनी गरेको छ । तर पनि राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेको व्यवस्था अनुसार आधारभूत तह सम्म पूर्णरूपमा कार्यान्वयनमा आउन सकेको अवस्था छैन । त्यसैगरी शैक्षिक गुणस्तरको अवस्थामा सुधार हुन सकेको अवस्था छैन ।

खप्तडछान्ना गाउँपालिकामा कूल ३८ ओटा विद्यालय सञ्चालनमा रहेका छन् । उक्त विद्यालय मध्ये कक्षा १-३ सञ्चालन हुने विद्यालयको सङख्या १५ रहेको छ । त्यसैगरी कक्षा १-५ सञ्चालन हुने आधारभूत विद्यालय ८ रहेका छन् भने कक्षा १-८ सञ्चालन हुने विद्यालय ७ रहेका छन् । आधारभूत शिक्षाका पहुँचको पक्षबाट हाल सञ्चालनमा रहेका विद्यालय पर्याप्त नै देखिएका छन् । तर विद्यार्थी सङ्ख्याका आधारमा भने आधारभूत विद्यालयको वितरणमा समस्या देखिएको छ । नक्शाङ्कन गरी त्यसका आधारमा विद्यालय स्थापना भएको अवस्था देखिदैन ।यिनै परिप्रेक्षमा शिक्षाको दीर्घकालिन योजनाले आधारभूत शिक्षामा उच्च प्राथमिकता प्रदान गरी शैक्षिक कार्क्रमहरू कार्यान्वयन गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

### ३.२.३ समस्या

(क) आधारभूत तह अनिवार्य र निःशुल्क शिक्षाको सुनिश्चितता हुन नसक्नु,

(ख) अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन भई सबैको शैक्षिक पहुँच सुनिश्चित हुन नसक्नु,

(ग) आधारभूत तहका माथिल्ला कक्षाहरूमा विद्यालय छाड्ने दर उच्च हुनु,

(घ) प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहितका बालकालिकाहरू कक्षा एकमा भर्ना हुने अवस्था नहुनु,

(ङ) कक्षा एकमा भर्ना भएका बालबालिकालाई आधारभूत तहको अन्तसम्म विद्यालयमा टिकाई राख्न नसक्नु तथा उनीहरूको माध्यमिक शिक्षामा निरन्तरता प्रदान गर्न नसकिनु,

(च) अभिभावकमा सार्वजनिक विद्यालयको गुणस्तरीय शिक्षा प्रतिको आकर्षणमा अभिवृद्धि गर्न नसक्नु,

(छ) अभिभावकमा दिनानुदिन संस्थागत विद्यालय प्रतिको आकर्षण वृद्धि हुँदै जानु,

(ज) विद्यार्थी सङ्ख्या र विषयको आधारमा शिक्षक दरबन्दी मिलान हुन नसक्नु,

(झ) विद्यालयमा वियषगत शिक्षकको व्यवस्थापन गर्न नसकिनु,

(ञ) हाल स्वीकृत शिक्षक दरवन्दी विद्यार्थी सङ्ख्याका आधारमा अपुग हुनु,

(ट) गाउँपालिकाले अत्यावश्यक शिक्षक व्यवस्थापन गर्न सक्ने अवस्था नहुनु,

(ठ) विद्यालयको भौतिक पूर्वाधारलाई लैङ्गिक मैत्री, अपाङ्गता मैत्री बनाउन नसकिनु,

(ड) कक्षा कोठा वातावरणलाई बालमैत्री तथा प्रविधि मैत्री बनाउन नसक्नु,

(ढ) शिक्षकहरूलाई प्रविधि मैत्री शिक्षण सिकाइका लागि तयार गर्न नसकिनु,

(ण) प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास तथा प्रयोगको अवस्था सिर्जना हुन नसक्नु,

(त) विद्यार्थीको रुचि, चाहाना र क्षमताअनुसार शिक्षण सिकाइमा सहजता कायम गर्न नसक्नु,

(थ) जनसाङ्ख्यक बनोट, तथा बसाइँसराईबाट जनसाङ्ख्यकीमा आएको परिवर्तनका आधारमा विद्यालय समायोजन तथा पुर्नव्यवस्थापन हुन नसक्नु,

(द) विद्यालयमा आधारित शिक्षक सहयोग पद्दति विकास हुन नसक्नु,

(ध) विद्यालय निरीक्षण तथा सुपरिवेक्षण कार्य संस्थागत गर्न नसक्नु,

(न) शिक्षकलाई शिक्षण सिकाइका लागि उपयुक्त परामर्श तथा सहयोग गर्ने पद्दति विकास हुन नसक्नु,

(ऩ) विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि अत्यावश्यक भान्सा तथा स्टोर कोठाको उपलब्धता नहनु र स्थानीय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापन नहुनु,

(प) विद्यालयमा किशोरीहरूका लागि प्रदान हुने स्यानिटेरी प्याडको उचित व्यवस्थापन नहुनु,

(फ) विद्यालयमा स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास भइ कार्यान्वयनमा आउन नसक्नु,

(ब) विद्यालयमा प्राथमिक उपचारसम्बन्धी किटको व्यवस्था तथा त्यसको प्रयोग भएको अवस्था नहुनु,

(भ) विद्यालयका बालबालिकाहरूका लागि वार्षिक रूपमा स्वास्थ्य परीक्षण गरी रिफरल गर्ने सेवा प्रदान नहुनु,

(म) सिकाइ अवस्था कमजोर भएका बालबालिकाहरूका लागि उपचारात्मक सिकाइको प्रबन्ध गरी सिकाइ सुधारका कार्यक्रमहरू सञ्चालनमा नरहनु,

(य) विद्यालयमा पुस्तकालयको उचित प्रबन्ध हुन नसक्नु र कक्षा कोठामा आधारित सिकाइ कुना व्यवस्थापन हुन नसक्नु,

(र) विद्यालयलाई उत्थानशील बनाउन नसक्नु,

(ऱ) आधारभूत तहको सिकाइ उपलब्धि कमजोर हुनु,

## ३.२.४ चुनौती

(क) विद्यालय उमेर समूहका सबै बालबालिकाको आधारभूत तहको अनिवार्य र निःशुल्क शिक्षाको पहुँच सुनिश्चित गर्नु,

(ख) आधारभूत तहको शिक्षालाई समतामूलक, समावेशी र गुणस्तरीय बनाउनु,

(ग) गुणस्तरीय मापदण्डमा आधारित शिक्षाको अवस्था सुनिश्चित गर्नु,

(घ) शिक्षालाई बालमैत्री, लैङ्गिक मैत्री र प्रविधि मैत्री बनाउनु,

(ङ) कक्षा एकमा भर्ना भएका सबै बालबालिकाहरूलाई आधारभूत तको कक्षा ८ सम्म विद्यालयमा टिकाइ राख्नु,

(च) विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयभित्र ल्याउनु,

(छ) नक्शाङ्कन तथा जनसाङ्ख्यिकीको आधारमा विद्यालयको पुर्व्यवस्थापन गर्नु,

(ज) तोकिएको मापदण्डमा आधारित भई विषय तथा विद्यार्थी सख्याको आधारमा दरबन्दी मिलान गर्नु,

(झ) शिक्षा क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गर्नु,

(ञ) विद्यालय सुशासनको प्रत्याभूति दिनु,

(ट) कमजोर क्षमता भएका बालबालिकालाई उपयुक्त सिकाइ सहयोग कार्यक्रम सञ्चालन गरी सिकाइ उपलब्धिमा सुधार गर्नु,

(ठ) निरन्तर विद्यार्थीको मूल्याङ्कन गरी मूल्याङ्कन नतिजाका आधारमा सिकाइ समस्या पहिचान गरी उपचारात्मक शिक्षण सिकाइको वातावरण सिर्जना गर्नु,

(ड) सामुदायिक विद्यालयमा अभिभावकको विश्वसनीयता कायम गरी विद्यार्थी भर्ना दर अभिवृद्धि गर्नु,

(ढ) सबै विद्यालयहरूमा पुस्तकालाय तथा सूचना र प्रविधि सहितको ल्यावको व्यवस्था गर्नु,

(ण) सबै विद्यालयलाई विपद् उत्थानशील बनाउनु।

### ३.२.५ अवसर

(क) स्थानीय सरकारलाई आधारभूत तहको शिक्षाको सञ्चालन तथा व्यवस्थापनको पूर्ण अधिकार हुनु,

(ख) स्थानीय सरकारले आधारभूत तहको शिक्षाको सर्वसुलभतालाई उच्च प्राथमिकतामा राखु,

(ग) शिक्षाको विकासका लागि दीर्घकालिन सोच तथा योजनाका आधारमा अगाडी बढ्ने सोच तथा व्यवहार देखाउनु।

### ३.२.६ लक्ष्य

**आधारभूत शिक्षालाई समावेशी, अनिवार्य, निःशुल्क तथा गुणस्तरीय बनाइ सबैको पहुँच सुनिश्चित गर्ने ।**

### ३.२.७ उद्देश्य

(क) अनिवार्य र निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु,

(ख) गुणस्तरीय भौतिक संरचना सहितको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा गुणस्तर कायम गर्नु,

(ग) सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरी आधारभूत शिक्षाको शैक्षिक व्यवस्थापनमा सुधार गर्नु।

### ३.२.८ रणनीति

(क) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको पहुँच वृद्धि गरी सबैका लागि सर्वसुलभ गर्ने,

(ख) आधारभूत शिक्षाको गुणस्तरमा सुधार गर्ने,

(ग) नक्शाङ्कनका आधारमा गुणस्तरीय सिकाइका लागि अत्यावश्यक पूर्वाधार सहितको आधारभूत विद्यालयको व्यवस्थापन गर्ने,

(घ) गुणस्तर मापदण्डमा आधारित शिक्षक व्यवस्थापन, विद्यालय व्यवस्थापनको अवस्था सिर्जना गर्ने,

(ङ) बालमैत्री, प्रविधि मैत्री तथा अपाङ्गता मैत्री विद्यालय तथा कक्षाकोठा वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

(च) सबैको सिकाइ उपलब्धिमा सुधार गरी गुणस्तरीय सिकाइका लागि आवश्यकतामा आधारित सिकाइ सहयोग कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने,

(छ) सुरक्षित विद्यालय वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको अवस्था सिर्जना गर्ने,

(ज) आपतकालिन अवस्थामा सिकाइको निरन्तरताका लागि अत्यावश्यक योजना विकास तथा कार्यान्वयन गर्ने,

(झ) उचित भौतिक वातावरणमा स्थानीय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापन तथा उपयुक्त स्वास्थ्य तथा पोषण समबन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,

(ञ) शैक्षिक सुशासनका लागि सरोकारवालाहरूको सक्रिय सहभागिता अभिवृद्धि गर्ने।

## ३.२.९ कार्यनीति

(क) अनिवार्य तथा निःशुल्क शिक्षालाई मापदण्डमा आधारित भई शैक्षिक गुणस्तरमा सुधार गरिने छ ।

(ख) विद्यालयको नक्शाङ्कनका आधारमा आधारभूत विद्यालयहरूको पुनर्व्यवस्थापन गरिने छ ।

(ग) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐनको प्रभावकारी कार्यान्वयन गरी प्रत्येक बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गरिने छ ।

(घ) अपाङ्गता भएका बालबालिका, विपन्न तथा सीमान्तकृत र जोखिममा रहेका बालबालिकाहरुको अनिवार्य तथा निःशुल्क शिक्षा पाउने संवैधानिक हकको सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गरिने छ।

(ङ) अपाङ्गता भएका वा सिकाइ सिमितता भएका बालबालिकाको पहिचान (Screening) गरी वैयक्तिक सिकाइ योजना कार्यान्वयन गरी सिकाइमा सहजीकरण गरिने छ ।

(च) विद्यालयमा आधारित शिक्षक सहयोग, तथा विद्यार्थी सहयोग पद्धति विकास तथा कार्यान्वयन गरी शैक्षिक गुणस्तरमा सुधार गरिने छ ।

(छ) निरन्तर सिकाइको मूल्याङ्कन तथा नतिजा विश्लेषणका आधारमा कमजोर सिकाइ भएका बालबालिकाका लागि उपचारात्मक सिकाइको अवसर सुनिश्चित गरिने छ ।

(ज) एक विद्यालय एक पुस्तकालयको अवधारणा अनुसार पुस्तकालयको प्रवन्ध गरिने छ ।

(झ) स्थानीय मूल्यमान्यता, परम्परागत प्रविधि, लगायतका अन्य विशिष्ट मूल्यहरूको संरक्षण तथा सम्बर्द्धनका लागि स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गरिने छ ।

(ञ) बालबालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटनका लागि नवप्रवर्तनमा आधारित सहकार्यकलाप सञ्चालन गरिने छ ।

(ट) एकीकृत पाठ्यक्रम तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक क्षमता विकास गरिने छ ।

(ठ) सबै विद्यालयमा समावेशी शिक्षण सिकाइका लागि न्यूनतम वातावरण विकासका लागि विद्यालय भौतिक संरचना विकास गरीने छ ।

(ड) जोखिममा परेका, अल्पसङ्ख्यक, लोपोन्मुन्ख तथा अति सिमान्तकृत समूहका विद्यार्थीको शैक्षिक सुनिश्चितताका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(ढ) अपाङ्गता भएका बालबालिकाको सिकाइ अवसरहरू वृद्धि गर्न विभिन्न प्रकारका सिकाइ सामग्रीहरूको विकास तथा तिनको सर्वसुलभता गरिने छ ।

(ण) गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याईने छ ।

(त) निरन्तर मूल्याङ्कन प्रणालीलाई थप सहज तथा व्यवस्थित गरिनेछ ।

(थ) विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि उपयुक्त भान्सा कोठा तथा सामग्री भण्डारणको व्यवस्था गरी स्थानीय उत्पादनमा आधारित दिवा खाजा खुवाउने प्रबन्ध गरिने छ ।

(द) विद्यालका बालबालिकाहरूको वार्षिक रूपमा स्वास्थ्य परीक्षण कार्य गरी आवश्यकता अनुसार रिफरल सेवा प्रदान गरिने छ ।

(ध) विद्यालयमा आधारित किशोर किशोरी लक्षित यौन प्रजनन तथा स्वास्थ्य र सरसफाइ सम्बन्धी ज्ञान तथा सीप विकासका लागि स्थानीय स्वास्थ्यकर्मीहरूको परिचालन गरिने छ ।

(न) विद्यालयमा प्राथमिक उपचार किटको प्रबन्ध गरिने छ।

(ऩ) शिक्षकलाई प्राथिमक उपचार किटको उचित प्रयोगकोका लागि अत्यावश्यक सीप विकास गरिने छ।

(प) स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्री विकास तथा प्रयोगका लागि विद्यालयलाई जिम्मेवार बनाइने छ ।

(फ) विद्यालयमा सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाईको व्यवस्था कार्यान्वयन गरी शैक्षिक सुशासन कायम गरिने छ ।

(ब) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूतिका लागि विद्यालय सुधार योजनामा आधारित लक्षित कार्यक्रमहरू कार्यान्वयन गरिने छ ।

### ३.२.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| **प्रमुख कार्यक्रम** | **इकाइ** | **भौतिक लक्ष्य** | | **समन्वय र साझेदारी** |
|---|---|---|---|---|
| | | **पहिलो पाँच वर्ष २०८३** | **दोस्रो पाँच वर्ष २०८८** | |
| आधारभूत तहको शिक्षाको मापदण्ड विकास | पटक | १ | अध्यावधिक | गाउँपालिका र गैर सरकारी निकायहरू |
| विद्यालय नक्शाङ्कन सर्भे | पटक | १ | अध्यावधिक | गाउँपालिका र गैर सरकारी निकायहरू |
| आधारभूत तहका विद्यालयहरूको पूर्वाधार विकास (बाल मैत्री लैङ्गिक मैत्री तथा अपाङ्गता मैत्री) | सङ्ख्या | १५ | ३८ | गाउँपालिका र गैर सरकारी निकायहरू |
| विद्यालयमा शौचालय तथा खाने पानी निर्माण | सङ्ख्या | | | गाउँपालिका र गैर सरकारी निकायहरू |
| मागमा आधारित विज्ञान प्रयोगशाला निर्माण | सङ्ख्या | १० | ३८ | गाउँपालिका र गैर सरकारी निकायहरू |
| सूचना सञ्चार तथा प्रविधि ल्याव स्थापना र सञ्चालन | सङ्ख्या | १० | ३८ | गाउँपालिका र गैर सरकारी निकायहरू |
| एक विद्यालय एक पुस्तकालय कार्यक्रम | सङ्ख्या | | | गाउँपालिका र गैर सरकारी निकायहरू |
| खेल मैदान सुधार तथा विद्यालय घेरावार कार्यक्रम | सङ्ख्या | १० | १० | गाउँपालिका र गैर सरकारी निकायहरू |

| | | | | |
|---|---|---|---|---|
| एकीकृत पाठ्यक्रम र सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षकको पेसागत विकास तालिम सञ्चालन | सङ्ख्या | १४४ | १४४ | गाउँपालिका र गैर सरकारी निकायहरू |
| विषयगत तथा विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी मिलान | सङ्ख्या | ३८ | ३८ | गाउँपालिका |
| कक्षाकोठामा सिकाइ कुनाको प्रबन्ध | सङ्ख्या | ३८ | ३८ | गाउँपालिका र गैर सरकारी निकायहरू |
| कक्षाकोठामा बुक कर्नर निर्माण | सङ्ख्या | ११९ | ११९ | गाउँपालिका र गैर सरकारी निकायहरू |
| स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक | २ | २ | गाउँपालिका र गैर सरकारी निकायहरू |
| परीक्षा स्तरीकरण कार्यक्रम | पटक | ५ | ५ | गाउँपालिका र गैर सरकारी निकायहरू |
| दिवा खाजा व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका र गैर सरकारी निकायहरू |
| स्वास्थ्य परीक्षण कायर्यक्रम सञ्चालन | पटक | ५ | ५ | गाउँपालिका र गैर सरकारी निकायहरू |
| विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था र शिक्षकलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | गाउँपालिका र गैर सरकारी निकायहरू |
| स्वास्थ्यकर्मी परिचालन गरी किशोर किशोरी लक्षित कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | गाउँपालिका र गैर सरकारी निकायहरू |

| | | | | |
|---|---|---|---|---|
| प्रतिभा प्रस्फुटनमा आधारित सह-कार्यकलाप सञ्चालन | पटक | १० | १० | गाउँपालिका र गैर सरकारी निकायहरू |
| सिकाइ उपलब्धी कमजोर भएका बालबालिकाहरू लक्षित सिकाइ सहयोग कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | गाउँपालिका र गैर सरकारी निकायहरू |
| स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्री विकास कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | गाउँपालिका र गैर सरकारी निकायहरू |
| विद्यालयमा आधारित सार्वजिनक सुनुवाई कार्यक्रम सञ्चालन | सङ्ख्या | ५ | ५ | गाउँपालिका र गैर सरकारी निकायहरू |
| अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन | पटक | १० | १० | संघीय सरगाउँपालिका र गैर सरकारी निकायहरू |
| विपन्न तथा सीमान्तकृत समुदायका बालबालिका लक्षित शैक्षिक सहयोग कार्यक्रम | सङ्ख्या | ३ | ३ | गाउँपालिका र गैर सरकारी निकायहरू |

## ३.२.११ अपेक्षित उपलब्धिहरू

(क) आधारभूत तह को खूद भर्ना दरमा वृद्धि भएको हुने,

(ख) सबै बालबालिकाको आधारभूत तहको शिक्षामा पहुँच सुनिश्चित भएको हुने,

(ग) विद्यालयहरूको पूर्वाधार बालमैत्री, अपाङ्गता मैत्री भई सबै वालबालिकाको पहुँच सहज भएको हुने,

(घ) नक्शाङ्कनका आधारमा विद्यालय पुनर्व्यवस्थित भएको हुने,

(ङ) प्रत्येक आधारभूत विद्यालयमा सूचना प्रविधिको ल्याब, ई.लाइब्रेरी, एक विद्यालय एक पुस्तकालय स्थापना भइ शिक्षण सिकाइ क्रियाकलापमा आधुनिकीकरण भएको हुने ।

(च) स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवम् प्रयोग भएको हुने,

(छ) प्रत्येक विद्यालयमा कक्षा ८ मा स्तरीकृत परीक्षाको सञ्चालन भएको हुने,

(ज) शिक्षकको पेसागत क्षमता विकास भएको हुने र शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री भएको हुने,

(झ) बालबालिका केन्द्रित  सहकार्यकलाप सञ्चालन संस्थागत भएको हुने,

(ञ) आधारभूत तहका प्रत्येक कक्षामा बुक कर्नर निर्माण भएको हुने,

(ट) कक्षा ८ को अन्तमा लिइने परीक्षाको उपलब्धिमा सुधार भएको हुने,

(ठ) आधारभूत तहमा विषयगत शिक्षकको व्यवस्थापन भएको हुने र विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी मिलान भएको हुने,

(ड) आधारभूत विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि भान्साकोठा तथा भाँडाकुँडाको प्रबन्ध भइ स्थानीय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापन भएको हुने,

(ढ) आधारभूत तहका बालबालकाहरूले स्थानीय स्वास्थ्यकर्मीबाट किशोर किशोरी लक्षित ज्ञान तथा सीप हासिल गरेको हुने,

(ण) विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था भई प्रयोगमा आएको हुने,

(त) कमजोर सिकाइ भएका बालबालिकालहरूले थप सिकाइ सहयोग मार्फत सिकाइ उपलब्धिमा सुधार भएको हुने,

(थ) आपत्कालिन तथा विपद्को समयमा सिकाइले निरन्तरता पाएको हुने,

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

सबैका लागि शिक्षा आजको माग हो । यसैका आधारमा नेपाल सरकारले शिक्षाका कार्यक्रम सञ्चालन गर्दै आएको छ । सबैका लागि शिक्षा कार्यक्रम, विद्यालय क्षेत्र सुधार कार्यक्रम, जस्ता कार्यक्रम सञ्चालन हुँदै आएका छन् । शिक्षाका लागि खाद्यान्न, विद्यालय दिवा खाजा कार्यक्रम जस्ता कार्यक्रम सञ्चालन गरी सबैका लागि शिक्षाको अवस्था सुनिश्चित गर्ने प्रयास हुँदै आएका छन् । नेपाल सरकारले कक्षा ९-१२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाका रूपमा परिभाषित गरेको छ । कक्षा ९-१० र ११ र १२ गरी दुई समूहमा माध्यमिक शिक्षा व्यवस्थापन हुँदै आएको छ । त्यसै गरी कक्षा ९-१२ मा साधारण विद्यालयमा प्राविधिक धारका शैक्षिक कार्यक्रम सञ्चालन हुँदै आएको छ । यसरी साधारण तथा प्राविधिक धारका माध्यमिक शिक्षा पद्दति सञ्चालन हुँदै आएका छन् ।

माध्यमिक शिक्षा उच्च शिक्षा अध्ययनको आधारशिला हो । विश्वब्यापी प्रतिस्पर्धामा मानवश्रोतको विकासका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेल्नु पर्छ । राजनैतिक,

आर्थिक र सामाजिक रूपमा सचेत तथा सक्रिय नागरिक तयारीका लागि पनि शिक्षा गुणस्तरीय हुन अत्यावश्यक हुन्छ । साथै माध्यमिक तह सम्मको निःशुल्क शिक्षामा अपाङ्गता भएका बालबालिकाको शैक्षिक अधिकार समेत सुनिश्चित गर्नु आजको आवश्यकता बन्न गएको छ ।

नेपालको संविधान, २०७२ ले माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क हुने कानुनी प्रावधान गरेको छ । सबै बालबालिकालाई निःशुल्क शिक्षा लिने अधिकार तथा हक सुनिश्चित गरेको छ । संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँने गरी निर्दिष्ट गरेको छ । साथै संविधानले सक्षम, प्रतिस्पर्धी नैतिक एवम् राष्ट्रहितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिएको छ । नेपालको संविधान बमोजिम आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । विद्यालय शिक्षालाई थप व्यवस्थित गर्न नेपाल सरकारले राष्ट्रिय पाठ्यक्रम प्रारुप विकास गरी कार्यान्वयनमा ल्याएको छ । यस अन्तर्गत माध्यमिक तहको शिक्षाको सक्षमताहरू तय गरिएका छन् । हालै नेपाल सरकारले समग्र शिक्षा पद्दतिलाई राष्ट्रिय योग्यता प्रारुपका आधारमा व्यवस्थित गर्ने गरी कार्यहरू प्रारम्भ गरेको छ । माध्यमिक शिक्षामा प्राविधिक धारको पाठ्यक्रम पनि पठनपाठनमा रहेको छ । साधारण शिक्षा अन्तर्गत यस्ता कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

### ३.३.२ विद्यमान अवस्था

शिक्षा तथा मावस्रोत विकास केन्द्रबाट प्रकाशित फ्ल्यास प्रतिवेदन सन् २०२१-२०२२ अनुसार माध्यमिक तह कक्षा ९-१२ मा कूल १७६९४५५ विद्यार्थी अध्ययन गरिरहेका छन् । जसमध्ये १०७९३५२ (६१.० %) जना कक्षा ९-१० मा र बाँकी ६९०१०२ (३९.० %) कक्षा ११-१२ मा अध्ययनरत रहेका छन् । छात्राको सहभागिता कक्षा ९-१० मा ४९.४९ प्रतिशत र कक्षा ११-१२ मा ५१.७ प्रतिशत रहेको अवस्था विद्यमान छ । त्यसैगरी लैङ्गिक समता दरको अवस्था कक्षा ९-१० मा १.०१ प्रतिशत र कक्षा ११-१२ मा ०.९३ प्रतिशत रहेको छ । सहजै देखिने भर्ना दरको हकमा कक्षा ९-१० मा ९७.८५ प्रतिशत र कक्षा ११-१२मा ६२.८ प्रतिशत रहेको छ । खुद भर्ना दरको हकमा कक्षा ९-१० मा ७६.०५ प्रतिशत र कक्षा ११-१२ मा ५६ .० प्रतिशत रहेको छ ।

खसडछान्ना गाउँपालिकामा कुल ८ ओटा माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । जसमा सबै सामुदायिक विद्यालय रहेका छन् । माध्यमिक तहमा अध्ययनरत विद्यार्थी कूल १२८१ विद्यार्थी छन् । जसमा छात्राको सङ्ख्या ६४६ रहेको छ भने छात्र६२५

रहेको छ । विद्यालय विद्यार्थी अनुपात १६०:१ रहेको छ । विद्यार्थी शिक्षक अनुपात २७:१ रहेको छ ।

### ३.३.३ समस्या

(क) भबन तथा कक्षाकोठा जीर्ण अवस्थामा हुनु,
(ख) विद्यालय भवन भूकम्प प्रतिरोधी नहुनु,
(ग) शौचालयको अवस्था कमजोर हुनु र छात्र/छात्रा/ शिक्षक महिला /पुरुष अपाङ्ग मैत्री शौचालयको अभाव हुनु,
(घ) खानेपानीको अवस्था कमजोर हुनु र भएकामा पनि बालमैत्री पक्षलाई ध्यान नदिइनु,
(ङ) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइका लागि कम्प्युटर ल्याब नहुनु,
(च) प्रविधि मैत्री शिक्षणका लागि अत्यावश्यक पूर्वाधार जस्तै नियमित विद्युत आपूर्ति तथा इन्टरनेट कनेक्टिभिटि नहुनु र भएकोमा पनि व्याण्डविथ कमजोर हुनु,
(छ) बिज्ञान प्रयोगशाला नहुनु,
(ज) सिकाइका लागि पुस्तकालयको अभाव हुनु,
(झ) विद्यालयमा घेरबारको व्यवस्था हुन नसक्नु,
(ञ) विद्यालयमा उपयुक्त खेल मैदानको व्यवस्था नहुनु,
(ट) प्राविधिक धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको व्यवस्थापन हुन नसक्नु,
(ठ) विपन्न तथा पिछडिएका समुदायका बालबालिकाका लागि छत्रावासको व्यवस्था हुन नसक्नु,
(ड) माध्यमिक तहमा विषयगत शिक्षकहरूको अवस्था अपर्याप्त रहनु,
(ढ) विद्यार्थी सङ्ख्या र विषयका आधारमा आवश्यक शिक्षक आपूर्ति हुन नसक्नु,
(ण) विद्यालय वातावरण तथा भौतिक संरचनालाई बाल मैत्री लैङ्गिक मैत्री तथा अपाङ्गता मैत्री बनाउन नसकिनु,
(त) प्रविधि मैत्री शिक्षण सिकाइका लागि अत्यावश्यक सक्षमता विकास हुन नसक्नु र शिक्षक यसका लागि उत्प्रेरित र प्रतिवद्ध नहुनु,
(थ) माध्यमिक शिक्षाले स्थानीय तहमा रोजगारमूलक जनशक्ति तयार गर्न नसक्नु,
(द) अभिभावकको शिक्षा सुधार तथा विकास प्रति कम चासो हुनु,
(ध) विद्यालयमा सुपरीवेक्षण तथा अनुगमन गर्ने पद्दति विकास हुन नसक्नु।

### ३.३.४ चुनौती

खसडछान्ना गाउँपालिकाका शैक्षिक चूनौतिहरू देहायबमोजिम रहेका छन्:

(क) माध्यमिक शिक्षा निःशुल्क हुने गरी नक्शाङ्कनका आधारमा व्यवस्थित गर्नु,

(ख) विद्यालय भौतिक संचनामा सुधार गरी विद्यालयलाई अपाङ्ग मैत्री बालमैत्री र लैङ्गिक मैत्री बनाउनु

(ग) विद्यालयमा सामाजिक समावेशीकरण र समतामूलक पहुँच सुनिश्चित गर्नु,

(घ) सामाजिक तथा आर्थिक कारणले पिछडिएका, विविध कारणले बहिष्करणमा परेका बालबालिकाहरूको तथा एचआइभि एड्स र अन्य शरीरिक तथा मानसिक रूपमा अशक्तहरूको माध्यमिक शिक्षामा सहभागिता सुनिश्चत गर्नु,

(ङ) सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल गर्नु,

(च) विद्यालय छोड्ने, कक्षा दोहोर्याउने दर दरमा न्यूनता ल्याउनु,

(छ) प्रविधि मैत्री शिक्षण सिकाइका आधारमा माध्यमिक शिक्षाको गुणस्तरमा सुधार गर्नु,

(ज) माध्यमिक शिक्षामा व्यवस्थापन प्रभावकारिता सुनिश्चित गर्नु,

(झ) विषयगत शिक्षकहरूको आपूर्ति गर्नु,

(ञ) विद्यालयमा पर्याप्त प्रयोगशालाहरूको प्रबन्धका साथ क्रियाकलापमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,

(ट) सूचना सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइको अवस्था सुनिश्चित गर्नु।

### ३.३.५ अवसर

(क) विद्यमान ऐन कानुन तथा नियमावलीले माध्यमिक शिक्षाको विकासका लागि कार्यक्रम तय गरी कार्यान्वयनमा जाने पर्याप्त कानुनी आधार हुनु,

(ख) पालिकालाई कानुन बनाइ शिक्षा विकास योजना तथा कार्यक्रम सञ्चालन गर्ने अधिकार हुनु,

(ग) स्थानीय सरकारले शिक्षा क्षेत्रको विकासका लागि वृहत योजना तयार गरी कार्यान्वयनमा जाने प्रतिवद्धता जाहेर गर्नु,

(घ) शिक्षक तथा विद्यार्थीमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शैक्षिक क्रियाकालाप सञ्चालन गर्नुपर्छ भन्ने मान्यता विकास हुँदै जानु।

### ३.३.६ लक्ष्य

**प्रत्येक व्यक्तिको सर्वाङ्गीण विकास गरी व्यक्ति, समाज तथा राष्ट्र विकास प्रति प्रतिवद्ध, प्रतिस्पर्धी, सिपयुक्त र रोजगार उन्मुख तथा असल नागरिक तयार गरिने छ ।**

### ३.३.७ उद्देश्य

(क) प्रविधियुक्त तथा रोजगारीमुखी शिक्षामा पुहँच, समता, गुणस्तर र सान्दर्भिकतामा सुधार गर्नु ।

(ख) श्रमबजारमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्ती तयार गर्नु ।

(ग) बिद्यालय र समुदाय बिच समुधर सम्बन्ध कायम गरी अभिभावको शैक्षिक सहभागिता अभिवृद्धि गर्नु ।

(घ) शैक्षिक व्यवस्थापनमा सुधार गर्नु ।

### ३.३.८ रणनीति

(क) नक्शाङ्कनका आधारमा विद्यालयको पुनरव्यवस्थापन गर्ने,

(ख) विद्यालयको भौतिक संचनालाई बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गता मैत्री, प्रविधि मैत्री र उत्थानशील बनाउने,

(ग) विद्यालयमा न्यूनतम शैक्षिक वातावरण तयार गरी गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलापको वातावरण सुनिश्चित गर्ने,

(घ) शैक्षिक विकास तथा सिकाइ सुधारमा अभिभावको सक्रियता अभिवृद्धि गर्ने,

(ङ) शैक्षिक व्यवस्थापनलाई जिम्मेवार र जवाफदेही बनाउने।

### ३.३.९ कार्यनीति

(क) नक्शाङ्कनका आधारमा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा विस्तार गरी सबैलाई समावेशी तथा गुणस्तरीय माध्यमिक शिक्षाको पहुँच र अवसरमा सुनिश्चित गरिनेछ ।

(ख) विद्यालयमा न्यूनतम सिकाइ वातावरण तयार गर्न आवश्यक भौतिक संरचनाको विकास गरिने छ ।

(ग) विद्यालयलाई बालमैत्री, अपङ्गता मैत्री, लैङ्गिक मैत्री, प्रविधि मैत्री र उत्थानशील बनाइने छ ।

(घ) उपचारात्मक शिक्षण सिकाइको अवलम्बन गरी सिकाइ अवस्था कमजोर भएका बालबालिकाहरूको सिकाइ उपलब्धिमा सुधार गरिनेछ ।

(ङ) विद्यालयसँगको सहकार्यमा विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा ल्याइनेछ ।

(च) साधारण माध्यमिक शिक्षाको धारमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षालाई सम्भाव्यताका आधारमा विस्तार गरिने छ ।

(छ) विद्यालयमा विज्ञान, सूचना र सञ्चार प्रविधि सम्बन्धी प्रयोगशाला विकास गरिनेछ ।

(ज) विद्यालयमा भय तथा विभेद रहित, सुरक्षित र जोखिममुक्त शैक्षिक वातावरण निर्माण गरिने छ ।

(झ) प्रभावकारी शिक्षक व्यवस्थापन, आवश्यकता तथा सक्षमतामा आधारित शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

(ञ) छात्राका लागि निःशुल्क सेनिटरी प्याड वितरण गरीनेछ र स्वास्थ्यकर्मी परिचालन गरी किशोर किशोरीलाई स्वास्थ्य सरसफाइ तथा प्रजनन स्वास्थ्य र सुरक्षित व्यवहारका बारेमा सचेतीकरण गरिनेछ।

(ट) विद्यार्थी सङ्ख्या तथा विषयगत शिक्षण सिकाइका आधारमा शिक्षक दरबन्दीको व्यवस्थापन गरिनेछ

(ठ) शिक्षक विद्यार्थी अनुपातलाई व्यवस्थित गरिने छ ।

(ड) सिकाइ मूल्याङ्कनलाई भरपर्दो र व्यावहारिक बनाइनेछ ।

(ढ) अनलाइन र अफलाइन पाठ्यसामग्रीहरूको विकास तथा प्रयोग गरी विपत्मा पनि शिक्षण कार्यलाई निरन्तरता प्रदान गरिने छ ।

(ण) अपाङ्गता भएका, गरीब तथा विपन्न, र सीमान्तकृत समुदायका बालबालिकालाई निःशुल्क पोशाक, शैक्षिक सामग्री सहयोग उपलब्ध गराइ माध्यमिक शिक्षाको शैक्षिक अवसर सुनिश्चित गरिने छ ।

(त) शिक्षण सिकाइलाई अनुसन्धानमा आधारित गर्न शिक्षकलाई प्रोत्साहन गरिनेछ ।

(थ) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरी परिचालन गरिने छ ।

(द) विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था गरिनेछ ।

### ३.३.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८३ | दोस्रो पाँच वर्ष २०८८ | |

| | | | | |
|---|---|---|---|---|
| विद्यालय नक्साङ्कन र नक्शाङ्कनका आधारमा पुर्नसमायोजन तथा व्यवस्थापन | पटक | ० | ० | संघ, प्रदेश सरकार र गैर सरकारी निकायहरू |
| न्यूनतम सिकाइ मापदण्डमा आधारित कार्यक्रम विकास | पटक | ५ | ५ | संघ, प्रदेश सरकार र गैर सरकारी निकायहरू |
| अपाङ्गता मैत्री बाल मैत्री लैङ्गिक मैत्री र प्रविधि मैत्री उत्थानशील भौतिक पूर्वाधार विकास | सङ्ख्या | ४ | ४ | संघ, प्रदेश सरकार र गैर सरकारी निकायहरू |
| शिक्षक दरबन्दी मिलान | सङ्ख्या | ८ | ८ | स्थानीय सरकार |
| खेल मैदान सुधार तथा विद्यालय घेरावार कार्यक्रम | सङ्ख्या | ४ | ४ | संघ, प्रदेश सरकार, स्थानीय सरकार |
| विज्ञान तथा सूचना सञ्चार र प्रविधिमा आधारित प्रयोगशाला विकास कार्यक्रम | सङ्ख्या | ४ | ४ | संघ, प्रदेश सरकार, स्थानीय सरकार |
| सूचना सञ्चार प्रविधिमा आधारित सक्षमता विकाका लागि शिक्षकको पेसागत विकास तालिम सञ्चालन | सङ्ख्या | २२ | २४ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| कक्षाकोठामा सिकाइ कुनाको प्रबन्ध | सङ्ख्या | १२ | १२ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| कक्षाकोठामा किताव र्‍याक निर्माण | सङ्ख्या | १२ | १२ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन | सङ्ख्या | ५ | ५ | स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| एक विद्यालय एक पुस्तकालय कार्यक्रम सञ्चालन | सङ्ख्या | ४ | ४ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |

| | | | | |
|---|---|---|---|---|
| गरीव तथा विपन्न र अपाङ्गता भएका बालबालिकाका लागि शैक्षिक सहयोग | सङ्ख्या | २० | ८० | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| सिकाइ वातावरण सुधार(विद्यालय घेरावार सुरक्षित शौचालय तथा खानेपानीको व्यवस्था) कार्यक्रम | सङ्ख्या | ४ | ४ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| शिक्षक प्रोत्साहन कार्यक्रम | पटक | ५ | ५ | स्थानीय सरकार र गैह्र सरकारी निकाय |
| विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको नेतृत्व तथा व्यवस्थापन क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| स्वास्थ्य कर्मिबाट यौन तथा प्रजनन् स्वास्थ्य, व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन | विद्यालय | ४ | ४ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था | विद्यालय | ४ | ४ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विपत् प्रतिकार्य योजना विकास र कार्यान्वयन | विद्यालय | ४ | ४ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |

### ३.३.११ अपेक्षित उपलब्धिहरू

(क) विद्यालय भवन बालमैत्री अपाङ्गमैत्री तथा प्रविधि मैत्री हुने,

(ख) विद्यालयमा आवश्यक शिक्षक तथा विषयगत शिक्षक दरबन्दीको व्यवस्था भएको हुने,

(ग) शिक्षकले सूचना सञ्चार तथा प्रविधिमा आधारित तालिम प्राप्त गरी शिक्षण सिकाइमा प्रविधिको प्रयोग भएको हुने,

(घ) विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुने,

(ङ) विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, आइसिटी प्रयोगशाला र ई लाईब्रेरीको स्थापना भई कार्यान्वयनमा आएको हुने,

(च) माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुने,

(छ) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,

(ज) विद्यालय भय र विभेद रहित तथा सुरक्षित सिकाइ वातावरणको निर्माण भएको हुने,

(झ) शिक्षामा (भर्ना, सहभागिता र सिकाइ उपलब्धि) लैङ्गिक समानताको अवस्था सिर्जना भएको हुने,

(ञ) विद्यालय विपत् तथा महामारी प्रति उत्थानशील हुने,

(ट) शिक्षामा सुशासन कायम हुने,

(ठ) गरिव तथा जेहन्दार बालबालिकाले शैक्षिक सहयोग प्राप्त गरी माध्यमिक तह सम्मको शिक्षा हासिल गरेको हुने,

(ड) बालबालिकाले स्वास्थ्य सरसफाइ र प्रजनन स्वास्थ्यका बारेमा स्वास्थ्य कर्मिबाट ज्ञान तथा सिप विकास गरी दैनिक व्यवहारमा प्रयोग गरेको हुने,

(ढ) विद्यालय व्यवस्थापन समितिका पदाधिरकारीले विद्यालय व्यवस्थापन तथा नेतृत्व विकाससम्बन्धी क्षमता विकास भइ प्रयोगमा आएको हुने,

(ण) विद्यालयमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन भइ पारदर्शिता तथा जबाफदेही संस्कार विकास भएको हुने ,

(त) विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था भइ प्रयोगमा आएको हुने।

## ३.४ प्राविधिक तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

प्राविधिक तथा व्यावसायिक शिक्षा आर्थिक र सामाजिक विकासको मेरुदण्डका रूपमा रहन्छ । विकसित राष्ट्को अवस्थालाई हेर्दा प्राविधिक तथा व्यावसायिक शिक्षा नै विकासको मुख्य धारकै रूपमा रहेको अवस्था देखिन्छ । आधारभूत विद्यालय शिक्षापश्चात् प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्नेको दर उच्च हुने गरेको अवस्था विश्व परिवेशमा पाइन्छ ।

प्राविधिक तथा व्यवसायिक शिक्षा गाउँपालिकाको विकास तथा समृद्धिको आधार हो । यसले रोजगारीका अवसरहरूको सिर्जना गर्छ । पालिकाको आर्थिक विकासका लागि

प्राविधिक जनशक्ति अत्यावश्यक हुन्छ । यसका लागि प्राविधिक जनशक्ति उत्पादन गर्नु पर्छ । यसका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको सहज पहँच, समन्वयात्मक एवं गुणस्तरीय प्रणाली विकास र दिगो लगानीको सुनिश्चितता अत्यावश्यक हुन्छ ।

नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा मागमुखी हुन सकेको छैन । पाठ्यक्रम विकास तथा कार्यान्वयन परम्परागत शैलीबाट निर्दिष्ट हुँदै आएको छ । प्रविधि, नवीनतम सीप, नैतिक शिक्षा, सूचना एवं समन्वय र उद्यमशीलता जस्ता ज्ञान एवं सिप विकासको सुनिश्चित गर्ने गरी प्राविधिका शिक्षा तथा व्यावसायिक सिप बिकासका कार्यक्रम सञ्चालनको अभावमा नेपाली विद्यार्थीले प्रतिस्पर्धा गर्न नसकेको अवस्था पनि देखिएका छन् ।

देशको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको प्रभावकारिता अभिवृद्धि आजको आवश्यकता भएको छ । प्राविधिक शिक्षा तथा व्यावसियक सिप विकास योजना, कार्यक्रम र व्यवस्थापनको निम्ति अत्यावश्यक संरचना तथा कार्यक्रम तय गरी कार्यान्वयन गरी संघीय संरचना अनुसार प्रदेश तथा स्थानीय तहलाई जिम्मेवार बनाउनु उपयुक्त हुन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति विभिन्न संस्था तथा सरोकारवालाहरुसँग प्रभावारी समन्वय तथा सहकार्य गर्नु पर्ने अवस्था छ । यसो हुन सकेका मुलुकका लागि अत्यावश्यक प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्न सकिन्छ । हाल प्राविधिक शिक्षा हासिल गरेका व्यक्तिहरूले रोजगारी प्राप्त गर्न सकको अवस्था छैन । रोजगारीको दरलाई तालिम कार्यक्रम सफलता मापनको मुख्य आधार हो । तसर्थ प्राविधिक शिक्षा तथा व्यवसायी सिप विकासका लागि परिणाममुखी योजना विकास र प्रभावकारी कार्यान्वयन अत्यावश्यक हुन आएको छ ।

सीमान्तकृत समुदायका व्यक्तिहरू, दुर्गम तथा भौगोलिक विकटता, आर्थिक विपन्नता आदिका कारण प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अवसरबाट बञ्चित हुनु पर्ने अवस्थालाई अन्त्य गर्न जरुरी छ । यसका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीममा समाजका सबै वर्गको पहुँच बढाउनु पर्छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रममा श्रम बजार तथा व्यापार र उद्योग क्षेत्रको सक्रिय सहभागिता र सहकार्य बढाउन प्रोत्साहन गर्नु पर्ने हुन्छ । स्थानीय तहमा आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट सबै व्यक्तिलाई आत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने, माग र आवश्यकतामा आधारित शैक्षिक कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यहरू सम्पन्न गर्नु अत्यावश्यक हुन्छ ।

### ३.४.२ विद्यमान अवस्था

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समतापूर्ण पहुँच विस्तार हुन सकेको छैन । सबै बालबालिकाले प्राविधिक शिक्षा पाउने वातावरण सिर्जना हुन सकेको छैन । प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकाससम्बन्धी कार्यक्रम तथा पद्दतिको गुणस्तर, समयसापेक्षता र दक्षता अभिवृद्धि गर्नु पर्ने अवस्था छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शैक्षिक संस्थाको व्यवस्थापनमा प्रभावकारीता एवं दक्षता अभिवृद्धि गरी गुणस्तरीय जनशक्ति उत्पादन तथा तिनको श्रमबजारमा आपूर्तिलाई सहज बनाउन अत्यावश्यक छ । शैक्षिक कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनमा गुणस्तरीयता कायम गरी प्रभावकारी बनाउन अत्यावश्यक देखिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसँग सम्बन्धित सरोकारवालाहरु बीच प्रभावकारी संयोजन हुन सकेको अवस्था छैन । यस तर्फ अवका शिक्षाका योजना तथा कार्यक्रमले प्राथमिकता प्रदान गर्नु पर्ने अवस्था विद्यमान रहेको छ ।

प्राविधिक शिक्षाको विस्तारको क्रममा हाल दुई प्रकारबाट हुँदै आएको छ । पहिलो साधारण माध्यमिक विद्यालयमा आधारित प्राविधिक शिक्षा । यसमा साधारण धारका सामुदायिक विद्यालयमा कक्षा ९ देखि १२ सम्मको प्राविधिक धारमा आधारित माध्यमिक शिक्षा सञ्चालन गरिन्छ । यस अन्तर्गत हाल विभिन्न विद्यालयहरू सञ्चालन हुँदै आएका छन् । खसडछाान्ना गाउँपालिकाका यस प्रकारको प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयको सङ्ख्या रहेको छ । दोस्रो प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट प्राविधिक शिक्षालयमा आधारित शिक्षा रहेको छ । यसको सञ्चालन तथा व्यवस्थापन परिषद्बाट हुँदै आए छ । यस प्रकारको विद्यालय यस पालिकामा रहेको छ । यसका अतिरिक्त परिषद्बाट अनुमति लिइ प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका कार्यक्रम निजी स्रोतबाट सञ्चालित तालिम केन्द्रबाट हुदैआएका छन् ।

प्राविधिक तथा व्यावसायिक शिक्षा तालिमको विकास र विस्तारको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मातहतमा प्राविधिक शिक्षा तथा व्यावसयिक तालिम परिषद्को कार्यरत रहँदै आएको छ । यसै गरी अन्य निकायहरूबाट पनि छोटो अवधिका व्यावसायिक सिप विकासका कार्यक्रमहरू सञ्चालन हुदै आएका छन् । श्रम तथा रोजगार,उद्योग लगायतका मन्त्रायहरूबाट यससम्बन्धी विभिन्न सिप विकासका तालिम कार्यक्रम सञ्चालनमा रहेका छन् । हाल देशभरी आङ्गिक, साझेदारी, परिषद्सँग सम्बन्धन लिएका सामुदायिक विद्यालय र निजी संस्थाहरूले डिप्लोमा, प्रमाणपत्र तह र प्राविधक एसएलसी तथा छोटो अवधिको सिपमूलक तालिम सञ्चाललन गरिरहेका छन् । प्राविधिक सीप परीक्षण गरी प्रमाणीकरण गर्ने व्यवस्था पनि कार्यान्वयनमा रहेको छ ।

खसडछान्ना गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको पर्याप्त अवसरहरू रहेको अवस्था छ । पर्यटन, कृषि जलस्रोत जढीवुटी लगायतका पेसा तथा व्यवसाय सञ्चालन गर्ने पर्याप्त सम्भावना रहेका छन् । यसका लागि शिक्षा विकास योजनाले उचित ध्यान दिन अत्यावश्यक देखिन्छ ।

### ३.४.३ समस्या

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि पालिका तहमा नक्शाङ्कन तथा सम्भाव्यता अध्ययन नहुनु,

(ख) प्राविधिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुन नसक्नु,

(ग) अभिभावक तथा विद्यार्थीको प्राविधिक शिक्षा प्रति रूचि तथा आकर्षण गर्न नसक्नु,

(घ) प्राविधिक शिक्षा हासिल गरेपश्चात् रोजगारीको सुनिश्चितता नहुनु,

(ङ) अभिभावकलाई प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकास प्रति आकर्षित गर्न नसकिनु,

(च) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि अत्यावश्यक आर्थिक स्रोत व्यवस्थापनका लागि अधिकाश अभिभावकहरू सक्षम र तयार नहुनु,

(छ) प्राविधिक शिक्षा सञ्चालनका लागि अत्यावश्यक विद्यालय पूर्वाधार तथा पर्याप्त उपकरण सहितको प्रयोगशालाको व्यवस्थापन हुन नसक्नु,

(ज) प्राविधिक शिक्षा सञ्चालनका लागि अत्यावश्यक आर्थिक स्रोतको व्यवस्थापन हुन नसक्नु र कमजोर शैक्षिक वातावरणमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्य्रक सञ्चालन हुनु ,

(झ) दक्ष प्रशिक्षक उपलब्ध हुन नसक्नु र प्रशिक्षकहरुको निरन्तरता कायम हुन नसक्नु,

(ञ) सूचना सञ्चार तथा प्रविधिमा आधारित सिकाइका लागि उपयुक्त प्रयोगशालाको व्यवस्थापन हुन नसक्नु।

### ३.४.४ चुनौती

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि अत्यावश्यक पूर्वाधार विकास गर्नु,

(ख)	प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालय स्थापना तथा सञ्चालन गरी गुणस्तरीय जनशक्ति उत्पादन गर्नु,

(ग)	प्राविधिक शिक्षा तथा व्यावसियक सिप विकासका कार्यक्रमको  गुणस्तर अभिवृद्धि गर्नु,

(घ)	कक्षा ९ देखि १२ सम्म सञ्चालन भएका साधारण विद्यालयमा आधारित प्राविधिक शिक्षाका शैक्षिक कार्यक्रमको गुणस्तर तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु,

(ङ)	प्राविधिक शिक्षा तथा व्यावसियक सिप विकासका कार्यक्रमका लागि विभिन्न निकायसँग समन्वय गर्नु,

(च)	गरीव, विपन्न तथा सीमान्तकृत समूदायका बालबालिकाको प्राविधिक शिक्षा एवं सिपमूलक तालिमको पहुँचमा सुनिश्चित गर्नु,

(छ)	प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि अत्यावश्यक लगानि सुनिश्चित गर्नु।

### ३.४.५ अवसर

(क)	श्रम बजारमा प्राविधिक जनशक्तिको माग बढ्दै जानु,

(ख)	विद्यालयमा आधारित प्राविधिक तथा व्यावसायिक धारको शिक्षा पाउन सक्ने नीतिगत व्यवस्था हुनु,

(ग)	प्राविधिक जनशक्ति उत्पादन तथा रोजगारमुखी शिक्षा सघीय बजेट तथा कार्यक्रममा प्राथमिकतामा पर्नु,

(घ)	स्थानीय सरकारको नीति तथा कार्यक्रममा प्राविधिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई प्राथमिकता प्रदान गर्नु।

### ३.४.६ लक्ष्य

गुणस्तरीय तथा समावेशि प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच विस्तार गरी दक्ष जनशक्ति उत्पादन गर्ने ।

### ३.४.७ उद्देश्य

(क)	प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच विस्तार गर्नु,

(ख)	प्राविधिक तथा व्यावसायिक सिप विकासको गुणस्तर वृद्धि गर्नु,

(ग)	विद्यालयमा आधारित सिपमूलक एवं उद्यमशील तालिमका अवसरहरू वृद्धि गर्नु,

(घ) सिकाइलाई रोजगारीसँग आबद्ध गरी स्थानीय तहमा नै सिपमूलक रोजगारीका अवसर वृद्धि गर्नु।

### ३.४.८ रणनीति

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका अवसर वृद्धि गर्ने,

(ख) सिपयुक्त रोजगारमूलक एवम् प्रतिस्पर्धि जनशक्ति तयार गर्ने,

(ग) प्राविधिक शिक्षामा समता, गुणस्तर,समावेशिता, सान्दर्भिकता, उत्पादशीलता र उत्थानशिलता सहितको पहुँच सुनिश्चत गर्ने,

(घ) विद्यालयमा आधारित सिप विकासका अवसर सिर्जना गर्ने।

### ३.४.९ कार्यनीति

(क) पालिका भित्र प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका अवसर तथा सम्भावना यकिन गर्न नक्शाङ्कन गरिनेछ।

(ख) नक्शाङ्कनका आधारमा प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयहरूको विकास तथा विस्तार गरिनेछ

(ग) प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयको भौतिक पूर्वाधार विकास गरिने छ।

(घ) सम्भाव्यताका आधारमा पालिकामा एक वहुप्राविधिक शिक्षालय सञ्चालन गरिने छ ।

(ङ) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका अवसर वृद्धि गर्न स्थानीय उद्योग तथा यस सँग सम्बन्धित कार्य गर्ने निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

(च) प्राविधिक धार सञ्चालन भएका साधारण विद्यालयको पूर्वाधार विकास गरी गुणस्तरीय सिकाइका लागि उपयुक्त बनाइने छ।

(छ) प्राविधिक शिक्षामा दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, शैक्षिक सामग्री उपलब्ध गराइने छ ।

(ज) मागमा आधारित छोटो र लामा अवधिका सिपमूलक एवं उद्यमशील तालिम सञ्चालन गरी स्वरोजगारमुखी जनशक्ति विकासका लागि स्थानीय श्रमबजार वा उद्योगसँग सहकार्य गरिने छ ।

(झ) प्राविधिक शिक्षाको सञ्चालन सङ्घीय र प्रदेश सरकारसँगको सहकार्यमा गरिने छ ।

(ञ) परम्परागत प्रविधि तथा व्यावसायिक सिपहरूको अभिलेखीकरण गरी परम्परागत ज्ञान तथा सिपको उद्यमीकरण गर्दै तिनलाई रोजगारीमा आबद्ध गरिने छ ।

(ट) अनौपचारिक रूपमा हासिल ज्ञान तथा सीप प्रमाणीकरण गरी समकक्षता प्रदान गर्न प्रदेश तथा सघ सरकारसँग समन्वय गरी परिक्षण तथा प्रमाणीकरण गरने छ

## ३.४.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८४ | दोस्रो पाँच वर्ष २०८९ | |
| प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि पालिकास्तरीय सम्भाव्यता अध्ययन | पटक | १ | १ | स्थानीय सरकार |
| विद्यालयको भौतिक पूर्वाधार, प्रयोगशाला, मेशिनरी र अभ्यास स्थलको सुदृढीकरण | सङ्ख्या | १ | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| प्रशिक्षकको पेसागत विकास तालिम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| सीमान्तकृत दलित अति विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि छात्रवृत्ति तथा शैक्षिक सहयोग | सङ्ख्या | १० | १० | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विद्यालयमा आधारित सम्भाव्यताका आधारमा सिप विकास कार्यक्रम सञ्चालन | विद्यालय | ० | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| सूचना सञ्चार तथा प्रविधि सम्बन्धी प्रयोगशाला निर्माण | सङ्ख्या | १ | ० | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| गरीव तथा जेहन्दार छात्रवृत्ति कार्यक्रम | सङ्ख्या | १० | १० | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |

| | | | | |
|---|---|---|---|---|
| वहु प्राविधिक शिक्षालय सञ्चालन तथा व्यवस्थापन | सङ्ख्या | ० | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| सिप परीक्षण कार्यका लागि सहजीकरण | पटक | १ | १ | स्थानीय सरकार |
| स्थानीय श्रमबजारमा रोजगार व्यवसाय सञ्चालन अनुदान कार्यक्रम | जना | ५० | ५० | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |

### ३.४.११ अपेक्षित उपलब्धि

(क) पालिकामा प्राविधिक तथा व्यावसायिक सिप विकास सम्बन्धी अवस्था तथा समभ्वाना पहिचना सर्भे सम्पन्न भएको हुने

(ख) प्राविधिक धार सञ्चालन भएका साधारण सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास भएको हुने ।

(ग) पालिकामा एक बहु प्राविधिक तथा व्यवसायिक शिक्षा दिने विद्यालयको व्यवस्थापन भएको हुने ।

(घ) प्राविधिक धार सञ्चालन भएका विद्यालय तथा शिक्षालयमा सूचना प्रविधि, ईलाइब्रेरी सहितको स्मार्ट कक्षा सञ्चालन भएको हुने ।

(ङ) प्राविधिक धारको शिक्षाको सञ्चालन भएका विद्यालयहरूको व्यवस्थापन सुदृढ भएको हुने ।

(च) समुदाय तहमा सिपमूलक एवम् स्वरोजगारमूलक तालिम प्राप्त गरी रोजगारीका अवसर प्राप्त गरेको अवस्था हुने । विद्यालयमा आधारित सिप मूलक तालिम विकासका अवसर सुनिश्चित भएको हुने

(छ) गरिब विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाले प्राविधिक शिक्षाका लागि छात्रवृत्ति प्राप्त गरी प्राविधिक शिक्षा हासिल गरेको हुने

(ज) प्राविधिक धार सञ्चालन भएका विद्यालयको प्रयोगशाला व्यवस्थापन भइ सिकारुले गुणस्तरीय सिकाइ अभ्यास गर्ने अवसर प्राप्त गरेको हुने

## ३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाई

### ३.५.१ परिचय

अनौपचारिक शिक्षाले संस्कार, संस्कृति, रीतिरिवाज, चालचलन, मानव सभ्यताको विकास र संरक्षणमा मद्त गर्छ । समाजिक रुपान्तरणका लागि औपचारिक तथा अनौपचारिक शिक्षा अपरिहार्य हुन्छ । शिक्षा प्राप्त गर्ने विभिन्न विधि, प्रक्रिया तथा मोडेलहरू हुन्छन् । विद्यालय, विश्वविद्यालयबाट दिइने शिक्षा औपचारिक तथा नियमित शिक्षाका रूपमा रहन्छ । त्यसै गरी औपचारिक वा नियमित शिक्षा पद्धति भन्दा बाहिरबाट व्यक्तिले सिकाइ गरिरहेको हुन्छ ।

अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गरी जीवनका लागि आवश्यक ज्ञान, सीप र अभिवृद्धि हासिल गर्न अनौपचारिक शिक्षाका सिकाइ पद्दति अवलम्बन गर्ने गरिनछ । यसरी अनौपचारिक रूपमा प्राप्त गर्ने सिकाइ विधि तथा प्रक्रिया अनौपचारिक शिक्षाका रूपमा रहन्छ ।

अनौपचारिक सिकाइ भन्ने बित्तिकै विद्यालय, विश्वविद्यालय र तालिम केन्द्रहरूभन्दा बाहिरबाट गरिने सिकाइ भन्ने बुझिन्छ । यसलाई वास्तविक सिकाइको रूपमा लिइँदैन । साथै श्रम बजारमा पनि यसको खासै मूल्य दिइनै गरिएको छैन । त्यसैले अनौपचारिक सिकाइलाई पनि परीक्षाण तथा प्रमाणीकरण गर्नु पर्छ । यसले अनौपचारिक रुपमा भएको अनुभव जन्य सिकाइलाई समेत उच्च मूल्यमङ्कन गरी औपचारिक शिक्षा सरह समकक्षी बनाउँछ । अनुभवजन्य सिकाइलाई प्राय बेवास्ता गर्ने गरिन्छ । जबकि अनुभवजन्य सिकाइ सबैभन्दा पुरानो परम्परागत सिकाइ शैली हो । प्रारम्भिक सिकाइको मूलस्रोत नै अनुभवजन्य सिकाइ हो । त्यसैले हाल निरन्तर वा आजीवन सिकाइको पक्षलाई महत्व दिन थालिएको छ ।

अनौपचारिक तरिका बाट सिक्ने सिकाइलाई आजीवन वा जीवनपर्यन्त सिकाइ भनेर पनि भन्ने गरिन्छ । नेपाल सरकारले सबै नागरिकको शैक्षिक अधिकार सुनिश्चित गर्न र नेपाललाई साक्षर नेपाल घोषणा गर्न अनौपचारिक शिक्षालाई उच्च प्राथमिकता दिँदै आएको छ । साक्षर नेपाल अभियान सञ्चालन गरेको छ । साक्षरता शिक्षा, निरन्तर शिक्षा, साक्षरोत्तर शिक्षा, खुला विद्यालय शिक्षा, लगायतका विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

### ३.५.२ विद्यमान अवस्था

खसडछान्ना गाउँपालिकाले अनौपचारिक शिक्षा अन्तरगर सक्षरता शिक्षा निरन्तर शिक्षा जस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । पालिका भर ४ सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन् । यी केन्द्रहरूले अनौपचारिक शिक्षाका कार्यक्रमहरू निरन्तर सञ्चालन गर्दै आएका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार उमेर समूह ५ वर्ष भन्दा माथिको साक्षरता प्रतिशत को हकमा पढ्न र लेख्न दुवै जान्नेको प्रतिशत कूल ६९.७ रहेको छ । पढ्न र लेख्न दुवै नजान्नेको जनसङ्ख्या कूल ३०.९ प्रतिशत रहेको छ । जसमा पुरुषको प्रतिशत १४.४ र महिलाको प्रतिशत ४२.५ रहेको छ । यसबाट पनि लागि अनौपचारिक तथा वैकल्पिक शिक्षाको विकास तथा विस्तार जरुरी देखिन आएकोछ ।

### ३.५.३ समस्या

क) जनचेतनाको अभाव हुनु,
ख) भौगोलिक विकटताका कारण सबैको पहुँ सुनिश्चित गर्न नसिकनु,
ग) समुदायको आर्थिक अवस्था कमजोर हुनु,
घ) अपेक्षित उपलब्धि हासिल नहुनु,
ङ) पालिकामा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन नहुनु,
च) साक्षरता सिप प्रयोगको अवस्था कमजोर हुनु,
छ) निरक्षरहरूको तथ्याङ्क सङ्कलन नहुनु,
ज) रोजगारीका लागि वैदेशिक श्रम बजारमा जाने अवस्था विद्यमान रहनु,
झ) शिक्षालाई सीपसँग जोड्न र सिपलाई रोजगार सँग जोड्न नसकिनु,
ञ) सरकारी नीजी साझेदारीमा अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन नहुनु,
ट) सामुदायिक सिकाइ केन्द्र सुदृढीकरण गर्न नसकिनु,
ठ) आर्थिक रूपले पछाडि परेका समुदायमा सक्षरोत्तर कक्षा तथा सिप विकास तालिम नहुनु,
ड) आवश्यकतामा आधारित आय आर्जन र निरन्तर शिक्षाको अवसरमा वृद्धि नहुनु।

### ३.५.४ चुनौती

क) गाउँपालिकालाई साक्षर पालिकाका रूपमा निरन्तरता दिनु,
ख) सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी अनौपचारिक तथा वैकल्पिक शिक्षा र आय आर्जन सीप विकासका लागि जिम्मेवार बनाउनु,
ग) निरन्तर रूपमा साक्षरोत्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,

घ) आय आर्जन सिप विकासकार्यलाई स्वरोजगार व्यवसायमा आवद्ध गर्नु,
ङ) कमजोर आर्थिक अवस्था भएका व्यक्तिलाई साक्षरता तथा सिप विकास कार्यमा आकर्षित गर्नु,
च) अनौपचारिक तथा आजीवन सिप विकासमा लागत साझेदारी कार्यक्रम सञ्चालन गर्नु।

### ३.५.५ अवसर

क) आय आर्जनका प्रशस्त सम्भावनाहरू विद्यमान हुनु,
ख) समुदाय तहमा शैक्षिक जागरणको अवस्थामा सुधार हुँदै जानु,
ग) निरक्षरता उन्मुलन गाउँपालिकाको शैक्षिक प्राथमिकतामा पर्नु,
घ) गाउँपालिकालाई सिप विकास तथा स्वरोजगारका कार्यक्रम, विकास तथा कार्यान्वयन गर्ने पर्याप्त आधार हुनु।

### ३.५.६ लक्ष्य

अनौपचारिक शिक्षा तथा आजीवन सिप विकासका अवसर वृद्धि गरी समुन्नत खसड छान्नाका विकासको लक्ष्य प्राप्तिको आधार तयार गर्ने ।

### ३.५.७ उद्देश्य

खसडछान्ना गाउँपालिकाको अनौपचारिक तथा निरन्तर शिक्षाको उद्धेश्य देहाय बमोजिम हुनेछ :-

क) औपचारिक शिक्षाको अवसरबाट बञ्चित व्यक्तिलाई अनौपचारिक तथा आजीवन सिप विकासका अनवसर वृद्धि गर्नु,
ख) साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा तथा सिप विकासका अवस।लाई सर्वसुलभ बनाउनु,
ग) विपन्न तथा सीमान्तकृत समुदायका व्यक्तिको आय आर्जन विकास गरी सामाजिक तथा आर्थिक रूपमा सशक्तिकरण गर्नु,
घ) सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी अनौपचारिक तथा वैकल्पिक शिक्षा र आय आर्जन सिप विकासका लगि जिम्मेवार एवम् सक्षम बनाउनु।

### ३.५.८ रणनीति

क) निरक्षरता सर्भे गर्ने र सर्भेका आधारमा साक्षरता शिक्षा तथा सिप विकासका कार्यक्रम सञ्चालन गर्ने,
ख) ससामुदायिक सिकाइ केन्दरको सवलीकरण गर्ने,
ग) साक्षरता सिप र आय आर्जन सिपलाई श्रमबजारमा आवद्ध गर्ने,
घ) पूर्ण साक्षरताको अवस्थालाई निरन्तरता प्रदान गर्ने।

### ३.५.९ कार्यनीति

क) निरक्षर व्यक्तिको तथ्यांक संकलन गरी अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि आधा तयार गरिने छ।
ख) तथ्याङ्कमा आधारित साक्षरता शिक्षा तथा आय आर्जन सिप विकास गरिने छ।
ग) सामुदायिक सिकाइ केन्द्रको सस्थागत क्षमता सुदृढ गरिने छ।
घ) सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक तथा आय आर्जन सीप विकास गर्ने एक अभिन्न अङ्गका रूपमा विकसित गरिने छ ।
ङ) गैरसरकारी संस्थाहरूसँग समन्वय तथा सहकार्य साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा र जीवनपर्यन्त सिप विकास कार्यक्रम सञ्चालनमा गरिनेछ ।
च) एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयन गरिने छ।
छ) सामुदायिक सिकाइ केन्द्रलाई सूचनाको केन्द्रका रूपमा विकसित गरिनेछ ।
ज) रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्युटर, अनलाइन, अफलाइन, भर्चुअल कार्यक्रम जस्ता कार्यक्रमहरू सञ्चालन गरी शैक्षिक जागरण तथा जनचेताका विकास गरिनेछ।
झ) विपन्न तथा सीमान्तकृत समुदायका व्यक्तिलाई आय आर्जन सिप र रोजगारीमा आवद्ध गरिने छ।

### ३.५.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| **प्रमुख कार्यक्रम** | **इकाइ** | **भौतिक लक्ष्य** | | **समन्वय र साझेदारी** |
|---|---|---|---|---|
| | | **पहिलो पाँच वर्ष २०८४** | **दोस्रो पाँच वर्ष २०८९** | |
| घरधुरी सर्वेक्षण तथा निरक्षर व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक | पटक | १ | १ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |

| | | | | |
|---|---|---|---|---|
| सामुदायिक सिकाइ केन्द्रको पूर्वाधार विकास र संस्थागत सुदृढीकरण | पटक | ० | १ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| मिडियामा आधारित जनचेतना विकास कार्यक्रम | पटक | १ | १ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| साक्षरता शिक्षा, निरन्तर शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| आय आर्जन सिप विकास तालिम कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| अनौपचारिक तथा वैकल्पिक शिक्षामा कर्मचारीहरूको क्षमता विकास | पटक | १ | १ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |

### ३.५.११ अपेक्षित उपलब्धि

क) अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी तथ्याङ्क निरन्तर अध्यावधिक भएको हुने,

ख) अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी कार्यक्रमहरू निरन्तर नियमित सञ्चालन भएको हुने,

ग) सामुदायिक सिकाइ केन्द्रहरू संस्थागत रूपमा सुदृढ भइ अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा, आधारभूत स्वास्थ्य, तथा आय आर्जन सिप विकासमा सक्रिय भएको हुने,

घ) मिडियमा आधारित सचेतना कार्यक्रमहरू मार्फत जनचेतना विकासका कार्यक्रम सञ्चालन भएको हुने,

ङ) अनौपचारिक तथा बैकल्पिक शिक्षाका माध्यमबाट हासिल ज्ञान तथा सीप परीक्षण तथा प्रमाणीकरण भएको हुने,

च) प्रत्येक वडामा एक सामुदायिक सिकाइ केन्द्र स्थापना भई सञ्चालनमा आएको हुने,

छ) सामुदायिक सिकाइ केन्द्र सिकाइ थलोका रूपमा विकसित भइ सञ्चालनमा आएको हुने,

ज) गाउँपालिका पूर्ण साक्षर भएको हुने,

# परिच्छेद चारः शिक्षाका अन्तरसम्बन्धित विषय

यस परिच्छेदमा शिक्षाका अन्तर सम्बन्धित विषयका बारेमा व्यवस्था गरिएको छ । यसमा मूलतः नेपाल सरकारले प्रतिवद्धता जनाएका, स्थानीय तहमा महत्वपूर्ण रहेका विषय क्षेत्रलाई सावेश गरिएको छ । समावेशि शिक्षा, शिक्षामा सूचना सञ्चार र प्रविधि, आपतकालिन तथा संकटपूर्ण अवस्थाको शैक्षिक व्यवस्थापनका बारेमा उल्लेख गरिएको छ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मुल्याङ्कन

### ४.१.१ परिचय

विद्यालयद्वारा बालबालिकाहरूलाई प्रदान गरिने ज्ञान, सीप, अभिवृत्ति तथा सम्पूर्ण अनुभवहरू व्यवस्थित गर्न पाठ्यक्रम अत्यावश्यक हुन्छ । पाठ्यक्रमलाई समग्र शिक्षा पद्दतिलाई मार्गदर्शन गर्ने दस्तावेजका रूपमा लिने गरिन्छ । शिक्षण सिकाइ क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन कार्यलाई पाठ्यक्रमले निर्दिष्ट गर्छ । । पाठ्यक्रममा सिकारुले हासिल गर्ने सम्पूर्ण शैक्षिक अनुभवहरूलाई समेटिएनु पर्छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट मात्र अपेक्षसत शैक्षिक लक्ष्य हासिल गर्न सकिन्छ । यसका लागि विभिन्न पक्षहरू जिम्मेवार हुन्छन् । विद्यालय व्यवस्थापन, विद्यालयको भौतिक पूर्वाधार, शिक्षक तथा शिक्षकको सक्षमता, शिक्षण सिकाइ वातावरण, उपलब्ध स्रोत तथा साधन आदिले पाठ्यक्रम कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्ने गर्नछन् । पाठ्यक्रमको कार्यान्वयमा शिक्षक तथा विद्यार्थीको महत्वपूर्ण भूमिका रहन्छ भने यसका लागि शिक्षक प्रमुख जिम्मेवार हुन्छ । त्यसैले शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन शिक्षकमा विषयगत ज्ञान तथा शैक्षणिक कलाकौशल अत्यावश्यक हुन्छ । यसका लागि शिक्षक तालिम अत्यावश्यक हुन्छ । अतः पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तालिमको आवश्यकता पर्दछ । त्यसैगरी पर्याप्त सिकाइ सामग्रीहरूको विकास तथा उपयोग अत्यावश्यक हुन्छ । । शैक्षिक सुपरीवेक्षण, सिकाइको मूल्याङ्कन र सुधार जस्ता कार्य पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित हुन्छन् । पाठ्यक्रमलाई मुख्य पाठ्यक्रम,
ऐच्छिक पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रम गरी व्यवस्थापन गर्रिंदै आएको छ । नेपाल सरकारले पाठ्यक्रमको प्रभावकारी व्यवस्गापनका लागि निर्दिष्ट गर्न राष्ट्रिय प्रारुप ढाँचा, २०७६ तयार गरी कार्यान्वयनमा ल्याएको छ । साथै हालैका दिनमा नेपाल सरकारले योग्यता प्रारूप ढाँचाको अवधारणालाई कार्यान्वयनमा ल्याएको छ । यी सबै नीतिगत

दस्तावेजले शिक्षण सिकाइ, पाठ्यक्रम र सिकाइ सामग्री विकास, शिक्षण सिकाइ क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन जस्ता पक्षलाई  निर्देशित गरिएको हुन्छ ।

### ४.१.२ विद्यमान अवस्था

हाल पाठ्यक्रमलाई विभिन्न तहमा विभक्त गरी कार्यान्वयनमा ल्याइएको छ । आधाभूत पाठ्यक्रम कक्षा १-३ लाई एकीकृत पाठ्यक्रमका रूपमा कार्यान्वयनमा रहेको छ । त्यसै री आधारभूत पाठ्यक्रम कक्षा ४-५ आधारभूत पाठ्यक्रम कक्षा ६-८,माध्यमिक पाठ्यक्रम कक्षा ९-१० र माध्यमिक पाठ्यक्रम कक्षा ९-१२ कार्यान्वयनमा रहेका छन् । यी पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयनमा रहेको छ । यसले आधारभूत तहमा एक विषय स्थानीय भाषाको पाठ्यक्रमको प्रबन्ध गरेको छ । यो पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तह तथा विद्यालयलाई प्रदान गरेको अवस्था विद्यमान रहेको छ । खसड छान्ना गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्ने कार्य गरेको छ । हाल आधारभूत तह कक्षा १-५ सम्मको पाठ्यक्रम विकास गरी सकेको छ र कक्षा ६-८ को प्रारम्भिक खाका नयार गरी कार्यान्वयनमा जाने चरणमा रहेको छ ।

### ४.१.३ समस्या

(क) पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाइ हुनु,
(ख) सिकाइ सामग्रीमा आधारित शिक्षण सिकाइ हुन नसक्नु,
(ग) स्थानीय विषयको पाठ्यक्रमतथा पाठ्यसामग्रीको विकास र कार्यान्वयन प्रभावकारी नहुनु,
(घ) सिकाइ सामग्री सहितको पुस्तकालयको व्यवस्थापन हुन नसक्नु  र भएकोमा पनि शिक्षण सिकाइ क्रियाकलापका रूपमा उपयोगमा नआउनु,
(ङ) शिक्षकले पाठ्यक्रममा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक क्षमता विकासको अवसर प्राप्त गर्न नसक्नु,
(च) एकीकृत पाठ्यक्रमको लागि अत्यावश्यक सक्षमता विकास नहुनु,
(छ) पाठ्क्रममा आधारित मूल्याङ्कन पद्दति संस्थागत हुन नसक्नु,
(ज) प्रविधिमा आधारित शिक्षण सिकाइ हुन नसक्नु,
(झ) विज्ञान प्रयोगशालाको अवस्था कमजोर हुनु र प्रयोगात्मक अभ्यास हुने अवस्था नहुनु,
(ञ) पाठ्यक्रम प्रबोधीकरणको अवस्था कमजोर रहनु,

(ट) सिकाइ सामग्रीको उत्पादन, संकलन र प्रयोगमा विद्यालयहरूलाई सक्षम बनाउन नसक्नु ।

### ४.१.४ चुनौती

(क) पाठ्यक्रममा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको अवस्था सुनिश्चत गर्नु,
(ख) एकीकृत पाठ्यक्रमको मर्म र भावना अनुसार शिक्षण सिकाइ गर्नु,
(ग) सूचना प्रविधिमा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयन गर्नु,
(घ) विविध सिकाइ सामग्रीहरूको पहुँच वृद्धि गर्नु,
(ङ) प्रयोगात्मक मूल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाइ सिकाइको अवसर वृद्धि गर्नु,
(च) पाठ्यक्रममा आधारित शिक्षक सहयोग पद्दतिलाई संस्थागत गर्नु,
(छ) सिकाइ सामग्रीमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सुनिश्चित गर्नु।

### ४.१.५ अवसर

(क) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन अधिकार स्थानीय तहमा रहनु,

(ख) स्थानीय तहले सिकाइ सामग्री तयार गरी कार्यान्वयन गर्न सक्ने अवस्था हुनु,

(ग) आधारभूत तह कक्षा ८ सम्मको सिकाइ मूल्याङ्कन गर्ने अधिकार स्थानीय तहलाई हुनु,

(घ) स्थानीय स्रोत र साधनको प्रयोग गर्ने अधिकार हुनु।

### ४.१.६ लक्ष्य

पाठ्यक्रम तथा शैक्षिक सामग्रीमा आधारित प्रविधि मैत्री गुणस्तरीय सिकाइका अवसरहरू वृद्धि गर्नु ।

### ४.१.७ उद्देश्य

(क) गुणस्तरीय सिकाइका लागि आवश्यक शैक्षिक वातावरण तयार गर्नु,
(ख) पाठ्यक्रममा आधारित प्रविधि मैत्री शिक्षण सिकाइ गर्नु,
(ग) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम कार्यान्वयन गर्नु।

## ४.१.८ रणनीति

(क) एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने,
(ख) पाठ्यक्रम तथा स्थानीय स्रोतमा आधारित सिकाइ सामग्री विकास र प्रयोग गर्ने,
(ग) सूचना सञ्चार तथा प्रविधि, विज्ञान प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था र शैक्षणिक उपयोग गर्ने,
(घ) गुणस्तरीय शिक्षण सिकाइका लागि शिक्षकको सक्षमता विकास गर्ने,
(ङ) शिक्षण सिकाइ क्रियाकलापमा आधारित शैक्षणिक सयोग गर्ने।

## ४.१.९ कार्यनीति

(क) एकीकृत पाठ्यक्रम तथा सूचना सञ्चार र प्रविधिमा आधारित शिक्षण सिकाइक वातावरण तयार गरिने छ।
(ख) स्थानीय पाठ्यक्रमको विकास तथा प्रयोग गरिने छ ।
(ग) स्थानीय स्रोत र साधनमा आधारित सिकाइ सामग्री विकास गरी शिक्षण सिकाइमा परयोग गरिने छ ।
(घ) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
(ङ) प्रविधिमैत्री शिक्षण सिकाइका लागि सहजकारी वातावरण निर्माण गरिनेछ ।
(च) खुला तथा दुर शिक्षण सिकाइको अवसर वृद्धि गर्न विद्यालयमा सूचना, सञ्चार र प्रविधि (ICT) को पहुँच विस्तार ।
(छ) स्थानीय पाठ्यक्रम विकासमा शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास गरी पाठ्यक्रम विकास तथा कार्यान्वयन कार्यमा प्रभावकारीता ल्याइने छ ।
(ज) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि निरन्तर अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरिनेछ ।

## ४.१.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | समन्वय र साझेदारी |
|---|---|---|---|

| | | पहिलो पाँच वर्ष २०८४ | दोस्रो पाँच वर्ष २०८९ | |
|---|---|---|---|---|
| पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम सञ्चालन | सङ्ख्या | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार |
| स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | पटक | ५ | ५ | स्थानीय सरकार |
| स्थानीय स्रोतमा आधारित सिकाइ सामग्री निर्माण र प्रयोग | पटक | ५ | ५ | स्थानीय सरकार |
| सूचना सञ्चार र प्रविधिमा आधारित शैक्षिक सामग्री व्यवस्थापन | पटक | ५ | ५ | स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| विज्ञ छनोट र विद्यालयमा आधारित शैक्षणिक सहयोग | सङ्ख्या | ५ | ५ | स्थानीय सरकार |
| एकीकृत पाठ्यक्रम, प्रविधि तथा पाठ्यक्रमा आधारित शिक्षणका लागि शिक्षक पेसागत तालिम सञ्चालन | सङ्ख्या | १०० | १०० | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| पाठ्यक्रम विकास तथा कार्यान्वयन सम्बन्धी अनुभव आदान प्रदान भ्रमण तथा कार्यशाला | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |

### ४.१.११ अपेक्षित उपलब्धिहरू

क) स्थानीय पाठ्यक्रम विकास भई कार्यन्वयनमा आएको हुने,

ख) स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास भई प्रयोगमा आएको हुने,

ग) विद्यालयमा प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण विकास भई प्रयोगमा आएको हुने,

घ) शिक्षकले प्रविधि मैत्री शिक्षण, एकीकृत पाठ्यक्रम तथा पाठ्यक्रममा आधारित तालिम प्राप्त गरी शिक्षण सिकाइमा प्रयोग गरेको हुने,

ङ) पाठ्यक्रम र सो सम्बन्धी सामग्रीहरूको कार्यान्वयनबारे अभिमुखीकरण भएको हुने,

च) विज्ञ समूहबाट विद्यालयमा आधारित शिक्षक सहयोग प्रदान गरेको अवस्था हुने।

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

गुणस्तरको सुनिश्चितताका लागि प्रभावकारी शिक्षक व्यवस्थाप र पेसागत विकास अत्यावश्यक हुन्छ । मागमा आधारित पेसागत विकास, कार्य सम्पादनमामा आधारित मूल्याङ्कन, सक्षम तथा उत्तरदायी शिक्षक व्यवस्थापनबाट मात्र गुणस्तरीय शिक्षाको लक्ष्य हासिल गर्न सकिन्छ । शिक्षक गुणस्तर सुधारको प्रमुख कारक पनि हो । संघीयता कार्यान्वयन पश्चात विद्यालय शिक्षको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहमा गए पछि शिक्षक व्यवस्थापनको पक्ष झन पेचिलो बन्दै गएको छ ।

शिक्षक वस्थापनका सन्दर्भमा संघीय तहका शिक्षक सेवा आयोगले शिक्षकको लागि शिक्षण अनुमती पत्र, शिक्षक छनोट, नियुक्ति, तथा पदोन्नतिका कार्यहरू गर्दै आएको छ । यी कार्यमा स्थानीय तह जिम्मेवार देखिदैन । तर स्थानीय तहमा शिक्षक दरबन्दी मिलान कार्य, शिक्षकको सरुवा तथा स्थानीय स्रोतमा आधारित शिक्षक छनोट तथा व्यवस्थापन कार्य हुँदै आएका छन् ।

गुणस्तरीय शिक्षाका लागि शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ । शिक्षक, विद्यार्थी, अभिभावक सबैको सक्रियताले मात्र गुणस्तरीय सिकाइ सम्भव हुन्छ । यसका लागि शिक्षकहरूको उचित व्यवस्थापन जरुरी हुन्छ। पाठ्यक्रमले तोके अनुसारका विषय पठनपाठन गर्न आवश्यक विषयगत शिक्षकको व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

शिक्षकको क्षमता विकासबाट मात्र गुणस्तरीय सिकाइको अपेक्षा गर्न सकिन्छ । क्षमता विकास मार्फत शिक्षकलाई शिक्षण पेसाप्रति जिम्मेवार बनाउन सकिन्छ । शिक्षक सिकारुको सिकाइ प्रति जवाफदेही हुनु पर्छ । यो आजको अपरिहार्य आवश्यकता बनेको छ । यसका लागि शिक्षकको तयारी, विकास र व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षकको प्राज्ञिक योग्यता र तालिम दुवैको उच्चतम परिचालन गर्नु पर्छ ।

विद्यार्थीको सिकाइ प्रक्रियामा सहजीकरण गर्न शिक्षकको योग्यता तथा पेसागत सक्षमताको अभिवृद्धि गर्नु पर्ने हुन्छ । यसका लागि योग्य तथा सक्षम शिक्षक विकास र आपूर्ति जरुरी हुन्छ । यसका लागि विश्वविद्यालय तथा शिक्षक सेवा आयवग बढी जिम्मेवार हुनु पर्छ । शिक्षण सिकाइ सञ्चालन हुने दिन शिक्षकले कक्षाकोठामा वासत्विक रूपमा विताउने शैक्षणिक समय पनि प्रभावकारी शिक्षणकामा भूमिका रहन्छ । साथै शिक्षक व्यवस्थापन मार्फत शिक्षक तथा विद्यार्थी बीच शिक्षण सिकाइका लागि उच्च अभिप्रेरणा तथा मनोबल कायम राखु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

सिकाइ प्रक्रियामा सुधार आवश्यक हुन्छ । शिक्षण सिकाइमा सुधारका लागि प्रविधिको प्रयोग, विद्यार्थी केन्द्रित शिक्षण सिकाइ, बहुकक्षा शिक्षण, कक्षाशिक्षण पद्धति जस्ता सुधारातमक अभ्यास गर्नुपर्छ । साथै उपयुक्त सन्दर्भ सामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामामा पनि समानरूपमा जोड दिनु पर्छ । यसका लागि पनि शिक्षक व्यवस्थापनलाई उचित ध्यान दिनु पर्छ । गुणस्तरीय शिक्षणसिकाइ क्रियाकलापबाट शिक्षाको स्तरमा सुधारको अपेक्षा गर्न सकिन्छ ।
त्यसै गरी कक्षाकोठाको शिक्षणसिकाइमा सुधार ल्याउन कमजोर सिकाइस्तर भएका विद्यार्थीका लागि विशेष सहयोग प्रदान गर्नु पर्छ । अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चितताका लागि उच्च प्राथमिकता प्रदान गर्नु पर्छ । शिक्षणसिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई संस्थागत गर्नु पर्छ । सिकारुको निरन्तर मूल्याङ्कन, परियोजना तथा प्रयोगात्मक कार्य, सहपाठी सिकाइ जस्ता विधि अवलम्बन गर्नु उचित हुन्छ । कमजोर सिकाइ भएका बालबालिका लक्षित उपचारात्मक शिक्षण पद्धति, परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषणका आधारमा शिक्षणसिकाइमा सुधार गर्ने जस्ता कार्यहरू शिक्षकबाट निरन्तर रुपमा गर्न पन् शिक्षको उचित व्यवस्गापन तथा उपयुक्त सक्षमता विकास गर्न जरुरी हुन्छ ।

## ४.२.२ विद्यमान अवस्था

हालको व्यवस्था अनुसार शिक्षकको विकास मूलतः विश्वविद्यालयहरूबाट हुने गर्छ । विश्वविद्यालयको शैक्षिक उपाधिलाई शिक्षक शिक्षा र पूर्व सेवाकालिन शिक्षक तयारीका रूपमा लिइँदै आएको छ । यसरी विश्वविद्यालयबाट उत्पादित जनशक्ति नै शिक्षा क्षेत्रमा सक्रिय हुने गर्छन् । विद्यमान शिक्षा नियमावलीले शिक्षाशास्त्र सङ्कायमा अध्ययन गरेका शिक्षकलाई प्राज्ञिक र पेसागत दुवै रूपले योग्य मानेको छ । शिक्षक हुनका लागि शिक्षक सेवा आयोगबा शिक्षण अध्यापन अनुमती पत्रको परीक्षा उत्तीर्ण गर्नु पर्ने प्रबन्ध गरेको छ । शिक्षण अध्यापन अनुमती पत्रको व्यवस्था गर्न र शिक्षक छनोट र शिक्षकको बढुवाका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगको व्यवस्था कार्यान्वयनमा रहेको छ । त्यसै गरी शिक्षक व्यवस्थापनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, विद्यालय शिक्षक किताव खाना,प्रदेश स्थित शिक्षा विकास निर्देशनालय र प्रदेश शिक्षक तालिम केन्द्रहरू पनि जिम्मेवार छन् । जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइ,स्थानीय तह र विद्यालय पनि शिक्षक व्यवस्थापन कार्यमा संलग्न हुने विद्यमान अवस्था छ ।

प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षकहरू बढी जिम्मेवार हुनु पर्छ । सिकारुको सिकाइका लागि प्रतिवद्ध हुनुपर्छ । उनीहरू बढी जिम्वेवारपूर्ण हुनुपर्दछ । यसका लागि

शिक्षक सहयोग पद्दति पनि उत्तिकै जिम्मेवार हुन्छ । शिक्षकलाई निरन्तर सहयोग सहजीकरण तथा परामर्श प्रदान गर्नु पर्छ । आवश्यकता अनुसार शिक्षण सिकाइका लागि थप पेसागत विकासका अवसरहरू प्रदान गरी ज्ञान सिप र दक्षताका पक्षबाट अद्यावधिक गराइरहनु पर्छ । आधुनिक शिक्षण प्रविधि र प्रविधिमा आधारित शिक्षण सक्षमता विकास हुनु पर्छ ।

### ४.२.३ समस्या

(क) परम्परागत शिक्षण सिकाइले निरन्तरता पाउनु,
(ख) स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्री विकास तथा प्रयोगको अवस्था नहुनु,
(ग) शिक्षकलाई पाठ्यक्रम अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी सक्षम बनाउन नसक्नु,
(घ) सक्षम व्यक्तिलाई शिक्षण पेसा प्रति आकर्षित गर्न र टिकाउन नसक्नु,
(ङ) अस्थायी शिक्षकका रूपमा लामो समय सम्म काम गर्ने अवस्था हुनु,
(च) विद्यार्थी सङ्ख्या तथा विषयगत आधारमा शिक्षक व्यवस्थापन हुन नसक्नु,
(छ) तालिमलाई कक्षाकोठाको वातावरणमा सही रूपमा कार्यान्वयनमा नआउनु,
(ज) शिक्षकलाई विद्यालयमा आधारित प्राविधिक सहयोग प्रदान गर्ने पद्दति नहुनु,
(झ) कक्षा कोठा वातावरण गुणस्तरीय तथा आधुनिक शिक्षण विधिका लागि उपयुक्त नहुनु,
(ञ) तालिम कार्यान्वयनको अनुगमन पक्ष कमजोर रहनु,
(ट) तालिमलाई कक्षाकोठा शिक्षण सिकाइसँग जोड्न नसक्नु,
(ठ) शिक्षक प्रोत्साहनका कार्यक्रमहरू तय गरी कार्यान्वयनमा नआउनु।

### ४.२.४ चुनौती

(क) तीन तहको सरकारबिच समन्वय र सहकार्यमा आधारित शिक्षक व्यवस्थापनको व्यवस्था गर्नु,
(ख) योग्य, दक्ष, र मेधावी विद्यार्थीलाई शिक्षण पेसामा आकर्षित गरी प्रवेश गराउनु, टिकाउनु र उत्प्रेरित गर्नु,
(ग) परिवर्तित पाठ्यक्रममा आधारित शिक्षक तालिमका अवसरहरू सबै शिक्षकलाई उपलब्ध गराउनु,

(घ) विद्यार्थी सङ्ख्या र विद्यालयमा पठनपाठन हुने विषयका आधारमा प्रत्येक शैक्षिक सत्रमा शिक्षकहरू दरबन्धी मिलान गर्नु,

(ङ) नपुग शिक्षकको व्यवस्थापन गर्नु

(च) तालिम पश्चातको कार्यान्वयनको अनुगमनमा विद्यालयलाई जिम्मेवार बनाउनु,

(छ) शिक्षकलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु,

(ज) प्रविधिमा आधारित शिक्षण सिकाइ क्रियाकलापका लागि सक्षम शिक्षक तयार गर्नु, गुणस्तरीय सिकाइ वातावरण विकास गर्नु,

(झ) विद्यालयमा आधारित शिक्षक सहयोग पद्दति विकास गरी शिक्षकलाई प्राविधिक सहयोग प्रदान गर्नु।

### ४.२.५ अवसर

(क) स्थानीय तहलाई शिक्षक विकास गर्ने शिक्षक सहयोग पद्दति विकास गरी प्रयोग गर्ने र शिक्षक विकास गर्न सक्ने कानुनी आधार हुनु,

(ख) स्थानीय स्रोत र साधनमा आधारित सिकाइ सामग्री विकास र प्रयोग गर्ने उचित वातावरण हुनु,

(ग) स्थानीय स्रोत तथा साधनको परिचालन गरी शिक्षक प्रोत्साहनका कार्यक्रमहरू विकास गरी कार्यान्वयन गर्ने पर्याप्त अवसर हुनु,

(घ) उपयुक्त सिकाइ वातावरण विकास तथा प्रयोग गर्ने अवसर रहनु।

### ४.२.६ लक्ष्य

शिक्षक पेसागत क्षमता विकास, विषयगत शिक्षक व्यवस्थापन तथा गुणस्तरीय सिकाइ वातावरण विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।

### ४.२.७ उद्देश्य

(क) प्रभावकारी शिक्षक व्यवस्थापन गर्नु,

(ख) शिक्षक एवम् प्रधानाध्यापकको पेसागत क्षमता विकास गर्नु,

(ग) सङ्घ र प्रदेश सरकारसँग प्रभावकारी समन्वय गरी शिक्षक व्यवस्थापन गर्नु।

### ४.२.८ रणनीति

(क) विद्यार्थी सङ्ख्या तथा विषयगत व्यवस्थाका आधारमा शिक्षक दरवन्दी मिलान गर्ने,
(ख) शिक्षकको पेसागत विकास गर्ने,
(ग) शिक्षक सहयोग पद्दति विकास गरी आवश्यक पेसागत सहयोग गर्ने,
(घ) शिक्षण सिकाइ क्रियाकलापमा सुधार गरी शैक्षिक उपलब्धि वृद्धि  गर्ने,
(ङ) कार्यसम्पादनमा आधारित शिक्षक मूल्याकनलाई प्रोत्साहन तथा वृत्ति विकासमा आवद्ध गर्ने।

## ४.२.९ कार्यनीति

(क) शिक्षक दरवन्दी मिलान तथा विषयगत शिक्षक आपूर्तिका लागि प्रदेश तथा सघ सरकारसङ्ग उचित समन्वय र सहकार्य गरिनेछ ।
(ख) विद्यार्थी सङ्ख्या तथा पठनपाठन गर्ने विषयका आधारमा आवश्यक शिक्षक दरबन्दी सिर्जना गरी शिक्षक व्यवस्थापन गरिने छ ।
(ग) विषयगत विभागहरू गठन गरी शिक्षण सिकाइ क्रियाकलाप तथा पेसागत विकासमा सक्रिय गराइने छ ।
(घ) शिक्षकहरूको वृत्ति विकासकाकालगि सघसँग सहकार्य र समन्वय गरिने छ
(ङ) आवश्यकतामा आधारित तालिम सञ्चालन गरी  शिक्षण सिकाइलाई प्रविधि मैत्री, बालमैत्री एकीकृत पाठ्यक्रममा आधारित, वहुभाषिक शिक्षण विधिको प्रयोग गरिनेछ ।
(च) कार्यसम्पादनमा आधारित मूल्याङ्कन  गरी उत्कृष्ट शिक्षकलाई प्रोत्साहन सँग आबद्ध गरिनेछ
(छ) शिक्षक सहयोग पद्दति विकास गरी पेसागत सहयोग प्रदान गरिनेछ
(ज) माध्यमिक तहमा अंग्रेजी,विज्ञान र गणित शिक्षणका विधिमा केन्द्रित गरी शिक्षको पेसागत विकास गरिनेछ ।
(झ) माध्यमिक विद्यालयमा एक स्थायी प्रधानाध्यापकको पद सिर्जना गरी व्यवस्थापन गरिनेछ ।
(ञ) प्राविधिक धारमा कार्यरत शिक्षक/प्रशिक्षकको पेसागत क्षमता विकास गरिनेछ
(ट) अनलाइन तथा अफलाइन मोडका पेसागत विकासका तालिम कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ
(ठ) स्थानीय तहमा विज्ञहरूको समूह गठन गरी विद्यालयमा आधारित शिक्षक सहयोग पद्दति विकास गरिने छ ।

(ङ) शिक्षकहरू बीच पेसागत छलफल कार्यक्रम आयोजना गरी सिकाइलाई एक आपसमा आदान प्रदान गर्ने र सिकाइ समस्या समाधान गर्ने अवसर प्रदान गरिनेछ ।

(ढ) उत्कृष्ट काम गर्ने शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा गाउँपालिकामा कार्यरत कर्मचारीलाई मूल्याङ्कनका आधारमा पुरस्कार तथा सम्मान गरिनेछ ।

(ण) अनुसन्धानमूलक कार्यमा उत्प्रेरित गर्न शिक्षक जर्नल विकास तथा प्रकाशन गरिने छ

## ४.२.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| **प्रमुख कार्यक्रम** | **इकाइ** | **भौतिक लक्ष्य** | | **समन्वय र साझेदारी** |
|---|---|---|---|---|
| | | **पहिलो पाँच वर्ष २०८४** | **दोस्रो पाँच वर्ष २०८९** | |
| शिक्षक दरबन्दि मिलान | पटक | ५ | ५ | स्थानीय सरकार |
| विषयगत शिक्षक व्यवस्थापन अनुदान | सङ्ख्या | ५ | ५ | संघ र प्रदेश सरकार |
| विद्यालयमा प्रधानाध्यापक पदको व्यवस्था | सङ्ख्या | ५ | ५ | स्थानीय सरकार |
| आवश्यकतामा आधारित शिक्षक तालिम सञ्चालन(भर्चुअल, सूचना सञ्चार तथा प्रविधि, एकीकृत पाठ्यक्रम, बहुकक्षा शिक्षण आदि) | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| विज्ञान प्रविधि अङ्ग्रेजी र गणित(STEM) समब्नधी शिक्षक तालिम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| अनुसन्धानमा आधारित शिक्षक तालिम कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| प्राविधिक धारमा कार्यरत प्रशिक्षकका लागि तालिम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |

| | | | | |
|---|---|---|---|---|
| कार्यप्रगतिमा आधारित शिक्षक प्रोत्साहन अनुदान | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| शिक्षक पेसागत छलफल कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| शिक्षक जर्नल विकास तथा प्रकाशन | पटक | २ | ५ | स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| विज्ञ समूहबाट शिक्षण सिकाइको अनुगमन तथा पृष्ठपोषण | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| शिक्षकहरूबाट सम्पादित कार्यको अनुभव आदान प्रदान सम्बन्धी अवलोकन भ्रमण | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| उत्कृष्ट  विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| वियषगत गोषठी सेमिनार तथा कार्यशाला सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| प्रधानाध्यापकका लागि नेतृत्व विकास तालिम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |

### ४.२.११ अपेक्षित उपलब्धि

(क) शिक्षक दरबन्दी मिलान भइ विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्थापन भएको हुने,

(ख) विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापन सुनिश्चित भएको हुने,

(ग) शिक्षकले आवश्यकतामा आधारित पेसागत विकासका अवसर प्राप्त गरी शिक्षण सिकाइका सुधार गरेको अवस्था हुने,

(घ) प्रधानाध्यापकहरूको नेतृत्व क्षमता विकास भई शैक्षिक व्यवस्थापनमा सुधार भएको हुने,

(ङ) प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन अनुगमन/सुपरीवेक्षणका आधारमा उत्कृषट कार्य गर्ने व्यक्ति प्रोत्साहन गरिएको हुने,

(च) स्थानीय तहमा विज्ञहरूको समूह गठन भइ विद्यालयमा आधारित पेसागत सहयोग प्रदात गरिएको अवस्था हुने,

(छ) प्रत्येक विद्यालयमा प्रधानाध्यापकको पद सिर्जना भइ परिचालन भएको हुने,

(ज) विद्यालयका शिक्षकहरूकै नेतृत्वमा पेसागत छलफल तथा अनुभन आदान प्रदान भएको हुने,

(झ) विद्यालय र विषयगत विभागहरू गठन भइ परिचालन भएको हुने,

(ञ) अनलाइन/भर्चुअल पद्धती मार्फत शिक्षकको पेसागत क्षमता विकास भएको,

(ट) विद्यालयमा आधारित अनुसन्धानात्मक जर्नल प्रकाशन भएको हुने।

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

प्रत्येक नागरिकलाई शिक्षा पाउने अधिकार संविधानले सुनिश्चित गरेको छ । शिक्षामा सबैको समान सहभागिता हुनु नितान्त जरुरी छ । विविध कारणबाट शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित बालबालिकाको शिक्षामा समान पहुँचको अवस्था सुनिश्चित गर्न औपचारिक शिक्षबाट मात्र सम्भव हुँदैन । यसका लागि अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको पनि उत्तिकै आवश्यकता पर्छ । समावेशी शिक्षा विशेष गरी शिक्षाको मुल प्रवाहबाट बाहिर रहेका वा बन्चितिमा परेका वा पारिएका बालबालिका तथा प्रौढहरू समेतलाई शिक्षाको मूल प्रवाहमा समाहित गर्ने प्रक्रिया हो । शिक्षालाई सामाजिक आर्थिक रुपान्तरणको मूल साधनका रुपमा आत्मसाथ गरिएको छ । यस अथमा पनि शिक्षामा समावेशिताको विषय महत्वपूर्ण हुन्छ ।

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क पाउने हक प्रदान गरेको छ । त्यसै गरी माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । अपाङ्गता भएका र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने हकको पनि व्यवस्था गरेको छ । मातृ भाषामा शिक्षा पाउने हक समेतको व्यवस्था संविधानले गरेको छ । अपाङ्गता भएका बालबालिकालाई ब्रेल तथा साङ्केतिक भाषामा शिक्षा पाउने हक सुनिश्चित गरेको हुँदा समावेशि शिक्षाको विकास तथा विस्तारका लागि सबै तहका सरकार जिम्मेवार हुनु पर्ने कानुनि व्यवस्था रहेको छ ।

समावेशी शिक्षाले समाजमा रहेका हरेक वर्ग, क्षेत्र, समुदाय, जातजाति लाई समान अधिकार प्रदान गर्छ । त्यसमा पनि शिक्षाबाट बञ्चितिमा रहेका वर्गलाई उनीहरूको शैक्षिक आवश्यकता र चाहना पहिचान गरी आवश्यकता अनुसारको शैक्षिक अवसर प्रदान गर्छ । सबै बालबालिकालाई गुणस्तरीय जीवनयापन गर्न सक्ने बनाउँछ । शिक्षाको माध्यमबाट राज्यको मूल प्रवाहमा समाहित गर्न सहयोग गर्छ । यसबाट सबै व्यक्तिको सामाजिक, आर्थिक, शैक्षिक विकास हुने पर्याप्त अवसर प्रदान गर्न । परिणामतः समतामूलक समाज तथा आर्थिक तथा सामाजिक रूपान्तरणको अवस्था सिर्जना गर्न सहयोग पुग्न जान्छ ।

### ४.३.२ विद्यमान अवस्था

विक्रम सम्बत २०२१ पछि नेपालमा अपाङ्गता भएका बालबालिकाहरुका लागि शिक्षाको विकासले गति लिन थालेको हो । वि.सं. २०२१ मा दृष्टिविहिन व्यक्तिहरुका लागि एकीकृत विद्यालयको थालनी भयो । विस २०२३ मा बहिरा व्यक्तिहरुका लागि विशेष विद्यालयको सुरुवात भएको पाईन्छ । त्यस्तै वि.सं. २०२६ मा शारीरिक र दृष्टिविहिन अपाङ्गता भएका बालबालिकाहरुका लागि तथा २०३८ मा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागि विशेष विद्यालयको सुरुवात गरेको ऐतिहासिका परिवेश रहेको छ । वि.सं. २०३९ सालमा अपाङ्गता भएका व्यक्तिहरुको लागि बनेको पहिलो ऐन 'अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ र उक्त ऐनलाई कार्यान्वयन गराउन बनेको नियमावली २०५१ सरकारले जारी गरेपश्चात् अपाङ्गता भएका व्यक्तिको अधिकारको प्राप्तिका थप कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा सुधार हुँदै गएको पाइन्छ । नेपाल सरकारले २०५३ सालमा अपाङ्गता भएका बालबालिकाहरुका लागि उनिहरुको शारीरिक मानसिक तथा कार्यगत अवस्थाको आधारमा शिक्षा प्रदान गर्न विशेष शिक्षा नीति तर्जुमा गरी लागू गर्यो । यसले शिक्षालाई थप व्यवस्थित गर्यो । नेपाल सरकारले बालबालिकाको

अधिकार सम्बन्धि महासन्धि १९८९ लाई  अनुमोदन गरिसकेको छ। त्यसै गरी अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि २००६ मा समेत प्रतिवद्धता जनाइ सकेको अवस्था छ । त्यसै गरी संयुक्त राष्ट्र सङ्घीय बालअधिकार महासन्धी सन् १९८९, अपाङ्गता भएका व्यक्तीहरूको अधिकारसम्बन्धी अन्तराष्ट्रीय महासन्धी सन् २००६ मा प्रतिवद्धता जनाएको छ । दिगो विकास लक्ष्यको चौथो लक्ष्य प्राप्तिका सूचक तय गरी कार्यान्वयनमा ल्याएको अवस्था छ ।

### ४.३.३ समस्या

क) पालिका तहमा समावेशि शिक्षासम्बन्धी नीतिगत व्यवस्था हुन नसक्नु,
ख) अपाङ्गता भएका वा सिकाइ सिमितता भएका बालबालिकाहरूमको सही पहिचान नहुनु,
ग) समावेशी तथा अपाङ्ग मैत्री विद्यालय भौतिक संरचना नहुनु,
घ) समावेशी शिक्षण सिकाइका लागि अत्यावश्यक सक्षमता विकास नहुनु,
ङ) समावेशी शिक्षाका लागि अत्यावश्यक शैक्षिक सामग्रीहरूको उचित प्रवन्ध हुन नसक्नु,
च) समावेशि शिक्षासम्बन्धी नीति तयार गरी कार्यान्वयनमा ल्याउन नसक्नु,
छ) सरोकारवालामा अपाङ्गता भएका बालबालिकाहरू प्रति हेर्ने दृष्टिकोण परम्परागत हुनु,
ज) प्रारम्भिक पहिचान पद्दति संस्थागत नहुनु,
झ) नियमित सहयोग प्रणाली विकास नहुनु,
ञ) निरन्तर मूल्याङ्कन प्रणालीका आधारमा अपाङ्गता भएका बालबालकाले सिकाइ सहयोग प्राप्त गर्ने वातावरण नहुनु,
ट) सिकाईको विश्वव्यापी ढाँचाको सिद्धान्तमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन नसक्नु।

### ४.३.४ चुनौती

क) विद्यालयमा प्रारम्भिक पहिचान तथा रिफरल सेवा प्रदान गर्ने पद्दति स्थापना गर्नु,
ख) अपाङ्गता मैत्री शैक्षिक वातावरण सिर्जना गर्नु,
ग) बालबालिकाको सिकाइ चाहना तथा आवश्यकता अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,

घ) बालबालिकाको शिक्षण सिकाइ क्रियाकलापमा समान सहभागिताको अवस्था सुनिश्चितगर्नु,

ङ) पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग र उपयोग, सह तथा अतिरिक्त क्रियाकलाप आदिमा समावेशी पहुँच सुनिश्चित गर्नु,

च) समावेशी शिक्षण सिकाइमा अभिभावकको भूमिका वृद्धि गर्नु,

छ) समावेशी शिक्षण सिकाइको लागि अत्यावश्यक लगानी सुनिश्चित गर्नु,

ज) समावेशी शिक्षाका लागि अत्यावश्यक सिकाइ सामग्रीहरुको सर्वसुलभता कायम गर्नु,

झ) अतिरिक्त क्रियाकलाप मा समतामुलक प्रतिनिधित्व नहुनु,

ञ) परम्पराबादी सोचले निरन्तरता पाउनु।

### ४.३.५ अवसर

क) समावेशिताका सम्बन्धमा सवैधानिक रुपमा कानुनी व्ववस्था हुनु,

ख) गाउँपालिकालाई नगरको आवश्यकता अनुसार शिक्षा नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने अधिकार हुनु,

ग) गाउँपालिकाको सरचानले समावेशीताको पक्षलाई प्रवर्धन गरेको अवस्था विद्यमान हुनु,

घ) राष्ट्रिय अन्तराष्ट्रिय रुपमा सरकारले समावेशि शिक्षाका लागि प्रतिवद्धता जाहेर गरेको अवस्था विद्यमान हुनु ।

### ४.३.६ लक्ष्य

समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चता गर्ने ।

### ४.३.७ उद्देश्य

क) अपाङ्गता भएका बालबालिकाको कार्यगत सिमीतता पहिचान पद्दति स्थापना गर्नु,

ख) अपाङ्गता मैत्री विद्यालय भौतिक पूर्वाधारको व्यवस्था गर्नु ,

ग) अपाङ्गता भएका, लोपोन्मुख, अति सिमान्तकृत, अति विपन्न र जोखिममा रहेका बालबालिकालाई सबै तहको शिक्षामा समान पहुँचको अवस्था सुनिश्चित गर्नु,

घ) समावेशी शिक्षा र सिकाइमा समुदाय तथा अभिभावकको भूमिका वृद्धि गर्नु।

### ४.३.८ रणनीति

क) स्थानीय तहमा सकावेशि शिक्षाको नीतिगत व्यवस्था गर्ने,

ख) प्रारम्भिक पहिचान पद्दति विकास गरी अपाङ्गता तथा सिकाइ सीमितता पहिचान गर्ने,

ग) विद्यालयको भौतिक संरचना सुधार गरी अपङ्गता मैत्री बनाउने,

घ) समावेशि शिक्षाका लागि आवश्यक सक्षमता विकास गर्ने,

ङ) समावेशि शिक्षण सिकाइ वातावरण सिर्जना गर्ने।

## ४.३.९ कार्यनीति

क) समावेशि शिक्षाको नीति तय गरी कार्यान्वयनमा ल्याइने छ ।

ख) विद्यालयमा अपाङ्गता भएका बालबालिकाको कार्यगत सिमीतता पहिचान (Early screening of functional limitations) गर्ने पद्दति विकास गरी कार्यानवयनमा ल्याइनेछ ।

ग) विद्यालको भौतिक संरचनालाई अपाङ्गता मैत्री बनाइनेछ ।

घ) अपाङ्गता भएका लोपोन्मुख अति विपन्न तथा जोखिममा रहेका बालबालिकाहरूको उच्च शिक्षा सम्मको अध्ययनका लागि विशेष छात्रवृत्ति कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

ङ) अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच बढाउन ब्रेल तथा साङ्केतिक भाषाका सिकाइ सामग्री विकास गरिनेछ ।

च) समावेशि शिक्षमा सक्रियता बढाउन अभिभावक शिक्षा कार्यक्रम विकास गरी कार्यान्वयन गरिनेछ ।

छ) बालक्लब, जुनियर रेडक्रस सर्कल, स्काउट जस्ता सञ्जालहरू समावेशी सिकाइ वातावरण तयार गर्न परिचालन गरिनेछ

ज) सिकाइ सिमितता पहिचान भएका बालबालिकाका लागि व्यक्तिगत सिकाइ योजना विकास गरी कार्यान्वयनमा ल्याइनेछ

झ) सिकाईको विश्वव्यापी ढाँचाको सिद्धान्तमा आधारित शिक्षण सिकाइका लाग शिक्षकको क्षमता विकास गरिने छ

ञ) विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकलाई समावेशि शिक्षासम्बन्धी अभिभुखीकरण तालिम सञ्चालन गरिने छ ।

ट) बालबालिकाको नियमित स्वास्थ्य परीक्षण गरी आवश्यक रिफरल सेवा प्रदान गरिनेछ ।

ठ) गैर सरकारी संघसस्थाको समन्वय र सहकार्यमा समावेशि शिक्षाका लागि आवश्यक शैक्षिक सामग्री विसका गरी प्रयोगमा ल्याइनेछ ।

ड) अपाङ्गता भएका बालबालिकालाई अत्यावश्यक उपकरण( ह्वील चेयर, छडी, आदि) सहयोग गरी शिक्षण सिकाइ प्रक्रियामा सक्रिय बनाइने छ ।

ढ) स्रोत कक्षा सञ्चालन भएका विद्यालयको शैक्षिक वातावरण सुधार गरी सुरक्षित सिकाइ वातावरण सिर्जना गरिने छ ।

## ४.३.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८४ | दोस्रो पाँच वर्ष २०८९ | |
| पालिका स्तरीय समावेशी शिक्षाको नीति विकास र कार्यान्वयन | पटक | १ | ० | स्थानीय सरकार |
| अपाङ्गता मैत्री विद्यालय वातावरण निर्माणका लागि भौतिक सुधार संस्थागत सुदृढीकरण | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकाय |
| अपाङ्गता भएका बालबालिको कार्यगत सिमीतता सहितको सूचना सङ्कलन तथा प्रयोग | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकाय |
| अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच सुनिश्चित गर्न उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकाय |
| अपाङ्गतासम्बन्धी बालबालिकाको कार्यगत सिमीतता पहिचान गर्ने पद्दति विकास | विद्यालय | ३८ | ३८ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकाय |
| कार्यगत सिमीतता पहिचान गर्न अत्यावश्यक सक्षमता विकास | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकाय |

| | | | | |
|---|---|---|---|---|
| अपाङ्गता तथा समावेशि शिक्षा सम्बन्धी अभिभावक सचेतना विकास कार्यम्रम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकाय |
| समावेशी शिक्षाका लागि आवश्यक सिकाइ सामग्री विकास र तिनको उपलब्धता | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकाय |
| बाल  क्लव तथा जुनियर रेडक्रस सर्कलमा आधारित कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकाय |
| सिकाइ सिमीतता भएका बालबालिकाहरूका लागि शैक्षिक सहयोग कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकाय |
| प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लक्षित समावेशी शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकाय |
| नियमित स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | विद्यालय | ३८ | ३८ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकाय |
| अपाङ्गता भएका बालबालिकाका लागि सहायता सामग्रीको व्यवस्था (श्रवण यन्त्र ह्वील चेयर छडि लगायत) | सङ्ख्या | १०० | १०० | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकाय |
| स्रोत कक्षा सञ्चालित विदयालयको सिकाइ वातावरण सुधार कार्यक्रम | सङ्ख्या | ० | १ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकाय |

#### ४.३.११अपेक्षित उपलब्धि

क) सबै विद्यालयहरूमा अपाङ्गता मैत्री वातावरणमा कक्षा सञ्चालन भएको हुने,
ख) सबै विद्यालयहरूमा अपाङ्गता भएका बालबालिकाको कार्यगत सिमीतताको पहिचान गर्ने पद्दति विकास तथा कार्यान्वयन भएको हुने,
ग) विद्यालयका शिक्षकहरूले अपाङ्गता सम्बन्धी शिक्षण सिकाइ का लागि तालिम प्राप्त गरेको अवस्था हुने,
घ) अभिमावकहरूमा अपाङ्गता सम्बन्धी सचेतना विकास भइ अपाङ्गता भएका बालिकालिकालाई शैक्षिक सहजीकरण गर्ने गरेको अवस्था हुने,
ङ) अपाङ्गता भएका बालबालिको कार्यगत सिमीतता सहितको सूचना सङ्कलन तथा प्रयोग भएको अवस्था हुने,
च) बाल क्लव तथा जुनियर रेडक्रस सर्कल लगायतका क्लवहरू विद्यालय तथा समुदायमा समावेशी सिकाइ वातावरण निर्माणमा सक्रिय भएका हुनेछ,
छ) सिकाइ सिमीतता भएका बालबालिकाले अतिरिक्त सिकाइ सहयोग कार्यक्रममा सहभागी भइ शैक्षिक उपलब्धिमा सुधार भएको हुने छ,
ज) अपाङ्गता भएका बालबालिका लक्षित शैक्षिक सामग्री विकास तथा प्रयोग भएको हुने,
झ) अपाङ्गता भएका बालबालिकाले उच्च शिक्षा अध्ययन छात्रवृत्ति प्राप्त गरी शैक्षिक निरन्तता प्रदान गरेको हुने,
ञ) विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले समावेशि शिक्षा सम्बन्धी तालिम प्राप्त गरी प्रयोगमा ल्याएको हुने,
ट) स्रोत कक्षा सञ्चालित विद्यालयको सिकाइ वातावरण सुधार भइ सुरक्षित वातावरणमा सिकाइ क्रियाकलाप सञ्चालन भएको हुने,
ठ) अपाङ्गता भएका बालबालिकाले शैक्षिक उपकरण सहयोग प्राप्त गरी विद्यालयमा निरन्तरता प्रदान गरको हुने,
ड) आवधिक रुपमा बालबालिकाको स्थास्थ्य परीक्षण भइ आवश्यक रिफरल सेवा प्राप्त गरेको हुने।

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

#### ४.४.१ परिचय

बालबालिकाको वृद्धि र विकासका लागि पोषण युक्त खाना अपरिहार्य हुन्छ । पोषणयुक्त खाना खाएमा मात्र स्वस्थ्य जीवनको अवस्था सुनिश्चित हुन्छ । त्यसैले पोषणयुक्त खानाबाट नै स्वस्थ जोनको सुरुवात हुने गर्छ । नेपाल सरकारले कलिलो उमेरबाट नै बालबालिकाका लागि शैक्षिक प्रबन्ध गरेको अवस्था छ । चार वर्ष उमेर भएका बालबालिका प्रारम्भिक बाल विकास र क्षिकाका कार्यक्रममा सहभागी हुने गर्छन् । यस अर्थमा पनि सानो उमेर समुहबाट नै विद्यालयमा आधारित पोषणयुक्त खानाको प्रबन्ध अनिवार्य जस्तै हुन्छ । विद्यालयमा आएका बालबालिकाहरूको पोषणयुक्त खाजा व्यवस्थापन गर्न प्रारम्भिक बालविकासदेखि कक्षा छ सम्म पढिरहेका विद्यार्थीहरूका लागि दिवा खाजा कार्यक्रमका रूपमा नेपाल सरकारले बजेट व्यवस्थान गर्दै आएको छ । यो बजेट सशर्त अनुदानका रूपमा स्थानीय तहमा जाने व्यवस्था रहेको छ । यो बजेटका लागि विद्यालयहरूले स्थानीय तहमा बजेट माग गरी विद्यार्थीहरूलाई खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने गरी व्यवस्थापन हुँदै आएको अवस्था छ ।

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको प्रत्यक्ष सम्बन्ध रहन्छ । स्वास्थ्य तथा पोषणको उचित व्यवस्थापनबाट वालवालिकाको सिकाइमा सहभागिता

बढाउँछ । सिकाइमा हुने सहभागितले उनीहरूको सिकाइ उपलब्धि सुधार गर्न सहज हुन्छ । त्यसै गरी बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ व्यक्तिगत तथा विद्यालय र घरपरिवारमा हुने सरसफाइको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहन्छ । त्यसैले विद्यालयमा आधारित स्वच्छताको अभ्यास गर्नु सान्दर्भिक हुन्छ । प्रारम्भिक स्वास्थ्य जाँच तथा त्यसका आधारमा गरिने रिफरल सेवाले सिकारुको स्वास्थ्य तथा सिकाइमा सकारात्मक प्रभाव पार्नेहुन्छ । यस्ता आधारभूत स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्ने गरी विद्यालय स्वास्थ्य तथा पोषणका कार्यक्रम सञ्चालन महत्वपूर्ण हुन्छ ।

दिवा खाजा कार्यक्रमका धेरै सकारात्मक प्रभाव देखिएका छन् । विद्यार्थीको विद्यालयमा सहभागिता बढेको छ । भर्ना, हाजिरी र कक्षा पूरा गर्ने दरमा वृद्धि भएको छ । सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव परेको छ । सन् २०१८ मा नेपालमा गरिएको अध्ययनले दिवा खाजा खुवाएको विद्यार्थी दिवाखाजा नखुवाएको अन्य विद्यार्थीको तुलनामा ०.८८ वर्ष विद्यालयमा बढी समय टिकेको पाइएको छ । यसै गरी नेपालको दिवा खाजा

कार्यक्रममा भएको प्रत्येक एक डलर बराबरको लगानी खर्च ले पाँच दशमलव दुई डलर बराबरको प्रतिफल दिने कुरा लागत लाभ विश्लेषणले देखाएको छ (शिक्षा तथा मानव स्रोत विकास केन्द्र स्रोत पुस्तिका २०७७) । यसबाट पनि दिवाखाजाको व्यवस्थावलाई थप व्यवस्थित गर्नु पर्ने अवस्था देखिन्छ ।

### ४.२.२ विद्यमान अवस्था

अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ एवम् नियमावली २०७७ ले दिवा खाजाको प्रावधानलाई कानूनी रुपमा स्थापित गरेको छ । यो विषयलाई विद्यालय क्षेत्र विकास कार्यक्रम, पन्ध्रौं योजनाको आधारपत्र, एकीकृत स्वास्थ्य रणनीति जस्ता नेपालका शिक्षा र स्वास्थ्य सम्बन्धी नीतिगत

कम्तीमा ३० प्रतिशत पोषण परिपूरक हुने विविधतामूलक आहार उपलब्ध गराएर विद्यालयमा बालबालिकाको स्वास्थ्य र पोषण स्थितिमा सुधार गर्नु पर्ने व्यवस्था गरिएको छ । संघबाट वर्षेनी करीव ९ अर्व बराबरको रकम दिवा खाजाका रूपमा स्थानीय तहलाई हस्तान्तरण गरिदै आएको अवस्था छ । समग्रमा केही विद्यालयमा दिवा खाजा व्यवस्थापन सन्तोषजनक भएको र केही विद्यालयमा नभएको अवस्था देखिन्छ । दिवा खाजा कार्यक्रम मापदण्डमा आधारित हुनु पर्ने गरी निर्देशिका तयार भएको छ । तर अभ्यासमा विदयालयले मापदण्ड अबलम्बन गर्ने गरेको अवस्था प्राय देखिदैन । पौष्टिक हिसाबले पनि हरेक क्यालोरी मिलाउनुने गरी दिवा खाजा व्यवस्थापन हुन सकेको देखिँदैन ।

सुदूर पश्चिम प्रदेशको अवस्थाले स्वास्थ्य तथा पोषणमा थप प्राथमिकता प्रदान गर्नु पक्ष देखाएको छ । प्रदेशमा ५ वर्षमुनि बालबालिकाहरु मध्ये २८.४५ प्रतिशत पुडका छन् । यो राष्ट्रिय औषत भन्दा माथि रहेको छ । बिगत ५ वर्षमा यस प्रदेशमा पुडका बालबालिकाको संख्या बढेको देखाएको छ । नेपाल राष्ट्रिय जनसंख्याकिक सर्वेक्षण २०२२ ले देखाएको छ । त्यसै गरी सर्वेक्षणले प्रदेशका १३.८५ प्रतिशत बालबालिका कम तौलका र करिब ५.५ बालबालिका ख्याउटे रहेका छन् । यस परिवेशमा विद्यालय दिवा खाजा कार्यक्रम निकै उपयोगी र जरुरी छ ।

### ४.२.३ समस्या

क) दिवा खाजा व्यवस्थापनका लागि आवश्यक भौतिक संरचना विकास नहुनु,
ख) दिवा खाजा व्यवस्थापनका लागि आवश्यक भान्से, भाँडाकुँडा आदिको प्रबन्ध नहुनु,

ग) स्थानिय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापन गर्न कठीनाइ हुनु,

घ) दिवा खाजा व्यवस्थापन प्रति विद्यलय व्यवस्थापन र प्रधानाध्यापकको कम चासो रहनु,

ङ) स्थानीय तहबाट दिवा खाजा व्यवस्थापन सम्बन्धी स्थानीय आवश्यकता र परिवेशमा आधारित कार्यविधि विकास नहुनु,

च) दिवा खाजा व्यवस्थापनको अनुगमन नहुनु,

छ) सरोकारवालामा पोषण सम्बन्धी उयुक्त ज्ञानको कमी रहनु,

ज) दिवाखाजा पोषण तथा स्वास्थ्यलाई एकीकृत रूपमा सञ्चालन हुन नसक्नु,

झ) दिवा खाजा पश्चातको फोहर उचित व्यवस्थापन नहुनु,

ञ) लागत सझेदारीको अवधारणा अनुसार दिवा खाजा व्यवस्थापन गर्ने कार्य नहुनु,

ट) स्थानीय तहबाट दिवा खाजाको थप व्यवस्थापनका लागि आवश्यक भौतिक पूर्वाधार विकास मानव स्रोत व्यवस्थापन गर्ने योजना तथा बजेटको व्यवस्थापन नहुनु।

### ४.२.४ चुनौती

क) उपयुक्त भौतिक वातावरणमा दिवा खाजा व्यवस्थापन गर्नु,

ख) स्थानीय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापन गर्नु,

ग) दिवा खाजाको व्यवस्थपपन तथा विस्तारका लगि आवश्यक बजेटको प्रबन्ध गर्नु,

घ) लागत साझेदारीमा दिवा खाजालाई निरन्तरता प्रदान गर्नु,

ङ) विद्यालयमा स्वास्थ्य सम्बन्धी जानकारी प्रदान गर्ने दक्ष जनशक्तिको अभाव हुनु,

च) बालबालिकालाई नियमित रूपमा स्वास्थ्य उपचार गर्ने पद्धति विकास नहुनु,

छ) विद्यालयमा प्राथमिक उपचार कक्ष तथा अत्यावश्यक सामग्री लगायतका औषधिहरूको व्यवस्थापन नहुनु,

ज) दिवा खाजा तथा विद्यालय स्वास्थ्य कार्यक्रमको अनुगमन नहुनु।

### ४.२.५ अवसर

क) संघ सरकारबाट सन् २०३० सम्म दिवा खाजा व्यवस्थापनका लागि योजना तथा कार्यक्रम स्वीकृत हुनु,

ख) दिवा खाजाका कारण विद्यालयमा विद्यार्थीको निरन्तरता बढ्नु र सकारात्मक प्रभाव देखिनु,

ग) स्थानीय सरकारले शैक्षिक गुणस्तरमा सुधार गर्ने लक्ष्य लिनु,

घ) स्थानीय सरकारलाई आवश्यक कार्यविधि तयार गरी एकीकृत विद्यालय स्वास्थ्य तथ पोषण कार्यक्रम सञ्चालन गर्ने अधिकार र अवसर हुनु।

### ४.२.६ लक्ष्य

सफा सुरक्षित र उपयुक्त वातावरणमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरी बालबालिकाको गुणस्तरीय स्वास्थ्य र सिकाइको अवस्थामा सुधार गर्ने ।

### ४.२.७ उद्देश्य

क) उपयुक्त भौतिक वातावरण सिर्जना गरी स्थानीय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापन गर्नु,

ख) विद्यालयमा विद्यार्थीको उपस्थिति नियमित गराउनु, बिचैमा छाढ्ने दरमा कमी ल्याउनु र सिकाइमा सुधार गर्नु,

ग) बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार गरी निरन्तर सिकाइका लगि अभिप्रेरित गर्नु।

### ४.२.८ रणनीति

क) विद्यालयको भौतिक संरचामा भान्सा तथा स्टोर कक्षको प्रबन्ध गर्ने,

ख) विद्यालयमा उचित खानेपानी, स्वास्थ्य र सरसफाइ सहितको दिवा खाजाको प्रबन्ध गर्ने,

ग) विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई एकीकृत गरी स्थानीय उपजमा आधारित दिवा खाजाको व्यवस्थापन मार्फत् स्थानीय कृषि उत्पादनको अवस्थामा सुधार गर्ने।

### ४.२.९ कार्यनीति

क) विद्यालय स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

ख) वहुक्षेत्रीय एकीकृत विद्यालय स्वास्थ्य तथा पोषण योजना विकास गरी कार्यान्वयन गरिनेछ ।

ग) स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन गर्न विद्यालयलाई प्रोत्साहन तथा सहजीकरण गरिने छ ।

घ) बालबालिकाका लागि स्वास्थ्य उपचार तथा स्वास्थ्य सम्बन्धी परामर्शका लागि एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन गरिनेछ ।

ङ) स्थानीय गैर सरकारी निकायहरूको साझेदारीमा विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था गरिनेछ ।

च) दिवा खाजा तथा पोषण युक्त खानाका सम्बन्धमा अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

छ) गैर सरकारी निकायहरूलाई दिवा खाजा व्यवस्थापन तथा विद्यालय पोषण कार्यक्रम सञ्चालनमा परिचालन गरिनेछ ।

ज) स्वास्थ्य शाखाको समन्वय र सहकार्यमा विद्यालयका बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटको (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण गरिने छ ।

झ) सुरक्षित विद्यालय अवधारणा अनुसार विद्यालयको घेरावार, कम्पाउण्ड लगायतका पक्षहरूमा सम्भाव्यता र आवश्यकताका आधारमा सुधार गरिने छ ।

ञ) विद्यालय स्वास्थ्य तथा दिवा खाजा व्यवस्थापन सम्बन्धी कार्यक्रम विद्यालय सुधार योजनामा समावेश गर्न प्रोत्साहन गरिने छ ।

ट) स्थानीय उत्पादनमा आधारित दिवा खाजा मेनु विकास गरी कार्यान्वयन गरिने छ ।

ठ) स्वास्थ्य तथा पोषणसम्बन्धी स्थानीय पाठ्यक्रम निर्माण/परिमार्जन लगायतका काममा आवश्यक क्षमता गरिनेछ ।

### ४.२.९ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| **प्रमुख कार्यक्रम** | **इकाइ** | **भौतिक लक्ष्य** | | **समन्वय र साझेदारी** |
|---|---|---|---|---|
| | | **पहिलो पाँच वर्ष २०८४** | **दोस्रो पाँच वर्ष २०८९** | |
| विद्यालय स्वास्थ्य पोषण तथा दिवा खाजा सम्बन्धी कार्यविधि विकास र कार्यान्वयन | पटक | १ | संशोधन १ | स्थानीय सरकार |
| विद्यालयको न्यूनतम भौतिक संरचना विकास Kitchen, store room, water facilities, utensils, change room, toilets etc.) | पटक | १ | १ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |

| | | | | |
|---|---|---|---|---|
| एकीकृत विद्यालय स्वास्थ्य तथा पोषण योजना विकास र कार्यान्वयन | स्थानीय तह | १ | १ | स्थानीय सरकार |
| स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन | स्थानीय तह | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन | सङ्ख्या | ० | १ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था | सङ्ख्या | ३८ | ३८ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| प्राथमिक उपचार किटको सम्बन्धी शिक्षक अभिमुखीकरण कार्यक्रम | सङ्ख्या | २ | ३ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| विद्यालयका बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच जुकाको , तत्व पोषक सूक्ष्म तथा औषधि र ए भिटामिन) ट्याबलेटको प्रदायक आदि एसिड फोलिक आइरन) को वितरण | सङ्ख्या | ३८ | ३८ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा व्यवस्थापनका लागि जबाफदेही संयत्र विकास | सङ्ख्या | ३८ | ३८ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| पालिका तहमा दिवा खाजा सम्बन्धी मेनु विकास | सङ्ख्या | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| दिवा खाजा व्यवस्थापन | सङ्ख्या | ३८ | ३८ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| विद्यालयको घेरावार, कम्पाउण्ड लगायतका पक्षहरूमा सम्भाव्यता र आवश्यकताका आधारमा सुधार गर्न | सङ्ख्या | १२ | ३८ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| विद्यालय स्वास्थ्य तथा पोषण र दिवा खाजा सम्बन्धी स्थानीय | सङ्ख्या | ५ | ५ | गैर सरकारी सस्थाहरू/ |

| | | | | |
|---|---|---|---|---|
| पाठ्यक्रम विकास तथा कार्यान्वयनमा स्थानीय निकायलाई सहजीकरण | | | | |

### ४.५.११ अपेक्षित उपलब्धि

क) दिवा खाजा कार्यविधि  विकास भइ कार्यान्वयनमा आएको हुने,

ख) विद्यालयको न्यूनतम भौतिक संरचना विकास Kitchen, store room, water facilities, utensils, change room, toilets etc.) भई  दिवा खाजा व्यवस्थापनमा प्रयोगमा आएको हुने,

ग) एकीकृत विद्यालय स्वास्थ्य तथा पोषण योजना विकास र कार्यान्वयनमा आएको हुने,

घ) स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालनका भएको हुने,

ङ) एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन भई स्वास्थ्य र पोषण सम्बन्धमा बालबालिकाहरूले उचित परामर्श पाएको हुने,

च) विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था भई प्रयोगमा आएको हुने,

छ) बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटको (भिटामिन ए र आइरन फोलिक एसिड आदि) वितरण भएको हुने,

ज) स्थानीय तहमा स्थानीय उत्पादनमा आधारित दिवा खाजा मेनु विकास भइ प्रयोगमा आएको हुने,

झ) विद्यालयहरूले दिवा खाजा व्यवस्थापन गरेको हुने,

ञ) विद्यालयको घेरावार, कम्पाउण्ड, उचित खानेपानी लगायतका पक्षहरूमा सुधार भइ विद्यालयहरू सुरक्षित  हुने,

ट) विद्यालय स्वास्थ्य तथा पोषण र दिवा खाजा सम्बन्धी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा आएको हुने,

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनिकरण तथा उत्थानशिलता

### ४.५.१ परिचय

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ जारी गरी कुनै पनि अवस्थामा विपद तथा प्राक्रितिक प्रकोप, महामारी, द्वन्द एवम् युद्धको अवस्थामा बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्नु पर्ने कानुनी दायित्व प्रदान गरेको अवस्था छ । यस प्रकारको व्यवस्थाले नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा पाउने अधिकारको सुनिश्तिता गर्न थप सहयोग गर्छ । जुन सुकै अवस्थापमा पनि निर्वाधरूपमा शिक्षा पाउनुलाई बालबालिकाको मौलिक अधिकारका रूपमा रहेको हुनछ । आपत्कालीन अवस्थामा पनि उनीहरूले निरन्तर पढन पाउने अवस्था सिर्जना गर्नु सरकारको दायित्व हो । यस अर्थमा पनि स्थानीय तहमा बन्ने शिक्षाका योजनाले आपत्कालीन शिक्षाको योजना तयार गर्नु नितान्त जरुरी हुन्छ ।

आपत्कालिन शिक्षाले बालबालिकामा संकट तथा जोखिमका अवस्थापमा मनोवैज्ञानिक डर त्रास हटाइ सहज वतावतरण सिर्जना गर्न र सामाजिक समायोजन गर्न सघाउँछ । उनीहरूको शारीरिक वृद्धि, विकास, संरक्षण गर्नमा पनि सघाउँछ । यसरी आपत्कालमा संकटपूर्ण अवस्थाबाट पर्ने मनोवैज्ञानिक त्रास हटाउने, सहव वातावरण सिर्जना गर्न, न्यूनतम सिकाइ वातावरणमा सिकाइलाई निरन्तरता प्रदान गर्ने, आपतकालिन समयमा हुन सक्ने विभिन्न प्रकारका शोषणबाट बालबालिकालाई सुरक्षित राख्ने, सुरक्षित सिकाइ स्थल तयार गरी शिक्षालाई निरन्तरत प्रदान गर्ने क्रियाकलाप आपत्कालिन शिक्षामा गरिन्छ । त्यसै गरी शारीरिक तथा मानसिक तनाव, स्वास्थ्य सम्बन्धी समस्या, रोग, महामारी आदिबाट बच्ने उपायका बारेमा सचेत गराउने गरिन्छ । भेदभाव, अपहेलना झगडा, हानी, दुरव्यवहार, र हिंसाबाट सुरक्षित राख्ने जस्ता कार्य आपत्कालिन शिक्षामा गर्ने गरिन्छ । यसका लागि सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रम तय गरिन्छ।

आपतकालिन शिक्षामा जोखिमको पूर्व तयारी (Preparedness), क्षति कम हुने गरी तत्कालको व्यवस्थापन (Response) र आपतकाल पश्चात क्षतिको आपूरण (Recovery) जस्ता पक्षहरू समेटिएको हुन्छ । विशेषगरी लामो द्वन्द्वको परिवेश, विनाशकारी भूकम्प, आगलागी, बाढी लगायतका विभिन्न समय र स्थानमा घट्नसक्ने प्राकृतिक प्रकोप, कोभिड-१९ जस्ता महामारीको प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुन नदिन र शैक्षिक अवरोध हटाइ शैक्षिक निरन्तरता प्रदान गर्न आपतकालिन शिक्षाको योजना तथा कार्यक्रम अत्यावश्यक हुन्छ ।

सन् २०१५ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरुको साधारण सभाको शिखर सम्मेलनले दिगो विकासका १७ लक्ष्य तय गरेको थियो । यसले कूल १६९ सहायक लक्ष्यहरु निर्धारण गरेको थियो । नेपालले पनि सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने लक्ष हासिल गर्ने प्रतिवद्धता जाहेर गरेको छ । यसका लागि राष्ट्रिय कार्ययोजना तयार गरी रहेको छ । नेपाल पनि संयुक्तराष्ट्र संघको सदस्य भएको नाताले उक्त लक्ष्य प्राप्त गर्नका लागि सम्बन्धित क्षेत्रमा आवश्यक योजनासहित प्रस्तुत हुनु पर्नअवस्थाका रकारण हालै मात्र कार्यान्वयनमा आएको शिक्षा क्षेत्र सुधार योजनाले पनि दिगो विकास लक्षलाई केन्द्र विन्दुमा राखेको छ ।

### ४.५.२ विद्यमान अवस्था

नेपालले दिगो विकास लक्ष्य (सन् २०१५-२०३०), जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता (२०१५) र विपद जोखिम न्युनीकरणका लागि सेण्डाई कार्यढाँचा (२०१५-२०३०) लगायतका विभिन्न सम्झौता कार्यान्वयन गर्ने प्रतिवद्धता जनाएको छ । यी अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन गर्नको लागि नेपालले संघीय, प्रादेशिक र स्थानीय तहमा विपद जोखिम न्युनीकर सम्बन्धी रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने नीति अख्तियार गरेको छ ।

नेपालको संविधानको धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ । ३७ ले उपयुक्त आवासको हक प्रदान गरेको छ । राज्यका नीतिहरु अन्तर्गत धारा ५१ (छ) मा प्राकृतिक साधन श्रोतको संरक्षण, सम्वर्धन र उपयोग सम्बन्धी नीति रहेको छ । जस अन्तर्गत जल उत्पन्न प्रकोप नियन्त्रण, औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिम न्युनीकरण, वन, वन्यजन्तु, वनस्पती तथा जैविक विविधताको संरक्षण, वातावरणीय प्रभाव न्युनीकरण एवं प्राकृतिक प्रकोपबाट हुने जोखिम न्युनीकरण गर्न पुर्व सुचना, तयारी, उद्धार, राहत एवं पुनस्थापना गर्ने नीतिगत प्रावधान रहेका छन् । यीनै नीतिगत प्रावधानका आधारमा तिन ओटै तहमा बन्ने योजनामा विपत् सम्बन्धी योजना समेत समावेश गर्ने अभ्यासको थालनी भएको छ । सदूर पश्चिम प्रदेशले पनि प्रादेशिक विपत् व्यवस्थापन योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

खप्तड छान्ना गाउँपालिकामा पनि विभिन्न प्रकारका विपत का घटना हुने गरेका छन् । बाढी पहिरो भूकम्प तथा आगलागी आदि केही प्रमुख रहेका छन् । त्यसै गरी स्वास्थ

सम्बन्धी महामारीबाट पनि समय समयमा धनजनको क्षति हुने गरेको छ । सडक दूर्घटना तथा चट्याङ् बाट पनि धन जनको क्षति हुँदै आएको अवस्था छ ।

### ४.५.३ समस्या

क) विद्याल निर्माणलाई विपद् जोखिम न्यूनीकरण मैत्री बनाउन नसक्नु,
ख) समुदायस्तरमा विपद र यसको व्यवस्थापन सम्बन्धी सचेतनाका कार्यक्रम पुऱ्याउन नसक्नु,
ग) विपद व्यवस्थापन सम्बन्धी तालिम प्राप्त जनशक्तिको अभाव रहनु,
घ) विपद् पूर्वतयारीको क्षेत्रमा अपेक्षित कार्य हुन नसक्नु,
ङ) विपद्का क्षेत्रमा क्रियाशील सरकारी र गैरसरकारी सङ्घ संस्थाहरूबिच उचित समन्वय नहुनु,
च) प्राकृतिक साधन स्रोतको अन्धाधुन्ध दोहन गरिनु,
छ) विपद व्यवस्थापन सम्बन्धी प्रतिकार्य योजना तयार भइ कार्यान्वयनमा जान नसक्नु,
ज) विपद व्यवस्थापनको लागि तदर्थ व्यवस्था कार्यान्वयन गरिनु,
झ) विपद जोखिम व्यवस्थापन उत्थानशील क्षमता विकास हुन नसक्नु,
ञ) विद्यालयहरू जोखिम पूर्ण जमिनमा बन्नु,
ट) विद्यालय भवन निर्माणमा विपद जोखिम व्यवस्थापन  मापदण्ड अनुसरण नगरिनु,
ठ) आपत्कालिन शिक्षा योजना तथा विद्यालय सुरक्षा योजना विकास नहुनु।

### ४.५.४ चुनौती

क) मापदण्डमा आधारित विद्यालय भौतिक संरचना विकास गर्नु,
ख) जोखिमपूर्ण अवस्थामा रहेका विद्यालय भवनको पूनरनिर्माण गर्नु,
ग) विपद व्यवस्थापन सम्बन्धी सक्षमता विकास गरी परिचालन गर्नु,
घ) विपद व्यवस्थापनका लागि अत्यावश्यक आर्थिक लगानी सुनिश्चित गर्नु,
ङ) विपद उत्थानशीत क्षमता विकास गर्नु,
च) विद्यालयमा आधारित विपद प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्नु।

### ४.५.५ अवसर

क) स्थानीय सरकारले विपद व्यवस्थापनका लागि चासो दिनु,
ख) संघले विपद व्यवस्थापन सम्बन्धी कानुनी तथा संरचनागत प्रबन्ध गरिनु,

ग) स्थानीय सरकारलाई विपद व्यवस्थापन सम्बन्धी कार्यक्रम विकास गरी कार्यान्वयन गर्ने अधिकार हुनु।

### ४.५.६ लक्ष्य

आपत्कालीन तथा संकटपूर्ण परिस्थितिमा बालबालिकाको सुरक्षा प्रदान गरी शिक्षालाई निरन्तरता दिने ।

### ४.५.७ उद्देश्य

क) विपद उत्थानशील क्षमता र पद्दति विकास गर्नु,
ख) जोखिम न्यूनीकरण गर्नु,
ग) विपद प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्नु ।

### ४.५.८ रणनीति

क) आपतकालिन शिक्षा सम्बन्धी आवश्यक रणनीति र कार्ययोजना तयार गर्ने,
ख) विद्यालयको संकटापन्नता तथा सक्षमताको लेखाजोखा (Vulnearbality and capacity Assessment- VCA) गरी यसका आधारमा विपद व्यवस्थापन तथा आपत्कालिन शिक्षा कार्यक्रम तय गरी कार्यानवयन गर्ने,
ग) विपद व्यवस्थापनका लागि अत्यावश्यक सक्षमता विकास गर्ने,
घ) आपतकालिन शिक्षा योजना विकास गरी कार्यान्वयन गर्ने,
ङ) बालबालिकाको सुरक्षाका लागि न्यूनतम पूर्वाधारको व्यवस्था गर्ने,
च) विद्यालयको भौतिक संरचनालाई उत्थानशील बनाउने।

### ४.५.९ कार्यनीति

क) विपद व्यवस्थापन सम्बन्धि नीति तथा मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ ।
ख) संकटासन्नताको मूल्याङ्कन (Vulnearbality and capacity Assessment- VCA)कार्य गरिनेछ ।
ग) संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको योजना तयार गरी कार्यान्वयन गरिने छ ।
घ) विपद प्रतिरोधी भौतिक पूर्वाधारको विकास गरिने छ ।

ङ) विशेष आवश्यकता भएका बालबालिकालाई आवश्यकता अनुसार सिकाइ सामग्रीको व्यवस्थापन गरिने छ ।

च) सबै बालबालिकासँग आधारभूत सिकाइ सामग्रीहरू जस्तै पाठ्यपुस्तक, कलम, कापी, स्वाध्ययन सामग्री, स्टेसनरी आदि को सुनिश्चित गरी सिकाइलाई निरन्तरता प्रदान गरिने छ ।

छ) शैक्षिक सेवा सुनिश्चिताका लागि आवश्यक हुने यन्त्र, उपकरण, खाद्यान्न, पोषाक तथा अन्य राहत सामग्रीहरूको प्रबन्ध गरिने छ ।

ज) फर्निचर; शौचालय; पर्याप्त प्रकाश र हावा आवत जावत गर्न सक्ने कक्षाकोठा; स्वास्थ्य तथा सरसफाइका लागि साबुन पानी, सेनिटाइजर आदिको उचित प्रबन्ध गरी बालबालिकाको सुरक्षाका लागि न्यूनतम पूर्वाधारको व्यवस्था गरिने छ ।

झ) शिक्षक,प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनका पदाधिकारीहरूको विपद व्यवस्थापन तथा आपत्कालिन शिक्षाका लागि अत्यावश्यक सक्षमता विकास गरिने छ ।

ञ) विपतका समयमा तत्काल सहयोग गर्न पालिका तहमा विपत व्यवस्थापनका न्यूनतम सामग्रीहरूको भण्डारण गरिने छ ।

ट) स्वास्थ्य केद्रसँग समन्वय गरी आपतकालिन सहयोग डेस्क खडा गरी परिचालन गरिने छ ।

ठ) विपदका समयमा शिक्षक तथा सिकारुका लागि मनोसामाजिक परामर्शको व्यवस्था, हिंसा/ दुर्व्यवहारको सुनुवाईमा पहुँचको व्यवस्था गरिने छ ।

ड) हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास लक्ष्य केन्द्रित कार्यक्रमहरू सञ्चालन गरिने छ ।

ढ) विपद व्यवस्थापन तथा जलवायु परिवर्तन लगायतका आपतकालिन शिक्षाको निरन्तरतामा आधारित रेडियो कार्याक्रम विकास गरी कार्यान्वयन गरिने छ ।

ण) समुदाय तहमा विपद पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिलताका लागि सचेतना विकास कार्यक्रम सञ्चालन गरिने छ ।

### ४.५.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| **प्रमुख कार्यक्रम** | **इकाइ** | **भौतिक लक्ष्य** | | **समन्वय र साझेदारी** |
|---|---|---|---|---|
| | | **पहिलो पाँच वर्ष २०८४** | **दोस्रो पाँच वर्ष २०८९** | |

| | | | | |
|---|---|---|---|---|
| विपद तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण तथा पुनरावलोकन कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| संकटासन्नता मूल्याङ्कन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विद्यालयमा आधारित विपत प्रतिकार्य योजना विकास तथा कार्यान्वयन | सङ्ख्या | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विपद प्रतिरोधी विद्यालय भवन तथा कक्षाकोठा निर्माण | सङ्ख्या | ४ | ७ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| प्रअ तथा विद्यालय व्यवस्थापन समितिका पदाधारीलाई विपद व्यवस्थापन सम्बन्धि क्षमता विकास | सङ्ख्या | ३८ | ३८ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विपद पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिलताका लागि अभिभावक सचेतना विकास कार्यक्रम सञ्चाल | विद्यालय | ३८ | ३८ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विपद पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिल क्षमता विकास सम्बन्धी शिक्षकको पेसागत विकास तालिम | सङ्ख्या | १०० | १९० | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर |

| | | | | |
|---|---|---|---|---|
| | | | | सरकारी निकायहरू |
| गाउँपालिका स्तरीय आपत्कालिन डेक्स सञ्चालन | सङ्ख्या | १ | ७ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| आपतकालिन शिक्षा योजना विकास र कार्यावयन | सङ्ख्या | १ | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विपदका समयमा शिक्षक तथा सिकारु केन्द्रित मनोसामाजिक परामर्श सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन | सङ्ख्या | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विपत व्यवस्थापनका न्यूनतम सामग्रीहरूको भण्डारण | सङ्ख्या | १ | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| सिकाइ निरन्तरताका लागि यन्त्र, उपकरण, खाद्यान्न, पोषाक तथा अन्य राहत सामग्रीहरूको प्रबन्ध | सङ्ख्या | १ | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विपदका समयमा हुने शैक्षिक क्षति आपूरण सम्बन्धी सिकाइ सहयोग कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |

### ४.५.११ अपेक्षित उपलब्धि

क) विपद तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण  तथा पुनरावलोकन भइ अद्यावधिक भएको हुने,
ख) सबै विद्यालयको संकटापन्नता मूल्याङ्कन भएको हुने,
ग) विद्यालयमा आधारित विपत प्रतिकार्य योजना विकास तथा कार्यान्वयन भएको हुने,
घ) विपदका समयमा शिक्षक तथा सिकारु केन्द्रित मनोसामाजिक परामर्श सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने,
ङ) विपत व्यवस्थापनका न्यूनतम सामग्रीहरूको भण्डारण भइ आपतकालिन समयमा प्रयोगमा आएको हुने,
च) विपद प्रतिरोधी विद्यालय भवन तथा कक्षाकोठा निर्माण भइ सुरक्षित विद्यालयमा बालबालिकाहरूले अध्ययन गर्ने अवसर पाएको हुने,
छ) प्रअ तथा विद्यालय व्यवस्थापन समितिका पदाधारीहरूको विपद व्यवस्थापन सम्बन्धी सक्षमता विकास भइ प्रयोगमा आएको हुने,
ज) विपदका समयमा शिक्षक तथा सिकारु केन्द्रित मनोसामाजिक परामर्श सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने,
झ) आपतकालिन शिक्षा योजना विकास र कार्यावियन भएको हुने,
ञ) सिकाइ निरन्तरताका लागि यन्त्र, उपकरण, खाद्यान्न, पोषाक तथा अन्य राहत सामग्रीहरूको प्रबन्ध भइ सिकाइको निरन्तरता भएको हुने,
ट) विपदका समयमा हुने शैक्षिक क्षति आपूरण सम्बन्धी सिकाइ सहयोग कार्यक्रम सञ्चालन भई सिकाइ उपलब्धिमा सुधार भएको हुने।

## ४.६ शिक्षामा सूचना  सञ्चार र प्रविधिको प्रयोग

### ४.६.१ परिचय

शिक्षण सिकाईलाई बढी अन्तर्क्रियात्मक बनाउन, सिकाइप्रति सिकारुको उत्प्रेरुणा बढाउन तथा खोज तथा अनुसन्धानमुखी जनशक्ति विकास गर्न शिक्षामा सूचना सञ्चार तथा प्रविधिको प्रयोग हुन थालेको छ । यसलाई शैक्षिक सामग्रीको रुपमा अब हरेक कक्षाकोठामा प्रयोग गर्न अपरिहार्य बन्दै गरएको छ । कक्षाकोठामा अडियो—भिडियो माध्यमबाट

अन्तक्रियात्मक शिक्षण सिकाई गर्न, ई लर्निङ् मार्फत दुर तथा खुला रुपमा स्वसिकाइ गर्न, परम्परागत शिक्षण सिकाईलाई प्रविधियुक्त बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग धेरै लाभदायक र नतिजामुखी देखिएको छ । यसले कक्षामा अनुपस्थित विद्यार्थीको दर कम गर्न समेत सहयोग पुगेका तथ्यहरू पनि आएका छन् ।

सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology- ICT) भन्नाले आधुनिक विधि तथा प्रविधिको प्रयोगलाई बुझाउँछ । यसको उच्चतम उपयोग गरी कक्षा कोठामा कम्प्युटर र इन्टरनेटका माध्यमबाट छापा, श्रव्य, दृश्य, श्रव्यदृश्य, मल्टिमिडिया तथा वेबमा आधारित शिक्षण सिकाइ सामग्रीको प्रयोगलाई बुझाउँछ । यसले शिक्षकले शैक्षिक सामग्रीमा आधारित भइ सिकाउने शैलीमा परिवर्तन र सहजीकरण गर्ने कार्यलाई थप प्राथमिकता प्रदान गर्छ । आधुनिक विश्वपरिवेश अनुसार प्रतिस्पर्धी जनशक्ति मार्फत् देशले तय गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका लक्ष्य हासिल गर्नमा समेत मद्दत पुऱ्याउँछ ।

सन् २००० पछिका दशकहरूमा विश्वमा तीव्र गतिमा प्रविधिको प्रयोय हुन थालेको हो । आधुनिक जीवन शैलीका हरेक गतिविधि तथा शिक्षण सिकाइको शैलीमा समेत प्रविधिको प्रयोगका कारण आमूल परिवर्तन हुन गएको छ । शिक्षण सिकाइ क्रियाकलाप देखि लिएर शैक्षिक योग्यता अभिवृद्धि र विभिन्न विकासका गतिविधिमा इन्टरनेट सेवाको पहुँचका कारण सेवा प्रवाहमा सुधार भएको छ । रेडियो टेलिभिजन र मल्टिमिडियामा आधारित सिकाइ सामग्रीहरूको विकास तीव्र गतीमा भई रहेको छ । अझ कोभिड १९ को माहमारीबाट उत्पन्न कठिन परिस्थितिका कारण अधिकांश पाठ्यक्रम तथा पाठ्यसामग्री अनलाइन सिकाइका रूपमा रूपान्तरण भएका छन् । यसले विद्यालय बन्द भएको समयमा, आपत्कालिन समयमा पनि सिकारु तथा शिक्षकले शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता प्रदान गर्न सक्ने वातावरण निर्माण गरेको छ ।

नयाँ सूचना सञ्चार र प्रविधिको व्यापकता सँगै शिक्षकमा भएको ज्ञान तथा सिपमा परिमार्जित गर्न जरुरी हुन पुगेको छ । शिक्षकहरुको ज्ञान र सीपलाई आधुनीकीकरण हुन अत्यावश्यक भएको छ । ज्ञान तथा सिप लाई अध्याबधिक गराइ राख्न जरुरी हुन आएको छ । यसका लागि सधैं तालिम तथा शैक्षिक योग्यताका कार्यक्रममा सहभागी हसने अवस्था रहदैन । यसका लागि पनि सूचना सञ्चार तथा प्रविधिमा आधारित हुन पर्ने अवस्था रहेको छ । किनकी सबै शिक्षकलाई एकैपटक सूचना तथा ज्ञानका बारेमा औपचारिक ढंगबाट तालिम प्रदान गर्ने सक्षमता सरकारी साधन र स्रोतबाट संभव देखिदैन । यसका लागि

अनलाइन, दूर शिक्षा तथा खुला शिक्षाको सहयोग लिनु पर्छ । त्यसै गरी सन् २०३० सम्ममा दिगो विकासको लक्ष्य हासिल गर्नका लागि सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षामा सूचना सञ्चार तथा प्रविधिको प्रयोगले शिक्षकलाई पेसागत रूपमा सक्षम बनाउँछ । आधुनिक ज्ञान तथा सीप सँग जोड्छ । त्यसै गरी सिकारुलाई सिकाइ प्रतिको आकर्षण बढाउँछ । सिकाइको दिगो पना कायम गर्न सहयोग गर्छ । ननीनतम ज्ञान तथा सीप विकास गर्न सिर्जनात्मक तथा प्रवर्तनात्कम क्रियकलापहरू सञ्चालन गर्न सहजीकरण गर्छ । विद्यालय तथा अन्य शिक्षा सम्बद्ध सस्थाहरूमा गरिने व्यवस्तापकीय कार्यहरूमा सहजता तथा पारदर्शिता ल्याउन समेत मदत गर्छ । त्यसै गरी पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीलगायतका सिकाइ सामग्रीका लागि उपयुक्त स्रोतका रूपमा पनि सूचना र सञ्चार प्रविधि रहने हुँदा यसको प्रयोगलाई थप विस्तार हुन अत्यावश्यक छ । कोभिड- १९ ले शिक्षा जगत तथा माननव जीवनमा नकारात्मक प्रभाव पारेको भए तापनि सूचना सञ्चार तथा प्रविधिको प्रयोगको पर्याप्त सम्भावना पनि उजागर गरिदिएकाले शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई थप प्रोत्साहित गरेको छ।

### ४.६.२ विद्यमान अवस्था

विद्यालयमा नेपाल सरकार तथा अन्य गैर सरकारी संघसंस्थाले पनि कम्प्युटर र इण्टरनेटको लागि सहयोग गरिरहेको सन्दर्भ विद्यमान छ । कतिपय अवस्थामा केन्द्रीय यजनाका आधारमा र कतिपय अवस्थामा गैरसरकारी संघसंस्थाको कार्यक्रम तथा परियोजना का आधारमा कम्प्युटर तथा इन्टरनेटको विस्तार भएको अवस्गथा छ । खासगरी विद्यालयको मागमा आधारित भएको अवस्था देखिदैदैन । किनकी उपलब्ध गराइएका साधनहरूको ज्यादै न्यून मात्रामा प्रयोग भइरहेका छन् । कतिपय विद्यालयमा उपलब्ध यस्ता प्रविधिका साधनको प्रयोग शैक्षिक क्रियाकलामा भन्दा अन्य प्रशासनिक कामका लागि प्रयोग गर्ने गरेको अवस्था अझै विद्यामान रहेको छ । शिक्षकहरूले फुर्सदको समय बिताउने माध्यमको रुपमा प्रयोग गरेको अवस्था पनि देखिएका छन् । यी साधनको प्रयोगलाई बढाउन विद्यालय तथा शिक्षकमा त्यति धेरै उत्साह र जाँगर देखिँदैन । उपायको खोजीमा भन्दा धेरै जसो समस्या देखाउने र पन्छिने आचरण तथा प्रवृत्ति देखिन्छ ।

प्रविधिको प्रयोग त्यति उत्साहजनक देखिँदैन । यस सन्दर्भमा धेरै अनुसन्धान भएको अवस्था देखिदैन । तर पनि शैक्षिक गुणस्तर परीक्षण केन्दद्रले विगत केही वर्ष अगाडि गरेको अध्ययन अनुसार प्रविधिको प्रयोगको अवस्थाले यसका लगि विशेष योजना तथा कार्यक्रम बनाउन पर्ने अवस्था देखिएको छ । खसडछान्त्र गाउँपालिकामा पनि शिक्षामा र विषेशतः

शिक्षण सिकाइमा सूचना सञ्चार र प्रविधिको प्रयोग भएको अवस्था छैन । साधन र स्रोतको अभाव, सक्षमताको अभाव, नियमित विद्युत आपूर्तिको समस्या तथा इन्टरनेट कनेक्टीभिटिको समस्याका कारण सूचना र सञ्चार प्रविधिको प्रयोग भएको अवस्था छैन ।

### ४.६.३ समस्या

क) विद्यालयको भौतिक संरचना प्रविधि मैत्री नहुनु,
ख) शिक्षकमा सूचना सञ्चार र प्रविधिमा आधारित शिक्षण सिकाइसम्बनधी दक्षता नहुनु,
ग) विद्यालयमा  सूचना सञ्चार र प्रविधि ल्यावको व्यवस्था हुन नसक्नु,
घ) शैक्षिक सामग्री तथा अन्य पूर्वाधार विकासका लागि पर्याप्त लगानी गर्न सक्ने अवस्था नहुनु,
ङ) नियमित विद्युत आपूर्ति नहुनु,
च) इन्टरनेट कनेक्टिभिटिको समस्या हुनु,
छ) शिक्षकमा सूचना सञ्चार तथा प्रविधिको प्रयोग गर्ने चाहना र चासो कम हुनु,
ज) सूचना सञ्चार तथ प्रविधिको प्रयोगका लागि अत्यावश्यक सहयोग र सहजीकरण हुने अवस्था नहुनु।

### ४.६.४ चुनौती

क) प्रविधिमा आधारित शिक्षण सिकाइका लागि आवश्यक सिप विकास गर्नु,
ख) सूचना सञ्चार र प्रविधिसम्बन्धी ल्याव तथा उपकरणको  व्यवस्था गर्नु,
ग) प्रयोगशाला एवम् आवश्यक पूर्वाधारको विकासका लागि आवश्यक आर्थिक तथा मानवीय स्रोतको व्यवस्थापन गर्नु,
घ) नियमित विद्युत आपूर्ति तथा इन्टरनेट कनेक्टिभिटिको अवस्था सुनिश्चित गर्नु,
ङ) शिक्षक तथा विद्यालय व्यवस्थापनमा संलग्न पदाधिकारीलाई सूचना सञ्चार तथा प्रविधिको शैक्षिक प्रयोगका लागि तयार गर्नु।

### ४.६.५ अवसर

क) शिक्षक तथा बालबालिकामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्ने बानी क्रमश विकास हुनु,
ख) संघीय सरकारको नीति तथा कार्यक्रममा सूचना सञ्चार तथा प्रविधिले प्राथमिकता पाउनु,

ग) विद्यालयमा विगत देखि नै संघीय सरकारको बजेटबाट कम्प्युटर प्रदान गरिनु,
घ) कोभिड महामारीका कारण वैकल्पिक सिकाइ विधिकको महत्वका बारेमा शिक्षक तथा अभिभावकमा स्पष्टता आउनु,
ङ) स्थानीय तहले पनि सूचना सञ्चार तथा प्रविधिकको प्रयोगलाई प्राथमिकतामा राखु।

### ४.६.६ लक्ष्य

सूचना सञ्चार तथा प्रविधिका लागि आवश्यक भौतिक, मानवीय, आर्थिक तथा शैक्षिक पूर्वाधार सुनिश्चित गरी सूचना सञ्चार तथा प्रविधिको पहुँच एवम् प्रयोगलाई व्यवस्थित गर्ने ।

### ४.६.७ उद्देश्य

क) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्नु,
ख) विद्यालयका शिक्षकको सूचना सञ्चार तथा प्रविधि प्रयोगका लागि आवश्यक सक्षमता विकास गर्नु,
ग) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमको रूपमा प्रयोग गर्नु।

### ४.६.८ रणनीति

क) विद्यालय वातावरणलाई प्रविधि मैत्री बनाउने,
ख) विद्यालयमा आवश्यक मात्रामा कम्प्यूटर तथा कम्प्युटर ल्यावको व्यवस्था गर्ने,
ग) सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइका लागि शिक्षकको सक्षमता विकास गर्ने,
घ) विद्यालयमा नियमित विद्युत आपूर्ति तथा इन्टरनेट कनेक्टीभिटिको व्यवस्था गर्ने,
ङ) विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन पदाधिकारीको सक्षमता विकास गरी सूचना सञ्चार र प्रविधिको शैक्षिक प्रोगका लागि तयार गर्ने।

### ४.६.९ कार्यनीति

क) विद्यालयमा निःशुल्क इन्टरनेट सुविधा विस्तार गरी सूचना सञ्चार र प्रविधिमा आधारित सिकाइका लागि उपयुक्त वातावरण निर्माण गरिने छ ।
ख) विद्यालयमा एक आइ सि टि ल्याव' विकास  विकास गरिने छ।
ग) विद्यालयका प्रधानाध्यापक तथा विद्यालयल व्यवस्थाप समितिका पदाधिकारीलाई सूचना र प्रविधिमा आधारित सिकाइका लागि प्रोत्साहन गरिने  छ ।

घ) विद्यालयका शिक्षकलाई सूचना सञ्चार र प्रविधिमा आधारित तालिम प्रदान गरी सूचना र प्रविधिमा आधारित शिक्षण सिकाइका लागि जिम्मेवार बनाइने छ ।

ङ) विद्यालयलाई इ पुस्तकालय सँग जोडिने छ

च) डिजिटलमा आधारित सिकाइ सामग्रीमा पहुँच बढाइने छ ।

### ४.६.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८४ | दोस्रो पाँच वर्ष २०८९ | |
| निःशुल्क इन्टरनेट जडान | विद्यालय | ३८ | ३८ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैह्र सरकारी निकायहरू |
| एक विद्यालय एक आइ सि टी ल्याव कार्यक्रम सञ्चालन | सङ्ख्या | ८ | १२ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैह्र सरकारी निकायहरू |
| वैकल्पिक उर्जाको व्यवस्थापन | सङ्ख्या | १५ | १५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैह्र सरकारी निकायहरू |
| माध्यमिक विद्यालयका सबै शिक्षकरुलाई आइसिटिमा आधारित तालिम सञ्चालन | सङ्ख्या | ४६ | ५० | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैह्र सरकारी निकायहरू |
| प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन पदाधिकारीलाई सूचना तथा सञ्चार प्रविधिसम्बन्धी अभिमुखीकरण | पटक | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैह्र सरकारी निकायहरू |

### ४.६.११ अपेक्षित उपलब्धि

क) सामुदायिक विद्यालयहरूमा इन्टरनेट सेवा सहितको ICT प्रयोगशालाको विस्तार भएको हुने छ ।

ख) शिक्षक, प्रधानाध्यापक र कर्मचारीहरूको ICT सम्बन्धी क्षमता विकास भएको हुनेछ ।

ग) शिक्षक तथा विद्यार्थीहरूका लागि वेवमा आधारित तथा डिजिटल शिक्षण सिकाइ पोर्टल सहितका स्रोत सामग्रीहरूको विकास भएको हुनेछ ।

घ) सबै शिक्षकहरूमा डिजिटल साक्षरता सीप विकास भइ प्रयोगमा आएको अवस्था हुने छ ।

ङ) विद्यालयमा वैकल्पिक उर्जाको व्यवस्था भई सूचना तथा सञ्चार ल्याव सञ्चालनमा आएको हुने छ।

# परिच्छेद ५ अन्य उपक्षेत्र

## ५.१ विद्यालय व्यवस्थापन

### ५.१.१ परिचय

विद्यालय सञ्चालनको लागि विभिन्न पक्षको व्यवस्थापन गर्नु पर्छ । यसका लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहने व्यवस्था छ । विद्यालयको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि विद्यालयले समुदाय तथा अन्य स्रोत परिचालन गरी साधन र स्रोत जुटाउने र तिनको परिचालनगर्ने कार्य सम्पन्न गर्नु नितान्त जरुरी छ । विद्यालय व्यवस्थापनले केवल आर्थिक स्रोत र साधनको जोरजाम मात्र गर्दैन । यसले विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,कार्य परिन सम्पन्न गर्नु पर्छ । त्यसैगरी विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने कार्यका लागि पनि विद्यालय व्यवस्थापन समिति जिम्मेवार हुन्छ। विद्यालयले वार्षिक योजना तथा कार्यक्रम विकास गरी कार्यान्वयनमा जानु पर्ने हुनछ । यसका लागि पनि विद्यालय व्यवस्थापन समिति जिम्मेवार हुन्छ ।

विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न उत्तिकै जरुरी छ । बालबालिकाको उचित सुरक्षत तथा हेरचाह उचित स्वास्थ्य उचारका लागि आवश्यक प्रबन्ध लगायतका कार्यमा उपयुक्त वातावरण निर्माण गर्ने दायित्व पनि विद्यालय व्यवस्थापनमा रहन्छ । शिक्षकलाई हाजिर गराई काममा लगाउने तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने, लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँपालिकाको शिक्षा हेर्ने निकायमा पेश गर्ने, शिक्षा समिति र

गाउँपालिकाबाट प्राप्त निदेर्शन अनुसार कार्य गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन अन्तरगत पर्छ ।

विद्यालय व्यवस्थापन समिति समग्र शैक्षिक व्यवस्थापन कालागि जिम्मेबार हुन्छ । शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने, विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,शिक्षकलाई तालिमको लागि छनौट गर्ने आदि कार्यका लागि विद्यालय व्यवस्थापन जिम्मेवार रहेको छ ।

नेपालमा संघीय स्वरूपको राज्य व्यवस्था अनुसार विद्यालय शिक्षाको व्यवस्थापनमा तीनै तहको सरकार (संघ, प्रदेश र स्थानीय तह) मा रहेको छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा सञ्चालन व्यवस्थापन स्थानीय तहबाट हुने व्यवस्था गरको छ । यसो भएता पनि तीन ओटै तहका सरकारबिच सहकार्य समन्वय र सहयोग अत्यावसश्यक हुन्छ । यसरी हुने समन्वयात्मक प्रयाशबाट राज्यले परिलक्षित गरेका शिक्षाका उद्धेश्य तथा अन्य विकासका उद्देश्यहरू हासिल गर्न सकिन्छ ।

### ५.१.२ विद्यमान अवस्था

खसडछान्ना गाउँपालिकामा स्थानीय सरकार मातहतमा शैक्षिक प्रशासन तथा व्यवस्थापनका लागि शिक्षा युवा तथा खेलकूद शाखा लगायत अन्य शाखाहरू कार्यरत रहेका छन् । त्यसैगरी वडा कार्यालय, र अन्य शैक्षिक व्यवस्थापन सम्बन्धी निकायहरू कार्यरत रहेका छन् । विद्यालय एवं शिक्षण संस्थाहरूका साथै विद्यालयको भौतिक, आर्थिक, शैक्षिक प्रशासनिक एवं व्यवस्थापकीय कार्यका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सघलाई जिम्मेवार बनाइएको छ । त्यसै गरी बालविकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र जस्ता संरचनन पनि कार्यान्वयनमा रहेका छन् ।
शैक्षिक नीति तथा योजना निर्माण, आर्थिक विनियोजन ऐन तथा आर्थिक ऐन विकास भइ शैक्षिक कार्यक्रम कार्यान्वयनमा हुँदै आएका छन् । शैक्षिक कार्यक्रमको अनुगमन, विद्यालय एवं शिक्षण संस्थाहरूको सुपरिवेक्षण जस्ता नियमन कार्यका लागि व्यवस्थित संरचना विकास हुन सकेको अवस्था छैन । विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूको क्षमता विकास, शिक्षण संस्थाको भौतिक तथा शैक्षिक पूर्वाधारहरूको विकास, विद्यार्थी र विषयका आधारमा शिक्षक दरवन्दीको व्यवस्थापन, विद्यालय वातावरणमा सुधार लगायतका कार्य जिम्मेवारी पनि गाउँपालिकाले बहन गर्नु पर्ने अवस्था छ । विद्यालयको उचित व्यवस्थापनका लागि खसडछान्नाका सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन भइ कार्यान्वयनमा रहेका छन् । समितलिले शैक्षिक विकासका लागि निरन्तररूपमा कार्य गरिरहेका छन् । विद्यालयको व्यवस्थापनलाई अझ बढी प्रभावकारी बनाइ गाउँ पालिका

क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तरमा सुधार गर्न पर्ने अवस्था भने अझै पनि विद्यमान रहेको छ ।

### ५.१.३ समस्या

(क) संघीय शिक्षा ऐन जारी हनु नसक्नु र कार्य जिम्मेवारीमा अस्पष्टता कायम हुनु,
(ख) प्रदेश तथा संघबिचको समन्वय प्रभावकारी नहुनु,
(ग) विद्यालयमा विद्यार्थी सङ्ख्या तथा विषयगत आधारमा न्यूनतम शिक्षक दरबन्दी व्यवस्थापन नहुनु,
(घ) विद्यालयमा न्यूनतम सहजकारी वतावरण निर्माण हुन नसक्नु,
(ङ) भौतिक पूर्वाधार गुणस्तरीय सिकाइका लागि उपयुक्त हुन नसक्नु,
(च) विद्यालयमा ल्याव, पुस्तकालय, विज्ञान तथा सूचना सञ्चार तथा प्रविधिमा आधारित प्रयोगशालाका लागि न्यूनतम पूर्वाधार नहुनु,
(छ) विद्यालय वातावरण अपाङ्गता मैत्री हुन नसक्नु,
(ज) विद्यालयमा स्वास्थ्य, सरसफाइ, खाने पानी, दिवा खाजाको उचित व्यवस्थापन गर्न आवश्यक भौतिक संरचनाको अभाव हुनु,
(झ) विद्यालय समुदाय सहसम्बन्ध सुदृढ हुन नसक्नु,
(ञ) विद्यालय व्यवस्थापनमा अभिभावकको सक्रियता बढाउन नसक्नु,
(ट) विद्यालय व्यवस्थापन पारदर्शी तथा जवाफदेही हुन नसक्नु,
(ठ) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीमा गुणस्तरीय सिकाइ तथा विदयालय व्यवस्थापन सम्बन्धी भूमिकाका बारेमा स्पष्टता नहुनु।

### ५.१.४ चुनौती

(क) विद्यालयमा विद्यार्थी तथा विषयका आधारमा शिक्षक व्यवस्थापन गर्नु,
(ख) विद्यालय व्यवस्थापनलाई भरपर्दो विश्वसनीय एवम् पारदर्शी बनाउनु,
(ग) गुणस्तरीय एवम् समावेशि शिक्षाका लागि अत्यावश्यक विद्यालयको भौतिक पूर्वाधार विकास गर्नु,
(घ) विद्यालयका गतिविधिमा अभिभावको सक्रिय सहभागिता सुनश्चित गर्नु,
(ङ) विद्यालय व्यवस्थापन समितिको सक्षमता तथा र विद्यालय व्यवस्थापनमा सक्रिय बनाउनु।

### ५.१.५ अवसर

(क) स्थानीय सरकारलाई विद्यालय व्यवस्थापन गर्ने कानुनी अधिकार हुनु,
(ख) गाउँपालिका दीर्घकालिन शैक्षिक योजना तयार तथा कार्यान्वयका लागि प्रतिवद्ध हुनु,
(ग) स्थानीय स्रोत परिचालन गर्ने पर्याप्त अवसर हुनु।

### ५.१.६ लक्ष्य

गुणस्तरीय एवम् प्रभावकारी विद्यालय व्यवस्थापन मार्फत् शैक्षिक गुणस्तरमा सुधार गर्ने ।

### ५.१.७ उद्देश्य

(क) पालिका शिक्षा ऐन तथा नियमावली तयार गरी कार्यान्वयन गर्नु,
(ख) न्यूनतम भौतिक संरचना तयार गरी प्रभावकारी शैक्षिक व्यवस्थापन गर्नु,
(ग) विद्यालयमा शैक्षिक सुशासनको वातावरण सिर्जना गर्नु,
(घ) विद्यालय व्यवस्थापन समितिलको सक्षमता अभिवृद्धि प्रभावकारी विद्यालय ववस्थापनमा सक्रिय गराउनु,
(ङ) प्रभावकारी शैक्षिक व्यवस्थापन गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न सहजीकरण गर्नु ।

### ५.१.८ रणनीति

(क) शिक्षा ऐन नियमावली तथा कार्यविधि तयार गरी विद्यालय सञ्चालन तथा व्यवस्थापन ढाँचा तयार गर्ने,
(ख) विद्यालय सुधार योजना सुदृढ गरी शैक्षिक सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्ने,
(ग) संस्थागत क्षमता विकास गर्ने,
(घ) कार्यसम्पादनमा आधारित शैक्षिक व्यवस्थापन तथा स्रोत परिचालन गर्ने,
(ङ) प्रदेश तथ संघसरकार बिच समन्वय तथा सहकार्य संयन्त्र विकास गरी शैक्षिक व्यवस्थापनमा सुधार गर्ने।

### ५.१.९ कार्यनीति

(क) शिक्षा नियमावली, नीति, योजना, निर्देशिका, कार्यविधि विकास गरी विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाइने छ ।
(ख) विद्यालय व्यवस्थापनलाई सबलीकरण गरिने छ ।
(ग) विद्यालय नक्शाङ्कनका आधारमा समायोजन तथा पनरव्यवस्थापन गरिनेछ ।

(घ) प्रधानाध्यापक, विद्यालय व्यवस्थनपन समितिका पादाधिकारी, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास कार्यक्रम सञ्चालत गरि व्यवस्थापनलाई प्रभावकारि बनाइने छ ।

(ङ) विज्ञान प्रयोगशाला, पुस्तकालय, सूचना, सञ्चार तथा प्रविधि ल्याब, विषयगत ल्याव, आदिको व्यवस्था गरी सिकाइ उपलब्धिमा सुधार गरिने छ

(च) प्रविधिमैत्री शिक्षण सिकाइको अवसर वृद्धि गरिनेछ ।

(छ) विद्यार्थी सङ्ख्या तथा विषयगत शिक्षणको व्यवस्थाअनुसार शिक्षक दरबन्दी मिलान, विषयगत शिक्षक व्यवस्थापन गरिने छ ।

(ज) प्रधानाध्यापकको नियुक्ति तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयन गरिने छ ।

(झ) विद्यालयमा न्यूनतम सहजकारी वातावरण सुनिश्धित गर्न कक्षाकोठा निर्माण, शौचालय, खानेपानीको व्यवस्था, मर्मत, रङरोगन, फलरिसिलिङ, बाहिरी वातावरण, स्वास्थ्य र सरसफाईको उचित प्रबन्ध गरिनेछ ।

(ञ) विद्यालयमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यलाई व्यवस्थित गरी शैक्षिक सुशासन कायम गरिने छ

(ट) आर्थिक, प्रशासनिक, शैक्षिक तथा व्यवस्थापकीय कार्यहरूमा पारदर्शिता कायम गरिनेछ ।

(ठ) संस्थागत विद्यालयको अनुमति, स्विकृति तथा नियमनका लागि निश्चित मापदण्ड बनाई कार्यान्वयन गरिने छ ।

(ड) संस्थागत विद्यालयको ग्रेडिङ, छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड कार्यान्वयन गरिनेछ ।

(ढ) नतिजामा आधारित मूल्याङ्कनका आधारमा उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।

## ५.१.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८४ | दोस्रो पाँच वर्ष २०८९ | |
| ऐन,नियमावली, कार्यविधि आदिको विकास तथा संशोधन | पटक | २ | ३ | स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति  शिक्षक अभिभावक संघका पदाधिकारीको सक्षमता विकास कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी संस्थाहरु |
| विद्यालय नक्शाङ्कन | पटक | १ | १ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी संस्थाहरु |
| विद्यालय सुधार योजना अद्यावधिक | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी संस्थाहरु |
| विद्यालय वातावरण सुधार कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी संस्थाहरु |
| सार्वजनकि सुनुवाइ तथा सामाजिक परीक्षण | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी संस्थाहरु |
| मूल्याङ्कनका आधारमा उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी संस्थाहरु |
| तहगत, विषयगत शिक्षक व्यवस्थापनका लागि शिक्षक दरवन्दी मिलान र शिक्षक व्यवस्थापन | सङ्ख्या | ५ | ५ | स्थानीय सरकार |
| संस्थागत विद्यालयको स्तरीकरण | पटक | ० | २ | स्थानीय सरकार |

### ५.१.११ अपेक्षित उपलब्धि

(क) शिक्षा ऐन, नियमावलि तथा कार्यविधिहरू विकास भई कार्यान्वयनमा आएको हुने,

(ख) प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि  प्रदेश,संघ तथा  अन्य गैरसरकारी निकायहरू बिच समन्वय र सहकार्यको वातावरण सिर्जना भएको हुने,

(ग) विद्यालय नक्शाङ्कनका आधारमा विद्यालय समायोजन भएको हुने,

(घ) विद्यालय सुधार योजना विकास तथा अद्यावधिक भइ योजना अनुसार शैक्षिक व्यवस्थापन भएको हुने,

(ङ) विषयगत, विद्यार्थी सङ्ख्यागत रूपमा शिक्षक दरवन्दी मिलान भएको हुने,

(च) स्थानीय स्रोत परिचालन गरी अतिरिक्त शिक्षकको व्यवस्था भएको हुने,

(छ) विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू तथा शिक्षक अभिभावक संघको सक्षमता विकास भइ प्रभावकारी शैक्षिक व्यवस्थापन भएको हुने,

(ज) विद्यालय नक्शाङ्कनका आधारमा विद्यालय समायोजन भएको हुने,

(झ) कार्यसम्पादन नतिजकाका आधारमा उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदान प्राप्त गरेको हुने,

(ञ) विद्यालयमा न्यूनतम सहजकारी वातावरण निर्माण भएको हुने

(ट) तोकिएको कार्यविधि अनुसार संस्थागत विद्यालयहरू सञ्चालन भएको हुने,

(ठ) पालिका तथा विद्यालय स्तरमा सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणका कार्य संस्थागत भई शैक्षिक सुशासन कायम भएको हुने ।

## ५.२ शैक्षिक गुणस्तर

### ५.२.१ परिचय

व्यक्तिमा निश्चित आधारभूत मानवीय गुणको विकास हुनु पर्छ । उपयुक्त ज्ञानले युक्त हुनुपर्छ । व्यक्तिगत, पेसागत तथा अन्य विषयक्षेत्रका लागि आवश्यक सिप विकास हुनु पर्छ । आय आर्जन क्षमता हुनु पर्छ । असल आचरण प्रदर्शन गर्नु पर्छ । प्रत्येक व्यक्ति सभ्य, शिष्ट, शालिन, नैतिकवान, चरित्रवान, सुसंस्कृत, कर्तव्यनिष्ठ, कर्मशील, गतिशील, अनुशासित, स्वावलम्बी, आत्मनिर्भर हुनु पर्छ । यस्ता चारित्रिक विशेषतालाई गुणस्तरयी पक्षका रूपमा हेर्ने गरिन्छ । त्यसैले एक आदर्शवान्, क्षमतावान्, दक्ष सामाजिक तथा पेसागत जीवनका समस्याहरूको सहज समाधान गर्न योग्य र प्रतिस्पर्धि नागरिक तयार गर्न सक्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो भनेर परिभाषित गर्न सकिन्छ । व्यक्तिले व्यावहारिक दृष्टिकोणमा सिकाइमार्फत मानवीय व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सक्नु पर्छ । व्यावहारिक समस्या हल गर्न सक्नु पर्छ । कामप्रति सम्मान गर्नु पर्छ । उद्यमशील भई स्वरोजगार बन्न सक्नु पर्छ । समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जगतमा योगदान दिन सक्नु पर्छ । यसप्रकारका नागरिक तयार गर्ने काम गुणस्तरीइ शिक्षाबाट हुने गर्छ ।

गाउँपालिकाले अपेक्षा गरेको जनशक्ति उत्पादनका लागि शैक्षिक व्यवस्थापन तथा शिक्षण सिकाइ क्रियाकलापको गुणस्तरीयता कायम हुन नितान्त जरुरी छ । यसकालागि शिक्षाका समग्र पक्षको गुणस्त्तरीयता अत्यावश्यक हुन्छ । शिक्षक गुणस्तरयुक्त हुनु पर्छ । शिक्षण सिकाइका लागि अत्यावश्यक ज्ञान तथा सीपले युक्त हुनु पर्छ । विद्यालय बातावरण गुणस्तरीय शिक्षण सिकाइका लागि उपयुक्त हुनु पर्छ । शैक्षिक व्यवस्थापन  स्तरीय हुनु पर्छ । सिकारु सिकाइ प्रति आकर्षित हुनु पर्छ । शिक्षण सिकाइ प्रति अभिभाक सक्रिय हुनु पर्छ । यसो हुन सकेमा मात्र गुणस्तरीय शिक्षण सिकाकाइको उपयुक्त वातावरण निर्माण हुन जान्छ ।

गुणस्तर सापेक्षित हुन्छ । स्थान विषेश गुणस्त फरक फरक हुन सक्छ । तर पनि शैक्षिक गुणस्तका लागि मापनयोग्य सूचकहरू विकास गरी कार्न्वयनमा जानु पर्ने हुन्छ । यसका लागि गुणस्तर मापदण्ड तथा मापन सूचकरुको जरुरत पर्छ । नेपालमा पनि गुणस्तरका मापदण्डका रुपमा केही सूचकहरु तय गरी अभ्यासमा आएका छन् । शिक्षाका मुख्य मुख्य उपलब्धि सूचकरु परिभाषित गरिएका छन् । त्यसै गरी शिक्षकको सक्षमता परिभाषित गरिएको छ । शैक्षिक गुणस्तरर परीक्षण केन्द्रल पनि गुणस्तर परीक्षणका सूचक विकास गरी कार्यान्वयन ल्याएको छ ।

विवेकशील, अध्ययनशील, ऊर्जाशील, गतिशील र दक्ष शिक्षकबाट गुणस्तरीय शिक्षण सिकाइको अपेक्षा गर्न सकिन्छ । शिक्षक शारीरिक रूपमा स्वस्थ, मानसिक रूपमा सक्षम हुनु पर्छ । विद्यार्थीलाई विषयवस्तु बुझाउने कलाकौसले युक्त शिक्षकबाट मात्र गुणस्तरीय सिकाइ हुन जान्छ । विषयवस्तुको अथाह ज्ञान भएर मात्रै शिक्षक पूर्ण हुन सक्दैन। शिक्षकमा विषयवस्तुको ज्ञानका अलावा त्यसलाई बुझाउने कलासमेत हुनुपर्छ। यसका लागि शिक्षकको पेसागत क्षमता विकास तथा निरन्तर सहयोग पनि उत्तिकै जरुरी हुन्छ ।

## ५.२.२ विद्यमान अवस्था

समग्रमा नेपालका शैक्षिक गुणस्तरको अवस्था सन्तोषजनक अवस्थामा देखिदैन । शैक्षिक व्यवस्थापन, शिक्षण सिकाइ क्रियाकलाप, सिकाइ उपलब्धि आदि सबै पक्षहरू गुणस्तरका लागि जिम्मेवार हुन्छन । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विस २०७९ को शैक्षिक तथ्याङ्क अनुसार कक्षा १-५ को विद्यालय छाड्ने दर २.६ प्रतिशत रहेको छ । त्यसै गरी कक्षा ६-८ को ३.३ प्रतिशत छ भने कक्षा ९-१० को ०.७ रहेको छ ।  त्यसै गरी कक्षा दोहोर्यायिने बालबालिको अवस्था पनि गुणस्तरीय सूकका पक्षबाट त्यति सन्तोयजनक देखिँदैन । यसमा कक्षा १-५ को ७.८ प्रतिशत, कक्षा ६-८ को १.४ प्रतिशत छ भने कक्षा ९-१० को २.२ प्रतिशत रहेको छ ।  कक्षा वृद्धिको हकमा कक्षा १-५

को ८८.५ प्रतिशत, कक्षा ६-८ को ९५.१ प्रतिशत छ भने कक्षा ९-१० को ९६.६ प्रतिशत रहेको अवस्था विद्यमान छ ।

खसड छात्रा गाउँपालिकाको शैक्षिक गुणस्तरको अवस्था पनि सन्तोषजनक देखिदैन । आधारभूत तहको शैक्षिक उपलब्धिको औसत प्रतिशत ५६ रहेको छ । त्यसै गरी माध्यमिक तह कक्षा १० र कक्षा १२ को सिकाइ उपलब्धि स्तर औसत ५० रहेको छ ।जुन सन्तोषजनक देखिदैन । यसमा सुधार गरी गुणस्तर अभिवृद्धि गर्न अत्यावश्यक छ ।

## ५.२.३ समस्या

(क) शिक्षाको गुणस्तरीयता सुनिश्चित हुन नसक्नु ,
(ख) विद्यालयमा विद्यार्थी सङ्ख्या तथा पठनपाठन हुने विषयका आधारमा शिक्षक व्यवस्थापन नहुनु,
(ग) गुणस्तरीय शिक्षाका लागि अत्यावश्यक भौतिक पूर्वाधारहरु विकास नहुनु,
(घ) गुणस्तर मापदण्ड तयार गरी मापदण्डमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन नहुनु,
(ङ) शैक्षिक सामग्रीमा आधारित शिक्षण सिकाइ क्रियाकलाप नहुनु,
(च) सूचना सञ्चार तथा प्रविधिमा आधारित ल्याव, विज्ञान प्रयोगशाला लगायतका अन्य ल्यावको उचित प्रबन्ध नहुनु,
(छ) सङ्गठनात्मक संरचना तथा जनशक्तिको उचित व्यवस्थापन नहुनु ,
(ज) सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन कार्य नहुनु,
(झ) अनुसन्धान जस्ता पक्षलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा नआउनु,
(ञ) विद्यालयमा आरित शिक्षक सहयोग पद्दति विकास नहुनु ,
(ट) गुणस्तरीय शिक्षाका लागि अत्यावश्यक लगानीको यवस्था नहुनु ,
(ठ) सिकारुको सिकाइ मूल्याङ्कन नतिजामा आधारित सिकाइ सहयोग कार्यक्रम सञ्चालन गर्ने अभ्या नहुनु,
(ड) सामुदायिक विद्यालयप्रति अभिभावकको कम चासो हुनु,
(ढ) पाठ्यपुस्तक तथा अन्य शैक्षिक साम्रग्रीको अभाव हुनु,
(ण) विद्यालय व्यवस्थापन सिमितिका पदाधिकारीको सक्षमता कमजोर हुनु।

## ५.२.४ चुनौती

(क) विद्यालयको भौतिक संरचनालाई गुणस्तरी बनाउनु,

(ख) विद्यालयमा विज्ञान, भाषा, पुस्तकालय तथा सूचना र सञ्चार प्रविधि ल्यावको व्यवस्था गर्नु,

(ग) शैक्षिक सामग्रीमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,

(घ) सिकारुको निरन्तर सिकाइको मूल्याङ्कनका आधारमा सिकाइ अवस्था कमजोर भएका बालबालिकालाई उपचारात्मक सिकाइको अवस्था सुनिश्चित गर्नु,

(ङ) विद्यार्थी सङ्ख्या तथा विषयगत रूपमा सबै विद्यालयहरुमा शिक्षको व्यवस्था गर्नुका साथै गुणस्तरीय शिक्षाका लागि अत्यावश्यक लगानीको वातावरण तयार गर्नु,

(च) अभिभावकको सामुदायिक विद्यालय प्रतिको चासो वृद्धि गर्नु,

(छ) शिक्षकलाई सक्षमता तथा व्यवहारका पक्षबाट गुणस्तरीय सिकाइका लागि तयार गर्नु।

### ५.२.५ अवसरहरू

(क) शैक्षिक गुणस्तरका लागि नवनिर्वाचित जनप्रतिनिधि प्रतिवद्ध हुनु,

(ख) स्थानीय सरकारले शिक्षमा लगानी वृद्धि गर्ने पर्याप्त अवसर हुनु।

### ५.२.६ लक्ष्य

गुणस्तरीय शैक्षिक वातावरण सुनिश्चित गरी प्रविधि मैत्री, सिकारू मैत्री पाठ्यक्रम तथा शैक्षिक सामग्रीमा आधारित सिकाइ मार्फत शैक्षिक गुणस्तरमा सुधार गर्ने।

### ५.२.७ उद्देश्य

(क) गुणस्तरीय शिक्षामा सबैको पहुँच अभिवृद्धि गर्नु,

(ख) शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्नु,

(ग) विद्यालय शिक्षाका लागि योग्य र दक्ष शिक्षक तथा विषयगत शिक्षकको व्यवस्था सुनिश्चित गर्नु,

(घ) विद्यालय भौतिक सरचनालाई गुणस्तरीय बनाउनु,

(ङ) शैक्षिक व्यवस्थापनलाई सुदृढ, नतिजामुखी तथा जवाफदेही बनाउनु।

### ५.२.८ रणनीति

(क) गुणस्तरीय भौतिक संरचना विकास गर्ने,

(ख) गुणस्तरीय सिकाइका लागि अत्यावश्यक सक्षमता विकास गर्ने,

(ग)शैक्षिक व्यवस्थापन सुदृढीकरण गर्ने,

(घ) प्रविधि मैत्री, पाठ्यक्रम तथा सिकाइ सामग्रीमा आधारित शिक्षण सिकाइ संस्थागत गर्ने,

(ङ)शिक्षक सहयोग पद्दति विकास गर्ने,

(च) अभिभावक सहभागिता अभिवृद्धि गर्ने।

## ५.२.९ कार्यनीति

(क) गुणस्तर मापदण्ड तयार गरी शिक्षकको पेसागत विकास गरिनेछ ।

(ख) पेसागत सहयोग गर्ने पद्दति विकास गरी कार्यान्वयन गरिनेछ ।

(ग)विद्यालयमा प्रधानाध्यापकको पद सिर्जना गरी शैक्षिक व्यवस्थापन तथा सुशासन कायम गरिने छ

(घ) शिक्षक विद्यार्थी अनुपात कायम गरी शिक्षकहरूको दरबन्दी मिलान गरिने छ

(ङ)विषयगत शिक्षकको व्यवस्था गर्न प्रदेश तथा संघसँग सहकार्य गरिने छ ।

(च) थप शिक्षकको व्यवस्था गरी शिक्षण सिकाइलाई निरन्तरता प्रदान गरिनेछ ।

(छ) शिक्षकको पेसागत विकासका कार्यक्रमहरू विकास गरी सञ्चालन गरिनेछ ।

(ज) विद्यालयको नियमित नियमन कार्यलाई व्यवस्थित गरिनेछ।

(झ) विद्यालया आधारित शिक्षक सहयोग पद्दति विकास गरी कार्यान्वयन गरिनेछ।

(ञ) सिकाइरुको मूल्याङ्कन नतिजाका आधारम शैक्षणिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

(ट)विभिन्न सामुदायिक सञ्जाल, युथ क्लव, बालक्लव, महिला समूह, परिचालन गरी सरोकारवालाहरूको शैक्षिक सहभागित बढाइनेछ ।

(ठ)समाजमा कुरीति हटाउन युवा मार्फत समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

(ड)प्रत्येक विद्यालयमा एक पुस्तकालय, एक विज्ञान प्रयोगशाला तथा एक सूचना सञ्चार तथा प्रविधि ल्यावको प्रवन्ध गरी गुणस्तरीय शिक्षण सिकाइको न्यूनतम वातावरण निर्माण गरिने छ ।

(ढ)प्रत्येक विद्यालयलाई अपाङ्गता मैत्री, लैङ्गिक मैत्री बनाइने छ

(ण) विद्यालयमा शौचालय, खानेपानी तथा सरसफाइ व्यवस्थापन स्यानिटरी प्याड वितरण तथा व्यवस्थापनको उचित प्रवन्ध गरिने छ ।

(त)असल अभ्यास तथा अनुभव आदान प्रदान गर्न शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

(थ)कार्यमूलक अनुसन्धान संस्कृति विकास गरिनेछ ।

(द)विद्यालयमा आधारित शिक्षक सहयोग पद्दित विकास गरी कार्यान्वयन गरिने छ ।

(ध)गुनासो सुनुवाइ संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ ।

(न)एक विद्यालय एक स्वास्थ्य परिचारिका" को अवधारणा कार्यान्वयन गरिने छ ।

(ऩ)उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

(प)शैक्षिक अनुसन्धान गरी पेसागत विकास गर्न प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

(फ) विद्यालयमा STEM शिक्षाको प्रवर्धन गर्नका लागि STEM विषयहरूमा शिक्षक तालिम सञ्चालन गरिने छ ।

(ब)कक्षाकोठामा आधारित सिकाइ कुनाको व्यवस्था गरिने छ ।

## ५.२.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८४ | दोस्रो पाँच वर्ष २०८९ | |
| गुणस्तर मापदण्ड विकास | पटक | ५ | ५ | स्थानीय सरकार |
| विद्यालय भौतिक संरचना सुधार | सङ्ख्या | ३८ | ३८ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| शिक्षक दरवन्दी मिलान | पटक | ५ | ५ | स्थानीय सरकार |
| सिकाइ सहयोग कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| युवा तथा अन्य सामाजिक सञ्जालको गठन र शैक्षिक सुधारमा परिचालन | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |

| | | | | |
|---|---|---|---|---|
| कार्यमूलक अनुसन्धानमा आधारित प्रोत्साहन अनुदान | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| शिक्षण सिकाइको नियमित अनुगमन | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| गुनासो सुनुवाइ सं्यन्त्रको विकास र प्रभावकारी सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| एक विद्यालय एक स्वास्थ कर्मी कार्यक्रम | पटक | ० | ४ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई सक्षमता विकास कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| शैक्षिक अवलोकन भ्रमणमा आधारित सिकाइ | पटक | २ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |

### ५.२.११ अपेक्षित उपलब्धि

(क) गुणस्तर मापदण्ड तयार भइ कार्यान्वयनमा आएको हुने,

(ख) प्रत्येक विद्यालयमा प्रधानाध्यापकको पद सिर्जना भएको हुने,

(ग)विद्यार्थी र विषय सङ्ख्याका आधारमा शिक्षक व्यवस्थापन भएको हुने,

(घ) सिकाइको अवस्था कमजोर भएका बालबालिकाहरूले सिकाइ सहयोग कार्यक्रम मार्फत् सिकाइ सहयोग प्राप्त गरेका हुने,

(ङ)शिक्षकले शैक्षिक अनुसनधानमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेको अवस्था हुने,

(च) विद्यालय मा गुनासो सुनुवाइ संयन्त्र विकास तथा प्रयोगमा आएको हुने,

(छ) कक्षाकोठामा सिकाइ कुनाको व्यवस्था भएको हुने,

(ज) विद्यालयमा एक पुस्तकालय एक विज्ञान प्रयोगशाला र एक सूचना सञ्चार तथा प्रविधिमा आधारित ल्यावको विकास भएको हुने,

(झ) विद्यालयमा एक स्वास्थ्य कर्मीको परिचालन भएको हुने,

(ञ) स्टेम लगायत अन्य शैक्षिक सामग्री तथा डिजिटल शैक्षिक सामग्री विकास भइ शैक्षणिक क्रियाकलापमा प्रयोग भएको अवस्था हुने,

(ट)शिक्षण सिकाइ क्रियाकलापमा उत्कृष्ट नतिजा हासिल गर्न सक्षम शिक्षकले शैक्षिक प्रोत्साहन अनुदान प्रापत गरेको अवस्था हुने,

(ठ)सविद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले अभिमुखीकरण तालिम प्रमप्त गरेका अवस्था हुने।

# परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

## ६.१ संस्थागत संरचना र क्षमता विकास

### ६.१.१ परिचय

गाउँपालिकाले यस दीर्घकालिन शिक्षा योजना अनुसार कार्यक्रम विकास, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन कार्यलाई व्यवस्थित गर्न जरुरी छ । यसका लागि गाउँपालिकाको संस्थागत सुधार तथा क्षमता विकास गर्नुपर्छ । गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि पनि संस्थागत सुधार अत्यावश्यक छ । हाल नगरमा भएको जनशक्ति प्रत्येक वडामा रहेको जनशक्तिले नयाँ शिक्षा योजनाको दीर्घकालिन लक्ष्य, दूरदृष्टिले परिकल्पना गरे अनुसारको सेवा प्रवाह हुन सक्ने अवस्था नभएकाले संस्थागत सुधार अपरिहार्य छ ।

शिक्षा एक पद्धतिमा सञ्चालित हुन्छ । पद्धति विकासका लागि संस्थामा सम्बद्ध मानवीय, भौतिक एवंम व्यवस्थापकीय पक्षहरुको उचित व्यवस्थापन गरिनु वर्छ । यी पक्षहरुको प्रभावकारी संयोजनबाट मात्र अपेक्षीत लक्ष्य हासिल गर्न सकिन्छ । यसरी संस्थाको मानवीय आर्थिक भौतिक तथा व्वस्थापकीय पक्षहरूको प्रभावकारी व्यवस्थापनको पक्षलाई शासकीय प्रबन्ध भन्ने गरिन्छ । त्यससैले पालिकाको आवश्यक जनशक्ति र संरचना विकास गर्नु र संरचना अनुसार कार्यरत पदाधिकारीहरूको सक्षमता विकास अपरिहार्य हुने गर्छ । योजना, सङ्गठन, निर्देशन तथा नियन्त्रणका पक्षहरूमा संस्थामा कार्यरत पदाधिकारीहरूले सही समयमा उपयुक्त निर्णय लिन सक्ने र निर्णयप्रति उक्त निर्णयबाट प्रभावित सेवाग्राही प्रति जवाफदेहिता विकास गर्नु पर्ने पक्ष संस्थागत विकास भित्र पर्छ । शिक्षाको योजनाले शैक्षिक क्षेत्रमा आवश्यक पर्ने पारदर्शीता, समावेशीता, उत्तरदायित्व र जवाफदेहिताहरुको खोजी, बालबालिकाको सिकाइस्तरमा सुधार र सम्बद्ध सरोकारवालाहरुको कार्यकुशलतामा अभिवृद्धि गरी योजनाले अपेक्षा गरेको उद्देश्य तथा लक्ष हासिल गर्नु पर्ने हन्छ ।

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई २२ ओटा एकल अचिकार र १५ ओटा साझा अधिकारहरू प्रदत्त गरेको छ। त्यसै गरी स्थानीय तहलाई सेवा सञ्चालनको लागि अत्यावश्कय खर्चको व्यवस्थापन गर्ने जिम्मेवारी र राजस्व सङ्कलन तथा व्यवस्थापन गर्ने अधिकार समेत प्रदान गरेको अवस्थामा यी अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा स्थानीय तहमा अत्यावश्यक सक्षमताहरूको अवस्था भने कमजोर रहेको अवस्था छ

। गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई जनउत्तरदायी बनाउन, सहज सेवसुलभ र प्रभावकारी बनाउन, संस्थागत क्षमताको अत्यन्त ठूलो भूमिका रहने भएकाले योजनाले सस्थागत क्षमताको आकलन गरी अत्यावश्यक क्षमताको विकास गर्न अत्यावश्यक हुन्छ ।

हाम्रो संविधानले विद्यालय शिक्षालाई एकल अधिकारको सूचीमा राखेको छ । शिक्षा तिनै तहको साझा सूचिमा समेत समेटिएको छ । यस सन्दर्भमा विद्यालय शिक्षाप्रति स्थानीय तहको दायित्व अहम् देखिन्छ । आफ्नो समुदायका नागरिकको शिक्षा प्राप्त गर्ने हक सूनिश्चित गर्न आवश्यक प्रबन्ध गर्ने अवसर सबै स्थानीय तहमा रहेको छ । विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई विविध अधिकार प्रदान गरेको छ । उक्त ऐनमा उल्लेख भएको काम, कर्तव्य र अधिकारको प्रभावकारी कार्यान्वयनका लागि पालिकाको संस्थागत संरचनामा सुधार तथा क्षमता विकास अपरिहार्य हुन आउँछ । आगामि दिनमा गाउँपालिकाको निम्न क्षेत्रहरुमा क्षमता निर्माण गरी क्षमता विकास गर्नु उपयुक्त हुन्छ ।

क) **कानुन निर्माणः** गाउँपालिकाले विभिन्न प्रकारका कानुन तथा कार्यविधिहरू तय गरेको अवस्था छ । तर पनि शिक्षा ऐन तथा नियमावली समावेशी शिक्षा नीति लगायतका कतिपय कानुन तथा निर्देशिकाहरू निर्माण गर्नु पर्ने अवस्था रहेको छ । यसका लागि गाउँपालिका भित्र रहेको शिक्षा युवा तथा खेलकूद शाखामा कार्यरत पदाधिकारीहरूको सक्षमता विकास अनिवार्य देखिन्छ ।

ख) **योजना, कार्यक्रम र तथ्याङ्क व्यवस्थापनः** योजना, कार्यक्रम र तथ्याङ्क व्यवस्थापनका लागि अत्यावश्यक सक्षमताको विकास गर्नु पर्ने अवस्था रहेको छ । योजना निर्माण तथा कार्यान्वयन उपलब्ध स्रोत र साधनको सही व्यवस्थापन लगायतका पक्षहरूमा अत्यावश्यक सक्षमता विकास गर्न जरुरी देखिएको छ । सफल र उत्तरदायित्वपूर्ण रूपमा योजनाको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास तथा कार्यानव्वयन गर्ने सक्षमता विकासको आवश्यकता देखिएको छ ।

ग) **सेवा प्रवाहः** नागरिकले पालिकाबाट प्रदान गर्ने सेवाप्रति सन्तुष्टि पाउनु पर्छ । तर सामन्यतया सेवाग्राहीहरू पालिकाको सेवा प्रवाह प्रति सन्तुष्ट हुन सकेको अवस्था देखिदैन । स्थानीय स्तरमा नगरबासीको प्रत्यक्ष सरोकार रहन्छ । विभिन्न किसिमको सिफारिस र प्रमाणित गर्ने, नाक्सापास गर्ने, स्वास्थ्य सेवा र शिक्षा सेवा उपलब्ध गराउने,जस्ता सेवाहरू लिने गर्छन् । उनीहरूले गाउँपालिकाबाट राम्रो तथा प्रभावकारी सेवा प्रवाह

भएको अनुभूति गर्ने वातावरण सिजना गर्न पनि पालिकाको संस्थागत संरचना तथा कर्मचारीहरूको सक्षमता विकास गर्न अत्यावश्यक हुन्छ ।

घ) **स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनः** हाल कक्षा ८ सम्म विद्यालयलले स्थानीय पाठ्यक्म विकास तथा कार्यान्वयन गर्नु पर्ने हुन्छ । तर यसका लागि अत्यावश्यक प्राविधिक जनशक्ति पालिकामा नभएको र अर्को तर्फ भैरहेका कर्मचारीमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन सम्बन्धी अत्यावश्यक सक्षमता नभएको अवस्था विद्यमान रकेकाले यसका लागि थप सक्षमता विकास गर्न जरुरी छ । यो कार्य संघीय संरचना अन्तरगतको पाठ्यक्रम विकास केद्रसँगको समन्वयमा गर्नु जरूरी छ ।

ङ) **सामाजिक समावेशीताः** गाउँपालिका भित्रका सबै बासिन्दा एकैखालका पनि हुदैनन्। सेवाग्राहीको विविधताले पनि अपेक्षा फरक पर्न सक्दछ । कतिपय अवस्थामा सेवाको उपलब्धता मात्र पनि पार्याप्त हुदैन। विषेश समुह वा वर्गलाई सेवा प्रदान गर्न उत्प्रेरित गर्ने कार्य पनि गरी रहनु पर्दछ । नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विभिन्न शाखा तथा कार्यालय वा एकाईले प्रदान गर्ने सार्वजनिक सेवाको सूधार गाउँपालिका र सम्बन्धित कार्यालय, शाखा, काईको सबैले उच्च प्राथमिकता प्रदान गर्नु पर्छ । तर सामाजि समावेशिता तथा अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच सुनिश्चित गर्न र समाजिक समावेशीताको अवस्था सिर्जना गर्न अत्यावश्यक संस्थागत तथा पेसागत क्षमता पालिका भित्र देखिदैन । यसका लागि सक्षमता विकास गर्न र विकसित सक्षमताको उपयोग गर्न जरूरी छ ।

च) **आपतकालिन शिक्षाः** विपद तथा महामारीमा शिक्षालाई निरन्तरता प्रदान गर्नु पालिकाको महत्वपूर्ण कार्य जिम्मेवारीका रूपमा रहन्छ । गाउँपालिका भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जिउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि अत्यावश्यक सक्षमता विकास गर्न पर्ने अवस्था छ । आपतकालिन शिक्षाको योजना विकास तथा कार्यान्वयनका लागि गाउँपालिकाको विद्यमान सक्षमता कमजोर रहेको अवस्था छ ।

### ६.१.२ समस्याहरू

क) समग्र विद्यालय शिक्षाको व्यवस्थापनका लागि अत्यावश्यक संरचना तथा जनशक्तिको अभाव रहनु,

ख) सीमित सक्षमातामा शैक्षिक व्यवस्थापन गर्न पर्ने अवस्था विद्यमान रहनु,

ग) संघीय शिक्षा ऐन तथा स्थानिय तहको शिक्षा ऐन तथा नियमावली तयार नहुनु र सेवा प्रवाहमा दोहोरोपना कायम हुनु

घ) संघ प्रदेश तथा स्थानीय सरकार बीच अत्यावश्यक समन्वयन संयन्त्र विकास भइ कार्यान्वयनमा नआउनु,

ङ) गाउँपालिकाको संस्थागत सक्षमता विकास योजना तयार भइ कार्यान्वयनमा नआउनु।

**६.१.३ लक्ष्य**

विद्यालय शिक्षाको शासकीय प्रवन्ध सुदृढ गरी नतिजामुखी शैक्षिक सुशासनको अवस्था सुनिश्चित गर्ने ।

**६.१.४ उद्देश्य**

क) शैक्षिक व्यवस्थापनलाई पारदर्शी, जनमखी तथा जवाफदेही बनाउनु,

ख) नतिजामा आधारित शैक्षिक व्यवस्थापन गर्नु,

ग) शैक्षिक सेवा प्रवाहको सहज पहुँच तथा गुणस्तरीयताका लागि अत्यावश्यक संस्थागत संरचना र सक्षमता विकास गर्नु।

**६.१.५ रणनीति**

क) गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्भे गरी अत्यावश्यक जनशक्ति पहिचान गर्ने ।

ख) संघ तथा प्रदेश सरकारसँग समन्वय गरी पदपूर्तिको व्यवस्था गर्ने ।

ग) आफ्नै स्रोतमा व्यवस्थापन गर्न सकिने पदहरू यकिन गर्ने

घ) निश्चित प्रक्रिया अवलम्बन गरी गाउँपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिने जनशक्ति आपूर्ति गर्ने ।

ङ) जनशक्तिको व्यवस्थापन गर्दा शिक्षाका विशिष्ट कार्यहरू जस्तैः स्थानीय पाठ्यक्रम विकास, परीक्षा तथा मूल्याङ्कन, अनौपचारिक तथा वैकल्पिक शिक्षा र विद्यालय सुपरेक्षण तथा शैक्षिक परामर्श सेवा प्रदान गर्न सक्ने विज्ञहरूको पद सुनिश्चित गर्ने ।

च) प्रत्येक वडाबाट शिक्षा सञ्चालन तथा व्यवस्थापन हुने गरी संस्थागत प्रवन्धका साथै अत्यावश्यक जनशक्ति व्यवस्था गर्ने ।

छ) स्थानीय तहमा शिक्षा व्यवस्थापनमा प्राविधिक सहयोग प्रदान गर्न सक्ने विज्ञहरूको  समूह गठन गरी शिक्षक सहायता प्रणाली परिचालन गर्ने ।

ज) नगरमा कार्यरत जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

झ) प्रधानाध्यापक  तथा विव्यसको तेतृत्व क्षमता विकास गर्ने।

### ६.१.६ कार्यनीतिहरू

क) गाउँपालिका शिक्षा ऐन तथा नियमावली निर्माण गरी कार्यानव्यवयनमा ल्याइने छ ।

ख) गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भे गरी अत्यावश्यक संस्थागत  संचना विकास गरिने छ ।

ग) जनशक्ति विकास योजनाका आधारिमा जनशक्तिको आकलन गरिनेछ ।

घ) संगठन तथा व्यवस्थापन सर्भेका आधारमा पहिचान भएका जनशक्तिको आपूर्तिका लागि संघ तथा प्रदेश सरकार सँग आवश्यक समन्वय गरिने छ ।

ङ) गाउँपालिकाको आफ्नै स्रोत परिचालन गरी व्यवस्थापन गरिने जनशक्तिको आपूर्ति गरिने छ ।

च) नगारपालिकामा कार्यरत कर्मचारीहरूको सक्षमता विकास योजन तयार गरी कार्यानव्यवनमा ल्याइने छ ।

छ) विद्यालयका प्रधानाध्यापकलाई कार्यसम्पादन करारका आधारमा नियुक्ति गरी परिचालन गरिने छ ।

ज) संस्थागत संरचनाका आधारमा गठित विभिन्न समिति तथा उपसमितिहरूको सक्षमता विकास गरी परिचालन गरिने छ ।

झ) विद्यालय सुधार योजना विकास तथा कार्यान्वयनमा सहजीकरण गरी तिनको प्रभावकारी कार्यान्वयन गरिने छ ।

ञ) सबै विद्यलयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन सिमितिका पदाधिकारीहरूको क्षमता विकास गरिने छ।

ट) प्रत्येक विद्यालयमा लैङ्गिक संपर्क विन्दुका रूपमा कार्य गर्ने शिक्षकको व्यवस्था गरी सक्षमता विकास गरिने छ ।

ठ) सामुदायिक सिकाइ केन्द्र तथा विशेष कक्षा सञ्चालन भएका स्रोत विदायलयहरूको संस्थागत सुदृढीकरण गरिने छ ।

### ६.१.७ संस्थागत संरचना

<u>शिक्षा युवा तथा खेलकूद शाखा</u>

क) पालिकामा एक शैक्षिक व्यवस्थापन शाखा रहने छ र यसको नेतृत्व शिक्षा प्रशासन तर्फको राजपत्राङ्कित तृतीय श्रेणीले गर्नेछ ।

ख) प्रत्येक वडामा शिक्षा सम्बन्धी कार्य सम्पादनका शिक्षा समिति रहनेछ।

<u>विज्ञ समूह</u>

क) गाउँपालिकाले स्थानीय तहमा उपलब्ध शिक्षा, व्यवस्थापन, परीक्षा र मूल्याङ्कन, पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, शैक्षिक सुपरीवेक्षण तथा अनुगमन, अनौपचारिक तथा वैकल्पिक शिक्षा जस्ता विषय क्षेत्रमा अनुभवी विज्ञहरूको एक रोष्टर तयार गरी कार्यान्वयनमा ल्याउनेछ ।

ख) गाउँपालिकाका विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन कार्यमा आवश्यकताअनुसार विज्ञ समूह परिचालन गरी विज्ञताको उपयोग गरिनेछ ।

ग) आवधिक रूपमा विज्ञसमूहको अद्यावधिक गरिनेछ ।

घ) विज्ञसमूहको काम कर्तव्य र जिम्मेवारी गाउँपालिकाबाट तय गरिनेछ ।

<u>अनुगमन समिति</u>

क) गाउँपालिकामा शिक्षा युवा तथा खेलकूद शाखाको शाखा प्रमुखको संयोजकत्वमा एक अनुगमन समिति रहने छ ।

ख) अनुगमन समितिमा शिक्षा अधिकृत, विज्ञ समूहका प्रतिनिधि, सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट एक एक जना, सम्बन्धित वडाको वडाध्यक्ष समेतको प्रतिनिधित्व रहनेछ।

ग) अनुगमन समितिले विद्यालयहरूको कार्ययोजनाका आधारमा अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव दिनेछ ।

घ) गाउँपालिकाले अनुगमन समितिको काम तथा जिम्मेवारी तय गरी अनुगमन समितिलाई परिचालन गर्ने छ ।

<u>आधारभूत तह परीक्षा सञ्चालन समिति</u>

क) गाउँपालिकामा गाउँपालिकाको प्रमुख वा शिक्षा अधिकृतको अध्यक्षतामा एक आधारमूत तह परीक्षा सञ्चालन रहने छ ।

ख) परीक्षा सञ्चालन समितिले पालिकाले आधारभूत तहको परीक्षा सञ्चालन सम्बन्धी नीति तथा प्रक्रिया निर्धारण गर्ने छ ।

ग) परीक्षा सञ्चालन समितिले संघ तथा प्रदेश सरकारमातहत सञ्चालन हुने कक्षा १० र कक्षा १२को परीक्षा सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहजीकरण गर्ने छ ।

घ) समितिले अनौपचारिक रूपमा सिकेका ज्ञान तथा सीप प्रमाणीकरण गर्ने कार्यमा संघ तथा प्रदेश सरकारसँग समन्वय गर्ने छ ।

ङ) यसको गठन तथा काम कर्तव्य र अधिकार गाउँपालिकाले व्यवस्था गरे अनुसार हुने छ ।

### ६.१.८ संस्थागत क्षमता विकास

क) गाउँपालिकामा कार्यरत जनशक्तिको लागि आवश्यकतामा आधारित सक्षमता विकास गरिनेछ ।

ख) माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापनका लागि अत्यावश्क सक्षमता पहिचान गर्न प्रत्येक कर्मचारीको सक्षमता सम्बन्धी आवश्यकता पहिचान गरिने छ ।

ग) आवश्यकतामा आधारित सक्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

घ) छोटा अवधिका लामो अवधिका सक्षमता विकास कर्याक्रम विकास गरी कार्यान्वयनमा ल्याइने छ ।

ङ) सक्षमता विकासका लागि विभिन्न अनलाईनमा आधारित कोर्ष लिन कर्मचारीलाई प्रोत्साहन गरिने छ ।

च) विकसित सक्षमता प्रयोग गर्ने वातावरण सिर्जना गरी गुणस्तरीय सेवाको सुनिश्चितता गरिने छ ।

छ) संस्थागत क्षमता विकासका लागि प्रदेश तथा सघीय सरकारसँग उचित समन्वय र सहकार्य गरिनेछ ।

ज) विद्यालयका प्रधानाध्यापक लैङ्गिक सम्पर्क विन्दुका रूपमा कार्यरत शिक्षक तथा सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन पदाधिकारीहरूको सक्षमता विकास गरिने छ।

झ) स्रोत कक्षा सञ्चालन भएका विद्यालयलहरूको संस्थागत सुदृढीकरण गरिने छ ।

**६.१.९ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य**

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८४ | दोस्रो पाँच वर्ष २०८९ | |
| गाउँपालिका ऐन तथा नियमावलि विकास | पटक | १ | १ अद्यावधिक | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| गाउँपालिका ऐन तथा नियमावलीको प्रवोधीकरण | पटक | १ | १ | स्थानीय सरकार |
| गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भे | पटक | १ | १ | स्थानीय सरकार |
| संगठन तथा व्यवस्थापन सर्भेका आधारमा अत्यावश्यक संरचना तयार गर्ने | पटक | १ | १ | स्थानीय सरकार |
| संस्थागत संरचनाका आधारमा गठित समितिका पदाधिकारीहरूका लागि अभिमुखीकरण कार्याक्रम सञ्चालन | पटक | १ | १ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| कर्मचारीको सक्षमता विकास योजना तयार तथा कार्यान्वयन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| अनलाइनमा आधारित पेसागत क्षमता विकासका लागि प्रोत्साहन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर |

| | | | | |
|---|---|---|---|---|
| | | | | सरकारी निकायहरू |
| प्रधानाध्यापकहरूसँग कार्य सम्पादन कारार | सङ्ख्या | ५ | ५ | स्थानीय सरकार |
| प्रधानाध्यापक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको सक्षमता विकास तालिम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| शैक्षिक कार्यक्रमहरूको निरन्तर अनुगमन तथा पृष्ठपोषण प्रदान | पटक | १० | १० | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विद्यालय सुधार योजना विकास तथा कार्यान्वयनमा सहजीकरण | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| गाउँपालिका योजना तथा कार्यक्रमहरूको पारदर्शिताका लागि वेवपेज विकास र अद्यावधिक | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| लैङ्गिक सम्पर्क विन्दुका रूपमा कार्यरत शिक्षकको क्षमता विकास | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| सामुदायिक सिकाइ केन्द्र तथा स्रोत कक्षा सञ्चालन भएका विद्यालयहरूको संस्थागत सुदृढीकरण | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |

| | | | | |
|---|---|---|---|---|
| सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |

**६.१.१० अपेक्षित उपलब्धि**

क) गाउँपालिका शिक्षा ऐन तथा नियमावली विकास भइ कार्यान्वयनमा आएको हुने,
ख) गाउँपालिका ऐन तथा नियमावलीको प्रभावकार प्रबोधीकरण भएको हुने,
ग) नगरको सङ्गठन तथा व्यवस्थापन सर्भे भइ त्यसका आधारमा संस्थागत संयन्त्र विकास भइ कार्यानवयनमा आएको हुन,
घ) संगठन तथा व्यवस्थापन सर्भेका आधारमा स्वीकृत जनशक्तिको पदपूर्ति भइ गाउँपालिका योजनाको कार्यान्वयनमा सहजीकरण भएको हुने,
ङ) गाउँपालिकाको जनशक्ति विकास योजना तयार भइ कर्मचारीहरूको सक्षमता विकास भइ शैक्षिक व्यवस्थापनमा सुधार भएको हुने,
च) कार्यसम्पादन करारका आधारमा प्रधानाध्यापकहरू छनोट भइ कार्यान्वयनमा आएको हुने,
छ) विद्यालयका प्रधानाध्यापक विद्यालय व्यस्थापन समितिका पदाधिरीहरूको सक्षमता विकास भइ शैक्षिक व्यवस्थापनमा सुधार भई शैक्षिक सुशासनको अवस्था सुनिश्चित भएको हुने,
ज) विद्यालयका प्रभावकारी तथा वास्तविक आवश्यकतामा आधारित विद्यालय सुधार योजना विकास भइ कार्यान्वयनमा आएको हुने
झ) गाउँपालिकामा शिक्षाका कार्यक्रम तथा कार्य प्रगतिहरूको पारदर्शिताका लागि वेव पेज तयार गरी दस्तावेजहरू अपलोड भई सरोकारकवालहरूको पहुँच सर्वशुलभ भएको हुने,
ञ) पालिकाका कार्यरत कर्मचारीहरूले अनलाइनमा आधारित पेसागत विकासका कायर्यक्रमहरूमा सहभागी भइ पेसागत सक्षमता विकास र प्रयोग गरेको हुने,
ट) संस्थागत संयन्त्र अनुसार गठित समितिहरूले निरन्तर रूपमा शैक्षिक कार्यक्रमहरूको अनुगमन तथा विद्यालयमा आधारित सहयोग प्रदान गरेको अवस्था हुने,

ठ) प्रत्येक विद्यालयमा लंङ्गिक संपर्क विन्दुका रूपमा एक जना शिक्षक तोकिएको हुने र अत्यावश्यक क्षमता विकास भइ लैङ्गिक सबालहरूमा बालबालिकालाई परामर्श तथा सरसल्लाह प्रदान भएको हुने,

ड) सामुदायिक सिकाइ केन्द्र तथा स्रोत कक्षा स ञ्चालन भएका विद्यालयहरूको सस्थागत विकास भएको हुने,

ढ) गाउँपालिका तथा विद्यालयका सेवा प्रवाह सहभागिता मूलक ,नतिजामूलक,कार्यसम्पादन प्रति उत्तरदायी र जवाफदेही हुने।

# परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

गाउँपालिकाको समग्र विकासका लागि शिक्षा क्षेत्र मुख्य आधारका रूपमा रहेको हुन्छ । शिक्षामा गरिने लगानीको प्रतिफल प्रत्यक्ष रूपमा तत्काल विश्लेषण गर्न कठिनाइ हुने भएता पनि यसबाट हुने प्रारम्भिक असरहरू आँकलन गर्न सकिन्छ । यसबाट दिर्घकालसम्म पार्ने असर र अन्य क्षेत्रहरूमा पार्ने सकारात्मक प्रभावहरू निकै महत्वपूर्ण हुन्छन् । गाउँपालिकाको दीगो आर्थिक विकास र समुन्नतिका लागि अत्यावश्यक जनशक्तिको आपूर्ति, सरोकारवालाहरूको सशक्तीकरण र विकास प्रक्रियामा सक्रिय सहभागिता, दीगो विकासका लक्ष्यहरूको प्राप्तिमा सहजीकरण जस्ता पक्षहरूमा शिक्षा क्षेत्रले खेल्ने भूमिका अहम् रहन्छ । यसका लागि शिक्षा क्षेत्रमा गरिने लगानी प्रमुख कारकको रूपमा रहेको कुरा अन्तर्राष्ट्रिय स्तरमा नै स्थापित भैसकेको छ । विभिन्न मुलुकहरूले शिक्षा क्षेत्रमा उच्च प्राथमिकतासहित लगानी गर्दै आइरहेको र यसबाट मुलुकको आर्थिक विकास र समृद्धि उच्चतहमा पुगेका प्रशस्त उदाहरणहरू छन् ।

नेपालको संविधानले पनि आधारभूदत तथा माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन स्थानीय तहको कार्यक्षेत्रमा निर्धारण गरेतापनि प्रदेश तथा संघले खेल्नुपर्ने भूमिका साझा अधिकारको सूचीमा राखेबाट नै पुष्टि हुन्छ । यसै सन्दर्भमा राष्ट्रिय बजेटमा शिक्षाको प्रतिशत लक्ष्य अनुसार विनियोजन हुन सकेको अवस्था छैन । यद्दपि स्थानीय तहको क्षेत्राधिकारमा रहेको यस क्षेत्रमा समेत शिक्षाको महत्वलाई मध्यनजर गर्दै सशर्त तथा समन्यायिक अनुदानको रूपमा वार्षिक रूपमा बजेट व्यवस्थापन हुँदै आएको छ । यस परिप्रेक्ष्यमा स्थानीय सरकारको शिक्षामा हुने लगानी स्वयम् नै अति महत्वपूर्ण रहेको छ ।

यस दशवर्षीय शिक्षा योजनाको सफल कार्यान्वयनका लागि गाउँपालिकाले गर्ने लगानी अपेक्षित विकास लक्ष्य हासिल गर्न निर्णायक बन्न जान्छ । अन्तर्राष्ट्रिय सन्दर्भ केलाउँदा धेरैजसो विकासोन्मुख तथा विकासशील देशहरूले शिक्षा क्षेत्रमा कम्तीमा २० प्रतिशत लगानी गर्दै आएको देखिन्छ । सङ्घीय सरकारले पनि सोही प्रतिशत लगानी गर्न प्रतिबद्धता जाहेर गरेतापनि करीब १०-१७ प्रतिशत सम्म लगानी गर्दै आएको छ । यो लगानी मूलतः सबैका लागि गुणस्तरीय तथा समावेशी शिक्षाको पहुँच सुनिश्चित गर्न अपुग रहँदै आएको छ । यस परिप्रेक्ष्यमा गाउँपालिकाले शिक्षा क्षेत्रमा गर्ने लगानी कम्तीमा पनि २० प्रतिशत हुन अत्यावश्यक रहेको छ । यसका औचित्यहरू देहायबमोजिम स्थापित भएका छन् ।

क) साक्षर नगरको अवधारणालाई निरन्तरता दिने,

ख) समावेशी शैक्षिक पहुँच तथा सहभागिता र उपलब्धि सुनिश्चित गर्ने,

ग) गुणस्तरीय शिक्षाका लागि शिक्षक प्रधानाध्यापक एवम् विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र अभिभावकको क्षमता विकास गर्ने,

घ) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई संस्थागत गर्न विद्यालयमा आधारित आइसिटी ल्याब, गाउँपालिका केन्द्रित डिजिटल अनुसन्धान स्रोतकेन्द्र स्थापना गर्ने जस्ता नविनतम कार्यक्रमहरू सञ्चालन गर्ने,

ङ) घुम्ती पुस्तकालय, घुम्ती शिक्षक, एक विद्यालय एक पुस्तकालय, एक विद्यालय एक स्वास्थ्य परिचारिका, सिक्दै कमाउँदै कार्यक्रम, ल्यावस्कूलको अवधारणा जस्ता प्रवर्तनात्मक एवम् गुणात्मक कार्यक्रमहरू कार्यान्वयन गर्ने।

**गाउँपालिकाले विगतका वर्षहरूमा गरेको लगानीको अवस्था**

| विगत पाँच वर्षमा खसडछ्यात्रा गाउँपालिकाको शिक्षामा गरिएको लगानी | | | |
|---|---|---|---|
| आव | सशर्त अनुदान | गाउँपालिकाले विनियोजन गरेको शिक्षाको बजेट | शिक्षाको कूल बजेटमा भएको वृद्धि प्रतिशत |
| २०७५।०७६ | | १२७५३००० | १३ |
| २०७६।०७७ | | १७६५८००० | १८ |
| २०७७।०७८ | | १८६३९००० | १९ |
| २०७७।०७८ | | १७६५८००० | १८ |
| २०७९।०८० | १३०२२८००० | १६६७७००० | १७ |
| २०८०।०८१ | १७४४३५१३० | १८४८२०४० | १८.८४ |
| | | | |

## उपक्षेत्रगत लगानीको प्रक्षेपण (हजारमा)

| उपक्षेत्र | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | छैटौं वर्ष | सातौं वर्ष | आठौं वर्ष | नवौं वर्ष | दशौं वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक वालविकास | ९३९८ | ९३९९ | ९४०० | ९४०२ | ९४०३ | ९४०५ | ९४०७ | ९४०८ | ९४०९ | ९४११ | **९४०४२** |
| आधारभूत शिक्षा | १५०० | १७०० | २००० | २००० | २२०० | २३०० | २३०० | २४०० | २८०० | ३००० | **३००९८** |
| माध्यमिक शिक्षा | १००० | १२०० | १४०० | १६०० | १६०० | १७०० | १८०० | १९०० | २००० | २२०० | **२४७९८** |
| प्राविधिक शिक्षा | ३००० | ३२०० | ३२०० | ४००० | ४५०० | ५००० | ५५०० | ६००० | ८००० | १०००० | **५८७९८** |
| पाठ्यक्रम र पाठ्यसामग्री | २८०० | २९०० | ३००० | ३१०० | ३१०० | ३१०० | ३१०० | ३२०० | ३३०० | ३३०० | **३७४९८** |
| शिक्षक व्यवस्थापन र विकास | ९८२८० | ९८२८० | १०००० | १०००० | १०००० | १०२५०० | १०२५०० | १०२५०० | १०२५०० | १२०००० | **६६७६७८** |
| विद्यालय व्यवस्थापन | ११६७० | ११६७० | ११६७० | १२०७० | १२०७० | १२०७० | १२५८० | १२५८० | १२५८० | १२५८० | **११९२६८** |
| अनौपचारिक तथा वैकल्पिक शिक्षा | ८०० | ८०० | ८०० | ९०० | ९०० | ९०० | ११०० | ११०० | ११०० | ११०० | **१८०९८** |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| समावेशी तथा गुणस्तरीय शिक्षा | २०० | ३०० | ३०० | ५०० | ६०० | ७०० | ८०० | ९०० | १००० | १२०० | **१५६९८** |
| शिक्षामा सूचना प्रविधिको प्रयोग | ७०० | २७०० | ३००० | ३५०० | २००० | ३००० | ४००० | ५००० | ५००० | ६००० | **४३५९८** |
| जम्मा | ९३९८० | १३२१४९ | ४४७७० | ४७०७२ | ४६३७३ | १४०६७५ | १४३०८७ | १४४९८८ | १४७६८९ | १६८७९१ | ११०९५७४ |

# परिच्छेद ८: योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन र समन्वय

गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच, दूरदृष्टि तथा लक्ष्यका आधारमा विकास योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन समन्वय र सहजीकरण गर्नुपर्छ । योजनालाई नतिजामुखी बनाउनु पर्छ । योजना तर्जुमा तथा कार्यान्वयन पक्षा दुवै लाई विशेष ध्यान दिनु पर्छ । योजनाले परिलक्षित गरेका उपलब्धि हासिल गर्न दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि पनि योजना तर्जुमा तथा कार्यान्वयन पक्षलाई मजबूद बनाउनु पर्छ । योजना तर्जुमा तथा कार्यान्वयन गर्दा संघ तथा प्रदेश बाट प्राप्त निर्देशन तथा मार्गदर्शा र स्थानीय तहले तय गरेका नीति तथा कार्यक्रमको प्राथमिकताहरूलाई समेत उचित ध्यान दिनु पर्छ । त्यसै गरी संघ तथा प्रदेश सँग पनि प्रभावकारी समन्वय स्थापित गरी योजना तर्जुमा तथा कार्यानवयन गर्नु पर्छ ।

स्थानीय तहमा योजना प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउनु उपयुक्त हुन्छ । योजना प्रणालीलाई संस्थागत गर्नु जरुरी छ । यसरी योजना तर्जुमा गर्दा संघीय प्रादेशिक योजना तर्जुमा दिग्दर्शनहरूलाई अनुसरण गर्नु उपयुङ्कत हुन्छ । यसरी प्राप्त निर्शसन तथा मार्गदर्शनका आधारमा योजना तर्जुमा गर्दा योजना बढी गुणस्तरीय एवम् व्यावहारिक बनाउन मदत पुग्छ ।

## ८.१ योजना तर्जुमा

विद्यमान अवस्थामा खप्तडछान्ना गाउँपालिकाले आफ्ना योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । गाउँपालिकाले तयार गरेको विभिन्न ऐन कानुन तथा नियमावलीको परिधि तथा संघ तथा प्रदेशबाट प्रापत निर्देशन तथा कार्यढाचाका आधारमा योजना तर्जुमा र कार्यान्वयन गर्दै आएको परिवेशमा योजना तर्जुमालाई थप व्यवस्थित गरी परिलक्षित लक्ष्य राष्ट्रिय लक्ष्य तथा दिगो विकासका लक्ष्यहरू समेतका प्राप्तिलाई सहज बनाउन योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियालाई थप व्यवस्थित गर्नपर्ने अवस्था रहेको छ ।

### ८.१.१ समस्या

क) योजना तर्जुमाका लागि दक्ष तथा योग्य जनशक्तिको अभाव रहेको छ ।
ख) संघ प्रदेश तथा स्थानीय तह बीचको अधिकारहरूमा स्पष्टता कायम नहुनु ।

ग) योजना तर्जुमा अत्याबश्यक सूचना तथा तथ्याङ्कमा आधारित भइ तथ्य परक तथा नतिजमुखी हुन नसक्नु ।

घ) योजना तर्जुमा प्रक्रियामा सरोकारवालाहरूको सहभागिता न्यून हुनु ।

ङ) योजना छनोट प्रक्रियाले आवश्यकता तथ्यपरक विश्लेषण र मागका आधारमा कार्यक्रमहरू छनोट तथा वितरण हुन नसक्नु ।

च) योजानाहरू टुक्रिएका र छरिएका अवस्थामा पर्याप्त वजेटको व्यवस्थापन नभइ योजना पूरा हुने अवस्था नहुनु ।

### ८.१.२ चुनौती

(क) सक्षम जनश्क्तिको व्यवस्था गरी योजना तर्जुमा तथा कार्यान्वयन गर्नु,

(ख) अत्यावश्यक खण्डिकृत सूचना र तिनको विश्लेषणका आधारमा योजना तर्जुमा गर्नु,

(ग)आवश्यकतामा आधारित सरोकारवालाहरूको सक्रिय सहभागितामा योजना तर्जुमा तथा कार्यान्वयन गर्नु।

### ८.१.३ अवसर

(क) स्थानीय सरकारलाई आफ्नो आवश्यकतका आधारमा योजना तर्जुमा गर्ने अधिकार प्राप्त हुनु,

(ख) योजना निर्माण तथा कार्यान्वयन प्रति जनचासो बढद् जानु,

(ग)योजना तर्जुमा विधि तथा प्रक्रियामा अत्यावश्यक सुधार गर्ने पर्याप्त अवसर हुनु।

### ८.१.४ सोच

गाउँपालिकाको संरचना ऐन कानुन तथा प्राथमिकताका आधारमा नतिजामुखी योजना तर्जुमा तथा कार्यान्वयन संयन्त्र संस्थागत गर्ने ।

### ८.१.५ लक्ष्य

दश वर्षे दीर्घकालीन सोच अनुसार शिक्षाका योजना तर्जुमा तथा कार्यान्वयन गरी अपेक्षित लक्ष्य तथा उपलब्धि हासिल गर्ने।

### ८.१.६ उद्देश्य

दीर्घकालीन सोच तथा लक्ष्य हासिल गर्न स्थानीय तहमा सम्बन्धित सरोकारवालाहरूको सहकार्य र समन्वयमा नतिजामुखी योजना तर्जुमा र कार्यान्वयन गर्ने दर्विलो पद्दति विकास गर्नु

### ८.१.७ रणनीति

(क) दीर्घकालीन सोच तथा लक्ष्य अनुसारको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

(ख) योजना तर्जुमा विधि, प्रक्रियामा र पद्दतिमा आवश्यक सुधार गरी योजना व्यवस्थापन तथा कार्यान्वयन प्रक्रियालाई सुदृढ गर्ने ।

(ग) योजना तर्जुमामा संलग्न व्यक्ति तथा संरचना वा संघसंस्थारूको सक्षमता अभिवृद्धि गर्ने ।

### ८.१.८ कार्यनीति

(क) शिक्षा ऐन नियमावली तथा दीर्घकालिन सोच अनुसार सविधानले प्रदान गरेको माध्यमिक शिक्षा सम्मको शैक्षिक व्यवस्थापनका लागि उचित एवम् प्रभावकारी योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

(ख) योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरुद्धको प्राप्तिमा केन्द्रित गरी स्थानीयकरण गरिनेछ ।

(ग) स्थानीय तहमा जिकास आयोजना तर्जुमा गर्न, समन्वय गर्न एक संरचना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

(घ) योजना तर्जुमा गर्दा कार्यक्रमहरूको पहिचान, प्राथमिकीकरण, कार्यान्वयन प्रक्रिया तथा मूल्याङ्कन कार्यलाई समेत एकीकृत गरिनेछ ।

(ङ) अनुभवका आधारमा योजना तर्जुमा प्रक्रियालाई पुनरावलोकन गरी परिमार्जन गरिने छ ।

(च) वस्तुपरक तथ्याङ्क र अनुमानका आधारमा नतिजामुखी योजना तयार गर्ने प्रक्रिया अवलम्बन गरिने छ ।

(छ) योजना तर्जुमा गर्दा मध्यकालीन खर्च सरचनालाई ध्यानमा राखी आवश्यक बजेटको अनुमान गरी यजनालाई व्यावहारिक तथा कार्यान्वयन योग्य बानइने छ ।

(ज) योजना तर्जुमा गर्दा उपलब्ध स्रोत र साधनको उचित व्यवस्थापनमा विशेष ध्यान दिइनेछ ।

(झ) योजना तर्जुमा गर्दा विगतको अनुभव, समस्या सिकाइ तथा सूचनामा आधारित गरिनेछ र यसका लागि व्यवस्थित सूचना व्यवस्थापन पद्दति विकास गरी संस्थागत गरिनेछ ।

(ञ) योजना तर्जुमा गर्दा योजनाको कार्यान्वयन पक्ष उपलब्ध जनशक्ति र त्यसको व्यवस्थापन कार्यान्वयन संयन्त्र, स्रोत तथा जिम्मेवारी र जवाफदेही संयन्त्रसमेतको किटानी योजना तर्जुमाका क्रममा नै गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइने छ ।

(ट)योजना तर्जुमा गर्दा सहभागितामूलक बनाइने छ र यसका लागि सरकार निजी स्रोत तथा गैर सरकारी निकायहरूविच उचित समन्वय गरिनेछ ।

(ठ)योजना कार्यान्वयनका लागि सार्वजनिक खरीद प्रक्रियालाई बढी व्यावहारिक र चुस्त बनाई समयमा नै विकास खर्च हुने अवस्था सिर्जना गरिनेछ ।

(ड)योजना तर्जुमा तथा कार्यान्वयनमा समावेशी सिद्धान्तलाई आत्मसात गरी गरीब, विपन्न सीमान्तकृत समूह, अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता र विकास पक्षलाई सुनिश्चित गरिनेछ ।

(ढ)योजना तर्जुमा तथा कार्यान्वयनकमा आउन समस्या समाधानका लागि समन्वय समिति गठन गरी कार्यान्वयनमा ल्याइने छ ।

## ८.१.९ अपेक्षित उपलब्धि

(क) योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी विधि प्रक्रिया संरचना वा संयन्त्र विकास भइ कार्यान्वयनमा आएको हुने छ ।

(ख) दीर्घकालीन सोच तथा लक्ष्यका आधारमा आवश्यकतामा आधारित नतिजामुखी योजना तर्जसमा र कार्यान्वयन भएको हुने छ ।

(ग)सरोकारवालाहरूको सक्रिय सहभागितामा योजना तर्जुमा तथा कार्यान्वयन भएको हुने छ ।

(घ) योजना तर्जुमा तथा व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्क पद्दति विकास भइ अद्यावधिक भएको हुने छ ।

(ङ)योजना तर्जुमामा संदग्न पदाधिकारीहरूको सक्षमता विकास भएको हुने छ ।

## ८.२ अनुगमन तथा मूल्याङ्कन

योजना तर्जुमा योजानको कार्यक्रम तथा आयोजनाको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ । त्य ईसै गरी योजना निमाण तथा कार्यान्वयन प्रक्रियालाई नतिजामूलक र पारदर्शी बनाई सार्वजनिक जवाफदेहिया सुनिश्चित गर्न पनि अनुगमन तथा मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका रहन्छ । कार्यान्वयनका क्रममा देखिएका समस्याहरू तत्काल पहिचान गरी समाधान गर्न योजना कार्यान्वयन प्रक्रियालाई नतिजामुखी बनाउन अनुगमन तथा मूल्याङ्कन अपरिहार्य हुन्छ । त्यसै गरी सुशासनको प्रत्याभूति दिलाउन कार्यान्वयन प्रक्रियालाई बढी पारदर्शी बनाउनमा समेत यसले महत्व राख्छ । विकास आयोजनाहरूको व्यवस्थित अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ कार्यान्वयनमा रहेको छ। प्रदेशको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकासका लागि प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ तयार भइ कार्यान्वयनमा आएको छ । दिगो विकास लक्ष्यमैत्री अनुगमन तथा मूल्याङ्कनका लागि सूचक तयार गरी प्रदेशगत रूपमा समेत तथ्याङ्कको व्यवस्थापन कार्यहरू भएका छन् । नुगमन तथा मूल्याङ्कनलाई अन्तरनिकाय र अन्तरसरकारी तहको समन्वय र सहकार्य गर्नु पर्ने अवस्था रहन्छ । यसबाट अनुगमन तथा मूद्य्याङ्कन थप प्रभावकारी हुन जान्छ । संवैधानिक अधिकार, संघबाट प्रदत्त अधिकार तथा निर्देशिका, प्रदेश सरकारबाट प्राप्त निर्देशन समेतका आधारमा योजना कार्यान्वयनको निरन्तर अनुगमन र मूल्याङ्कन गरिनु पर्छ ।

### ८.२.१ समस्या

(क) अनुगमनका चरणहरू अनुरशरण गरी व्यवस्थत रूपमा अनुगमन नहुनु,

(ख) अनुगमन फितलो हुनु र विकास नीति, योजना तथा कार्यक्रमले पारेको समग्र प्रभाव,
असर र दिगोपनालाई ध्यानमा राखी अनुगमन तथा मूल्याङ्कन नहुनु,

(ग)योजना तर्जुमाको क्रममा नै अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कार्ययोजनाले प्राथमिकता नपाउनु,

(घ) अनुगमन तथा मूल्याङ्कनका प्रतिवेदन तथा सुझावका आधारमा योजना निर्माण तथा कार्यान्वयन गरिने अवस्था नरहनु,

(ङ)अनुगमन तथा मूल्याङ्कनले उच्च प्राथमिकता प्राप्त गर्न नसक्नु,

(च)	अनुगमन तथा मूल्याङ्कनका आधारमा दण्ड तथा पुरस्कारको व्यवस्था कार्यान्वयनमा आउन नसक्नु,

(छ)	अनुगमन तथा मूल्याङ्कन प्रणालीसँग आबद्ध जनशक्तिको पर्याप्त क्षमता विकास गर्न नसक्नु,

(ज)	अनुगमान तथा मूलयाङ्कनका लागि साधन-स्रोतको अपर्याप्तता रहनु,

(झ)	संघीय संरचना अनुरूप संघ, प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा अनुगमन तथा मूल्याङ्कन कार्य नहुनु ।

## ८.२.२ चुनौती

(क)	अनुगमन तथा मूयाङ्कन पद्दितलाई संस्थागत गरी नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कनलाईअभ्यास ल्याउनु,

(ख)	मापन योग्य सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन गरी योजना सञ्चालनकै क्रममा सञ्चालन प्रक्रिया तथा गुणस्तरीयता सुनिश्चत गर्नु,

(ग)अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित सूचनालाई व्यवस्थित गर्न सक्षम जनशक्ति विकास गर्नु र विकसित जनशक्तिलाई टिकाइ राख्नु,

## ८.२.३ अवसर

(क)	स्थानीय सरकारले विद्यालय शिक्षा सम्मको अनुगमन संयन्त्र अनुगमन साधन सक्षमता विकास अनुगमन तथा मूल्उङ्कनको प्रयोग गर्ने अधिकार प्राप्त हुनु,

(ख)	संघ प्रदेश तथा स्थानीय सरकारसँग समन्वय र सहकार्यगरी अनुगमन तथा मूल्याङ्कन पद्दतिलाई व्यावहारिक एवम् सुधार मुखी बनाउने अवसर हुनु,

(ग)अनुगमन तथा मूल्याङ्कनमा संलग्न पदाधिकारीहरूको सक्षमता विकास गर्न सक्नु ।

## ८.२.४ सोच

व्यवहारयोग्य प्रभाव र असर केन्द्रीत मापनयोग्य सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्दितलाई संस्थागत गरी सुशासन कायम ।

## ८.२.५ लक्ष्य

अपेक्षित लक्ष्य तथा उद्देश्य हासिल गर्न व्यवस्थित अनुगमन तथा मूल्याङ्कन पद्दति विकास र सही उयपोग गरी योजाको सफल कार्यान्वयन गर्ने ।

### ८.२.६ उद्देश्य

मापनयोग्य सूचकमा आधारित  कार्यक्रम अनुगमन तथा मूल्याङ्कन पद्दतिलाई संस्थागत गर्नु ।

### ८.२.७ रणनीति

(क) अनुगमन तथा मूल्याङ्कन प्रणीलाई सुदृढ गर्ने,

(ख) समन्वय तथा सहकार्यका आधारमा नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन पद्दतिलाई संस्थागत गर्ने,

(ग)अनुगमन तथा मूल्याङ्कन कार्यमा सरिक हुने मानवस्रोतको विकास गर्ने,

(घ) अनुगमन तथा मूल्याङ्कनबाट योजना तथा कार्यक्रमका समस्या पहिचान र समयमै समाधान गर्न आवश्यक संरचना विकास र कार्यान्वयन गर्ने।

### ८.२.८ कार्यनीति

(क) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई संस्थागत गरिनेछ ।

(ख) सूचक तथा मापदण्डमा आधारित अनुगमन तथा मूल्याङ्कनका अत्यावशयक पद्दति विकास गरी कार्यान्वयनमा ल्याइने छ ।

(ग)सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई  संस्थागत गरिने छ ।

(घ) अनुगमन तथा मूल्याङ्कनका साधन विकास गरी प्रयोगमा ल्याइने छ ।

(ङ)अनुगमन तथा मूल्याङ्कन सूचक तथा मापदण्ड विकास गरी कार्यान्वयमा ल्याइनेछ ।

(च) अन्तर निकायगत सहयोग र समन्वयमा अनुगमन तथा मूल्याङ्कनका जनशक्तिको सक्षमता विकास गरिने छ ।

(छ) वार्षिक रूपमा अनुगमन तथा मूल्याङ्कन कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

(ज) अनुगमन तथा मूल्याङ्कनमा आधुनिक विधि, प्रविधि तथा प्रक्रिया अवलम्बन गरिने छ ।

(झ)	अनुगमन समितिलाई सक्रिय बनाइ अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी एवम् एकीकृत गरिनेछ ।

(ञ)	अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा कार्यक्रम कार्यान्वयन प्रक्रियामा आवश्यक सुधार गरिनेछ ।

### ८.२.९ अपेक्षित उपलब्धि

(क)	अनुगमन तथा मूल्याङ्कनको उपयुक्त संयन्त्र विकास भइ सस्थागत भएको हुने छ ।

(ख)	योजना तथा कार्यक्रम तर्जुमा सँगै अनुगमन कार्य योजना तयार भइ काय्र्न्वयनमा आएको हुनेछ ।

(ग)अनुगमन तथा मूल्याङ्कन कार्यमा समलग्न जनशक्तिले नतिजमा आधारित अनुगमन तथा मूद्य्याङ्कन सम्बन्धी क्षमता विकासको अवसर प्राप्त गरका हुनेछन् ।

(घ)	अनुगमन तथा मूल्याङ्कनमा सरोकारवालाहरूको सहभागिता सुनिश्चित भएको हुने छ ।

(ङ)अनुगमन तथम मूद्य्यमङ्कद्द बाट प्राप्त सुझावका आधारमा कार्यक्रम कार्यान्वयन प्रक्रियामा सुधार भएको हुने छ ।

## ८.३ समन्वय र सहकार्य

योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कन कार्य सम्पादन गर्दा विभिन्न निकायहरू अन्तरसरकारी निकायहरू बीच उचित एवम् प्रभावकारी समन्वय र सहकार्य अत्यावश्यक हुन्छ । संविधानले प्रदान गरेका एकल तथा साझा अधिकारको सफल कार्यान्वयनका लागि यो नितान्त जरुरी छ । सवै कार्यहरूको कार्यान्वयन स्थल विद्यालय शिक्षालय तथा विश्वविद्यालयहरू नै हुन् । साथे सवै कार्यक्रमहरूको कार्यान्वयन पनि विद्यालय शिक्षालय र विश्वविद्यालय अन्तरगतका कलेजहरूमा नै हुन्छ । अतः अन्तर निकाय तथा अन्तर सरकारी समन्वय र सहकार्य विना योजान तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन सक्दैन । त्यसैले संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो अधिकार प्रयोग गर्दा एकअर्काको साझा चासो, सरोकार र राष्ट्रिय लक्ष्य एवम् हितको विषयलाई समेत ध्यान दिनु पर्छ । यी तीन तहको सम्बन्ध, सहकारिता, सहअस्तित्व र समन्वयका सिद्धान्तका आधारमा हुने संवैधानिक

व्यवस्था भएकाले पनि यसलाई स्थानीय सरकारले योजना तयार गर्दा विशेष ध्यान दिनु जरुरी हुन्छ ।

### ८.३.१ समस्या

(क) तिन ओटै सरकारको आआफनै बुझाइ हुनु र हाल सम्म संघबाट अत्यावश्यक संघीय कानुनहरू नबन्नु,

(ख) कानुनी तथा संस्थागत प्रबन्ध नहुनु,

(ग)समन्वय र सहकार्यको वातावरण निर्माण हुन नसक्नु।

### ८.३.२ चुनौती

(क) संविधानले तय गरेका अधिकारहरूका बारेमा स्पष्टता कायम गरी तीन ओटै तहका सरकारमा समान बुझाइ र धारणाको विकास गर्नु,

(ख) योजना निर्माण तथा कार्यान्वयनमा एकरुपता ल्याउनु र दोहोरो पना हटाउनु,

(ग)तिन ओटै तहका सरकारमा राजनीतिक समझदारी तथा कार्यगत एकताका लागि अत्यावश्यक न्यूनतम समझदारी विकास गर्नु,

(घ) कानुनी व्यवस्था तय गरी समन्वय र सहकार्यको वातावरण सुनिश्चित गर्नु।

### ८.३.३ अवसर

(क) जनताका आकाक्षाहरू नजीकबाट पहिचान र सम्बोधन गर्ने उपयुक्त वातावरण हुनु,

(ख) स्थानीय तहका समन्वय र सहकार्यको वतावरण तयारीका लागि अत्यावश्यक कानुन निर्माण गर्ने अधिकार हुनु।

### ८.३.४ सोच

सुदृढ अन्तर निकायगत र अन्तरसरकार वीच कार्यगत समन्वय र सहसम्बनध ।

### ८.३.५ लक्ष्य

अन्तर निकायगत र अन्तरसरकार वीच कार्यगत समन्वय र सहसम्बनधलाई सुदृढ, सबल र सक्षम बनाउने

### ८.३.६ उद्देश्य

अन्तर निकाय तथा अन्तर सरकार समन्वय र सहकार्य स्थापित गरी योजनाको सफल कार्यान्वयन गर्ने ।

### ८.३.७ रणनीति

(क) संवैधानिक अधिकारको सहज र प्रभागकारी कार्यान्वयन को वातावरण निर्माण गर्ने,

(ख) स्थानीय तहमा कार्यरत विभिन्न मन्त्रालय अन्तरगतका कर्यक्रम विकास तथा कार्यान्वयनमा समन्वय र सहकार्य गरी कार्यक्रमलाई प्रभावकारी गराउने,

(ग)छिटो छरितो सेवा प्रवाहको अवस्था सुनिश्चित गर्ने,

(घ) विभिन्न सरकारी गैह्र सरकारी तथा निजी क्षेत्रसँग उचित समन्वय स्थापित गरी स्रोतको व्यवस्थापनमा हुने दोहोरो पना हटाउने।

### ८.३.८ कार्यनीति

(क) संघ, प्रदेश र स्थानीय निकाय विचको समन्धलाई व्यवस्थित गरी समन्वयात्मक रूपमा कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गरिनेछ ।

(ख) कार्यक्रम तर्जुमा, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कनमा गाउँपालिका भित्र अन्तर सरकार समन्वय स्थापित गरिने छ ।

(ग)कार्यक्रम निर्माण कार्यान्वयन र मूल्याङ्कन जस्ता कार्यहरूमा गाउँपालिका भित्र कार्य गर्ने विभिन्न सरकारी गैह्र सरकारी तथा निजी क्षेत्रसँग उचित समन्वय स्थापित गरी उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग गरिनेछ ।

(घ) संघ, प्रदेश तथा स्थानीय सरकारबाट योजना तथा कार्यक्रमहरू विकास गर्दा उचित समन्वय गरी उपलब्ध स्रोत, साधन तथा कार्यक्रममा हुने दोहोरोपना हटाईनेछ।

### ८.३.९ अपेक्षित उपलब्धि

(क)	अन्तर सरकार तथा अन्तर निकाय वीच योजना तर्जुमा तथा कार्यान्वयनमा समन्वय र सहकार्य भएको हुने छ ।

(ख)	स्थानीय तहमा रहेका विभिन्न गैर सरकारी निकायहरू वीच सहसम्बन्ध र सहकार्यमा योजना तथा कार्यक्रम विकास र कार्यान्वयन भएको अवस्था हुने छ ।

(ग)स्थानीय निकायमा अन्तर निकायगत समन्वयलाई सुदृढ बनाउँन एक संयन्त्र विकास भइ कार्यान्वयनमा आएको हुने छ ।

# दश बर्षे शैक्षिक योजना निर्माण समिति

| क्र.सं. | नाम थर | पद | कार्यालय |
|---|---|---|---|
| १ | हरिप्रसाद सोती (संयोजक) | शिक्षा अधिकृत | खप्तडछान्ना गाउँपालिका (शिक्षा शाखा) |
| २ | महेश कुमार खत्री | सूचना प्रविधी अधिकृत | खप्तडछान्ना गाउँपालिका |
| ३ | देवराज खत्री | कार्यक्रम व्यवस्थापक | रिड नेपाल |
| ४ | जनक राज जोशी | शिक्षा संयोजक | रिड नेपाल |
| | | | |

दश बर्षे शैक्षिक योजना सल्लाहकार समिति

| क्र.सं. | नाम थर | पद | कार्यालय |
|---|---|---|---|
| १ | उत्तम बहादुर रोकाया | अध्यक्ष | खप्तडछान्ना गाउँपालिका |
| २ | विष्णु कुमार थापा | उपाध्यक्ष | खप्तडछान्ना गाउँपालिका |
| ३ | डा. आनन्द पौडेल | शिक्षाविद | |
| ४ | बीर बहादुर नेपाली | प्रमुख प्रशासकीय अधिकृत | खप्तडछान्ना गाउँपालिका |
| ५ | देबिभक्त जोशी | वडा अध्यक्ष | खप्तडछान्ना गाउँपालिका वडा नं.१ |
| ६ | ज्योती प्रकाश बोगटी | वडा अध्यक्ष | खप्तडछान्ना गाउँपालिका वडा नं.२ |
| ७ | गौरी कुमारी अधिकारी | वडा अध्यक्ष | खप्तडछान्ना गाउँपालिका वडा नं.३ |
| ८ | ईश्वर बहादुर रोकाया | वडा अध्यक्ष | खप्तडछान्ना गाउँपालिका वडा नं.४ |
| ९ | राम बहादुर सिंह | वडा अध्यक्ष | खप्तडछान्ना गाउँपालिका वडा नं.५ |
| १० | तेज बहादुर खड्का | वडा अध्यक्ष | खप्तडछान्ना गाउँपालिका वडा नं.६ |

| | | | |
|---|---|---|---|
| -११ | रमानन्द जोशी | वडा अध्यक्ष | खप्तडछान्ना गाउँपालिका वडा नं.७ |